# रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र

सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको

दसौँ पत्रको

प्रयोजनका लागि प्रस्तुत

# शोधपत्र


## शोधार्थी

विष्णु पन्थी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६५

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

**स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत विश्वविद्यालय क्याम्पसका छात्र '**विष्णु पन्थी**' ले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नातकोत्तर ( एम.ए.) तहमा नेपाली विषयको दसौं पत्रको प्रयोजनका निम्ति तयार पार्नु भएको **'रुपन्देही जिल्लामा प्रचलित गाँउखाने कथाको अध्ययन'** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. **प्रा.राजेन्द्र सुवेदी**
**विभागीय प्रंभुखः** ..........................

२. **प्रा.जीवेन्द्रदेव गिरी**
**शोध निर्देशक** ...............................

३ **डा. जयराज पन्त**
**वाह्य परीक्षक** .............................

मितिः २०६५ ⁄ २ ⁄ ३

# कृतज्ञता–ज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति आदरणीय गुरुवर प्राध्यापक श्री जीवेन्द्रदेव गिरीज्यूको कुशल निर्देनशमा तयार पारेको हुँ ।

लोकसाहित्यिक अध्ययनअन्तर्गत 'रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन' शीर्षकमा शोधपत्र तयार पार्न अनुमति प्रदान गर्दै आवश्यक सहयोग गर्नुहुने नेपाली केन्दीय विभागका विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदीप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसै गरी यस शोधकार्यको प्रांरम्भावस्थामा सुझाव, सल्लाह र प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु मोतीलाल पराजुलीज्यू प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै यसकार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपले सहयोग पुऱ्याइदिने त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका समस्त गुरुजन तथा कर्मचारीहरू प्रति आभार प्रकट गर्न चाहन्छु । सामग्री सङ्कलन गर्ने क्रममा सहयोग पुऱ्याइदिने शैक्षिक महोत्सव तथा बृहत् पुस्तक प्रदर्शनी (२०६४) बुटवलका आयोजक नवीन औद्योगिक मा.वि. बुटवलका शिक्षक, विद्यार्थी एवं बुटबल क्षेत्रका बुद्धिजीवी, शिक्षाप्रेमी महानुभावप्रति पनि हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयार गर्ने सिलसिलामा आवश्यक सामग्री उपलब्ध गराई सहयोग प्रदान गर्ने सहिद गङ्गालाल पुस्तकालय शङ्करनगर, प्रारम्भिक शोध सहयोगी श्यामप्रसाद तिवारी, बुटबल एफ.एम., तिनाउ एफ. एम.र रेडियो लुम्बिनीप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसै गरी शोधकार्यका निम्ति आवश्यक परिवेश र प्रेरणा प्रदान गरी मेरो शैक्षिक अवस्थालाई यहाँसम्म पुऱ्याउन प्रेरित गर्ने पूजनीय पिता गोकर्णराज पन्थी, माता लक्ष्मीदेवी पन्थीलगायत सम्पूर्ण परिवारप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । साथै श्रीमती र छोराहरु रितेश पन्थी र सतीश पन्थी एवं मेरा शुभचिन्तक सबैवर्ग= प्रति पनि नतमस्तक छु । यसका अतिरिक्त सहयोगी मित्र

ईश्वरी भण्डारी तथा गुनाखर भण्डारीप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

वर्णविन्यासमा आवश्यक सहयोग गर्ने मित्र लगायत छिटो-छरितो रूपमा टङ्कन कार्य गर्ने सुशील कम्प्युटरप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

...............................

विष्णु पन्थी
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०६४

## विषय-सूची

**प्रथम परिच्छेद : शोधपरिचय** **पृष्ठ सं.**


| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | ३ |
| १.७ | शोधकार्यको औचित्य | १६ |
| १.८ | शोधको सीमाङ्कन | १७ |
| १.९ | शोधविधि | १७ |
| १.१० | शोधपत्रको रूपरेखा | १७ |

**दोस्रो परिच्छेद : रूपन्देही जिल्लाको परिचय**

| | | |
|---|---|---|
| २.१ | परिचय | १९ |
| २.२ | भौगोलिक अवस्था | १९ |
| २.२.१ | सिमाना | १९ |
| २.२. २ | हावापानी | २० |
| २.२. ३ | नामाकरण | २० |

२.३  आर्थिक अवस्था २१

२.३ १ कृषि २१

२.३ २ पशुपालन २१

२.३ ३ उद्योग व्यवसाय र यातायात सुविधा २१

२.४ शैक्षिक अवस्था २२

२.५ पुरातात्विक तथा ऐतिहासिक स्थलहरू २३

२.६ जातजाति र भाषा २३

२.७ साहित्यिक गतिविधि २४

**तेस्रो परिच्छेद : गाउँखाने कथाको सैद्धान्तिक परिचय**

३.१लोकसाहित्यको परिचय परिभाषा २६

३.१.१  लोक शब्दको तात्पर्य २६

३.१.२ लोकसाहित्यको परिभाषा २८

३.१.३ लोकसाहित्यको विशेषता २९

३.१.३.१ पारम्परिकता २९

३.१.३.२ सामुदायिकता ३०

३.१.३.३ लोकज्ञानको प्रधानता ३०

३.१.३.४ मौखिक संरचना ३०

३.१.३.५ सरलता र सहजता ३०

३.१.३.६ गतिशीलता ३०

३.१.३.७ लोकप्रियता ३०

३.२ लोकसाहित्यको विधागत वर्गीकरण ३२

३.२.१ परिचय ३२

३.२.१.१ विधा वर्गीकरणका आधारहरू ३२

३.२.१.२ माध्यमको आधारमा ३३

३.२.१.३ प्रस्तुतिका आधारमा ३३

३.२.१.४ श्रेणीका आधारमा ३४

३.२.१.५ आकारका आधारमा ३४

३.२.१.६ प्रकारगत आधारमा ३५

३.३ गाउँखाने कथाको परिचय ३५

३.३.१ गाउँखाने कथाको परम्परा र प्रचलन ३७

३.३.२ गाउँखाने कथाको परिभाषा ४१

३.३.३ गाउँखाने कथा कथनको प्रक्रिया ४५

३.३.४ गाउँखाने कथाका विशेषता ४७

**चौथो परिच्छेद : नेपाली गाउँखाने कथाको वर्गीकरण**

४.१ गाउँखाने कथाको वर्गीकरण ४९

४.१.१ विषवस्तुका आधारमा गाउँखाने कथा ४९

४.१.१.१ वस्तुसम्बन्धी ५०

४.१.१.२ प्राणीसम्बन्धी ५०

४.१.१.३ शरीरसम्बन्धी ५१

४.१.१.४ प्रकृतिसम्बन्धी ५२

४.१.१.५ व्यवसायसम्बन्धी ५२

४.१.२ गाउँखाने कथाको भाषिक संरचना ५३

४.१.२.१ गद्यात्मक ५३

४.१.२.२ पद्यात्मक ५४

४.१.२.३ अनुप्रासमूलक ५५

४.१.२.४ तुकबन्दीयुक्त ५५

४.१.२.५ तुकबन्दीरहित ५६

४.१.३ वाक्यात्मक आधारमा गाउँखाने कथाको वर्गीकरण ५६

४.१.३.१ एकवाक्यात्मक ५७

४.१.३.२ बहुवाक्यात्मक ५७

४.१.३.३ सरल वाक्यात्मक गाउँखाने कथा ५८

४.१.३.४ जटिल वाक्यात्मक गाउँखाने कथा ५८

४.१.३.५ प्रश्नात्मक गाउँखाने कथा ५९

४.१.३.५ अप्रश्नात्मक गाउँखाने कथा ५८

४.१.४ क्षेत्रगत आभारमा गाँउखाने कथाको वर्गीकरण ६०

४.१.४.१ अङको ६०

४.१.४.२ भ्याँगा ६१

४.१.४.३ भिट्टा ६२

४.१.४.४ घाउटा ६३

४.२ निष्कर्ष ६३

**पाँचौं परिच्छेद : रूपन्देही जिल्लामा प्रचलित गाँउखाने कथाको विश्लेषण**

५.१ परिचय ६४

५.१.१ रूपन्देही जिल्लामा गाँउखाने कथाको प्रचलन ६५

५.२ रूपन्देहीमा प्रचलित गाँउखाने कथाको वर्गीकरण ६६

५.२.१ विषयवस्तुका आभारमा रूपन्देहीमा प्रचलित गाँउखाने कथा ६७

५.२.१.१ घरेलु जीवनसम्बन्धी ६७

५.२.१.२ शरीरका अंगसम्बन्धी ६८

५.२.१.३ कृषि व्यवसायसम्बन्धी ६९

५.२.१.४ प्रकृतिसम्बन्धी ७०

५.२.१.५ पशुपन्छी तथा जीवजन्तुसम्बन्धी ७१

५.२.२ भाषिक संरचनाका आधारमा रूपन्देहीमा प्रतलित गाँउखाने कथा ७२

५.२.२.१ एक वाक्यात्मक गाँउखाने कथा ७३

५.२.२.२ अनेक वाक्यात्मक गाँउखाने कथा ७४

५.२.२.३ कवितात्मक गाँउखाने कथा ७५

५.२.२.४ कथात्मक गाँउखाने कथा ७६

५.३ रूपात्मक आधारमा रूपन्देहीका गाँउखाने कथा ७६

५.३.१ आवारगत रूपमा गाँउखाने कथा ७६

५.३.२ अनुप्रासयुक्त ७७

५.३.३ लयात्मक ७८

५.३.४ उपमानमूलक ७८

५.३.५ प्रश्नात्मक ७८

५.४ विविध प्रकृतिका गाँउखाने कथा ७९

५.४.१ गाँउखाने कथा अक्षर संचना ७९

५.४.२ वाद्यवादनसम्बन्धी ८०

५.४.३ हात हतियारसम्बन्धी ८०

५.४.४ खेलकुदसम्बन्धी ८१

५.४.५ धर्मकर्मसम्बन्धी ८१

५.४.६ शैक्षिक सामग्रीसम्बन्धी ८२

५.४.७ सञ्तारसम्बन्धी ८२

५.४.८ धुम्रपानसम्बन्धी ८२

५.४.९ विज्ञानप्रविधिसम्बन्धी ८३

५.५ रूपन्देहीमा प्रचलित गाँउखाने कथाको प्रतिविम्व समाज ८३

५.६ प्रतिविम्व आर्थिक प्रश्न ८७

५.७ प्राकृतिक चित्रण ९०

| | | |
|---|---|---|
| ५.८ | गाँउखाने कथामा शैक्षिक अवस्था | ९१ |
| ५.९ | किशोर किशोरीको अवस्था | ९३ |
| ५.१० | रूपन्देहीमा प्रचलित गाँउखाने कथामा वर्गीय अवस्था | ९५ |
| ५.११ | नवनिर्मित गाँउखाने कथा | ९७ |
| ५.१२ | गाँउखाने कथामा पठान्तर | ९८ |
| ५.५ | निश्कर्ष | १०१ |
| विविध आधारमा गाँउखाने कथा | | |
| अवधी भाषा | | १०१ |
| थारु भाषा | | १०२ |
| मैथिली भाषा | | १०२ |
| अवधी भाषाका गाँउखाने कथा (बुझौलिया) | | १०३ |
| १. | विषयवस्तुका आधारमा | १०३ |
| २. | रूपात्मक गाँउखाने कथा | १०४ |
| ३. | संरचनात्मक | १०५ |
| ४. | विविध अवधी गाँउखाने कथा | १०६ |
| **छैठौँ परिच्छेद : उपसंहार निष्कर्ष र सुझाव** | | |
| ६.१ | उपसंहार | १०८ |
| ६.२ | निष्कर्ष | ११० |
| ६.३ | सम्भावित शोधशीर्षक | १११ |
| | परिशिष्ट | ११२ |
| क. | वर्तानुकमानुसार रूपन्देहीमा प्रतलित गाँउखाने कथाको स्थापना | ११२ |
| ख. | सामग्री संकलनमा प्रयोग गरिएको चिठीको नमुना | |
| ग. | शोध सामग्री सहयोगीहमा | |
| | सन्दर्भ सामग्री | १९७ |

# प्रथम परिच्छेद

# शोधपरिचय

## १.१ शोध–शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन** रहेको छ ।

## १.२ शोधार्थीको पूरा नाम

विष्णु पन्थी

## १.३ शोधकार्यको प्रयोजन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र-सङ्कायअन्तर्गत नेपाली विषयका स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको परिपूर्तिका निम्ति प्रस्तुत शोधपत्र तयार गरिएको हो ।

## १.४ विषय–परिचय

नेपालका पाँच विकास क्षेत्रमध्ये रुपन्देही जिल्ला पश्चिमाञ्चलको विकास क्षेत्रको लुम्बिनी अञ्चलमा पर्ने एक जिल्ला हो । यो जिल्ला नेपालको मध्य तराईमा पर्ने विकसित जिल्लाहरूमध्ये एक प्रमुख जिल्ला मानिन्छ । महामानव गौतम बुद्धको पवित्र जन्मस्थल भएकोले पनि यो जिल्ला नेपालमा मात्र नभई संसारमै पनि प्रसिद्ध रहेको देखिन्छ । यसका अतिरिक्त यो जिल्ला बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधता भएको जिल्ला पनि हो । खास गरी नेपालका पचहत्तरै जिल्लाका मानिसहरूको बसाइसराइ भई आएको हुनाले पनि यहाँ बसोबासको क्रम तीव्र गतिमा बढ्दै आएको देखिन्छ । साथै दक्षिणी क्षेत्रमा भारतको उत्तरप्रदेशका मानिसहरू बन्द व्यापार दैनिक रोजगारका अतिरिक्त जागिरको सिलसिलामा पनि बसोबास गर्दै आइरहेको देखिन्छ । यिनै विभिन्न कारणले यहाँको जनसङ्ख्याको आबादी

र बसोबासको गति बढ्दो रहेको छ । त्यसै कारणले रुपन्देही जिल्लालाई भाषा, साहित्य, शिक्षा, राजनीतिका दृष्टिले पनि मोफसलको राजधानीले चिनिन्छ ।

समाजको विकाससँगसँगै भाषा र साहित्य हुर्किएको हुन्छ । लोकसंस्कृति तथा लोकसाहित्य मानव समाजका अमूल्य निधि भएकोले यिनीहरूको संरक्षण र संम्वर्द्धन गर्नु हाम्रो दायित्व हो । यसैलाई दृष्टिगत गरी यहाँको विभिन्न समुदायमा विकसित हुँदै आएको लोक-साहित्यअन्तर्गत गाउँखाने कथाको खोज, अध्ययन-अनुसन्धान गर्न जरुरी पनि देखिन्छ । यसै सन्दर्भमा रुपन्देहीको सामाजिक जनजीवनको सांस्कृतिक पहिचान दिने रुपन्देहीमा प्रचलित गाउँखाने कथाको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य हो ।

परम्परागत रूपमा लोकले सुनाउँदै र सुन्दै आएका सवाल-जवाफ शैलीमा प्रस्तुत गरिने गाउँखाने कथा मनोरञ्जन दिने र अड्को थापिने बौद्धिक कसरतका प्रतीकात्मक स्वरूप हुन् । गाउँखाने कथाले यहाँको विगत र वर्तमान समाजका विविध पक्षको प्रभावकारी छनक प्रस्तुत गर्ने हुँदा अध्ययनकार्य यसै दिशातर्फ उन्मुख रहेको छ ।

## १.५ समस्याकथन

रुपन्देही जिल्लाको स्थानीय जनजीवनको सांस्कृतिक पहिचान गराउने गाउँखाने कथालाई एकत्रित गरी यहाँको लोकसांस्कृतिक स्वरूपलाई यस विधाका अनुरागीहरूलाई बौद्धिक एवं मनोरञ्जनात्मक खुराक प्रदान गर्न उन्मुख यस शोधपत्रका निम्नाङ्कत समस्याहरू रहेका छन् :

(१) रुपन्देहीको अवस्था कस्तो छ ?

(२) गाउँखाने कथाको पहिचान के हो ?

(३) रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथा के- कस्ता छन् ?

(४) गाउँखाने कथाको सामाजिक र सांस्कृतिक विश्लेषण कसरी गर्न सकिन्छ ?

(५) रुपन्देहीको स्थानीय परम्परामा जीवित गाउँखाने कथाको वर्गीकरण विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.६ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(१) रुपन्देही जिल्लाको अवस्था प्रस्तुत गर्नु ।

(२) गाउँखाने कथाको पहिचानस्वरूप स्पष्ट पार्नु ।

(३) रुपन्देहीको जनजीवनमा प्रचलित गाउँखाने कथाहरू सङ्कलन गर्नु ।

(४) रुपन्देहीको जनजीवनमा प्रचलित गाउँखाने कथाहरूको सामाजिक सांस्कृतिक पक्ष प्रस्तुत गर्नु ।

(५) सङ्कलित गाउँखाने कथाको वर्गीकरण र विश्लेषण गर्नु ।

यिनै उद्देश्य पूरा गर्न यो अनुसन्धान थालिएको हो र यस अध्ययनबाट यी उद्देश्यहरू पूरा भएका छन् ।

## १.७ पूर्वकार्यको समीक्षा

रुपन्देही विविध भाषाभाषी र जातजातिको बसोबास भएको जिल्ला मानिन्छ । यहाँबाट बसाइ सरेर आएका विभिन्न भाषाभाषीहरुका साथै नेपाली थारू, अवधी, भोजपुरी भाषाभाषी समुदायका मानिसहरू बसोबास गर्ने हुनाले पनि यो जिल्ला विविध जातिको लोकसंस्कृति र लोकसाहित्य भएको क्षेत्र मानिन्छ । यस क्षेत्रमा प्रचलित रहेका लोकसाहित्यका विभिन्न विधा लोकगीत, लोककथा, उखान-टुक्काजस्ता विधाहरू छन् । यहाँका यी विधाहरूका बारेमा खासै अध्ययन-अनुसन्धान भएको पाइँदैन । यसै सन्दर्भमा रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको विषयमा केन्द्रित रहेर खोज अध्ययन- अनुसन्धान अहिलेसम्म भएको देखिँदैन । तर नेपाली गाउँखाने कथाको विधासँग सम्बन्धित भएर केही सङकलनकर्ता तथा अध्येताहरूले सैद्धान्तिक रूपमा खोज-अनुसन्धानका प्रयासहरू गरेका छन् । यस विषयमा गरिएका केही उल्लेख्य पूर्वकार्यहरू यस प्रकार छन् ।

नेपाली लोकजीवनमा मौखिक रूपमा गाउँखाने कथा भन्ने र सुन्ने परम्परा पुरानो भए पनि यसको खोज-अनुसन्धानको प्रयास लामो रहेको पाइँदैन । सर्वप्रथम नेपाली भाषामा गाउँखाने कथाको विषयमा खोज-अनुसन्धान र अध्ययनको थालनी गर्ने व्यक्तिं मोतीराम भट्ट

नै हुन् । उनको **उखानको बखान र जान्ने कथा सङ्ग्रह** नामक कृति नेपाली गाउँखाने कथाको खोजअनुसन्धानमा थालिएको पहिलो महत्त्वपूर्ण प्रयास हो तापनि यो कृति उपलब्ध हुन नसकेको हुँदा यसमा के कति गाउँखाने कथाहरू सङ्कलित थिए भन्न सकिँदैन । उनले के कसरी उखान र गाउँखाने कथाको खोज-अनुसन्धानको थालनी गरेका थिए भन्ने विषयमा केही भन्न सकिँदैन तैपनि मोतीराम भट्ट नै नेपाली गाउँखाने कथाको खोज-अनुसन्धान गर्ने पहिला व्यक्ति हुन् भन्न सकिन्छ । उनले गाउँखाने कथालाई 'जान्ने कथा सङ्ग्रह' नाम दिएको देखिन्छ ।  यसरी नेपाली साहित्यको माध्यमिक कालमा विविध विषयमा योगदान पुऱ्याउने मोतीराम भट्टले नेपाली उखान र गाउँखाने कथाको विषयमा पनि खोज-अनुसन्धानको परम्पराको थालनी गरेको हुँदा मोतीराम भट्ट नै यस विधामा अध्ययन गर्ने पहिलो व्यक्ति हुन् भनिन्छ ।

जी. डब्लू. पी. मोनेको **गोरखाली म्यानुअल** (सन् १९१९) प्रकाशित कृतिमा Riddles (Ahan) शीर्षकमा एक्काइसवटा नेपाली गाउँखाने कथा नमुनाका रूपमा दिइएका छ । यसरी एउटा विदेशीले नेपाली भाषाको खोज-अनुसन्धान गर्ने क्रममा नेपाली गाउँखाने कथाको विषयमा सङ्कलन गर्ने महत्त्वपूर्ण काम गरेको देखिन्छ तर उनले सङ्कलित गाउँखाने कथाको विषयमा विश्लेषण गर्ने काम भने गरेको पाइँदैन ।

धर्मराज थापाको "गाउँखाने कथा" शीर्षकको लेख **डाँफेचरी** पत्रिकाको फूल ३, रूख ४, शिशिर २०१४ मा छापिएको छ । यस लेखमा उनले विभिन्न विषय र रूपका ६४वटा गाउँखाने कथाको नमुना दिई तिनको परिचय दिएका छन् ।

सत्यमोहन जोशीको **हाम्रो लोकसंस्कृति** (२०१४) रत्नपुस्तक भण्डार काठमाडौंबाट प्रकाशित छ । यसमा 'गाउँखाने कथा र उखान'को शीर्षक दिई लोकसंस्कृतिका परिचायक उखान र गाउँखाने कथाको छोटो परिचय दिँदै १५ वटा गाउँखाने कथाका नमुना उदाहरण स्वरूप दिइएका छ ।

रामकुमार पाण्डेको **गाउँखाने कथा** नामक कृति २०२६ सालमा प्रकाशित छ । सानो पुस्तकका रूपमा रहेको यसमा एकसय गाउँखाने कथाहरू सङ्कलित छन् । यसमा सङ्कलित गाउँखाने कथाहरू लोकजीवनमा बढी प्रचलित रहेका देखिन्छन् ।

प्रदीप रिमालको काठमाडौबाट प्रकाशित **कर्णाली लोकसंस्कृति खण्ड ५,** (२०२८) कर्णाली क्षेत्रमा प्रचलित १०३ वटा गाउँखाने कथाहरू सङ्कलन गरी तिनको परिचयसमेत दिइएको छ । यसमा कर्णाली अञ्चलतिर गाउँखाने कथालाई 'साइतर' अथवा 'सातर' भनिन्छ भनेर उल्लेख पनि गरिएको छ ।

रत्नबहादुर तमोटको **गाउँखाने कथा** २०३३ सालमा प्रकाशित गरिएको छ । यस कृतिमा करिब ३०० जति गाउँखाने कथा सङ्कलन गरिएको छ । सङ्कलित गाउँखाने कथालाई अकारादि वर्णानुक्रममा मिलाएर राखिएको छ तर तिनको परिचय र विश्लेषण कार्य गरिएको छैन । यसमा केही गाउँखाने कथाको सचित्र रूप दिइएको छ ।

कृष्णप्रसाद पराजुलीको **नेपाली उखान र गाउँखाने कथा** २०३९ सालमा प्रकाशित गाउँखाने कथाको महत्त्वपूर्ण कृति हो । दुई खण्डमा विभाजित यो पुस्तकको पहिलो खण्डमा उखानको अध्ययन गरिएको छ भने दोस्रो खण्डमा नेपाली गाउँखाने कथाको सैद्धान्तिक अध्ययनको प्रयास गरिएको छ । यस कममा यसमा गाउँखाने कथाको अध्ययन- परम्पराको बारेमा पनि चर्चा गरिएको छ । साथै गाउँखाने कथाका विशेषता दिँदै सङ्कलित गाउँखाने कथालाई वर्गीकरण गरिएको छ । अन्त्यमा करिब १२० जति नेपाली गाउँखाने कथालाई अकारादि वर्णानुक्रममा मिलाएर राखिएको छ । गाउँखाने कथाको सैद्धान्तिक अध्ययन गरिएको यो कृति महत्त्वपूर्ण मानिन्छ तापनि यसमा रुपन्देही सामाजिक परम्परामा प्रयोग हुँदै आएका गाउँखाने कथाको बारेमा पृथक् किसिमले अध्ययन-अनुसन्धान गरिएको छैन ।

विजय चालिसेको २०३९ सालमा प्रकाशित **डोटेली लोकसंस्कृति र लोकसाहित्य** कृतिमा डोटेली क्षेत्रमा प्रचलित ४५वटा गाउँखाने कथाका नमुना दिइएको छ । सङ्कलित गाउँखाने कथाले डोटेली लोकसंस्कृतिको झल्को दिन्छ । ती नमुनाहरूले क्षेत्रीय लोकजीवनमा प्रचलित लोकसाहित्यका विविध विधाहरूको खोज-अनुसन्धानको सम्भावनालाई बढाएका छन् ।

धर्मराज थापा र हंसपुरे सुवेदीको **नेपाली लोकसाहित्यको विवेचना** २०४१ सालमा प्रकाशित नेपाली लोकसाहित्यसम्बन्धी अध्ययन गरिएको महत्त्वपूर्ण कृति हो । यसमा 'गाउँखाने कथा परिचय र विवेचना' शीर्षकअन्तर्गत गाउँखाने कथाको परिचय दिइएको छ । साथै गद्यात्मक र पद्यात्मक रूपका गाउँखाने कथाको परम्परा र प्रचलनको विषयमा प्रकाश

पारिएको छ । यसमा खेतीपाती र खाद्यान्न विषयक २५वटा गाउँखाने कथाका नमुना र फलफूल विषयक २९ वटा अनि घरेलु वस्तुसम्बन्धी ४४ वटा, प्रकृति र प्राणी विषयक २१वटा गाउँखाने कथाका नमुना उदाहरण स्वरूप दिइएको छ । साथै कवितात्मक लयका गाउँखाने कथाका ४२ वटा नमुना दिइएको छ । नेपाली गाउँखाने कथाको विषयमा अध्ययन गरिएको यो महत्त्वपूर्ण कृति हो भन्ने देखिन्छ ।

यसमा लोकसाहित्यका विविध पक्षमा परिचयात्मक मूल्याङ्कन प्रस्तुत गरिए तापनि रुपन्देही जिल्लाको सामाजिक परम्परामा प्रयोग हुँदै आएका गाउँखाने कथाका बारेमा पृथक् किसिमले अध्ययन-अनुसन्धान गरिएको छैन ।

पूर्णप्रकाश नेपाल (यात्री) को २०४१ सालमा प्रकाशित **भेरी लोकसाहित्य** नामक कृतिमा ६८ वटा भेरी क्षेत्रमा प्रचलित गाउँखाने कथाका नमुना दिइएको छ । यसमा सङ्कलित गाउँखाने कथाहरूको न त वर्गीकरण गरिएको छ, न त वैज्ञानिक दृष्टिले विश्लेषण नै गरिएको छ तापनि नेपाली भाषाका भेरी क्षेत्रमा प्रचलित गाँउखाने कथाका नमुना दिएर क्षेत्रीय भाषिकाका गाउँखाने कथाको अध्ययन र खोज-अनुसन्धानको सम्भावना यसले देखाइ दिएको छ ।

तेजप्रकाश श्रेष्ठको **अछामी लोकसाहित्य** २०४४ सालमा प्रकाशित अछामी क्षेत्रको लोकसाहित्यसम्बन्धी महत्त्वपूर्ण कृति हो । यसमा अछामी लोकसाहित्यका गाउँखाने कथाको परिचय दिइएको छ । साथै यसमा साँचुल्लाको लेकमा प्रचलित गाउँखाने कथाको परिचय दिँदै कवितात्मक शैलीका १८ वटा र साधारण प्रश्नका रूपका गाउँखाने कथाका ७८ वटा नमुना उदाहरण दिइएको छ । यो अछामको लोकसाहित्यिक कृतिमा गाउँखाने कथाको विषयमा गरिएको छोटो प्रयासले क्षेत्रीय रूपमा प्रचलित गाउँखाने कथाको खोजअनुसन्धानको सम्भावना देखाएको देखिन्छ ।

कपिल लामिछानेको “गाउँखाने कथामा अश्लीलताको पुट” शीर्षकको लेख २०४८ **जुही** ३२, ५-१० मा छापिएको छ । यसमा अश्लील गाउँखाने कथाको परिचय दिँदै अश्लील साहित्यको काव्य दोषका रूपमा नेपाली गाउँखाने कथामा अश्लीलता देखिने भाषा अश्लील

तर भाव श्लील भएका गाउँखाने कथा, भाषा र भाव दुवै अश्लील भएका गाउँखाने कथा, भाषा श्लील तर भाव अश्लील भएका गाउँखाने कथाका उदाहरणहरु दिइएको छ ।

रविलाल अधिकारीको "लोकोक्तिका प्रकारहरू छोटो चर्चा" शीर्षकको लेख **पाठ्यक्रम विकास पत्रिका** पूर्णाङ्क ३०,२०५१ मा छापिएको छ । यसमा लोकोक्तिका प्रकारहरूको चर्चा गर्ने क्रममा गाउँखाने कथाको पनि उल्लेख गरिएको छ । यसमा लोकोक्तिका प्रकारहरू उल्लेख गर्दा (१) उक्ति, (२) उखान, (३) टुक्का, (४) अड्को (५) गाउँखाने कथा, (६) प्रतीक शब्द गरी लोकोक्तिका प्रकारहरू देखाइएको छ । लोकोक्तिको चर्चा गर्ने क्रममा गाउँखाने कथाका तुक नमिलेका र तुक मिलेका साथै कवितात्मक शैलीका उदाहरण यसमा दिइएको छ ।

वासुदेव भाइसावको **डोटेली कोश** (**लोकोक्ति खण्ड**) २०५१ सालमा प्रकाशित कृतिमा डोटेली क्षेत्रका लोकोक्तिको अध्ययन गर्ने क्रममा प्रचलित गाउँखाने कथाको परिचय दिँदै पश्चिम डोटी भेगमा कतै 'राउने बातै' र कतै 'ऐना बातै' भनिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।  "ऐनाबातै र राउने बातै" नामले डोटेली क्षेत्रमा चिनिने गाउँखाने कथाका यस कृतिमा करिब ६० वटा गाउँखाने कथाका नमुना दिइएको छ । यद्यपि सङ्कलित गाउँखाने कथाको विश्लेषण नगरिएको भएता पनि यसले पनि डोटी क्षेत्रमा प्रचलित गाउँखाने कथाको अध्ययन र खोजअनुसन्धानको सम्भावनालाई देखाएको छ ।

खेमराज नेपालको "नेपाली लोकसाहित्यको सेरोफेरा" शीर्षकको लेख **शोणितपुर नेपाली साहित्य परिषद**को १९९४ जुन महिनामा प्रकाशित मुखपत्रको लेखमा नेपाल बाहिर छरिएर रहेका नेपालीहरूले आफ्नो संस्कृति र परम्परालाई पनि जीवित राख्दै आएका छन् भन्ने कुराको पुष्टि गरिएको छ । साथै यसमा नेपालले नेपाली लोकसाहित्यको चर्चा गर्ने क्रममा गाउँखाने कथाको छोटो परिचय दिँदै प्रतीक, रूपक र व्यङ्ग्यात्मक बानी विकासको व्यञ्जनाप्रधान अभिव्यक्तिका रूपमा आउने एक प्रश्न, एक अड्को नै गाउँखाने कथा हो भनेका छन् । प्रश्नको उत्तर दिन सकिएन भने प्रश्न= कर्तालाई एउटा गाउँ दिनुपर्दछ । उसले त्यो गाउँको सेरोफेरोमा रहेको राम्रो जति सबै मेरो, नराम्रो जति सबै तेरो, भने पछि मात्र उत्तर खोल्दछ भन्दै  यसमा दुइवटा नेपाली गाउँखाने कथाका नमुना उदाहरण दिइएको छ ।

चूडामणि बन्धुको “पहेली” नामक लेख **कुञ्जिनी** २०५४ मा छापिएको छ । यसमा गाउँखाने कथालाई पहेलीको रूपमा परिचय दिइएको छ । यसमा पहेलीको परिचय, परम्परा, प्रकार, अङ्ग, पहेली र अन्य विधाहरूको बारेमा पनि चर्चा गरिएको छ । साथै यसमा पहेलीका विशेषता, संरचनात्मक दृष्टिले पहेलीको प्रयोग कसरी गरिन्छ भन्ने कुरा पनि उल्लेख गरिएको छ । नेपाली पहेलीको अध्ययन, वर्गीकरण र नेपाली पहेलीहरूको वर्गीकरण गर्ने क्रममा विषयवस्तुका आधारमा प्रकृतिजगत् र मानव निर्मितसम्बन्धी पहेलीहरू भनेर दुई किसिमले विभाजन गरी यस लेखमा देखाइएको छ । गाउँखाने कथाको सैद्धान्तिक रूपमा अध्ययन गरिएको बन्धुको यो लेखले गाउँखाने कथाको परिचय विश्लेषण मात्र नगरी यस विषयमा खोज-अनुसन्धानको सैद्धान्तिक आधार पनि दिएको छ । नेपाली पहेलीको विषयमा खोज-अनुसन्धान गरेर उदाहरणसहित दिइएको यो लेख महत्त्वपूर्ण देखिन्छ ।

हंसपुरे सुवेदीको “कूटरचना संक्षिप्त विवेचना” लेख **प्रज्ञा** पूर्णाङ्क ८६, वर्ष २८, २०५४ मा प्रकाशित छ । यसमा कूटरचना र प्रहेलिकालाई एउटै रहस्यमय अर्थ बुझाउने कथनको रूपमा प्रस्तुत गरिएको छ । यसमा कूट, कुटिल अर्थ बुझाउने, घुमाउरो रहस्यात्मक प्रश्न प्रस्तुत गर्ने अर्थमा विवेचित बाङ्गो, टेढो, पेचिलो समस्या राखी समस्या समाधान निम्ति पाठक वा श्रोताको मन-मस्तिष्क चकराउने पिरोल्ने खालका प्रश्नात्मक रचनाको तात्पर्यमा प्रहेलिका शब्दको पयार्य रूपमा सँगगँगै राखी रहस्यपूर्ण तथ्य, अनेक अर्थ लाग्ने कवितात्मक रचनाका रूपमा गाउँखाने कथालाई लिइएको छ । यस लेखमा कूटरचना र प्रहेलिका (पहेली, गाउँखाने कथा) लाई एकै तथा हाराहारी रूपमा प्रस्तुत गरिएको छ । कूटकथन र गाउँखाने कथाका नमुना यस लेखमा प्रस्तुत गरिएको छ जसबाट गाउँखाने कथा र कूटकथनका बीचको साम्यता र अन्तर स्पष्ट हुन्छ ।

**नेपाली साहित्यकोश** (२०५५) ईश्वर बरालको सम्पादनमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान काठमाडौंबाट प्रकाशित  नामक पुस्तकमा नेपाली लोकसंस्कृति र लोकसाहित्यको चर्चा गर्ने क्रममा गाउँखाने कथाको परिचय= सहित ६ वटा नमुना उदाहरण दिइएको छ ।

देवदत्त भट्टको “बैतडेली गाउँखाने कथाको अध्ययन” शीर्षकको त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र २०५५ नेपाली केन्द्रीय विभागमा टङ्कित अवस्थामा प्रस्तुत छ । पाँच

परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा गाउँखाने कथाको परिचय दिइएको छ साथै यसैमा सङ्कलित गाउँखाने कथाको वर्गीकरण पनि गरिएको छ । चौथो परिच्छेदमा बैतडेली गाउँखाने कथाको परिचय र वर्गीकरण तथा पाँचौं परिच्छेदमा शोधको निष्कर्ष दिइएको छ । साथै परिशिष्टका रूपमा एकसय चौरानब्बेवटा बैतडेली गाउँखाने कथा दिइएको छ । प्रस्तुत शोधपत्रले नेपाली गाउँखाने कथाको अध्ययन नेपाली भाषामा मात्र नभई भाषिकामा समेत हुन सक्ने सम्भावनालाई देखाएको छ । नेपाली भाषाको क्षेत्रीय भाषिकामा भेटिने यस किसिमका गाउँखाने कथाको खोज-अनुसन्धान र अध्ययन परम्पराको थालनी यसले गरेको देखिन्छ ।

देवीप्रसाद वनवासीको **आँधीखोले लोकसंस्कृति** २०५५ सालमा प्रकाशित छ । यस कृतिमा आँधीखोलाको सेरोफेरोमा प्रचलित लोकसंस्कृतिको चर्चा गर्ने क्रममा "आँधीखोले उखान-टुक्का लोकोक्ति र गाउँदिने कथाहरू" शीर्षक दिएर गाउँखाने कथाहरूको बारेमा पनि उल्लेख गरिएको छ । उनले गाउँखाने कथालाई गाउँदिने कथाहरू नाम दिएका छन् । आँधीखोले क्षेत्रमा प्रचलित लोकसंस्कृति विविध पक्षका चित्रण गर्ने क्रममा वनवासीले उनन्साठीवटा गाउँखाने कथाका उदाहरण दिएका छन् । यसमा सङ्कलित गाउँखाने कथाहरूको वर्गीकरण र विश्लेषण भने गरिएको छैन तैपनि नेपाली लोकसंस्कृतिको आफ्नै पहिचान राख्ने आँधीखोले संस्कृतिका परिचायक गाउँखाने कथाको विषयमा वनवासीले गरेको छोटो प्रयास प्रशंसनीय देखिन्छ ।

भरतकुमार प्रसाईको **हाम्रा गाउँखाने कथा** २०५५ सालमा प्रकाशित छ । यस कृतिमा ९४२ वटा गाउँखाने कथाहरू सङ्कलन गरी तिनलाई अकारादि वर्णानुक्रममा राखिएको छ । सङ्कलित गाउँखाने कथाको विषयमा परिचय दिइएको नै छ न त तिनको वर्गीकरण र विश्लेषण नै गरिएको छ । सङ्कलनका दृष्टिले उनको यो कृति महत्त्वपूर्ण मानिन्छ तापनि यसमा रुपन्देही सामाजिक परम्परामा प्रयोग हुँदै आएका गाउँखाने कथाको बारेमा पृथक् किसिमले अध्ययन-अनुसन्धान गरिएको छैन ।

२०५५ सालमा प्रकाशित शम्भुप्रसाद कोइरालाको **लोकसाहित्य सिद्धान्त र विश्लेषण** कृतिमा "गाउँखाने कथाको परिचय र परिभाषा" शीर्षक दिएर गाउँखाने कथा सम्बन्धमा

प्रकाश पारिएको छ । "गाउँखाने कथा विशेषता र वर्गीकरण" शीर्षकमा नेपाली यसमा गाउँखाने कथाका ८ वटा विशेषता उल्लेख गर्नुका साथै र गाउँखाने कथालाई विषयका आधारमा ६ किसिमले वर्गीकरण गरिएको छ ।

यस कृतिमा लोकसाहित्यका विविध पक्षमा परिचयात्मक मूल्याङ्कन प्रस्तुत गरिए तापनि रुपन्देही सामाजिक परम्परामा प्रयोग हुँदै आएका गाउँखाने कथाको बारेमा पृथक् किसिमले अध्ययन-अनुसन्धान गरिएको छैन ।

ईश्वरीप्रसाद भण्डारीको "गुल्मी जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन" ( २०५७) शीर्षकको नेपाली स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा टङ्कित अवस्थामा प्रस्तुत छ । पाँच अध्यायमा विभाजित यस शोधपत्रको तेस्रो परिच्छेदमा नेपाली गाउँखाने कथाको परिचय र वर्गीकरण दिइएको छ भने चौथो अध्यायमा गुल्मेली गाउँखाने कथाको वर्गीकरण र विश्लेषण गरिएको छ । पाँचौं अध्यायमा "उपसंहार तथा मूल्याङ्कन" शीर्षक दिएर शोधको सार प्रस्तुत गरिएको छ । अन्तिममा परिशिष्ट शीर्षकमा गुल्मेली कथ्य भाषिकामा प्रचलित पाँचसय दसवटा गाउँखाने कथाहरूलाई अकारादि वर्णानुक्रममा राखी प्रस्तुत गरिएको छ । यस शोधपत्रले नेपाली भाषाका विभिन्न भाषिका क्षेत्रमा प्रचलित गाउँखाने कथाहरूको खोज-अनुसन्धान गर्न सकिने सम्भावनालाई देखाएको छ । नेपाली लोकसंस्कृति र लोकसम्पदाको रूपमा प्रचलित गाउँखाने कथाहरू गुल्मेली ग्रामीण भेगमा लोकप्रिय बनेका रहेछन् भन्ने कुरा प्रस्तुत शोधपत्रले देखाएको छ ।

कपिल अनन्तको "गाउँखाने कथा परिचय र विश्लेषण" (२०५७) **प्रज्ञा** पूर्णाङ्क ९३, वर्ष ३१, मा छापिएको छ । यसमा गाउँखाने कथाको परिचय दिने खालका दसवटा बुँदा प्रस्तुत गरिएको छ । साथै गाउँखाने कथाको वर्गीकरणलाई रूपका आधारमा सात किसिम र आधारमा विषयवस्तुका छुट्र्या पाँच किसिम सहित उदाहरण अन्य वर्गीकरण गरिएको छ । लघुरूपका गाउँखाने कथा भनेर संक्षिप्त रूपका र बृहत् रूपका गाउँखाने कथाका उदाहरण यसमा दिइएको छ । साथै नेपालको पश्चिमी क्षेत्रमा प्रचलित भ्याँगा, घाउटा, भिट्टा आदिका उदाहरणसमेत यसमा दिइएको छ ।

अर्जुन नेपालको **गाउँखाने कथा** २०५८ सालमा प्रकाशित छ । यस कृतिमा नेपालले नेपाली भाषाका ९७१ वटा गाउँखाने कथाहरू सङ्कलित गरी तिनलाई अकारादि वर्णानुक्रममा प्रस्तुत गरिएको छ । तर सङ्कलित गाउँखाने कथाको विषयमा परिचय पनि दिएको छैन साथै तिनको वर्गीकरण र विश्लेषण पनि गरिएको छैन ।

चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** २०५८ सालमा प्रकाशित छ । नेपाली लोकसाहित्यको विषयमा तयार पारिएको यो एक महत्त्वपूर्ण कृति मानिन्छ । यस कृतिमा लोकसाहित्यको परिचय, लोकवार्ताः प्रारम्भ र विकास, लोकसाहित्यको अध्ययन= पद्धति, लोकसाहित्यको क्षेत्रकार्य, नेपाली लोकसाहित्यको अध्ययन-परम्परा, लोकगीत, नेपालीका सामान्य गीतहरू नेपालीका विशेष गीतहरू, नेपाली लोककविता, लोकगाथा र लोककाव्य, नेपाली लोककाव्यहरू, नेपाली लोकगाथा, लोकनाटक, लोककथा, पहेली, उखान र टुक्काहरूको चर्चा गर्ने क्रममा 'पहेली' शीर्षकमा नेपाली गाउँखाने कथाको परिचय, प्रकार, प्रयोग, गाउँखाने कथाका अङ्ग, गाउँखाने कथा र अन्य विधाहरू, गाउँखाने कथाका विशेषताहरू, जातीय उपमान प्रयोगका रूपमा गाउँखाने कथा, गाउँखाने कथाको परम्परा प्रयोजन, नेपाली गाउँखाने कथाको अध्ययन-परम्परा, वर्गीकरण र विषयवस्तुका आधारमा नेपाली गाउँखाने कथाको अध्ययन गरिएको छ ।

नेपाली गाउँखाने कथाको विषयमा सैद्धान्तिक रूपमा अध्ययन गरी उदाहरणसमेत दिइएको यो कृति महत्त्वपूर्ण देखिन्छ । यसमा लोकसाहित्यका विविध पक्षमा परिचयात्मक मूल्याङ्कन प्रस्तुत गरिए तापनि रुपन्देहीको सामाजिक परम्परामा प्रयोग हुँदै आएका गाउँखाने कथाको बारेमा पृथक् किसिमले अध्ययन-अनुसन्धान गरिएको छैन ।

रत्नाकर देवकोटाको **केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा** २०५८ सालमा प्रकाशित छ । यस पुस्तकमा ८८ वटा केन्द्रीय नेपाली भाषिकाका गाउँखाने कथा 'स्हाः (सा) इतर'  प्रस्तुत गरिएको छ । कर्णाली भेगमा प्रचलित उखान र गाउँखाने कथाको अध्ययन गर्ने क्रममा साइतरको परिचय दिइएको छ । सङ्कलित गाउँखाने कथाहरूलाई दस किसिमले वर्गीकरण गर्न सकिने उल्लेख गरे तापनि सङ्कलित गाउँखाने कथालाई वर्गीकरण गरिएको छैन

। देवकोटाले यसमा कर्णाली क्षेत्रका गाउँखाने कथाको खोज-अनुसन्धानको सम्भावना देखाएका छन् ।

शिवप्रसाद पौड्यालको **नेपाली उखानको विषयात्मक अध्ययन** २०६० सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित गरिएको छ । यसमा नेपाली उखानको अध्ययन गर्ने क्रममा लोकोक्तिका रूपमा उखान, गाउँखाने कथा र टुक्काको चर्चा गर्दा गाउँखाने कथाको विषयमा पनि प्रकाश पारिएको छ । साथै यसमा उखान र गाउँखाने कथा बीचमा समानता र भिन्नता पनि प्रस्तुत गरिएको छ ।

शिवप्रसाद पौड्यालको "लोकोक्ति एकः सन्दर्भ अनेक" शीर्षकको लेख **हाम्रो पुरुषार्थ**को वर्ष २९, अङ्क १, २०५८ मा छापिएको छ । यसमा लोकोक्तिको रूपमा प्रचलित उखान र गाउँखाने कथा एकै रूपमा दुवैतिर चलेको देखाइएको छ । यसमा लोकोक्तिको स्वरूपको चर्चा गर्दै ८ वटा उखान र ८ वटा गाउँखाने कथाको समान रूपलाई प्रस्तुत गरिएको छ । यसले नेपाली उखान र गाउँखाने कथाहरू लोकोक्तिका रूपमा बेग्लाबेग्लै भेद भए पनि रूप एकै भएको कुरा देखाएको छ । यसर्थमा उखान र गाउँखाने कथालाई लोकोक्तिका रूपमा हेर्न सकिने प्रस्टिएको छ ।

हंसपुरे सुवेदीको "नेपाली कूटरचनाको परिचय र विवेचना" (२०५८) विश्वविद्यालय अनुदान आयोगको सचिवालय, नयाँ बानेश्वर, काठमाडौँमा प्रस्तुत लघु-अनुसन्धान प्रतिवेदन "कूटरचना संक्षिप्त विवेचना" **प्रज्ञा** ८६, २८, २०५४, ८-८७) को विस्तारित रूप हो । यस प्रतिवेदनमा सुवेदीले कूटरचनाको परिचय, प्रहेलिका र गाउँखाने कथा बीचका समानतालाई उदाहरणसहित प्रस्टयाएका छन् साथै नेपाली साहित्यमा कूटरचनाको परम्परालाई पनि यसमा उल्लेख गरिएको छ । विशेषतः पूर्वीय संस्कृत वाङ्मयको अध्ययनमा सीमित यो अनुसन्धान प्रतिवेदनले कूटकथन र गाउँखाने कथालाई कुन रूपमा हेर्ने भन्ने विषयमा प्रस्ट पारेको छ । विशेषतः यसमा कूटरचना भनेर रहस्यमय अर्थ निस्कने पद्यात्मक नेपाली कविहरूका कूटरचनालाई देखाइएको छ । नेपाली कूटरचनाको श्रृङ्खला र विशेषताको अध्ययन गरिएको यो महत्त्वपूर्ण प्रतिवेदन हो ।

कपिल लामिछानेको **रमाइला गाउँखाने कथाहरू** २०६१ सालमा प्रकाशित छ । यस कृतिमा साना बालकहरूलाई उपयोगी हुने खालका रमाइला गाउँखाने कथाहरू सङ्कलन गरी तिनलाई अकारादि वर्णानुक्रममा प्रस्तुत गरिएको छ । ११७ पृष्ठको सानो यस पुस्तकमा लामिछानेले बालबालिकाको बौद्धिक विकासमा सहयोग पुग्ने सामग्रीको रूपमा यसलाई प्रस्तुत गरेको देखिन्छ तापनि यस पुस्तकमा रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको परिचयात्मक सङ्कलन, अध्ययन-अनुसन्धान एवम् विवेचना गरिएको छैन ।

शिवप्रसाद पौड्यालको **नेपाली गाउँखाने कथाकोश** २०६१ सालमा प्रकाशित छ । नेपाली गाउँखाने कथाको पहिलो कोश यसलाई मानिन्छ । यस कृतिलाई दुई भागमा प्रस्तुत गरिएको छ । पहिलो खण्डमा गाउँखाने कथाको परिचय दिइएको छ । परिचयकै क्रममा कूटरचना र गाउँखाने कथाका ढाँचाहरू प्रस्तुत गरिएको छ । साथै गाउँखाने कथाको कथन-परम्परा र प्रचलनका बारेमा पनि यसमा चर्चा गरिएको छ । गाउँखाने कथाको परिचयकै क्रममा गाउँखाने कथाको बारेमा विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरू पनि दिइएको छ । गाउँखाने कथाको उत्पत्तिका बारेमा पनि यसमा चर्चा गरिएको छ । गाउँखाने कथा र उखानका बीचमा समानता र भिन्नताका बारेमा पनि यसमा प्रकाश पारिएको छ ।

नेपाली लोकजीवनमा गाउँखाने कथाको प्रचलन र नेपालीमा गाउँखाने कथाको विषयमा थालिएको खोज-अनुसन्धान र अध्ययन परम्परा र तिनका कार्यका बारेमा पनि कोशमा उल्लेख गरिएको छ । नेपाली गाउँखाने कथाका प्रकार र प्रयोगका रूपमा अङ्को रूपका गाउँखाने कथा, झिट्टो रूपका गाउँखाने कथा, गौडेगीत रूपका गाउँखाने कथा, झ्याँगा रूपका गाउँखाने कथा र घाउटा रूपका गाउँखाने कथाका प्रकारहरू यसमा दिइएको छ ।

गाउँखाने कथाको वर्गीकरण गर्ने क्रममा भाषिक वर्गीकरण गरिएको छ । यसका साथै गाउँखाने कथाको रूप एक संरचना अनेक बारेमा पनि प्रकाश पारिएको छ । यसैमा अश्लील भाववोधक गाउँखाने कथा र जाति विषयक गाउँखाने कथा र स्तरीय नेपाली गाउँखाने कथाको तुलात्मक अध्ययन पनि गरिएको छ । दोस्रो खण्डमा नेपाली गाउँखाने कथा कोशअन्तर्गत करिब ५००० हजार जति गाउँखाने कथालाई अकारादि वर्णानुक्रममा राखी प्रस्तुत गरिएको छ । नेपाली गाउँखाने कथाका बारेमा गरिएका विभिन्न प्रयासहरूमध्ये पौड्यालको प्रस्तुत कोश हालसम्मकै महत्त्वपूर्ण र प्रशंसनीय कार्य मानिन्छ तापनि रुपन्देहीको

जनजिब्रोले प्रयोग गर्दै आएको प्रचलित गाउँखाने कथाका विषयमा पृथक् किसिमकले चर्चा भएको छैन ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको **लोकवार्ता विज्ञान र लोकसाहित्य** नामक कृति २०६३ सालमा प्रकाशित गरिएको छ । लोकवार्ता र लोकसाहित्यको बारेमा सैद्धान्तिक विवेचना गरिएको यस पुस्तकमा लोकवार्ता-विज्ञानअन्तर्गत लोकवार्ता विज्ञान र लोकसाहित्यशास्त्रको परिचय, परिभाषा, स्वरूप, विशेषता, प्रयोजन, महत्त्व, लोकसाहित्यको अध्ययन-अनुसन्धानको प्रकिया पद्धति, विधागत वर्गीकरण, लोकसाहित्यका अभिप्राय, अध्ययन-अनुसन्धान परम्परा, लोकगीत र यसको वर्गीकरणका आधार प्रकार र विश्लेषण, लोककथा र यसको वर्गीकरणका आधार र प्रकार, नेपालीका केही लोककथा र लोकनाटक (सोरठी, घाटु, रामायणको बालुनको परिचय, पाठ, कथासार र विशेषता) गाउँखाने कथा, उखान र टुक्काको परिचय, परिभाषा, विशेषता र तिनका बारेमा विश्लेषण गरिएको छ । प्रस्तुत कृतिमा लोकवार्ता र लोकसाहित्यका बारेमा सैद्धान्तिक अध्ययन-स्वरूप दिइएको छ ।

श्यामप्रसाद तिवारीको **पर्वत जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन** २०६३ शीर्षकको नेपाली स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा टङ्कित अवस्थामा प्रस्तुत छ । चार परिच्छेदमा विभाजित यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । दोस्रो परिच्छेदमा “नेपाली गाउँखाने कथाको परिचय र वर्गीकरण” अन्तर्गत लोकसाहित्यको परिचय र परिभाषा, लोकसाहित्यको विधागत वर्गीकरण दिइएको छ । यसै कममा गाउँखाने कथाको परिचय, गाउँखाने कथाका परिभाषा, गाउँखाने कथा र उखान टुक्कामा समानता र भिन्नता पनि प्रस्तुत गरिएको छ। साथै लोककथा र गाउँखाने कथाको बारेमा पनि प्रकाश पारिएको छ। गाउँखाने कथाको उत्पत्ति र नेपालमा गाउँखाने कथाको प्रचलनका साथै नेपाली गाउँखाने कथाको खोजअनुसन्धान र अध्ययन-परम्पराबारे पनि यसमा उल्लेख गरिएको छ। यही दोस्रो परिच्छेदमा गाउँखाने कथाका विशेषता र नेपाली गाउँखाने कथाको वर्गीकरण पनि गरिएको छ।

तेस्रो परिच्छेदमा “पर्वत जिल्लामा प्रचलित गाउँखाने कथाको वर्गीकरण र विश्लेषण” पर्वत जिल्लामा गाउँखाने कथाको प्रचलन, शीर्षकमा साथै विषवस्तुका आधारमा पर्वतमा

प्रचलित गाउँखाने कथाको वर्गीकरण गरिएको छ । यही क्रममा संरचनाका आधारमा पर्वतमा प्रचलित गाउँखाने कथाको र रूपात्मक आधारमा वर्गीकरण गरिएको छ ।

विविध आधारमा पर्वतमा प्रचलित गाउँखाने कथाको विश्लेषण गर्ने क्रममा बाजागाजासम्बन्धी गाउँखाने कथा, हातहतियारसम्बन्धी गाउँखाने कथा, धर्मकर्मसम्बन्धी गाउँखाने कथा, विधा र ज्ञानसम्बन्धी गाउँखाने कथा, धूम्रपानसम्बधी गाउँखाने कथा, विज्ञान र प्रविधिसम्बन्धी गाउँखाने कथा र खेलसम्बन्धी गाउँखाने कथाको विश्लेषण गरिएको छ । तिवारीले प्रस्तुत परिच्छेदमा गाउँखाने कथाको विश्लेषणकै क्रममा पर्वते गाउँखाने कथामा प्रतिबिम्बित आर्थिक अवस्था, पर्वत जिल्लामा प्रचलित गाउँखाने कथामा प्रतिबिम्बित समाज, पर्वत जिल्लामा प्रचलित गाउँखाने कथामा किशोर किशोरीको अवस्था, पर्वत जिल्लामा प्रचलित गाउँखाने कथामा वर्गीय भिन्नता, पुरानो संस्कार र नयाँ संस्कार जनाउने गाउँखाने कथा, केटाकेटी र बूढाबूढीले भन्ने गाउँखाने कथाबीच भिन्नता, धनी र गरिब वर्गका गाउँखाने कथाहरू, जातभातसँग सम्बन्धित गाउँखाने कथा र शिक्षित र अशिक्षितले भन्ने गाउँखाने कथाको विश्लेषण गरेका छन् ।

चौथो परिच्छेदमा "उपसंहार तथा मूल्याङ्कन" शीर्षकअन्तर्गत सारांश, निष्कर्ष र भावी अनुसन्धानका निम्ति सुझाव दिइएको छ । अन्त्यमा सङ्कलित गाउँखाने कथालाई अकारादि वर्णानुक्रममा मिलाई प्रस्तुत गरिएको छ । क्षेत्रीय आधारमा गरिएको यस किसिमको खोज-अनुसन्धान र अध्ययनकार्य आफैमा महत्त्वपूर्ण त छँदै छ । साथै यसले नेपाली भाषाका क्षेत्रीय गाउँखाने कथाको खोजअनुसन्धान गर्न प्रोत्साहित गर्ने संभावना पनि देखाएको छ ।

नेपाली गाउँखाने कथाका विषयमा विभिन्न पत्रपत्रिकाहरूमा बेलाबखत लेखिएका विभिन्न गाउँखाने कथाहरू प्रकाशित भइरहेको देखिन्छ । प्रकाशित हुने त्यस्ता पत्रिकाहरूमा लेख मात्र नभई मनोरञ्जन तथा बौद्धिक परीक्षणका लागि रमाइला गाउँखाने कथाहरू प्रश्नोत्तरका निम्ति रहेका देखिन्छन् । 'मुना' र 'युवामञ्च' जस्ता मासिक पत्रिकाहरूले आफ्नो नियमित प्रकाशनमा गाउँखाने कथा प्रकाशित गर्ने गरेको देखिन्छ । गोरखापत्र, कान्तिपुरलगायत दैनिक समाचार पत्रले पनि कहिलेकाहीँ शनिवासरीयमा यदाकदा त्यस्ता गाउँखाने कथाहरूलाई स्थान दिने गरेको देखिन्छ । छिटपुट गाउँखाने कथा प्रकाशित गर्ने

पत्रिकाहरूमा बालपोष, डाँफेचरी, रूपरेखा, हाम्रो संस्कृति, रैबारे, बालक, कोपिला, बालकोसेली आदि रहेका छन् ।

आजकल रेडियो नेपाल, एफ, एम.रेडियोहरु र नेपाल टेलिभिजनले पनि यस सम्बन्धमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् यसले के देखाउँछ भने हाम्रो लोकजीवनका महत्त्वपूर्ण उक्तिहरूप्रति जनचासो र अध्ययनतर्फ ध्यान पुऱ्याउनुपर्छ भन्ने प्रेरणा मिल्न थालेको छ । नेपाली गाउँखाने कथाको अध्ययनको दिशामा भएका प्रयासहरू मध्ये कुनै तह पूरा गर्न र निश्चित उद्देश्य प्राप्तिको दिशामा भए भने कति रहरका रूपमा सङ्कलन मात्रका रुपमा भए । ती तैपनि यस दिशामा भएका एकाध कार्यहरू भने अवश्य उल्लेखनीय छन् ।

यी विभिन्न अनुसन्धानात्मक शोधपत्र, पुस्तक र विभिन्न पत्रपत्रिकामा नेपाली गाउँखाने कथाको खोजअनुसन्धान र प्रकाशनका विषयमा थुप्रै प्रयासहरू भए तापनि रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन हुन गएको देखिँदैन । यसरी नै कृतिहरूमा रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको क्षेत्रमा केही काम आरम्भ भएको पाइँदैन । लोकसाहित्यका लोकगीत र उखानजस्ता विविध विधामा अध्ययन र अनुसन्धान भए तापनि रुपन्देही जिल्लालाई आधार मानेर गाउँखाने कथाको लोकप्रियता, गुण, रस र सामाजिक शैक्षिक अवस्था र चिन्तनका पक्षमा यसले पारेका प्रभाव जान्न चाहने लोकसाहित्यका अध्येताका लागि भने सामग्रीको अभाव छ । त्यसैले तयसमा सहयोग पुग्न सकोस् भनेर यस जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन सङ्कलन र वर्गीकरण गरिएको हो ।

## १.८ शोधकार्यको औचित्य

विभिन्न क्षेत्रमा छरिएर रहेका गाउँखाने कथाले यहाँको सांस्कृतिक, ऐतिहासिक, भौगोलिक र शैक्षिक चेतनाको प्रतिबिम्बिन गर्ने हुँदा रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन-अनुसन्धान नभएको अवस्थामा प्रस्तुत शोधकार्य खोज, सङ्कलन र अध्ययन-अनुसन्धान स्वतः औचित्यपूर्ण छ । गाउँखाने कथाका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न पुस्तकमा व्याख्या विश्लेषण गरेका छन् । तर रुपन्देही जिल्लाकै गाउँखाने कथाका बारेमा भने कसैले पनि अध्ययन-अनुसन्धान गर्ने प्रयास कतैबाट पनि नभएको अवस्थामा पनि गरिएको

प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । गाउँखाने कथाको विषयमा रुपन्देही जिल्लालाई अध्ययनको मूल आधार बनाई अध्ययन-अनुसन्धान गर्ने क्रममा रुपन्देही जिल्लाको परिचयसहित गाउँखाने कथाको प्रस्तुत अध्ययनमा दिइएको छ । साथै रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथालाई सङ्कलन गरी तिनीहरूको वर्गीकरण र विश्लेषण पनि गरिएको छ । यसले गाउँखाने कथाका बारेमा अध्ययन गर्न चाहनेलाई केही मात्रामा सहयोग पुऱ्याउने छ । यिनै विविध कार्यले गर्दा प्रस्तुत शोधपत्र औचित्यपूर्ण छ ।

### १.९ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र भौगोलिक क्षेत्रगत सीमालाई आधार मान्दा नेपालका पचहत्तर जिल्लामध्ये रुपन्देही जिल्लाको भौगोलिक सीमाभित्र नै रहेर तयार पारिएको छ जसमा रुपन्देही जिल्लाका सातवटै निर्वाचन क्षेत्रअन्तर्गतका प्रमुख ठाउँ (खैरेनी, शङ्करनगर, मणिग्राम, भैरहवा, बुटबल क्षेत्र, सेमलार, सालझन्डी, रामापुर) मा प्रचलित गाउँखाने कथालाई समेटिएको छ । विभिन्न ठाउँमा गई सङ्कलन गरिएका गाउँखाने कथालाई वर्गीकरण र विश्लेषण गरी गाउँखाने कथाका बारेमा व्यापक खोज र अनुसन्धान गरिएको छ । सङ्कलनको क्रममा यथासम्भव स्थानीय सूचकहरूको पनि प्रयोग गरिएको छ ।

## १.१० शोधविधि

यस अनुसन्धानमा क्षेत्रीय अध्ययनपद्धति र विश्लेषणात्मक अध्ययनपद्धतिको प्रयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा क्षेत्रीय अध्ययनपद्धतिको प्रयोग गरी सम्बन्धित क्षेत्रमा गई गाउँखाने कथाहरू सङ्कलन गरिएको छ । सामग्री सङ्कलनको क्रममा यस जिल्लामा अन्य जिल्लाबाट बसाइसराइ गरेर आएका व्यक्तिहरूबाट स्रोत सामग्री लिइएको हुँदा यसमा सङ्कलित गाउँखाने कथाहरू दोहोरिन गएका छन् ।

### १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा सम्पन्न गर्ने क्रममा पाँच परिच्छेदमा विभाजन गरिएको छ । सबै परिच्छेदका विभिन्न शीर्षक उपशीर्षकहरुलाई दशमलव प्रणालीअनुसार व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ। शोधपत्रको रूपरेखा निम्नानुसार तयार गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : रुपन्देही जिल्लाको परिचय

तेस्रो परिच्छेद : लोकसाहित्यिक विधाका रुपमा गाउँखाने कथाको परिचय

चौथो परिच्छेद : नेपाली गाउँखाने कथाको वर्गीकरण

पाँचौँ परिच्छेद : रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको वर्गीकरण र विश्लेषण

छैठो परिच्छेदः  उपसंहार

सन्दर्भग्रन्थ सूची

परिशिष्ट : वर्णानुक्रमअनुसार रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथा ।

# दोस्रो परिच्छेद

# रुपन्देही जिल्लाको परिचय

## २.१ परिचय

नेपालको पश्चिमाञ्चल विकासक्षेत्रको लुम्बिनी अञ्चलमा अवस्थित छ  जिल्लामध्ये सबैभन्दा घना आबादी र जनसङ्ख्या भएको तराईको एक चर्चित र विकसित जिल्ला हो रुपन्देही । गौतम बुद्धको जन्मस्थल लुम्बिनी र मावली गाउँ देवदह रहेको 'नेपालको झन्डै बीच भागमा पर्ने यो जिल्ला धार्मिक, ऐतिहासिक, पर्यावरणीय, पर्यटकीय तथा पुरातात्विक दृष्टिले समेत नेपालमै महत्त्वपूर्ण मानिन्छ । बुटवल नगरपालिका र सिद्धार्थ नगरपालिका. गरी दुइवटा नगरपालिका ७ निर्वाचन क्षेत्र, १७ इलाका ९ गा.वि.स. भएको जिल्ला रुपन्देही जिल्ला हो ।

## २.२ नामकरण

रुपन्देही जिल्लाको नामकरण लुम्बिनीस्थित मायादेवीको मन्दिरसँग सम्बन्धित छ । लुम्बिनीलाई पहिले रुम्बिनी भन्ने चलन थियो । स्थानीय बासिन्दाले मायादेवीको मूर्तीलाई रुम्बिनी भन्थे । पछि रूम्बिनी देवीबाट अपभ्रंश भई रुमिनदेवी हुँदै रुपन्देही भयो ।[४]

रुपन्देही शब्द 'रूप' र 'देह' मिलेर बनेको पाइन्छ । 'रूप' शब्दको अर्थ आँखाले थाहा पाइने कुनै व्यक्ति वा वस्तुको आकार र रङ्ग, वर्ण, अनुहार, चेहरा, आकृति, शरीर, देह; पहिरन भेष; प्रतिमा; मूर्ती, समानता, सादृश्य; वाक्यमा प्रयोग हुने शब्द, फर्म भन्ने बुझिन्छ ।[५] यसै गरी 'देह' शब्दको अर्थ पनि मानिस वा अन्य प्राणीको जीउ, आङ, शरीर, जीवन, जिन्दगी भन्ने बुझिन्छ ।[६] यसै गरी 'देही' भन्नाले देह वा शरीर भएको, शरीरधारी जीव वा प्राणी भन्ने अर्थ बोध हुन्छ ।

---

[४] **अन्तराष्ट्रिय मञ्च २०६३, पौष वर्ष २३ अक्त ३ पृ. ४२**
[५] नेपाली बृहत् शब्दकोश, ने.रा.प्र.प्र.छैटौ संस्करण १०३१
[६] ऐजन

महामानव गौतमबुद्धको जन्मस्थलक्षेत्र भएकोले विशेष मानको रूपधारण गरेको क्षेत्र तथा मायादेवीको कर्मस्थल तथा देवदह-जन्मस्थानजस्ता कुराहरूले गर्दा पनि रुपन्देहीको नाम रहन गएको कुरा बुझिन्छ ।

## २.३ भौगोलिक अवस्था

लुम्बिनी अञ्चलका तीनवटा तराईका जिल्लामध्ये एक यो जिल्ला समुद्री सतहबाट १०० देखि १२०० मिटर बीचको उचाइमा पर्दछ । नेपालको मानचित्रमा यो जिल्लाको फैलावट ८३˙ १२’ १६’’ देखि ८३˙ ३९’ १६’’ पूर्वी देशान्तर र २७˙ २०’ ००’’ देखि २७˙ ४७’ २५’’ उत्तरी अक्षांशसम्म फैलिएको छ ।[१]

### २.३.१ सिमाना

रुपन्देही जिल्लाको पूर्वमा नवलपरासी जिल्ला, पश्चिममा कपिलवस्तु जिल्ला, उत्तरमा पाल्पा र दक्षिणमा छिमेकी राष्ट्र भारतको उत्तरप्रदेश पर्दछ । यो जिल्लाको क्षेत्रफल १३६० वर्गकिलोमिटर रहेको छ ।[२]

### २.३.२ हावापानी

समग्रमा यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइन्छ । यहाँ चैत्र महिनादेखि भाद्र महिनासम्म अर्थात् वसन्त ऋतुदेखि वर्षा ऋतुसम्म बढी गर्मी मौसम हुन्छ । असोज, कार्तिक, मङ्सिर र फागुनमा समशीतोष्ण किसिमको हावापानी पाइन्छ । मङ्सिर, पुस र माघ तीन महिना बढी जाडो हुन्छ । आषाढदेखि भाद्रसम्म निकै वर्षा हुन्छ । जलवायु तथा मौसम विभागको तथ्याङ्कअनुसार यस जिल्लाको गर्मीमा अधिकतम तापक्रम ३४.७ डिग्री सेल्सियस र जाडोमा न्यूनतम ८.७५ देखि -३/४ डिग्री रहने गरेको पाइन्छ । यस जिल्लामा सरदर वर्षा १३९१ मि.मि. रहेको पाइन्छ ।[३]

---

[१] योजना पुस्तिका, जिल्ला विकास समिति, रूपन्देहीको आ.व. ०६२/६३ को योजना पुस्तिका पृ. १
[२] अन्तर्राष्ट्रिय मञ्च, २०६३, पौष, वर्ष २३, अङ्क ३ , पृ.४२
[३] जि.नि.स. वा. योजना पुस्तिका ऐ पृ. १

## २.४ आर्थिक अवस्था

### २.४.१ कृषि

यस जिल्लामा कुल जनसङ्ख्याको ६१.५% (कृषि विकास कार्यालयअनुसार) मानिस कृषि पेसामै आधारित छन् । यसले गर्दा कृषि व्यवसाय नै यहाँको प्रमुख पेसा बनेको छ । जिल्लाको ६१% भू-भाग अर्थात् ८२९६० हेक्टर जमिन कृषि क्षेत्रअन्तर्गत रहेको छ । समतल भू-भाग, उर्वरा र मलिलो माटाका कारण यो जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूमध्येकै प्रमुख उत्पादनशील जिल्ला भनेर चिनिएको छ । यहाँको कुल जमिनमध्ये ५०५७१ हेक्टर अर्थात् ३०% जमिनमा सिंचाइ सुविधा पुगेको छ । बाँकी ६१०७ हेक्टर अर्थात् ४.४९% जमिनमा मौसमी सिंचाइ उपलब्ध छ । बाँकी भू-भागमा आकासे पानीका आधारमा खेती गरिन्छ । धान, गहुँ, मकै यहाँका प्रमुख बाली हुन् । त्यसै गरी मसुरो, रहरका साथै फलफूल नगदेबालीका रूपमा रहेका छन् । राष्ट्रिय कृषि गणना नेपाल (२००१/०२) अनुसार यस जिल्लाको १२२९ घरपरिवार भूमिहीन अवस्थामा छन् भने बाँकी घरपरिवारसँग धेरै जग्गा छ ।

### २.४.२ पशुपालन

पशुपालन पनि रुपन्देही जिल्लाको एक महत्त्वपूर्ण पेसा हो । यो व्यवसाय दिन प्रतिदिन लोकप्रिय बन्दै आएको छ । विशेष गरी उन्नत जातका गाई, भैंसी, कुखुरा र बङ्गुर पालन गर्न यहाँका किसान सक्रिय देखिन्छन् । माहुरी= पालन र माछा= पालनले पनि राम्रो रूप लिएको छ । तर बाखापालन भने आवश्यक मात्रामा फस्टाउन सकेको छैन, यद्यपि यी व्यवसायलाई उत्प्रेरित गर्न यहाँका ५ गा. वि. स. मा पशुपालन केन्द्र र १३ वटा गा. वि. स. मा पशुसेवा उपकेन्द्र सञ्चालित छन् ।

### २.४.३ उद्योग व्यवसाय र यातायात सुविधा

आर्थिक विकासको मेरुदण्ड नै उद्योग-व्यवसाय हो । यहाँ कृषि व्यवसायका अतिरिक्त उद्योग तथा व्यापार गर्न सल्बलाएको देखिन्छ । सिद्धार्थ राजमार्ग र महेन्द्र राजमार्गजस्ता यातायातका प्रमुख मार्ग भएको यस जिल्लामा थुप्रै बाटाघाटाको निकास निरन्तर भइरहेकोले सडक यातायातको राम्रो सुविधा छ । हवाई मार्ग गौतमबुद्ध विमानस्थललाई क्षेत्रीय र

अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्ने कार्यसमेत भइरहेको यस जिल्लाका लघु उद्योगदेखि लिएर ठूलाठूला उद्योगहरू सञ्चालित छन् । धागो कारखाना, सिमेन्ट कारखाना, बुटबल पावर (हाइड्रो) कम्पनी, रासायनिक मल कारखाना, एच. डी. पी. पाइप उद्योग ठूला उद्योगका रूपमा देखिन्छन् भने मदिरा, फलाम, मैदा, वनस्पति घिउ मझौला= खाले उद्योगका रूपमा सञ्चालित छन् । त्यसै गरी चिउरा मिल, कुटानी पिसानीजस्ता घरेलु र साना उद्योग यत्रतत्र रहेका छन् यसरी साना तथा ठूला सबै गरी ३००० उद्योगहरू दर्ता भई कोही चालु अवस्थामै छन् भने केही बन्द भइसकेका छन् तापनि ६९ वटै गा.वि.स.मा र दुईवटै नगरपालिकामा विद्युत् सेवा पुग्नु तथा पुरै गाविस र नगरपालिकामा तारसहित वा ताररहित जेसुकै भए पनि टेलिफोन सेवा पुग्नुले यहाँका मानिसको व्यवसाय उत्साहजनक रूपमा नै अघि बढेको छ ।

## २.५ शैक्षिक अवस्था

शिक्षा मानवीय चाहना हो । वर्तमान समयमा त यो आधारभूत आवश्यकता नै बनेको छ । यो विकासको आधार पनि हो । शैक्षिक विकास= विना समाजको वास्तविक विकासको कल्पना पनि गर्न सकिँदैन । नेपाल गणराज्यभरमा शिक्षा= प्राप्तिको सूचाकाङ्क ०.४८२ रहेको यस जिल्लाको ६ वर्षभन्दा माथिको कुल साक्षरता ६६.२ प्रतिशत छ । यसमा महिलाको साक्षरता ५५.९ प्रतिशत छ भने पुरुषको ७६.२ (२०५८) अनुसारको जनगणना रहेको छ ।[८]

विद्यालयहरू प्राथमिक तहमा सार्वजनिक २११ र संस्थागत, गरी २८२ वटा निम्न माध्यमिक तहमा (प्रा.वि समेतका) सार्वजनिक ४४ र संस्थागत २९ गरी ७३, माध्यमिक विद्यालय तर्फ सार्वजनिक ६३ र संस्थागत ६८ गरी १३१, उच्च मा.वि तर्फ सार्वजनिक ३२८ र संस्थागत १८७ गरी कुल ५१५वटा विद्यालय सञ्चालित भई यो जिल्ला शैक्षिक क्षेत्रमा पनि अगाडि बढिरहेको छ । क्याम्पसतर्फ सरकारी ३ वटा संस्थागत ७ वटा गरी १० वटा क्याम्पस भए पनि संस्थागत क्याम्पसको क्रम बढ्दो देखिएको छ । यस किसिमको अवस्था गतिशील भएकोले शैक्षिक क्षेत्रमा प्रशंसनीय कदम यस जिल्लाले चालेको देखिन्छ ।

[८] अर्न्तराष्ट्रिय मञ्च, २०६३, वर्ष २३, अङ्क ३ पृ. ४३ ।

## २.६ पुरातात्त्विक तथा ऐतिहासिक स्थलहरू

रुपन्देही जिल्ला ऐतिहासिक तथा पुरातात्विक दृष्टिले पनि अत्यन्त महत्त्वपूर्ण रहेको छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनी यसै जिल्लामा रहनुले यस जिल्लाको महत्त्व दिनप्रतिदिन बढ्दो छ । विश्वकै पवित्र धार्मिकस्थल लुम्बिनी त्यहाँ स्थित मायादेवीको मन्दिर, अशोक स्तम्व, बौद्ध विहारहरू, पुरातात्विक महत्त्वले ज्यादै महत्त्व बनेका छ । त्यसै गरी यो जिल्लाका अन्य महत्त्वपूर्ण मानिएका जितगढी किल्ला बुटबलकै मणिमुकुन्द सेनको शीतकालीन दरबार, नरमानव राम पिथेकसको अवशेष प्राप्त क्षेत्र, देवदहको भवानीपुर क्षेत्रजस्ता क्षेत्रहरू पुरातात्विक तथा ऐतिहासिक दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण क्षेत्रका रूपमा रहेका छन् । बाणगङ्गा, तिनाउ नदी र सिद्धबाबा मन्दिरहरू पनि यस जिल्लाका निकटवर्ती स्थानमा रहेका ऐतिहासिक र प्राचीन सम्पदा मानिन्छन् ।

## २.७ जातजाति र भाषा

रुपन्देही जिल्ला जातजाति तथा भाषाका दृष्टिले ज्यादै धनी जिल्ला मानिन्छ । किनभने यहाँ प्रशस्तै मात्रामा अनेकन् क्षेत्रका मानिसहरू विशेष गरी आसपासका जिल्ला गुल्मी, अर्घाखाँची, पाल्पा, स्याङ्जा, बाग्लुङ, पर्वतलगायत छिमेकी मुलुक भारतबाट समेत बसाइसराइका हिसाबले वा व्यावसायिक दृष्टिले ओइरो लागिरहेको छ । विभिन्न क्षेत्रबाट आ-आफ्नो संस्कृति र भाषा लिएर आएकै कारण पनि यहाँ अनेक भाषा= भाषीहरूको बाहुल्य हुन गएको हो । मुख्य रूपमा- क्षत्री, ब्राह्मण (पहाडी), मगर, थारू, तामाङ, नेवार, मुस्लिम, कामी, यादव, राई, गुरुङ, दमाई (ढोली), लिम्बू, ठकुरी, सार्की, तेली, चमार, हरिजन, राम, कोइरी, कुर्मी, सन्यासी, धनुक, मुसहर, दुषाध, पासी, पासवान, सेर्पा, सोनार, केवट, ब्राह्मण ( तराई),आदि जातका मानिसहरुले यहाँ बसोबास गरेका छन् यसरी नै बनियाँ, घर्ती, भुजेल, मल्लाह, कल्वार, कुमाल, हजाम, ठाकुर, कानु, राजवंशी, सुनुवार, सुधी, लोहार, टट्मा, खतवे, धोबी, माझी, नुनिया, कुम्हार, हलुवाई, चेपाङ, कामस्थ, राजपुत, मारवाडी, बढई, झागर/झागड, सन्त्याल, सतार, कुहर, बरही, लोध, गनगाई, धामी, राजभर, भोटे, धिमाल, नुराङ्ग, भेडियार/गडेरी, ढरई, याख्खा, थकाली, ताजपुरिया, माली, चिडिया, छन्तेल/छन्त्याल, बङ्गाली, बोटे, डुम, जिरेल, गाइने, दुरा आदिको पनि बस्ती यहाँ रहेको छ । आदिवासी वा

जनजातिहरूमा- वादी, चुरेटी, लेप्चा, मेचे, सिख, पन्जाबी, हलखोर, व्याङ्गसी, राजी, कोचे, हायु, बालुङ्ग, धुनिया, कुस्वादिया/पत्थरकहा, जैन, दनुवार, सुकुन्डा आदि यहाँका बासिन्दा हुन् ।[1]

रुपन्देही जिल्ला बहुजातिका मानिसहरूको बसोबास भएको हुनाले यो जिल्ला बहुसांस्कृतिक विविधता बोकेको महत्त्वपूर्ण जिल्ला मानिन्छ । विशेष गरी यस जिल्लामा प्रचलित भाषाहरूमा नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेवार, मगर, अवधी, गुरुङ, बान्तवा, लिम्बू, उर्दू, राजवंशी, सेर्पा, हिन्दी, सन्थाली, चेपाङ्ग, दनुवार, सुनुवार, बङ्ला, मारवाडी, माझी, थामी, धिमाल याख्खा, थुलुङ्ग, बरई, थकाली, छन्तेल, लेप्चा, राजी, व्यासी, खरिया, पन्जाबी, चिनियाँ, अङ्ग्रेजी आदि भाषाभाषी समुदायका मानिसहरू बसोबास गर्छन् ।[2] यसरी बहुभाषी र बहुजातीयको सांस्कृतिक सङ्गमस्थलको रूपमा यो जिल्लाको आफ्नै छुट्टै पहिचान छ ।

## २.८ साहित्यिक गतिविधि

रुपन्देही जिल्लामा साहित्यिक गतिविधिका रूपमा बुटबलमा “बुटबल साहित्य सङ्गम” को स्थापना भई त्यसले हरेक महिनामा एक दिन साहित्यिक गोष्ठीको आयोजना गर्दै आएको छ । यसका साथै “सिद्धार्थ साहित्य सङ्गम” को पनि स्थापना भई साहित्यिक कार्यक्रम हरेक महिनाको एक दिन शनिवार हुँदै आइरहेको छ । यी नियमित साहित्यिक कार्यक्रमले रुपन्देही जिल्लाका स्रष्टाहरूलाई साहित्यतर्फ जुर्मुराउन प्रेरणा दिँदै आएको देखिन्छ । साथै यस क्षेत्रका विभिन्न स्रष्टाहरू दिल साहनी, जगतबहादुर जोशी, कपिल लामिछाने, ऋषिराम भुसाल, डा. शिवप्रसाद पौड्याल, वनमाली निराकार, रुद्र ज्ञवाली, घनश्याम न्यौपाने, गोपीरमण उपाध्याय, प्रदीप प्रधान, मोदनाथ शास्त्री, बुँद राना जस्ता दर्जनौं साहित्यकारहरू यस क्षेत्रमा साहित्यिक साधनामा क्रियाशील रहेका छन् । यी साहित्यकारहरू राष्ट्रिय रूपमा पनि चर्चित भइसकेका छन् । यसका अतिरिक्त यहाँका विद्यालयमा पनि साहित्यिक जमघट हुने गरेको पाइन्छ । त्यस किसिमका साहित्यिक जमघटमा लोकगीत प्रतियोगिता, हाजिरी

---

[1] **जिल्ला एक परिचय,** जिल्ला विकास समितिको कार्यालय, सूचना अनुसन्धान तथा प्रकाशन शाखा, सिद्धार्थनगरः पृ.(२०६२)।
[2] ऐजन ।

जवाफ प्रतियोगिता कविता र प्रतियोगिता र निबन्ध प्रतियोगिताजस्ता विभिन्न साहित्यिक कार्यक्रम समयसमयमा हुने गर्नाले रुपन्देही जिल्ला साहित्यिक गतिविधिको कार्यक्रममा अगाडि रहेको देखिन्छ । यसका साथै यहाँका एफ. एम. र रेडियो एवं स्थानीय टेलिभिजनले पनि साहित्यिक कार्यक्रम प्रसारण गरिदिएर यहाँको साहित्यिक गतिविधिलाई थप टेवा दिइरहेका छन् । स्थानीय तहमा प्रकाशित हुने विभिन्न पत्रपत्रिका- दैनिक लुम्बिनी, जनसङ्घर्ष, मेचीकाली, बुटबल टुडे, नयाँ सत्ता, तिलोत्तमाजस्ता दैनिक खबर पत्रिकामा पनि साहित्यिक रचनाहरू प्रकाशित हुने हुँदा यहाँका स्रष्टाहरू यसतर्फ लाग्न आकर्षित हुँदै आएको देखिन्छ । बुटबल र भैरहवा क्षेत्रबाट प्रकाशित हुने यी पत्रिकाहरूले शनिवासरीय अङ्कमा साहित्यिक रचनाहरूलाई बढी स्थान दिने हुँदा पनि साहित्यतर्फको लगावलाई यिनले प्रोत्साहित गर्दै आएका छन् ।

# तेस्रो परिच्छेद

# लोक साहित्यिक विधाका रुपमा गाउँखाने कथाको परिचय

## ३.१ लोकसाहित्यको परिचय

लोकसाहित्य शब्दको रचना 'लोक' र 'साहित्य' को समासबाट बनेको हो । यसको शाब्दिक अर्थ लोकको साहित्य भन्ने बुझिन्छ । मानवजातिको सृष्टिसँगै उसले आफ्ना सुखदुःखका घटना सहज रूपमा व्यक्त गर्न थालेदेखि लोकसाहित्यको सिर्जना हुँदै आएको देखिन्छ । लोकसाहित्यका सर्जक सामान्य ग्रामीण समुदायका व्यक्ति मानिन्छन् । जनसाधारणको सुखदुःखका विभिन्न पाटालाई लोकसाहित्यले छोएको हुन्छ ।

लोकसाहित्य लोकवार्ताको एउटा पक्ष हो । लोकवार्ताले सम्प्रेषण गर्ने मुख्य कुरा श्रव्यदृश्य र चिन्तनमूलक पक्ष हुन् । लोकसाहित्य यसैको एक मौखिक सञ्चार माध्यम मानिन्छ । लोकसाहित्यका विधाहरूमा लोकगीत, लोकगाथा, लोककता, लोकनाटक, उखान, गाउँखाने कथा र टुक्का पर्दछन् । यी विधाहरू भाषिक माध्यमबाट जनजीवनमा भिज्छन् । लोकवार्ताका अभाषिक सञ्चार= माध्यमअन्तर्गत लोककला, वेषभूषा, आभूषण, लोकनृत्य, लोकविश्वास, लोकप्रथा, लोकपरम्परा, लोकव्यवहार, लोकधर्म, लोकोपचार जस्ता विविध पक्षहरू लोकवार्ताकै अभिन्न अङ्गका रूपमा आउँछन् ।[१] लोकवार्ता र लोकसाहित्यका यी विषयपक्षको रचना प्राचीन समयदेखि हुँदै आए पनि यस विषयमा खोज-अनुसन्धान र अध्ययन-विश्लेषणको कार्य धेरै पछि मात्र थालिएको देखिन्छ ।

### ३.१.१ लोक शब्दको तात्पर्य

संस्कृत वाङ्मयमा 'लोक' शब्दको प्रयोग खास गरी दुई अर्थमा भएको पाइन्छ ।: १. स्थानको रूपमा २. सामान्य जनताको रूपमा, स्थानवाचक शब्दको रूपमा स्वर्गलोक,

[१] मोहनराज शर्मा, खगेन्द्र प्र.लुइँटेल, लोकवार्ताविज्ञान र लोकसाहित्य विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौः (२०६३) पृ. १२

मर्त्यलोक, मृत्युलोक, पृथ्वीलोक, परलोक सत्यलोक, 'जन' शब्दको सामान्य जनता हो । त्यसैकारण केही नेपाली र भारतीय विद्वान्ले जनसाहित्यको प्रयोग गरेका छन् । काजीमान कन्दङ्वाको 'नेपाली साहित्यमा 'जन' शब्दको प्रयोग पाइन्छ । तर जन शब्दको प्रयोग संस्कृत भाषामा सर्वसाधारण जनताका लागि भए पनि अचेल औद्योगिक श्रमिक वर्गका निम्ति बढी मात्रामा भएकाले जनसाहित्यले जनवादी साहित्य तथा श्रमिक वर्गका पक्षमा लेखिएको साहित्य भन्ने अर्थ दिएको पाइन्छ । त्यसकारण 'जन' भन्दा 'लोक' शब्द नै लोकसाहित्यका लागि उपयुक्त र 'लोक' शब्दकै बढी मात्रामा प्रयोग पनि भएको पाइन्छ ।

लोक (जन)अन्तर्गत लोकधर्म, लोककला, लोकविश्वास, लोककल्याणजस्ता कुराहरू पनि पर्दन् यसरी यिनै अर्थमा 'लोक' शब्दको प्रयोग प्राचीन समयदेखि नै चल्दै आएको पाइन्छ । 'लोक' शब्दको व्युत्पत्ति लोकदर्शन धातुमा घञ् (अ) प्रत्यय जोडेर भएको हो 'लोकदर्शनले' धातुको अर्थ हेर्नुदेख्नु हुन्छ । त्यसैबाट निर्मित 'लोके' को सन्दर्भबाट हेर्दा पनि यसको अर्थ हेर्नेवाला, देख्नेवाला भन्ने बोध हुन्छ । तसर्थ 'लोक' भन्नाले हेर्ने वा देख्ने कार्य सम्पन्न गर्ने समस्त जनसमुदाय भन्ने बुझिन्छ ।

'लोक' शब्द अङ्ग्रेजी folk को नेपाली रूपान्तर हो । folk एङ्लो सेक्सन भाषाको शब्द हो । जर्मन भाषामा यो शब्द volk भएको छ । अङ्ग्रेजी भाषाको folk फोक हो सामान्य अर्थ ग्रामीण असंस्कृत र अशिक्षित जाति हो । लोर (lor) को सम्बन्ध पनि एङ्लोसेक्सन लोर (lor) सँग छ । यसको अर्थ हो ज्ञान अथवा सिक्नु पर्ने कुरा । यसरी folklor मिलेर बनेको folklor शब्दको अर्थ भयो ग्रामीण समाजको ज्ञान अर्थात् असंस्कृत जातिहरूको ज्ञान ।

संस्कृतबाट आएको 'लोक' शब्द सामान्य जनसमुदायलाई नै सङ्केत गरेको छ तर 'लोक' बाट नागरिक वा नगर विशेष तथा ग्राम्य मात्र अर्थ लाग्दैन । 'लोक' शब्दले गाउँ र सहर दुवै समेटेको छ । 'लोक' शब्दले पहिलेको प्राचीन जनसमुदाय भन्ने अर्थ मात्र पनि दिँदैन । यसले कुनै भूभागमा पहिलेदेखि बसोबास गर्दै आएका सबै प्रकारका जनसमुदायलाई

समेटेको छ । तर 'लोक' अभिजात्य संस्कार, शास्त्रीयता र पाण्डित्य चेतनाले रहित भई परम्पराको प्रवाहमा जीवित रहन्छ ।[२]

### ३.१.२ लोकसाहित्यको परिभाषा

लोकसाहित्यअन्तर्गत 'लोक' भन्नाले बाहिर देखिने दुनियाँ वा संसार भन्ने अर्थ पनि बोध गराउँछ भने साहित्य शब्दले लिखित वा अलिखित जेसुकै भए पनि मानव हृदयबाट निःसृत कोमल तथा निश्छल सरल र सरस अभिव्यक्तिलाई बुझाउँछ तर यहाँ लोकसाहित्य मौखिक अभिव्यक्तिका कथनसँग सम्बन्धित देखिन्छ ।[३]

लोकसाहित्य लोकवार्ताको एक महत्त्वपूर्ण भाग हो । यो नेपाली समाजमा पनि परम्परादेखि हस्तान्तरित हुँदै आएको छ । परम्पराबाट प्राप्त हुँदै आएको हुँदा यसलाई परम्परागत साहित्य भनिन्छ । यसको परम्परागत स्वरूप मौखिक हुन्छ । यसैकारण यसलाई मौखिक तथा श्रुति= साहित्य पनि भनिन्छ । लोकसाहित्य जनसाधारणको साहित्य भएको हुँदा यो शास्त्रीय साहित्यभन्दा पृथक् हुन्छ किनभने यो जनसाधारणबाट सिर्जित हुन्छ ।

**द न्यू इ. साइक्लोपेडिया ब्रिटानिका**

लोकसाहित्य भनेको मुख्यतः अपठित समुदायहरूको मौखिक रूपमा व्यक्त लोकज्ञान हो । यस अन्तर्गत लोकसाहित्यको उत्पत्ति, विकास, विशेषता, प्रविधि, क्षेत्रीय र जातीय विविधता, मुख्य प्रकारहरू (लोकगीत, लोकगाथा, लोकनाटक, पौराणिक एवं नीतिकथा, लोककथा उखान, टुक्का, गाउँखाने कथा र मन्त्र आदि) को अध्ययन र सङ्कलन दुवै पर्छन् ।

**जे. ए. कडन**

लोकसाहित्य भनेको आदिम तथा अपठित सपुदायको सिर्जना हो । त्यसैले अधिकांशत; लोकगीत, गाथा, परीकथा, नाटक, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र र दन्त्यकथा समाविष्ट हुन्छन् ।

**के. मीनर र आर रस :**

---

[२] सत्येन्द्र, पूर्ववत्, पृ ३ ।
[३] धर्मराज थापा र हंसपुरे सुवेदी नेपाली लोकसाहित्यको विवेचना, पा. वि. केन्द्र (२०४१) पृ ४ ।

विद्वान्हरूले सङ्कलन गरी लिपिबद्ध नगरुन्जेल एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमै सर्दै जाने परम्परित गीत दन्त्यकथा आदिलाई लोकसाहित्य भनिन्छ ।

**मार्टिन ग्रे**.

लेख्य रूपबाट अप्रभावित रही मौखिक रूपमा हस्तान्तरण हुने परम्परित भनाइहरूलाई लोकसाहित्य भनिन्छ । यी सबै परिभाषाहरूको अध्ययन गर्दा लोकसाहित्यको परिषाभा यसरी दिन सकिन्छ :लोकज्ञान वा लोकभावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त मौखिक अभिव्यक्तिमा आश्रित, अपठित समुदायबाट सामूहिक ढङ्गले अभिव्यक्त हुने भाषिक संरचना- लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का र मन्त्र आदिलाई लोकसाहित्य भनिन्छ । निर्दिष्ट परिभाषाबाट लोकसाहित्यका प्रमुख अभिलक्षण निम्नानुसार अङ्कित गर्न सकिन्छ :-

१. लोकज्ञान वा लोकभावनामा आधारित हुने,
२. श्रुतिपरम्पराबाट प्राप्त हुने,
३. व्यक्ति= विशेषको कृति नहुने,
४. अपठित समुदायबाट सामूहिक रूपले प्रस्तुत हुने,
५. लोकगीत, लोककथा आदि विभिन्न विधामा विभक्त हुने,
६. मौखिक भाषिक संरचना,
७. एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने ।

अतः यहाँ आवश्यक पक्ष वा लक्षणहरू समेटिएको हुँदा उपर्युक्त बुँदाहरूले लोकसाहित्यको पहिचान गराएका छन् ।

### ३.१.३. **लोकसाहित्यका विशेषता**

कुनै पनि विषय वा वस्तुमा पाइने खासखास गुणलाई नै विशेषता भनिन्छ । लोकसाहित्यलाई अन्य सिर्जनाभन्दा भिन्न र मौलिक तुल्याउने गुणहरू नै यसका विशेषता हुन् । वास्तवमा लोकसाहित्यका विशेषतालाई यसका विविध नामहरूले पनि जनाएकै हुन् तापनि समष्टिगत रूपमा केलाउँदा निम्न लिखित विशेषता पाइन्छ ।

३.१.३.१ **पारम्परिकता**

लोकसाहित्यको आफ्नो परम्परा हुन्छ । लोक साहित्य समुदायमा शताब्दीयौँदेखि चलिआएको साहित्य हो । यसमा निरन्तर परिवर्तन भइरहे तापनि यसको प्रवाह अनिच्छिन्न रहन्छ र यसले आफ्नै परम्पराको निर्माण गरेको हुन्छ । व्यक्तिरचित आधुनिक साहित्यले आफ्नो परम्परा, नबोक्न पनि सक्छ, बाह्य प्रभावबाट प्रेरित पनि हुन सक्छ तर लोकसाहित्यले भने समाजको आफ्नै परम्परा बोकेको हुन्छ । त्यसैले यसलाई परम्परागत साहित्य भनिन्छ ।

३.१.३.२ **सामुदायिकता**

लोकसाहित्य कुनै शास्त्र वा शिष्ट साहित्यझैँ वैयक्तिक सिर्जना हुँदैन । समुदायबाट मात्र यसको सिर्जना हुने हुँदा यसको रचनाकार व्यक्तिविशेष नभई समस्त समुदाय हुन्छ । यसमा सामूहिक रचनाकारिता प्रबल रहने हुँदा रचनाकार अज्ञात हुनपुग्छ । सबैका साझा भावनाले स्थान पाउने हुँदा यसमा समाजकै छाप रहेको हुन्छ ।

३.१.३.३ **लोकज्ञानको प्रधानता**

लोकसाहित्यको विषयवस्तु आफ्नै जनसमुदायको विराट् ज्ञान तथा अनुभवको अमूल्य भण्डारको रूपमा रहेको हुन्छ । लोकले अनुभूत गरेको सत्य यसको प्रमुख विषयगत स्रोत हो । जनसाधारणको जीवनदर्शनदेखि जनविश्वाससम्म र संस्कृतिदेखि अन्ध-प्रचलनसम्मका यावत् पक्षहरू यसमा समेटिएका हुन्छन् । लोकमानसका अनुभूत ज्ञान सरल आकर्षक तथा रुचिकार ढङ्गमा प्रस्तुत गरिने हुनाले यहाँ लोकज्ञानको प्रधानता रहेको हुन्छ ।

३.१.३.४ **मौखिक संरचना**

लोकसाहित्य काव्य परम्पराबाट मौलाएको हुन्छ । अपठित समुदायबाट सिर्जित हुने हुँदा यो अलिखित रूपमा नै विकसित भएको हुन्छ । परम्पराबाट पालित र पोषित भएर प्राप्त भएका महत्त्वपूर्ण कुरालाई यसले अघि बढाउँदछ र त्यसलाई सक्दो समयानुकूल ऊर्जा थपेर गति प्रदान गर्छ । श्रुतिपरम्परामा सहज र सरल रूपले फैलिने हुँदा यो अलिखित रूपमै जीवन्त रहन्छ । हुन पनि संसारमा बोलिने ६ हजारभन्दा बढी भाषाहरूमध्ये केही सय मात्र

लिपिबद्ध भएका छन्, तैपनि तिनीहरूको मौखिक रूपमा नै बढी प्रचलित भएको पाइन्छ । निरन्तर सञ्चालनमा समाज भाषाको मौलिक रूपको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

### ३.१.३.५ **सरलता र सहजता**

लोकसाहित्यको संरचना र अभिव्यक्ति दुवै सरल र सहज हुन्छ । स्वतःस्फुर्तता र हार्दिकताका कारण यो बढी लोकप्रिय हुन्छ । यो सामान्यजनको अभिव्यक्ति भएकोले स्वभावतः सरल हुन्छ । सरल हुनु लोकको स्वभाव भएकोले यसको रचना पनि सहज हुन्छ । यो जीवन र जगत्को सच्चा वाणी प्रकट गर्ने हुँदा यसले अकृत्रिम बनेर जनमानसको हृदयमा सहज रूपमा भिजेर रहेको हुन्छ ।

### ३.१.३.६ **गतिशीलता**

समयको प्रवाह सँगसँगै सिर्जना हुने लोकसाहित्यलाई गतिशील सिर्जना मानिन्छ । श्रुति तथा मौखिक परम्परामा पुस्तौँपुस्ता हस्तान्तरित हुँदै आउने लोकसाहित्यमा समयक्रममा थपघट भई नै रहन्छ, यद्यपि बदलिँदो सामाजिक परिस्थितिअनुरूप अद्यावधिक भई नै रहन्छ । यसको मूलस्वरूपमा परिवर्तन नआए पनि समसामयिक प्रभावको समावेश भइरहने हुँदा यसमा निरन्तर रूपान्तरणको प्रक्रिया चलिरहन्छ ।

### ३.१.३.७ **लोकप्रियता**

लोकसाहित्यले जनमानसको मनमा दरोसँग घरजम गर्ने हुँदा यो हरबखत जनजिब्रोमा झुन्डिएर रहेको हुन्छ । सामान्य व्यवहार वा बोलीचालीको क्रममा गाउँखाने कथा र उखानले लोकप्रियता पाएका छन् । यी विधाहरू सरल भएको हुनाले जनमानसको स्मृतिपटलमा रहन्छन्, जसलाई लोकव्यवहारमा प्रयोग गरिन्छ । वास्वतमा यी विधाहरू सहज रूपमा जनजिब्रोमा भिजेर रहेका छन् ।

लोकसाहित्यका अन्य विशेषताहरूमा हार्दिकता, प्रभावकारिता, बोधगम्यता र व्यापकता पनि देखा पर्छन् ।

## ३.२ लोकसाहित्यको विधागत वर्गीकरण

### ३.२.१ परिचय

विधाको अर्थ प्रकार हो । लोकसाहित्यका सन्दर्भमा यसले लोकसाहित्यका प्रकारलाई बुझाउँछ । साहित्यमा विधासिद्धान्तको विकास भएता पनि लोकसाहित्यमा तुलानात्मक रूपमा यसको विकास हुनसकेको देखिँदैन । गतिशील र विकासशील लोकसाहित्य लोकजीवनको स्वाभाविक र प्रभावकारी अभिव्यक्तिको द्योतक मानिन्छ । यसमा लोकप्रतिभाहरूका अन्तमा र्निहित भाव तरङ्गित नभई उनीहरूका कथा र व्यथा बोल्छन् । लोकसाहित्यको खोज-अनुसन्धानसँगै यसका विभिन्न विधा निर्धारण गरी यसको परम्परालाई अगाडि बढाएको देखिन्छ ।

साहित्य र लोकसाहित्यका विधामा पनि भिन्नता रहेको पाइन्छ । शास्त्रीय साहित्यका कविता, आख्यान, नाटक र निबन्ध गरी चार मूल विधा मानिन्छन् भने लोकसाहित्यमा उपन्यास विधा पर्दैन । साहित्यमा कविता विधाअन्तर्गत खण्डकाव्य र महाकाव्य गरी दुई वर्गीकरण गरिन्छ भने लोकसाहित्यमा लोककविता, लोकगाथा, लोककाव्य भनेर बेग्लै विधा भनेर छुट्याउने चलन पनि पाइन्छ । त्यसैले साहित्यमा भएका केही विधा लोकसाहित्यमा नहुने र  लोकसाहित्यका केही विधा शास्त्रीय साहित्यमा नहुने अवस्था भए पनि अधिकांश विधाहरू मिल्दाजुल्दा भएकाले साहितियिक विधासिद्धान्तकै आधारमा लोकसाहित्यका विधाहरूको वर्गीकरण गरिएको पाइन्छ ।

### ३.२.१ विधावर्गीकरणका आधारहरू

साहित्यमा प्रचलित सिद्धान्तअनुसार वर्गीकरणका विभिन्न प्रक्रिया अपनाएझैँ लोकसाहित्यमा पनि वर्गीकरणका निम्ति साहित्यशास्त्रीय आधारहरू प्रस्तुति, श्रेणी, आकारप्रकार आदिलाई आधार मान्नुपर्छ । यस्ता आधारहरूमध्ये प्रकारगत आधार नै विधावर्गीकरणको सर्वप्रमुख आधार हो तापनि अन्य आधारहरूसमेतलाई ख्याल गरेर वर्गीकरण गर्दा लोकसाहित्यका विविध प्रकार र तिनका स्वरूपबारे महत्त्वपूर्ण जानकारी

पाइन्छ । साहित्यको विधावर्गीकरणका उल्लिखित सबै आधारहरूमा केन्द्रित रही लोकसाहित्यको विधागत वर्गीकरण यसरी गरिन्छ :-

### ३.२.१.१ **माध्यमको आधारमा**

शास्त्रीय साहित्यझैँ लोकसाहित्यको माध्यम पनि भाषा नै हुन्छ । यसका पनि पद्य र गद्य गरी दुई रूप छन् । लोकसाहित्यको अभिव्यक्ति यिनै दुईमध्ये कुनै एक रूपमा भएको हुन्छ । भाषाको सूक्ष्म एवं लयात्मक रूपलाई पद्य भनिन्छ । यसअन्तर्गत लोकसाहित्यका लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य र मन्त्रजस्ता विधाहरू पर्छन् । भाषाको स्थूल रूपलाई गद्य भनिन्छ । यसअन्तर्गत लोकसाहित्यका लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का पर्छन् । यसलाई आरेखामा यसरी देखाउन सकिन्छ :-

- माध्यम
  - → पद्य (लोकगीत, लोककविता, लोकगाथा, लोकनाटक र मन्त्र)
  - → गद्य (लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्का)

### ३.२.१.२ **प्रस्तुतिका आधारमा**

लोकसाहित्यलाई जनसमक्ष पेस गर्ने कामलाई प्रस्तुति भनिन्छ । साहित्यमा झैँ लोकसाहित्यको प्रस्तुति पनि श्रव्य र दृश्यमा गरिन्छ । लोकसाहित्यको भनेर सुनाइने प्रकारलाई श्रव्य वा पाठ्य विधा भनिन्छ । यसअन्तर्गत लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोककथा, गाउँखाने कथा, उखान, टुक्का र मन्त्रजस्ता विधाहरू पर्छन् । अभिनयका साथ हेर्नाका निमित्त प्रस्तुत हुने लोकसाहित्यको प्रकारलाई दृश्य विधा भनिन्छ । यसअन्तर्गत मुख्यतः लोकनाटक हो । यसका साथै लोकगाथा पनि अभिनयका साथ पनि प्रस्तुत गर्न सकिने हुँदा यसलाई पनि दृश्य विधा नै मानिन्छ । यसलाई यसरी पनि देखाइन्छ :-

- प्रस्तुति
  - → श्रव्य (लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोककथा, लोकगाथा गाउँखाने कथा, उखान, टुक्का र मन्त्र) ।
  - →

दृश्य (लोकनाटक र लोकगाथा) ।

### ३.२.१.३ श्रेणीका आधारमा

रचनाहरूको तलमाथिको क्रमलाई श्रेणी वा सोपानक्रम भनिन्छ । यसै आधारमा पनि लोकसाहित्यका अपेक्षाकृत ठूला रचनाहरूलाई माथिल्लो श्रेणी वा क्रमको र सानालाई तल्लो श्रेणी वा क्रमको भनिन्छ । यस आधारमा ठूला रचनालाई स्थूल र साना रचनालाई सूक्ष्म मानी श्रेणीकरण गर्न सकिन्छ । यसलाई आरेखमा यसरी देखाइन्छ :-

श्रेणी
- स्थूल → लोकगीत, लोककविता, लोकगाथा, लोककथा र लोकनाटक ।
- सूक्ष्म → गाउँखाने कथा, उखान, टुक्का र मन्त्र ।

### ३.२.१.४. आकारका आधारमा

लोकसाहित्यको वर्गीकरणमा आकारले आवरणलाई जनाउँछ । यसै आधारमा लोकसाहित्य बृहत् र लघु गरी दुई भागमा बाँडिन्छ । ठूलो कलेबर भएको रचनालाई बृहत् भनिन्छ । यसअन्तर्गत लोकगाथा, लोककाव्य र लोकनाटकजस्ता विधाहरू पर्दछन् । सानो कलेबर भएको रचनालाई लघु भनिन्छ । सानो विधालाई पनि लघु र लघुतम गरी दुई भागमा बाँडिन्छ । लघुअन्तर्गत लोकगीत, लोककविता, लोककथाजस्ता विधाहरू पर्दछन् भने लघुतम विधाअन्तर्गत गाउँखाने कथा, उखान, टुक्का र मन्त्रजस्ता विधाहरू पर्दछन् । यसअनुसार आरेखामा यसरी देखाइन्छ :-

आकार
- बृहत्
  - लोकगाथा, लोककाव्य
  - लोकनाटक
- लघु
  - लघु → लोकगीत, लोककविता, लोकगाथा (साना) र लोककथा
  - लघुतम → गाउँखाने कथा, उखान, टुक्का र मन्त्र

### ३.२.१.५ प्रकारगत आधारमा

प्रकारका आधारमा विधा छुट्याउने सिद्धान्तलाई प्रकारगत वर्गीकरण भनिन्छ । साहित्यका मूलभेदलाई प्रकार वा विधा भनिएझैँ लोकसाहित्यका मूलभेदलाई पनि प्रकार वा विधा भनिन्छ । यस आधारमा लोकसाहित्यलाई लोकपद्य, लोकगद्य र लोकनाट्य गरी तीन भागमा विभाजन गर्न सकिन्छ । लोकगद्यअन्तर्गत लोकगीत, लोककविता, लोकगाथा र मन्त्र पर्छन् । लोकगद्यअन्तर्गत लोककथा, गाउँखाने कथा, उखान र टुक्का पर्छन् । लोकनाट्यअन्तर्गत लोकनाटक पर्छ । यसलाई आरेखमा पनि देखाइन्छ ।

प्रकार
- → लोकपद्य = लोकगीत, लोकगाथा, लोककविता र मन्त्र ।
- → लोकगद्य = लोककथा, गाउँखाने कथा, उखान र टुक्का ।
- → लोकनाट्य = लोकनाटक ।

## ३.३. गाउँखाने कथाको परिचय

गाउँखाने कथा लोकसाहित्यको लोकोक्तिका रूपमा प्रचलित महत्त्वपूर्ण विधा हो । मानव जातिले प्राचीन कालदेखि यसलाई अड्को हाल्ने र मनोरञ्जन गर्ने साधनको रूपमा प्रयोग गर्दै आएको देखिन्छ । यो नेपाली लोकजीवनमा मात्र प्रचलित नभई विश्वका प्रायः सबै भाषामा लोकप्रिय भएको देखिन्छ । गाउँखाने कथालाई संस्कृतमा 'प्रबल्लिका, प्रहेलिका भनिन्छ[४] भने हिन्दीमा 'पहेली' शब्द प्रचलित छ तर हिन्दी प्रदेशका लोकजीवनमा 'बुझौबल' शब्दको प्रयोग व्यापक छ । मगही, भोजपुरी, मैथिली, अवधी भाषाहरूमा 'बुझौबल' शब्दको प्रयोग लोकप्रिय छ, थारू भाषामा यसलाई 'पेहनी' भनिन्छ ।[५]

'पहेली' शब्द नेपाली लोकजीवनमा त्यति प्रचलित नभए तापनि शिक्षित समाजमा यसको व्यवहार भएको पाइन्छ र नेपाली शब्दकोशहरूमा पनि यस शब्दले ठाउँ पाएको छ । यसको सम्बन्ध संस्कृतको 'पहेली' सँग रहेको छ । नेपालीमा पहेलीका निम्ति सर्वप्रचलित शब्द 'गाउँखाने कथा' हो । कतैकतै यसलाई जान्ने कथा पनि भनिन्छ । पूर्वी नेपाल र पूर्वोत्तर नेपाली भाषामा मानिसहरू यसलाई अड्को भन्छन् । कर्णाली अञ्चलमा यसलाई 'साइतर' भनिन्छ । पश्चिमी नेपालमा यसलाई 'झ्याँगा, झिट्टा' र 'घाउटा' पनि भन्ने गरिन्छ ।[६]

---

[४] प्रहेलिका तु सा गेया वचः संवृति कारियत् -दण्डी, कान्यदर्श
[५] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य,** काठमाडौंः एकता बुक्स, २०५८ पृ. ३०९
[६] ऐजन ।

नेपाली भाषामा सर्वाधिक प्रयोग भएको शब्दचाहिँ गाउँखाने कथा नै । अङ्ग्रेजी भाषामा यसलाई रिडल्स (Riddles) भाीन्छ भने जर्मनमा रेक्टरल (Rectrel) भनिन्छ । मानिसहरू दैनिक काम सकेर फुर्सदको बेला बसिबियालो गर्दा यस्ता रमाइला प्रसङ्ग उठाउँछन् । दुईचार जना एकै ठाउँमा भेला भएर हस्सीरमाइलोका रूपमा कुरैकुराले अड्को थाप्ने र फुकाउने चलन मानव समाजकै आदिम स्वभाव हो । यो परम्परा नेपाली गाउँखाने कथाको रूपमा जीवित छ ।[७] गाउँखाने कथाले सामान्य वस्तुका माध्यमबाट प्रतीकात्मक किसिमले अड्को थाप्ने काम गर्दछ जसको रूप वाक्यात्मक किसिमको हुन्छ । एकातिर यसले प्रशस्त दिमाग लडाउने, खियाउने, कसरत गर्ने, परीक्षण गर्ने काम गर्दछ सुझबुझ अपनाएर दिमागको चलाखीद्वारा अड्को भने अर्कातिर समस्याको समाधान खोज्ने प्रयास गरिन्छ ।

आफ्नो मनोरञ्जन लागि चिरपरिचत वस्तुहरूको माध्यमबाट भनाइलाई लयात्मक, रहस्यात्मक र प्रश्नात्मक रूपमा राखिन्छ । साथैसाथै यसको उत्तर अन्य कुनै व्यक्तिसँग उसले सोध्छ । त्यही सोधिएको प्रश्नको छोटो लयात्मक रूप नै गाउँखाने कथा हो । यसबाट मानिसले थुप्रै यस्ता कुरामा सबालजवाफ गरी ज्ञानविज्ञानको प्रश्नात्मक प्रदर्शन गर्दै आएको देखिन्छ । आफ्ना साथीभाइसित गरेका तिनै प्रश्नहरूलाई गाउँखाने कथा भनिन्छ ।[८]

गाउँखाने कथा नेपाली लोकसाहित्यको एउटा विधा भइसकेको छ । यसलाई कथा भनिए पनि सवालजवाफ गरिने बुद्धिविलासको विधा मानिन्छ । यसमा सवालजवाफ गरिने हुँदा यसमा प्रश्नको उत्तर दिनुपर्ने हुन्छ । यसलाई जान्ने कथा पनि भनिन्छ किनभने उत्तर दिने व्यक्तिले यसको जवाफ जान्नुपर्ने हुनाले नै यसलाई जान्ने कथा भनिएको देखिन्छ ।[९] अवधी भाषामा गाउँखाने कथालाई 'बुझौबल' भनिन्छ । यसका वक्ताले गाउँखाने कथा भन्छ र 'बुझौ' भनी त्यसको अर्थ सोध्छ । यसै भावको व्यञ्जना 'अतापता बताओ' भन्ने कुरा अवधी भाषामा निकै प्रचलित रहेको छ । अवधीमा यही 'बुझौबल' का लागि 'हियाली' शब्द प्रचलित रहेको पनि देखिन्छ ।[१०]

---

[७] कृष्णप्रसाद पराजुली, नेपाली उखान र गाउँखाने कथा, काठमाडौँः रत्नपूस्तक भण्डार, (२०५४) पृ ।

[८] श्रीराम शर्मा, लोकसाहित्यः सिद्धान्त र प्रयोग, आगराः वनोद पूस्तक मन्दिर, २०३८, पृ १७० ।

[९] शिवप्रसाद पौड्याल, नेपाली गाउखाने कथा कोश, गुल्मीः सुशील पौडयाल र श्रद्धा पौडयाल, २०६१, पृ २ ।

[१०] सरोजनी रोहतगी, अवधीका लोकसाहित्य, दिल्लीः नेशनल पब्लिक हाउस, सन् १९७१, पृ १०३ १०५ ।

लोकसाहित्यमा अप्रस्तुत विषयसम्म पुग्न व्यञ्जनात्मक प्रस्तुतिका आधारमा गरिने मनोरञ्जनात्मक सवालजवाफको रोचक एवं कलात्मक प्रस्तुति नै गाउँखाने कथा हो । गाउँखाने कथाको परिचयलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिन्छ :-

(क) लोकजीवनमा गाउँखाने कथालाई रमाइला प्रश्नोत्तरका रूपमा लिइन्छ । यिनको सिङ्गो ढुकुटीचाहिँ लोकसाहित्यको एक महत्त्वपूर्ण विधा मानिन्छ ।

(ख) गाउँखाने कथामा मनोरञ्जनका निम्ति तार्किक तथा प्रतीकात्मक अड्का थापी तिनको वस्तुगत उत्तर दिइन्छ ।

(ग) गाउँखाने कथालाई सामूहिक रूपमा प्रस्तुत गरिन्छ, जसमा गाउँखाने कथा भन्ने र उत्तर दिने व्यक्ति आमनेसामने हुनुपर्छ ।

(घ) गाउँखाने कथामा प्रायः उपमानमूलक अप्रकट वस्तुद्वारा प्रकट वस्तुको सङ्केत गर्ने प्रयास गरिन्छ ।

(ङ) गाउँखाने कथा परम्परित ढङ्गमा सिर्जित भएका प्रश्नात्मक शैलीमा संरचित युगीन रूपान्तरित कथ्य अभिव्यक्ति मानिन्छन् ।

(च) गाउँखाने कथा कसिलो गद्य र पद्य दुवै रूपमा भेटिन्छन् । यिनमा शब्दविन्यास, तुकबन्दी र अनुप्रासको छटा बढी पाइन्छ ।

### ३.३.१ गाउँखाने कथाको परम्परा र प्रचलन

लोकसाहित्यका अन्य विधाको तुलनामा गाउँखाने कथाको स्थिति केही फरक छ । यसको रचना वैदिक कालदेखि वर्तमान समयसम्म जीवित छ । संस्कृतका काव्यशास्त्रीहरूले समेत यसलाई विषयवस्तु बनाएबाट यसको इतिहास लामो देखिन्छ । तिनीहरूलाई प्रहेलिका, प्रवाहिका, अन्तर्लापिका, बर्हिलापिकाजस्ता फुटकर कविताका रूपमा उल्लेख गरेको पाइन्छ ।

नेपाली साहित्यमा मोतीराम भट्ट, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, काशीनाथ रेग्मी, देवराज लामिछाने, राजीवलोचन जोशी, रामप्रसाद सत्यालजस्ता कविले यस विषयमा चासो देखाएको पाइन्छ । अझ आधुनिक कालमा लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद पराजुली, दैवज्ञराज न्यौपाने, आदिको नाम उल्लेखनीय रहेको पाइन्छ ।

गाउँखाने कथाको प्रचलन पूर्वीय र पाश्चात्य दुवै जगत्मा भएको पाइन्छ । पूर्वीयमा सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेदमा यसको प्रयोग भएको पाइन्छ । रामनरेश त्रिपाठीले ऋग्वेदमा पाइने तत्सम्बन्धी ज्ञानका आधारमा यसलाई 'गाउँखाने कथाको वेद' भनेका छन् र सत्येन्द्रले पनि गाउँखाने कथालाई अश्वमेघ यज्ञको एक अनुष्ठानको रूपमा स्वीकार गरेका छन् ।[११]

विद्वान्हरूले ऋग्वेदको निम्नलिखित सूक्तलाई गाउँखाने कथाको प्राचीन रूप मानेका छन् :-

चत्वारी श्रृङ्गा त्रयो अस्यपादा
द्वेशीर्षे सप्त हस्ता सो अस्य,
त्रिधा बध्दो वृषभो रैरवाति
महादेवो मर्त्या आनिवेशः ।

यस ऋचाको अर्थ यस प्रकार छ । चारवटा सिङ, तीनवटा खुट्टा, दुई टाउका, सातवटा हात हुने र तीन ठाउँमा बाँधिएर डुकिने साँढे मानीभित्र प्रवेश गरेका महादेव हुन् । यक्ष-युधिष्ठिर बीच जलाशय छेउमा भएको यक्षप्रश्न वा संवादलाई पनि गाउँखाने कथाको प्राचीन स्वरूप मानिन्छः । जो यस प्रकार छ :

का वार्ता किमाश्चर्यम्
का पन्था ? कश्च मोदते
इति मे चतुरः प्रश्नान्
उत्तर दत्वा जलम् पिवः: ।

संसारमा नयाँ कुरा के छ ? आश्चर्यको वस्तु कुन हो ? हिँड्ने बाटो कुन हो ? सुखपूर्व को बस्छ ? यति मेरा चारवटा प्रश्नको जवाफ दिएर मात्र पानी पिऊ ।

यसका अतिरिक्त संस्कृतमा अरू पनि गाउँखाने कथाका बारेमा चिन्तन र मनन भएको पाइन्छ । एक रचनाको नमुना यस्तो छ :

का काशी, का मधुरा, का शीतलबाहिनी गङ्गा
कं संजघान कृष्ण : कै बलबन्तं न बाधते शीतम् ।

---

ञञ कुन्दलाल उप्रेती, लोकसाहित्यको प्रतिमान, अलिगद, भारत प्रकाशन मन्दिर (सन् १९७१) पृ.२१५ ।

यहाँ प्रश्न र उत्तर उही पदावलीमा रहेको छ । केही शब्दको पदयोग र पदवियोग गरी प्रश्न उत्तर यस प्रकार दिइएको पाइन्छ :

प्रश्नः का मधुरा ? - मधुरा के हो ?

उत्तर : काम धुरा । - कामदेवको धुरा । (पाङ्ग्राको आग्ली)

प्रश्नः का शीतलबाहिनी गङ्गा ? - शीतल बग्ने गङ्गा कुन हो ?

उत्तरः काशी तल बाहिनी गङ्गा । - काशीमा बग्ने गङ्गा हुन् ।

प्रश्नः कं संजधान कृष्ण ? - कृष्णले कसलाई मारे ?

उत्तरः कंश जधान कृष्ण । - कृष्णले कंशलाई मारे ।

प्रश्नः कं बलवन्तं न बाधते शीतम् ? - कुन बलियोलाई जाडाले सताउँदैन ?

उत्तरः कं बलवन्तं न बाधते शीतम् । - केबल हुनेलाई जाडाले सताउँदैन ।

नेपालीमा पनि यस्ता खाले केही उदाहरण दिन सकिन्छ :

प्रश्नः छ जोगी बा र बाहुन तीनवटा लाँक्रा उखु सिङ्गासिङ्गै खाऊन् के हो ?

उत्तरः जोगी, बा र बाहुन

संस्कृतपछि अपभ्रंश युगमा लोकप्रहेलिकाको अझै प्रचारप्रसार भयो । यो परम्परा सिद्ध तथा नाथपन्थीमा पुगेपछि उटपट्याङ शब्दवालीका रूपमा प्रयोग गरिएको पाइन्छ । सिद्ध तान्त्रिक र नाथयोगीहरूका वाणीलाई सन्ध्या भाषाका रचना भनिएको छ । ती रचना खास गरी गाउँखाने कथाकै प्रक्रियामा रचना गरिएको देखिन्छ । तिनका माध्यमले दर्शन तथा धर्मसिद्धान्तलाई छर्लङ्ग्याएको थाहा हुन्छ । यसैले प्रसङ्गका आएको र गोरखनाथ सं. ८५० उल्लेख भएको एउटा उद्धरण दिइन्छ :[१२]

भणत गोरखानाथ मच्छिदना पुता, मार्‍यो मूधमया अवधूता
याहि हिमाली जो कोई बुझै, ता जोगीको त्रिभुवन सुझै ।

संस्कृतमा गाउँखाने कथाका प्रकारमा अघिल्ला चरणमा प्रश्न र पछिल्ला चरणमा उत्तर दिएको पाइन्छ :-

किमायुष्यकरं लोक जयन्त कस्य वै सूत,
कथं विष्णु पदं प्रोक्तं तकं शकस्य दुर्लभम् ।

---

[१२] कुन्दलाल उप्रेती, पूर्ववत्, २१४

प्रश्नः  किमायुष्यकरं लोक ? - संसारमा आयु बढाउने के ?

उत्तरः तत्रुम - मही ।

प्रश्नः जयन्त कस्य वै सूत ? - जयन्त कसको छोरा हो ?

उत्तरः शक्रस्य -  इन्द्रको ।

प्रश्नः कथं विष्णु पदं प्रोक्तं ? -  विष्णुको पाउलाई कस्तो भनिएको छ ?

उत्तरः तकं शक्रस्य दुर्लभम् -  त्यो इन्द्रले पाउन गाह्रो छ ।

नेपालीमा कूटकथन खालका गाउँखाने कथा पाइन्छन् । जस्तैः

गाभिन् गाई चियो, कसो हुन गयो, खेतबारी को जोत्दछ ?
कैले गो भतिजो र, को घरमा नाति कहाँ बस्तछ ?
के भै नातिनी र, के भने ती दुईले, त्यो भारी को बोक्छ रे ?
ब्यायो, गोरु, हिजै, निजै, भवनमा, सुत्केरी भो डम्बरे ।

यहाँ प्रथम तीन पङक्तिहरूमा प्रश्न र अन्तिम एक पङक्तिमा उत्तर क्रमिक रूपले देखाइएको छ ।

गाउँखाने कथाको उत्पत्तिका सम्बन्धमा फेजरको अनुमान छ जब कुनै वक्तालाई कुनै कुरो स्पष्ट रूपमा असजिलो पर्न जान्छ त्यस बेला त्यसको उदय पनि त्यसै समयमा हुन गयो ।[१३] गाउँखाने कथाको प्रयोग बुद्धिपरीक्षाका निम्ति पनि भएको देखिन्छ । अवधी तथा भोजपुरी जातिमा पनि नेपालमा वैवाहिक विधिपछि कोहवर (मङ्गलकार्यमा कुलदेवता स्थापित गरिने र विवाहमा लौकिक रीति पूरा गरिने कोठा) मा प्रवेश गर्न लाग्दा घरका चेलीबेटी उसलाई पहेली सोध्छन्: त्यसलाई छैका भन्ने गरिन्छ । यो पहेलीको चित्त बुझ्दो उत्तर दिएपछि मात्र वरलाई कोहवरमा प्रवेश गर्ने अनुमति दिइन्छ । यो प्रचलन वरको विद्वत्ता हेर्न बुद्धिपरीक्षण गर्नका निम्ति चलाइएको अनुमान छ ।[१४] जस्तैः

दिल्लो मे आग लागे आगरे मे घुइँया बाँस के बैडेर जरे चाल करे कुइँया

- मकैको घुँगो

गहीर कुण्ड चकनार घार बत्तीस पीपर एक से पाट

- दाँत र जिब्रो

---

[१३] धीरेन्द्र वर्मा र अन्य (सप्पा) हिन्दी साहित्यकोश, भाग -१ द्धितिय सं.वारणसी ज्ञानमण्डल लिमिटेड ४८५
[१४] कृष्णदेव उपाध्याध्याय. लोकसाहित्यको भूमिका, इलाहवाद, साहित्य भवन प्रा. लि. सन १९७७, पृ.(२०६-२०७)

पश्चिमी मुलुकहरूमा पनि गाउँखाने कथाको पुरानो परम्परा रहेको पाइन्छ । अङ्ग्रेजी भाषाको प्राचीनतम गाउँखाने कथा सङ्ग्रह Exeter Book हो । यसको सङ्कलन तथा अभिलेखीकरण आठौँ शताब्दीमा भएको हो । साथै ग्रीसेली गाउँखाने कथाको सङ्कलन Greak Anthology ल्याटिन गाउँखाने कथाको सङ्कलन Symphosius मा गरिएको पाइन्छ । यीबाहेक प्राचीन गाउँखाने कथाको सङ्कलन हेब्रु, अरबी र फारसी भाषामा पनि गरिएको छ । पश्चिमी गाउँखाने कथाहरूको बृहत् सङ्ग्रह Aentghemetographia(1602) हो ।

यसरी गाउँखाने कथा संसारका अधिकांश भाषा र संस्कृतिमा परम्परित मानव-समुदायदेखि आधुनिक शिष्ट समुदायसम्मका अनुभूतिजन्य अभिव्यक्तिको साझा सम्पत्ति बनी लोकप्रियता अँगाल्दै आएको छ ।

### ३.३.२ गाउँखाने कथाको परिभाषा

लोकसमाजको सौन्दर्य गाउँखाने कथाले बोकेको हुन्छ । गाउँखाने कथा अलिखित रूपमा प्राचीन समाजदेखि साझा सम्पत्तिका रूपमा स्विकारिँदै आएका महत्त्वपूर्ण सांस्कृतिक सम्पदा पनि हुन् । यी समाजमा निरन्तर झाँगिदै आफ्नो स्वरूप विकसित गर्दै जिज्ञासु अनुभूतिका प्रतीकात्मक प्रस्तुतिजन्य अभिव्यक्ति पनि हुन् । गाउँखाने कथा बदलिँदो परिवेश सँगसँगै युगान्तर लोकप्रियता बहन गर्दै जीवन्त रहेका छन् । यस्ता महत्त्वपूर्ण लोकसम्पदाको पूर्वीय र पाश्चात्य दुवै जगत्मा परिचित गराउने कार्य भएका छन् । केही महत्त्वपूर्ण परिभाषालाई निम्नानुसार देखाइन्छ :-

**इन्साइक्लोपेडिया जुडाइका**

लौकिक गाउँखाने कथामा प्रश्नात्मक कथा (समस्या) र उत्तरात्मक वा अन्य सम्बद्ध कथा (समाधान) सदैव समान हुन्छन् र ती दुवै (प्रश्न-उत्तर) भाग स्वतन्त्र रहन्छन् ।

**द न्यु इन्साइक्लोपेडिया बिटानिका**

गाउँखाने कथाको प्रयोजन श्रोतालाई अर्थमा अलमल्याउनु हो । यसमा कुनै वर्णन प्रस्तुत गरी त्यसको अर्थ के हो भनी उत्तर मागिन्छ ।

**जे.ए.कडन**

साहित्यको प्राचीन र सार्वभौम रूप गाउँखाने कथामा सामान्यतः अल्झो थाप्ने प्रश्न रहन्छ ।

**मार्टिन ग्रे**

कुनै वस्तु या विचारबारे चतुऱ्याई देखाउने, परीक्षण लिने वा मनोविनोद गर्ने प्रयोजनबाट जानाजान थपिने अल्झालाई गाउँखाने कथा भनिन्छ ।

**दण्डी**

प्रहेलिका तु सा ज्ञेया वचः संवृत्ति कारियत् (मुख्य रहस्य लुकाउने रमाइलो रचनालाई गाउँखाने कथा भनिन्छ ।)

**अरिस्टोटल**

वार्तालापका क्रममा जब बारम्बार रूपकको प्रयोग गरिन्छ भने तब ती गाउँखाने कथा बन्न जान्छन् ।

**विश्वनाथ**

रसस्य परिपन्थित्वान्तालङ्काटः प्रहेलिका

उक्ति वैचित्र्यमात्र सा च्युतदत्ताक्षरादिका ॥

(गाउँखाने कथा रसास्वादनमा बाधक बन्छन् तर तिनले उक्ति वैचित्र्यलाई भने अँगाल्छन् ।)

**कुन्दनलाल उप्रेती**

गाउँखाने कथामा मानिसको चित्रण र विश्लेषण छिपेको हुन्छ ।

**सत्येन्द्र**

गाउँखाने कथा यथार्थमा कुनै वस्तुको वर्णन हुन् जुन वर्णनमा अप्रकृतद्वारा प्रकृतको सङ्केत हुन्छ ।

**सरोजनी रोहतगी**

गाउँखाने कथा विशेष कला हो जसद्वारा बौद्धिकताको कला चम्कन्छ र त्यसमा एक प्रकारको तीव्रता आउँछ । यो सोद्देश्य रचना हो, त्यसको सम्बन्ध बुद्धिको समाहार शक्तिसँग छ ।

**कृष्णदेव उपाध्याय**

गाउँखाने कथाहरू वाणीविलासका वस्तु हुन् । ती बुद्धिपरीक्षाका अन्यतम साधन हुन् । जुन प्रकारले आधुनिक मनोवैज्ञानिक प्रश्नद्वारा कुनै बालकको बुद्धिको परीक्षण । Intelligence Test गरिन्छ त्यस्तै प्रकारले प्राचीन कालमा मानिसको बुद्धिपरीक्षणका लागि यिनको रचना गरिएको हुनुपर्छ ।

**श्रीराम शर्मा**

गाउँखाने कथा बुद्धिपरीक्षा र बुद्धिविकासका वस्तु हुन्, यिनमा अर्थको योजना बनाउनुपर्छ, यसको लागि बल लगाउनुपर्छ । बुद्धिबल हुने कारणले नै रसानुभूतिमा बाधा पर्छ ।

**श्रीविक्रमादित्य मिश्र**

गाउँखाने कथाले अभिव्यक्तिलाई प्रतीकात्मक माध्यम बनाउने हुँदा ती मानिसको बौद्धिक क्षमता र ज्ञानलाई जागृत गर्ने एक महत्त्वपूर्ण साधन हुन् ।

**इन्साइक्लोपेडिया**

यस्ता वाक्य तथा वाक्यरचनालाई गाउँखाने कथा भनिन्छ, जसलाई जानीबुझीकन द्वयर्थक बनाइएको हुन्छ अथवा जसको अभीष्टलाई साभिप्राय प्रश्न राखिएको हुन्छ, जब कि अरू तिनको विषयमा अन्वेषण गरून् ।

नेपाली विद्वान्हरूले पनि यस विषयमा निम्नानुसार परिभाषित गरेको पाइन्छ:-

**नेपाली बृहत् शब्दकोश**

वक्ताले प्रश्नको रूपमा अड्को हाल्ने श्रोताले नाउँ मात्रको गाउँ दिएपछि सो अड्को फुकाइदिने जान्नेकथा, कूटकथन, पहेली नै गाउँखाने कथा हुन् ।

**चूडामणि बन्धु**

पहेलीहरू मूल रूपमा प्रश्न हुन् । यी सबै प्रकारका पहेलीमा केही न केही सोधिएको हुन्छ ।

**शिवकुमार राई**

गाउँखाने कथा पनि एक थरीका अड्को नै हुन् । अड्कोको गाँठो खोल्न नसक्दा गाउँ दिनुपर्ने हुनाले एक थरीको अड्कोको नाउँ गाउँखाने कथा रहन गयो ।

**सत्यमोहन जोशी**

गाउँखाने कथामा गाउँघरे मानिसको हृदयको उद्गारमा तिखारिएको बुद्धिको देन पनि देखा पर्छ, जुन मामुली भए पनि अर्थपूर्ण हुन्छ र समस्यापूर्तिको रूपमा प्रश्नबारे सबैको सामुन्ने देखा पर्छ तथा खडा हुन्छ ।

**हंसपुरे सुवेदी**

गाउँखाने कथा दुई समूहमा बाँडिएको पक्ष-विपक्ष बनेको दौँतरीले परस्पर प्रश्न रूपमा अड्को हाल्ने र फुकाउने प्रश्नोत्तरात्मक रमाइलो वागिवनोद हो । यहाँ अड्को फुकाउन नसके नसक्नेले यस्ता गाउँ दिई प्रश्न फुकाई दिने काम हुन्छ । यस्ता प्रश्नात्मक जान्ने कथाहरू गाउँखाने कथा हुन् ।

**कृष्णप्रसाद पराजुली**

गाउँखाने कथामा बौद्धिक विकास वा मनोरञ्जनका निम्ति तार्किक तथा प्रतीकात्मक अड्का र तिनका वस्तुगत उत्तर हुन्छन् ।

**तुलसीमान श्रेष्ठ**

गाउँखाने कथा मनोरञ्जनका लागि भन्ने छोटो समयका लागि गरिने ठट्टा र रमाइलो हो । यो छोटो हुन्छ तर मीठो र साधारण हुन्छ ।

**विजय चालिसे**

बसिबियाँलोको समयमा रूपमा लोकमनोरञ्जनको रूपमा केटाकेटीहरूको बुद्धि तिखार्नमा र समस्यापूर्तिको रूपमा पनि गाउँखाने कथा झिक्ने र भन्न लाउने चलन पनि छ । यसको प्रयोगमा आफ्नै एउटा शैली छ । वनजङ्गलमा दाउरापात र मेलामा जाँदा चौतारामा थकाई मार्दा घरका आँगन र पेटीमा जम्मा हुँदा तथा हिउँदे याममा घरभित्र अँगेनाको वरिपरि आगो ताप्न लाग्दा गाउँखाने कथाको प्रश्न स्वतः उठ्न थाल्छ ।

**जीवेन्द्रदेव गिरी**

कुनै कुरालाई रहस्यको गर्भमा लुकाएर बौद्धिकताको चमत्कार देखाउने गद्यात्मक र पद्यात्मक अनि प्रतिकहरुको प्रयोगका दृष्टिले विशेष महत्वपूर्ण विधा गाउँखाने कथा हो ।

**मोतीलाल पराजुली**

"वक्ताद्धारा बौद्धिक तवरले प्रस्तुत गरिएका कूट प्रश्न र श्रोताले तार्किक तरिकाले दिने उत्तरको समष्टी नाम गाउँखाने कथा हो । यसको मूल उद्देश्य बुद्धि विलास र भनोरञ्जन हो ।"

**शिवप्रसाद पौड्याल**

गाउँखाने कथाहरू प्रश्न बनेर समस्यापूर्तिको रूपमा तेर्सिने प्रतीकको रूपका रहस्यात्मक कथन हुन् । बौद्धिक परीक्षणको रूपमा प्रयोग गरिने त्यस्ता गाउँखाने कथाहरू गद्य-पद्य रूपका हुन्छन् ।

यसरी पूर्वीय-पाश्चात्य देशी-विदेशी विद्वान्हरूका विचारलाई दृष्टिगत गर्दा कुनै अल्झो वा समस्याबारे प्रश्न गरी उत्तर वा समाधान मागिने परम्परित मौखिक लोकसाहित्यका लघुतम रचनालाई गाउँखाने कथा भनिन्छ । समष्टिमा गाउँखाने कथालाई निम्नलिखित बुँदामा यसरी समेटिन्छ :-

(१) गाउँखाने कथामा घुमाउरो अभिव्यक्ति हुन्छ ।

(२) गाउँखाने कथा प्रतीकात्मक हुन्छन् ।

(३) गाउँखाने कथा सामूहिक रूपमा प्रस्तुत हुन्छन् । यसमा कथा हाल्ने र बुझाउने आमनेसामने हुन्छन् ।

(४) गाउँखाने कथामा बौद्धिकताको कसरत हुन्छ ।

(५) गाउँखाने कथा गद्य-पद्य, तुकान्त-अतुकान्त दुवै रूपका हुन्छन् ।

(६) गाउँखाने कथामा स्थानीयता र लोकमान्यतालाई आधार बनाइन्छ ।

(७) गाउँखाने कथा पेचिलो र सरल भाषामा रचिएका हुन्छन्. ।

(८) गाउँखाने कथा विशेष गरी बालबालिका, युवायुवती र बूढाबूढी सबैका बीचमा लोकप्रिय हुन्छन् ।

(९) गाउँखाने कथामा विशेष गरी कथ्य प्रभाव बढी भए पनि लेख्य रूपमा पनि यिनलाई रचिँदै आएको छ ।

(१०) यसमा परम्परित भईकन अपठित रचनाकारको ज्यादा प्रभाव रहेको पाइन्छ ।

### ३.३.३ गाउँखाने कथा कथनको प्रकिया

नेपाली समाजमा गाउँखाने कथाको प्रचलनमा जीवनमा भोगेका अनुभवलाई समेटिएको पाइन्छ । मानिसहरु लेक, बैँसी, पहाड, तराई, उकालो काट्दा, ओरालो झर्दा, कोदो रोप्दा, धान रोप्दा, हिँड्डुल गर्दा, थकाई मेट्दा गाउँखाने कथा भनेर समय बिताउँछन् । बेहुलाबेहुली भेटिँदा, आगो ताप्दा, बिस्तारामा निन्द्रा नलाग्दा, बुद्धि परीक्षा गर्दा, मनोरञ्जन गर्दा, घरको पेटीमा वा अँगेनोको डिलमा या अन्यत्र कतै बसेर भन्ने र सुन्ने परम्पराले युवायुवतीलाई त पछ्याउँछ नै, बूढा, पाका र आइमाईले पनि आकर्षक खुराक लिएकै छन् ।

गाउँखाने कथा रोचक हुन्छन् । आमुन्नेसामुन्ने जम्मा भएर प्रश्नकर्ता र श्रोता वा उत्तरकर्ता बीच संवादात्मक बौद्धिक प्रश्नोत्तर कार्य सुरु गरिन्छ । यसको विषयवस्तु त्यहीँ वरिपरि छरिएर रहेका हुन्छन् । प्रश्नहरू प्रतीकात्मक पनि हुने भएकाले सुन्नेले दिमाग भिडाउनुपर्ने हुन्छ, उत्तर सही दिन नसकेमा प्रश्नकर्ताले गाउँ माग्छ र सुन्नेले पनि कुनै गाउँ दिन राजी भई काल्पानिक गाउँ दिन्छ । यसरी गाउँ पाएपछि उत्तर पाइने भएको हुँदा पनि यसलाई गाउँखाने कथा भनिन्छ ।

गाउँखाने कथाका क्रममा गाउँखाने वा दिने चलन छ । यसका क्रममा प्रश्नकर्ता र उत्तरकर्ता वा श्रोताबीच यसरी संवाद हुन्छ :-

- प्रश्नकर्ता सानो सानो रूख , चढ्नलाई दुःख के हो भनी प्रश्न गर्छ ।
- उत्तरदाता उत्तर दिन सक्दैन ।
- प्रश्नकर्ता उसो भए गाउँ देऊ भन्छ ।
- उत्तरदाता शङ्करनगर गाउँ लैजा भन्छ ।

उक्त गाउँ पाएपछि प्रश्नकर्ता भन्न थाल्दछ र श्रोताले सोधेपछि उत्तर दिन्छ :

शंकरनगरको सेरोफेरो राम्रो जति सबै मेरो
नराम्रो जति सबै तेरो, जान्नेसुन्ने सबै मेरा, गाँडागर्जा सबै तेरा,
मीठोमीठो सबै मलाई, तीतोतीतो सबै तँलाई, अत्तिपत्ति त्यति कथा नजान्ने के हो ?

- उत्तरदाता के हो ?
- प्रश्नकर्ता सिस्नो ।

यस्तो प्रकिया निरन्तर चलिरहन्छ । यस किसिमका गाउँखाने कथाले जनमानसमा एकातिर मनोरञ्जन दिएका हुन्छन् भने अर्कोतिर जुक्तिबुद्धिको विकास गराई योग्यताको समेत

परीक्षा गर्ने कार्य गर्ने भएकोले गाउँखाने कथालाई मनोरञ्जनात्मक बौद्धिक खुराकको खेल भन्न सकिन्छ ।

### ३.३.४. गाउँखाने कथाका विशेषता

मानिसलाई मनोरञ्जनका अन्य साधनहरू उपलब्ध नभएपछि स्वभावतः वरपरका साधनहरूको प्रयोग गर्छ । गाउँखाने कथा नेपाली लोकसाहित्यको फाँटमा त्यसै रूपमा प्रचलित एउटा रमाइलो विषय हो । यसमा बालबालिका, युवायुवती र बूढाबूढीसम्मले पनि चासो लिएको देखिन्छ । नेपाली गाउँखाने कथामा आफ्नै किसिमको चोखोपन भेटिन्छ र मिठास पनि कुनै वस्तुलाई सङ्केत गरी कुशलतापूर्वक यसको रचना हुनु र त्यही विषयमा उत्तर ट्वाक्क मिल्नु यसको निजी विशेषता हो । गाउँखाने कथाले फुर्सदको समयमा दोस्ती दैँतरीलाई भेला गर्ने, सबैखाले उमेरका मानिसलाई मनोरञ्जन दिने र अड्को थाप्नेजस्ता कार्य गरी सुख दुःखका अनुभूतिलाई माध्यम बनाएर जिज्ञासाको झल्को दिने, थकाई मार्ने, भाषिक सीप बढाउने तथा घनिष्ठता वृद्धि गर्न सहयोग पुऱ्याउने काम गरेको देखिन्छ ।

गाउँखाने कथा विकसित जीवनका विभिन्न पक्षको गुण वा रहरलाई खोतल्ने अत्यन्त लघुरूप भएकोले यसले लोकजीवनलाई सरस तुल्याउँदै मनेरञ्जनात्मक रस प्रदान गर्छ । यसमा लोकजीवनका रमाइला उद्‌गार त हुन्छन् नै तिनमा तीखो बौद्धिक चमत्कारको छटा पनि पाइन्छ । यस्तै विभिन्न आधारमा गाउँखाने कथाका विशेषतालाई देखाउन सकिन्छ ।

(१) गाउँखाने कथा लोकसाहित्यका लघुतम रूप हुन् । यी एकदेखि चारपाँच पङ्क्तिसम्मका हुन्छन् ।

(२) यसलाई लोकसाहित्यको स्वतन्त्र विधा मानिन्छ । पश्चिमी मुलुकमा यसलाई साहित्यिक र लोकसाहित्यिक गरी दुई भागमा बाँडिएको देखिन्छ ।

(३) यसको स्वरूप मूलत : प्रश्नात्मक हुन्छ जसमा प्रश्नसूचक शब्द रहेका हुन्छन् । प्रश्न सूचक शब्द प्रयोग नभए पनि अन्त्यमा 'के हो रु ?' ले स्वाभाविक रूपमा प्रश्न जनाउँछ ।

**जस्तैः** (क) रूखमा बस्छ चरो हाइन, जटा छ जोगी होइन के हो ?

- नरिवल

(ख) लहरो तान्दा पहरा थर्कने के हो ?

- मही पारेको

(४) यिनमा वक्ताका रूपमा प्रश्नकर्ता र श्रोताका रूपमा उत्तरदाता हुनु अनिवार्य छ ।

(५) यी चतुऱ्याइँपूर्ण, बौद्धिक र गूढ हुन्छन् । अर्थका तहमा कूटरचना हुनु यसको वास्तविक पहिचान हो ।

(६) यो व्यक्तिको बुद्धि र योग्यता जाँच्ने महत्त्वपूर्ण कसी हो । यसलाई बुद्धिविलास र वाणी विलास भनिए पनि यो दुवै पक्षको बौद्धिक क्षमताको परिचायक पनि हो ।

(७) यो मनोविनोदको महत्त्वपूर्ण साधन हो, यसमा उत्तर खुलेपछि दुवै पक्ष खुसी हुन्छन् ।

(८) यसमा अड्को भिक्नु सङ्केत भए पनि  यसको उत्तर निश्चित र निर्धारित हुन्छ ।

(९) यो लोकसाहित्यको अत्यन्त प्राचीन र सार्वभौमिक रूप हो । यसको अस्तित्व संसारका प्रायः सबै भाषा र संस्कृतिमा रहेको देखिन्छ ।

(१०) यी एक प्रकारको रूपक हो । त्यसैले यसमा  वर्ण्य (प्रस्तुत) वा उपमान (अप्रस्तुत) अवर्ण्यको आरोप गरिएको हुन्छ । यसमा लाक्षणिकताको प्रचुर मात्रामा प्रयोग हुन्छ ।

(११) यसको भाषा गद्य-पद्य दुवै हुन्छ । यसको गद्यरूप पनि हुन्छ भने पद्यरूप पनि आलङ्कारिक हुन्छ । साथै यी तुकान्त र अतुकान्त दुवै हुन्छन् ।

(१२) यसको भाषा संक्षिप्त, कसिलो, गूढ, अनेकार्थी र अलमल्याउने खालको हुन्छ । यसको सोझो अर्थ एउटा हुन्छ भने सङ्केत अर्कोतिर हुन्छ ।

(१३) यसमा सार्थक र निरर्थक दुवै खाले शब्दको प्रयोग हुन्छ : जस्तैः

(क) आँसुलापाँसुला रातभरि टाँसुला,
भिसमिसेमा निस्की आफ्नै ठाउँमा वसुँला के हो ?

– आग्लो

(ख) आई गुजी, पाई गुजी पानीदेखि डराई गुजी के हो ?

– जुत्ता

(१४)  एउटै उत्तर आउने अनेकन गाउँखाने कथा हुन सक्छन् ।

**जस्तै : उखु**

(क) खाँदा मह थुक्दा कपास के हो ?

(ख) खाने रस उकेल्ने कपास के हो ?

(ग) तँलाई चुस्छन् तँलाई थुक्छन् के हो ?

(घ) तल खुट्किलो माथि दाँत के हो ?

(ङ्) फल न फूल डाँठ मात्र मोटो के हो ?

(१५). यिनमा गूढ र कूटशैलीको प्रयोग भएको हुन्छ । प्रतीक, बिम्ब आदिको प्रयोगले यिनलाई अझ गूढ तुल्याएको हुन्छ ।

# चौथो परिच्छेद

# नेपाली गाउँखाने कथाको वर्गीकरण

## ४.१ गाउँखाने कथाको वर्गीकरण

गाउँखाने कथाको अझैसम्म पनि पूर्ण रूपमा सङ्कलन भइसकेको छैन । यसले गर्दा यसको वर्गीकरण सार्थक नहुने देखिन्छ तापनि प्राप्त भएका गाउँखाने कथाको प्रकृतिलाई हेरेर विभिन्न विद्वान्हरूले वर्गीकरण गरेको देखिन्छ । धर्मराज थापा र हंसपुरे सुवेदीले झ्याँगा र टुक्का भनी वर्गीकरण गरेका छन्, जसअनुसार झ्याँगा गीतमा प्रयोग हुने र टुक्काचाहिं वाक्य वा वाक्यांशमा प्रस्तुत हुने देखाइएको छ । कृष्णप्रसाद पराजुलीले गाउँखाने कथालाई घरेलु जीवनसम्बन्धी, प्रकृति-जगत्सम्बन्धी र विविध विषयसम्बन्धी आदि गरी पाँच भागमा वर्गीकरण गरेका छन् । त्यसै गरी चूडामणि बन्धुले यसलाई एकवाक्यात्मक, बहुवाक्यात्मक, कवितात्मक, गीतात्मक र कथात्मक गरी ५ भागमा विभाजन गरेका छन् । त्यसै गरी शिवप्रसाद पौड्यालले भाषिक रूपमा, पदावलीका रूपमा, क्रियापदयुक्त, क्रियापदरहित, तुकबन्दीयुक्त, तुकबन्दीरहित, अनुप्रासमूलक र कवितात्मक गाउँखाने कथा भनी गाउँखाने कथा-कोश (२०६१) मा उल्लेख गरेको पाइन्छ । शम्भुप्रसाद कोइरालाले भोजनसम्बन्धी, प्रकृतिसम्बन्धी, घरेलु वस्तुसम्बन्धी, खेतीपातीसम्बन्धी, फलफूलसम्बन्धी र प्राणीसम्बन्धी भनी गाउँखाने कथालाई ६ भागमा बाँडेका छन् । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले माध्यम, वाक्यप्रकार, रचना, विषयवस्तु, प्रकार र क्षेत्रीयता गरी ६ वटा आधारमा र तिनका उपविभाजन गरी वर्गीकरण गरेको देखिन्छ । तर यहाँ केवल (१) विषयवस्तु (२) भाषिक संरचना (३) वाक्यात्मक र (४) क्षेत्रगत गरी ४ प्रकारले वर्गीकरण गरी प्रस्तुत गरिएको छ :-

### ४.१.१ विषयवस्तुका आधारमा वर्गीकरण

गाउँखाने कथाको वर्गीकरणका आधारमध्ये विषयवस्तु महत्त्वपूर्ण आधार हो । गाउँखाने कथामा प्रासङ्गिक विषयवस्तु तथा मानवजीवनमा सम्बन्धित वस्तु वा सामग्रीको उपयोगलाई प्रश्नको आधार मानिन्छ । यसैलाई आधार मानी वस्तु, प्राणी र शरीरसम्बन्धी,

प्रकृतिजन्य तथा व्यावसायिक विषयसँग सम्बद्ध चीजबीज ल्याई निम्नानुसार विविध विषयहरु प्रस्तुत गरिन्छ :-

४.१.१ १. **वस्तुसम्बन्धी** :

मानवीय आवश्यकताअनुरूप दैनिक जीवनमा प्रयोग हुन सक्ने चिजबीज जस्तै डोको, डालो, ढिकी, जाँतो, हाँडी, कुर्ची, त्रिशूल, सियो, पैसा, बन्दुक, डमरु, गाग्री, लोटा, ऐना, दियो, मादल, सलाई, सियोधागो छाता आदि प्रयोग भएका गाउँखाने कथा राख्न सकिन्छ । जस्तै :

(क) आफू राजा खान्छ खाजा, झिक्छ सोला, झर्छ पीठो के हो ? - आगो

(ख) आफ्नो घरमा भात पकाई अरूको घरमा तिहुन चखाई के हो ? - आग्लो

(ग) आमा जगल्टे छोरी पगल्टे नाति मट्याङ्ग्रे के हो ? - केराउ

(घ) आमा झिक्रिल्ली छोरी कोरीबाटी के हो ? - कुरिलो

(ङ) बाहिर सुन, भित्र चाँदी के हो ? - केरा

(च) पहराको बीचमा हात्तीको पाइलो के हो ? - नाइटो

४.१.१.२ **प्राणीसम्बन्धी**

मानिस, जीवजन्तु, पक्षी, कीरालगायत सबै जीवनधारी प्राणी, कुकुर, बिरालो, हात्ती, बाँदर, छेपारो, गाई आदिलाई आधार मानी धेरै मानवीय तथा मानवेतर प्राणीका गाउँखाने कथा प्रचलित छन् । जस्तैः

(क) बहुरङ्गी शरीर भएको, बास हिमालयमा,
राष्ट्रियताको गीत गाउँछ, यसले नेपालमा के हो ? - डाँफे

(ख) नाम्लो डोको केही छैन भारी त्यसले बोक्छ,
छोयो भने त्यसलाई भित्रभित्रै लुक्छ के हो ? - शङ्खेकीरा

(ग) अगाडि शङ्ख पछाडि शङख के हो ? -
कुकुर

(घ) भुँभुँ गर्छ भँवरो होइन, सिनु खान्छ गिद्ध होइन, सड्छ सम्पत्ति होइन, के हो ?
- झिँगा

(ङ) नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छाबाबुको अनुहार के हो ?

- बाँदर

### ४.१.१.३ **शरीरसम्बन्धी**

मानिसका शरीरमा रहेका विभिन्न अङ्ग-प्रत्यङ्गसँग मिल्ने खालका प्रतीकात्मक भनाइले नेपाली समाजमा गाउँखाने कथाको रूप लिएका छन् । शरीरमा रहेका नाक, कान, हात, मुख, कपाल, जुँगा आदि अङ्गसँग सम्बन्धित विभिन्न शैलीमा गाउँखाने कथाले रूप लिएको पाइन्छ । जस्तैः

(क) पाँच भाइको एउटै थाल के हो ? – हत्केला

(ख) 'तँ' भन्दा छुट्टिने 'म' भन्दा जोडिने के हो ? – ओठ

(ग) कालो ओडारमा सेता जन्ती के हो ? – दाँत

(घ) चिचीमाथि पापा के हो ? – नङ

(ङ) लामो डाँडामा दुईवटा सुरुङ के हो ? – नाक

### ४.१.१.४ **प्रकृतिसम्बन्धी**

भौतिक जगत्मा रहेका स्वतः निर्मित जीवजन्तु, पशुपक्षी, कीराफट्याङ्ग्रा, ढुङ्गा, माटो, पृथ्वी, चन्द्र, सूर्य, तारा आदिलाई नै प्रकृति भनिन्छ । यी वस्तुको प्रतीकात्मक अर्थ आउने गाउँखाने कथाले त्यस्ता वस्तुलाई समेटेको पाइन्छ । जस्तैः

(क) अरूबेला देखिने सूर्य आए नदेखिने के हो ? – तारा

(ख) हेर्दा छ, समात्दा छैन के हो ? – छाया

(ग) आकाशमा नै हिँड्छ, आकाशमै घर,
दिनभरि यता, साँझ परे अन्तै सर के हो ? - सूर्य

(घ) आफू छ काली नाम भने राती के हो ? - रात

(ङ) आफू जतातिर गयो उतैतिर जाने के हो ? - छाया

### ४.१.१.५ **व्यवसायसम्बन्धी**

जीवन चलाउनका निम्ति गरिने कामलाई व्यवसाय भनिन्छ । यसअन्तर्गत इलम, पेसा, व्यापार, रोजगारजस्ता कुराहरू पर्दछन् । खेतीव्यवसायमा खेत, हलो, गोरु, गाडा, घट्ट, कोल र जाँतोजस्ता कुराहरू पर्दछन् । जस्तैः

(क) दिनभरि लुखीखुरी रातभरि कान्लोमुनि के हो ? - हलो

(ख) घुम्छ फनफनी, खान्छ मट्याङ्ग्रा, छर्छ धूलो के हो ? - घट्ट

(ग) काली बूढी ठाडठाडै मुत्छे, ठाडी बूढी छलछली मुत्छे के हो ? - कोल

(घ) दह्रो टाउको लामो जीउ, गिदी छैन खान्न घिउ के हो ? – मदानी

(ङ) दसऔँला हाँसिरहन्छन्, दुईवटा सिया नाचिरहन्छन् के हो ? – स्विटर बुनेको

(च) दाँत बाहिर ओठभित्र के हो ? – मुसल

## ४.१.२. भाषिक संरचनाका आधारमा वर्गीकरण

अभिव्यक्तिको सशक्त माध्यम भाषा हो । गाउँखाने कथा पनि कथ्य भाषाको माध्यम भएकाले यसअन्तर्गत गद्य, पद्य र अनुप्रासयुक्त भाषिक अभिव्यक्ति पाइन्छ ।

### ४.१.२.१. गद्यात्मक

**(क) प्रश्न** - चुच्चो छ न त पन्छी हो, दो पाउ छ न त मान्छे हो,
पृष्ठभक्षी न हो राक्षस यो जान्ने अर्थ लगाऊ पण्डित ?

**उत्तर** – चुलेसी

**(ख) प्रश्न** - आज मैले अच्म्म देखेँ लामालामा पात,
काटीकुटी अङ्का खाएँ के हो त्यसको जात ?

**उत्तर** – उखु

**(ग) प्रश्न** - आमा गर्भमा हुँदा छोरो छाता ओढाउने ?

**उत्तर** – पिँडालु ।

**(घ) प्रश्न** - लिन आएको म, किन आएको तँ ?
छोडी दे बाटो मलाई लिन जान्छु तँलाई के हो ?

**उत्तर** – पानी लिन जाँदा पानी वर्षेको

४.१.२.२ **पद्यात्मक**

(**क**) **प्रश्न** - दुइवटा ओडर कालाकाला
त्यसमा दुइटा तारा
माथि झाङ छ तल झाडी
त्यो के हो त प्यारा ?

**उत्तर** – आँखा

(**ख**) **प्रश्न** - सानो सानो नानी मेरो
फुर्के लायो धोती
ऐया पार्ला होस् राखे
मुन्द्री लाउने लोती ।

**उत्तर** – सियो धागो

(**ग**) **प्रश्न** - सानो-सानो मान्छेझैँ
बाकसभित्र बोल्छु म
जतासुकै पुग्छु म
यति कुरा मानिसके
चिन्न सक्छौ को हुँ म ?

**उत्तर** – रेडियो

(**घ**) **प्रश्न** - दिदीबहिनी दुइटी राम्रा
गर्छन् मीठा बात
के हो ? ढकनी लाउँछन् फेरि
पर्दछ जब ता रात ।

**उत्तर** – आँखा

४.१.२.३ **अनुप्रासमूलक**

(**क**) पल्लाघरकी बूढीको मानाजत्रो प्वाल,

ओल्लाघरको बूढाले उफ्रीउफ्री हाल के हो ? – ओखल कुटेको

(ख) जानु त जानु धर्तीमुनि जानुँ,
खारन्छ कि राख्छ म कसरी जानु ? – पिँडालु

(ग) वारि धारो पारि धारो, तिम्रो बाउलाई दाँतले दाऱ्यो,
जाऊ हेर्न कस्तो पाऱ्यो, हेर्न जाँदा उतै माऱ्यो ? – काठ चिरेको

(घ) दश औँला हाँसिरहन्छन्, दुइटा सियो नारिरहन्छन् ? – स्विटर बुनेको

(ङ) ट्याप्पटुपुक्क क्याप्प कुपुक्क के हो ? – ऐँसेलु

(च) आगो न पानी रोटी पकाउने बानी के हो ? – मौरी

४.१.२.४ **तुकबन्दीयुक्त**

(क) धार्नी न बिसौली, दुई हातले उचाली के हो ? – टोपी

(ख) नुवाइधुवाई शरीरमा चन्दन लाई के हो ? – पकाउने भाँडोमा खरानी लाएको

(ग) आलु भन्छन्, खान हुन्न, केही होइन हेप्नु हुन्न ? – शून्य

(घ) एउटा देश छ कतै तीन अक्षर नाम, पहिलो पसेर भिmउँ,
हुन्छ खाने चीजको नाम के हो ? – भारत

(ङ) पानीभित्र रमाउँछिन् जलपरी होइनन्,
सुनगेडी फलाउँछिन् रूख भनूँ होइनन् के हो ? – धान रोपेको

(च) स्वर्ग जाने बाटो ढुङ्गा न माटो के हो ? – भऱ्याङ

४.१.२.५ **तुकबन्दीरहित**

(क) अँध्यारो कुनामा काली बूढी के हो ? – हाँडी

(ख) जति ताछ्यो उति ठूलो के हो ? – खाल्डो

(ग) जति बाँड्यो उति बढ्ने के हो ? – विद्या

(घ) हात्ती छिऱ्यो पुच्छर अड्क्यो के हो ? – सियो र धागो

४.१.३. **वाक्यात्मक आधारमा वर्गीकरण**

गाउँखाने कथाको स्वरूप कुनै लामो, कुनै छोटो, कुनै सरल वाक्यको र कुनै जटिल वाक्यका, कोहीचाहिँ स्वतः प्रश्नबोधक मानिने त कुनै प्रश्न बनाउनैपर्ने अर्थात् अप्रश्नात्मक हुने आधारमा निम्नानुसार यसका प्रकारलाई देखाउन सकिन्छ :-

४.१.३.१ **एकवाक्यात्मक**

(क) खान्छ मुढो बन्छ धूलो । – खरानी

(ख) गहिरो तलाउमा चाँदीको बार । – दाँत

(ग) कालो थालमा राता अछेता । – रातीगेडी

(घ) घरभरि मकै वीरे छोरो भोकै । – थाम

(ङ) चरो होइन उड्छ बत्ती होइन बोल्छ । - जूनकीरी

४.१.३.२ **बहुवाक्यात्मक**

(क) खाऊँ - खाऊँ रोटी खान सक्दिन,
दाऊँ-दाऊँ वहर दाउन सक्दिन,
टेकूँ-टेकूँ लौरी टेक्न सक्दिन के हो ? – सूर्य, बाघ र सर्प

(ख) चरो होइन चुच्चो छ, जन्तु होइन खुट्टो छ,
आफू बिराम गर्दैन, परिआए पछि हट्दैन ? – चुलेंसी

(ग) तल पनि घ्वाइँ, माथि पनि घ्वाइँ,
यति भन्न नजान्नेलाई अगुल्टाले च्वाइँ ? – घट्ट

(घ) महिनामा एकचोटि आउँछ,
दिनमा पनि आउँछ तर वर्षमा आउँदैन के हो ? - 'न' अक्षर

(ङ) गजुर छ मन्दिर होइन, पखेटा छ चरो होइन,
करङ्ग छ मान्छे होइन, घुम्रिएको पुच्छर छ कुकुर होइन ? – छाता

४.१.३.३ **सरल वाक्यात्मक गाउँखाने कथा**

(क) तीन भाइको साझा पगरी के हो ? – ओदान

(ख) जान सक्छ आउन सक्दैन के हो ? – खोलो

(ग) टाउको तान्दा आन्द्रा निस्कने के हो ? – टुकी

(घ) सानी नानीको मीठो भान्सा के हो ? – मह

(ङ) एउटा चरीका दुईटा पुच्छर के हो ? – दुनो

४.१.३.४ **जटिल वाक्यात्मक**

(क) कि मलाई तान, कि तिमीलाई बोक्छु, रिस उठ्यो भने लात्ताले ठोक्छु के हो

– घोडा

(ख) गोडा छैनन् टाढा जान्छ, मुख छैन कुरा गर्छ के हो ? – चिठी

(ग) न खान्छ, न पिउँछ, दिनभरि घरको रक्षा गर्छ के हो ? – ताल्चा

(घ) काठको बाच्छी, ढुङ्गाकी गाई, जति दुह्यो उति आई के हो ? – चन्दन घोटेको

(ङ) जति धेरै मासु खायो उति उति दुब्लाउँदै जन्छ ? – अचानो

४.१.३.५ **प्रश्नात्मक**

(क) घर गयो झ्यालबाट, म जाऊँ कहाँबाट ? – जालको माछा

(ख) भन्दाखेरि छ मात्रै गन्न लागे सात,

पढ्दा लेख्दा काम लाग्ने के हो त्यसको जात ?

– 'छ" अक्षर (क,ख, ग,घ, ङ, च, छ)

(ग) लिरिबिरी लहराएको, चिरिबिरी पात, के होला त्यसको जात ? – बेत

(घ) मात्नेको पुच्छर छैनन्, देख्नेको खुट्टा छैनन्,

कहाँ पुग्यो हेर्नेको आँखा छैनन् के हो ? - भ्यागुतो, सर्प, गडयौला

(ङ) सानो-सानो रूखका गड्याङ्गुडुङ् पात,

कसले गाँस्ला दुनाटपरी, कसले खाला त्यसमा भात ? – अमलाको पात

४.१.३.६ **अप्रश्नात्मक**

(क) अँध्यारो कुनामा दहीका छिटा । – चाँदीका पैसा

(ख) इउँ त इउँ इउँ टिप्ने मान्छेलाई सय रुपियाँ दिऊँ ? – छाया/चन्द्रमा

(ग) एउटा खम्बाले घर थेग्ने । – छाता

(घ) काली गाईको पेटभरि दूध । – मास

(ङ) घुमाउने थालको पेटभरि घाउ । – टपरी

(च) झोलमाथि दुना, दुनामाथि चोक्टा । – डुङ्गा चढेको मान्छे

४.१.४. **क्षेत्रगतका आधारमा वर्गीकरण**

क्षेत्रगत भेद उपभेदका आधारमा पनि उखानको विभाजन गरि कुनै गाउँखाने कथा कुनै स्थानमा, कुनैचाहिँ खास विशेष स्थानमा प्रचलित हुने भएकाले यस आधारमा गाउँखाने कथालाई निम्न रूपमा विभाजन गर्न सकिन्छ :-

४.१.४.१ **अड्को**

नेपालको पूर्वतिर व्यापक रूपमा प्रचलित गाउँखाने कथा अड्को हो । यसले समस्या वा अल्झोलाई बुझाउँछ । त्यसैले यसलाई पूर्वतिर अड्को थाप्नु भनिन्छ भने उत्तर दिने कामलाई अड्को फुकाउनु भनिन्छ । अड्को फुकाउन नसकेमा गाउँ दिएर अड्को थाप्नेले नै उत्तर भनी अड्को फुकाउने गर्छन् । जस्तै:

(क) उँभो थाली, उँधो नाली, यो कथा नजान्ने मेरो हली के हो ? – कर्कलो

(ख) एउटा टुप्पोमा दुइटा च्याउ, यो कथा नजान्ने मुसा छोपी खाऊ के हो ? –कान

(ग) डाँडामाथि भीरमा एक थुँगो फूल के हो ? – फूली

(घ) आमाभन्दा छोरी बोक्सी के हो ? – खुर्सानी

(ङ) एक डल्लो धन, पोली खाऊ कि पकाएर खाऊ के हो ? – आलु र पिँडालु

(च) वरिपरि मट्याङ्ग्रा बीचमा घ्वाइँ, यो कथा नजान्ने स्यालको जुवाइँ के हो ?

– तारा र चन्द्र

४.१.४.२ **झ्याँगा**

नेपालको पश्चिमी भेगमा प्रचलित झ्याँगा गाउँखाने कथाको प्रकार वा शैली हो । झ्याँगा भनेको बिट र समाउने मुन्द्री नभएको ढिँडो खोले आदि पकाउने भाँडो हो । बिट वा मुन्द्रा नभएकै कारण यसको प्रयोग कठिन भएजस्तै झ्याँगा नामक गाउँखाने कथाको प्रयोग पनि अप्ठ्यारो हुन्छ । गीतिलयका यस्ता झ्याँगा रूप प्राचीन समयमा निकै प्रचलित रहेको देखिन्छ तर हाल यसको व्यापकतामा कमी हुँदै गएको देखिन्छ । श्रोताहरूलाई मनोरञ्जन दिने र गीतिलयमा सवालजवाफ गरिने झ्याँगाका केही नमुना यस प्रकार छन् :

(क) प्रश्नः एकै र मुठी जिरीको साग तेलघ्यूले झानन,
पूर्वकी रानी पश्चिम जाने यो झ्याँगा जानन ।
उत्तरः फनक्क घुम्यो सन्सरे डाँडो ताल दिने ढोलकी
पूर्वकी रानी पश्चिम जाने जूनघाम होला कि ।

(ख) प्रश्नः एकै र मुठी जिरीको साग तेलघ्यूले झानन
मरेको गोरु डुक्रिदै हिँड्ने यो झ्याँगा जानन ।
उत्तरः फनक्क घुम्यो सन्सरे डाँडो ताल दिने ढोलकी
मरेको गोरु डुक्रिदै हिँड्ने दमाहा होला कि ।

(ग) प्रश्नः एकै र मुठी जिरीको साग तेलघ्यूले झानन
पोलेको माछो खेतखेतै हिँड्ने यो झ्याँगा जानन ।
उत्तरः फनक्क घुम्यो सन्सरे डाँडो ताल दिने ढोलकी
पोलेको माछो खेतखेतै हिँड्ने फाली पो होला कि ।

(घ) प्रश्नः जति हेर्‍यो उति नै राम्रो त्यो मेरो गाउँ
सखारै उठी जनाउ दिने के होला यसको नाउँ ?
उत्तरः फनक्कै घुमी नाच्ने र घुम्ने त्यही मेरो नाउँ
सखारै उठ्न जनाउ दिने कुखुरी मेरो नाउँ ।

(ङ) प्रश्नः: एकै र मुठी जिरीको साग तेल घ्यूले झानन
दैला र मुनि सिँगारी खसी यो झ्याँगा जानन
उत्तरः फनक्क घुम्यो सन्सरे डाँडो ताल दिने ढोलकी
दैला र मुनि सिँगारी खसी चिचिन्डो होला कि ।

४.१.४.३ **झिट्टा**

नेपालको सूदूर पश्चिम भेगमा प्रचलित गाउँखाने कथाको एउटा रूप झिट्टा हो । यसलाई झ्याँगाको एक प्रकार मान्नेहरू पनि देखिन्छन् । झिट्टा सुदूर पश्चिम भेगतिर प्रसिद्ध न्याउला भाकाका गीतको एक किसिम मानिन्छ ।[१४] त्यहाँ दुलाहा पक्षका र दुलही पक्षका बीच दोहोरीका क्रममा सबालजबाफ गर्दा झिट्टा गाइन्छ र सोधिएको जबाफ गीतकै लयमा फुकाइन्छ । यसको पहिचान दिने केही उदाहरणहरू तल देखाउन सकिन्छ :

(क) प्रश्नः ढाड फल्ने मन्दर त मुरी फल्ने धान
विना फूल फुल्ने क्या हो ? यो यस जान ।
उत्तरः नाक लायने बुलाकी त कान लाउने ढुङग्री
विना फूल फल्ने त खमाको डुम्री ।

(ख) प्रश्नः डाँडा बस्न्या क्या हो क्या हो खोला बस्न्या क्या हो ?
कको मान्या बको मान्या चको मान्या क्या हो ?
उत्तरः कको मान्या कलकत्ता, बको मान्या बेलायत
चको मान्या चिरबङ्गाल पडल्याइ बैलाइत

(ग) प्रश्नः कहाँमा फुल्छ लालीगुराँस, कहाँमा फुल्छ जाई
कहाँमा जन्मे रामलक्ष्मण, कहाँमा जन्मिन सीता माई !
उत्तरः लेक फुल्छ त्यो लाली गुराँस, बेंसीमा फुल्छ जाई
अयोध्यामा जन्मे रामलक्ष्मण जनकपुर जन्मिन सीता माई

(घ) प्रश्नः को हुन् जर्नेल को हुन् कर्नेल को हुन् जङ्गी लाठ
मै म हिरन दिनु साईकी बाहुलीबाट
उत्तरः जान्ने भन्छ श्रीखनु नजान्नेलाई काठ
जून जर्नेल तारा कर्नेल सुर्जे जडमी लार
मै मरे हिरन दिनु साइकी बाहुलीबार

(ङ) प्रश्नः दश मास कोख बसी क्या को खानु खाईछि

---

[१४] धर्मराज थापा र हंसपुरे सुवेदी, २०५४ पृ. ६६ ।

कसो हरि भित्र गइछि कसो हरि आइछि ।

उत्तरः ज्या मेरी आमाले खाइन उही खानु मै खायाँ

लौनी जसो भित्र गयाँ मुतिजसो आयाँ ।

#### ४.१.४.४ घाउटा

भेरी कर्णाली क्षेत्रमा प्रचलित गाउँखाने कथाको प्रश्नोत्तरात्मक गेय रूपका अभिव्यक्ति घाउटा मानिन्छन् । यसको अर्थ अलमल्याउनेसित सम्बन्धित छ, किशोर- किशोरीका बीचमा दोहोरी भाकामा देउडा खेलमा गाइने सवालजवाफका रुपमा प्रचलित घाउटाका केही नमुना यस प्रकार छन् :-

(क) प्रश्नः नवै मुरी धानै र कुटी कति चाँवल भया

वर्ष दिन एउटाले खाई कति बाँकी रह्या ?

उत्तरः सात सय बीस माना चाँवल कुट्यूँ र धान भयो

एक दिन एउटाले खाई भूसै बाँकी रहयो ।

(ख) प्रश्नः पृथ्वीमा तारा कति सगर रात कति ?

समुद्रमा पानी कति मान्छेका जात कति ?

उत्तरः पृथ्वीमा राजा एकै सगर एक रात

समुद्रमा पानी एकै मान्छेका दुई जात ।

(ग) प्रश्नः पन्ध्र बाइस सुन्ना सात, निकाल भाइ एकैएक

उत्तरः हामी लाउँछौँ दुनाटपरी, तिमी गुन त्रिहत्तरी ।

## ४.२ निष्कर्ष

लोकसाहित्यका अन्य विधाभन्दा गाउँखाने कथाले भिन्न स्थान ओगटेको देखिन्छ । गाउँखाने कथाले लोकजीवनकै संसारबाट सम्वर्द्धन पाइरहेका छन् । भाषिक प्रयोग र प्रतियोगितामा आनन्द लिने किशोर र किशोरीहरूमा गाउँखाने कथा औधी आकर्षक बनेको देखिन्छ । गाउँखाने कथामा अनुप्रासयुक्त रचना अन्य रचनाभन्दा बढी प्रचलित देखिन्छन् । गाउँखाने कथाहरूले अर्थको सीमालाई समेत बोकेको हुँदा प्रतियोगीहरूलाई समस्या र समाधानका गतिशीलतामा बौद्धिक विकासतिर डो विकसित भएका समाजका गतिशील

द्योतक मानिन्छन् । समाजको विकास सँगसँगै यिनीहरूको प्रयोगमा पनि नयाँपन दिनानुदिन बढ्दै जान्छ र प्राचीन संस्कृतिको पनि परिचय गर्दै नवीन मूल्य स्थापित गर्न गाउँखाने कथाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

# पाँचौं परिच्छेद

# रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको वर्गीकरण र विश्लेषण

## ५.१ परिचय

रुपन्देही जिल्ला नेपाल अधिराज्यमा रहेका जिल्लाहरूमध्ये मझौला खालको जिल्ला हो । जनसङ्ख्याका हिसाबले पनि जनघनत्व बढी भएको तेस्रो रुपन्देही जिल्ला हो । तराईको विकसित जिल्ला भनेर चिनिने यस जिल्लामा अधिकांश मानिसहरू बाहिरी जिल्ला-विशेष गरी गुल्मी, अर्घाखाँची, पाल्पा, बाग्लुङ, पर्वतलगायत मेचीदेखि महाकालीसम्मकका र दक्षिण भारतीय क्षेत्रका विभिन्न क्षेत्रबाट आई बसोबास गरेका छन् । पेसामा आबद्ध मानिसहरूको समेत सङ्गमस्थलको रूपमा पनि यो जिल्ला परिचित छ । स्थानीय सांस्कृतिक विशेषता यस जिल्लामा आफैमा छँदैं छ तापनि बाहिरी क्षेत्रबाट आएका मानिसहरूको जनसङ्ख्या उल्लेख्य भएका कारण यहाँको सांस्कृतिक विविधता व्यापक रूपमा झाङ्गिएको छ । बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुजातीय परिवेश बोकेको यस जिल्लामा साहित्यिक एवं शैक्षिक जगत्ले पनि गति लिएको छ । विभिन्न क्षेत्रका लोकसंस्कृति र लोकपरम्परा लिएर आएका विभिन्न समुदायका मानिसले यहाँ कुनै न कुनै किसिमबाट ती प्राचीन विधिलाई समेत वरण गरेको देखिन्छ ।

रुपन्देहीको लोकसंस्कृति विशेष गरी यहाँका बाह्य ग्रामीण क्षेत्रका मानव सम्प्रदायबाट विकसित भएको छ । लोकसंस्कृतिअन्तर्गत लोकसाहित्यको एक अङ्गको रूपमा परिचित गाउँखाने कथा पनि यहाँको लोकजीवनको महत्त्वपूर्ण अङ्ग बनेको देखिन्छ । मानवीय व्यवहारको अन्योन्याश्रित निधि बनेको यहाँको लोकसाहित्यअन्तर्गतको गाउँखाने कथालाई व्यवस्थित गरी छरिएर रहेको सांस्कृतिक ऊर्जालाई एकत्रित गर्न सकिन्छ । गाउँखाने कथालाई सङ्कलन गरी यसको वर्गीकरण र विश्लेषण गर्न सकेमा मात्र यसले सार्थक स्वरूप गर्न सक्ने भएकोले त्यसको अध्ययन, अनुसन्धान गर्नु वाञ्छनीय ठानी यसका वैशिष्टचको विश्लेषण गर्ने प्रयत्न गरिएको हो ।

भौगोलिक दृष्टिकोणले समथर तराईको यस जिल्लामा बुटवल नगरपालिका र सिद्धार्थ नगरपालिकामा आनन्दवन, शङ्करनगर, सालझन्डी, लुम्बिनी आदर्श लगायतका गा.वि.स.हरू पनि नगरोन्मुख रहेका छन् । भौतिक विकासमा अग्रसर यस जिल्लामा पाश्चात्य संस्कृतिको समेत छाप परिसकेको देखिन्छ । यस जिल्लामा लोकजीवनको सेरोफेरोका लोकसाहित्यका विधाहरू लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथा प्रशस्त मात्रामा भनिँदैसुनिँदै आएका छन् ।

गाउँखाने कथाका विद्वान् फ्रेजरले जब कुनै कारणले वक्तालाई कुनै कुरो स्पष्ट रूपमा असजिलो पऱ्यो होला त्यसको उदय पनि त्यसै समयमा भयो होला भनेझैँ यसको प्रचलन विशेषगरी बुद्धिपरीक्षा र मनोरञ्जनका लागि भएको पाइन्छ । रुपन्देही जिल्ला तराईको जिल्ला भएकोले यहाँका आदिबासी अवधी, मैथिली, भोजपुरी लगायतका जातजाति भाषाभाषिहरूमा पनि आफ्नै किसिमले गाउँखाने कथाको प्रयोग भएको पाइन्छ । कहिले वैवाहिक अवसरमा बेहुलाको योग्यता जाँच्न वा बौद्धिक परीक्षण गर्न यो प्रक्रिया गरिन्छ कोहवरमा ( मङ्गलकार्यमा, कुलदेवता स्थापित गरिने र बिहामा लौकिक रीति पूरा गरिने कोठा) मा प्रवेश गर्न लाग्दा घरका आइमाईहरू उसलाई पहिले प्रश्न सोद्धछन् । त्यसको त्यसलाई 'छेका' भन्ने गरिन्छ । त्यसको चित्तबुझ्दो उत्तर दिएपछि मात्र वरलाई कोहवरमा प्रवेश गर्ने अनुमति दिइन्छ ।

रुपन्देहीमा मूलतः मनोरञ्जन गर्न र बौद्धिक जाँच गर्न विभिन्न अवस्थामा गाउँखाने कथा प्रयोग गरिन्छ । यहाँका मानिस दिनभरिको थकाई मेट्दा र चर्को गर्मीबाट आराम गरी समय व्यतीत गर्दा बसिबियाँलोका रूपमा बुद्धिजाँच गर्ने गराउने क्रममा नै गाउँखाने कथाको प्रयोग गर्दछन् । आँगन, पिँढी, मझेरी, अँगेनुको डिल, खेतको डिल (मेडी) र रूखको छहारीजस्ता स्थानहरू नै गाउँखाने कथा पस्कने मुख्य थलो हुन् । यिनीहरूको प्रयोगमा व्यावहारिक वा पारिवारिक जीवनका अनेक घरहरू जोडिएका हुन्छन् ।

यसरी लिखित रूपमा नभई मौखिक रूपमा नै गाउँखाने कथाहरु कथ्य भाषाको माध्यमबाट विशेष गरी ग्रामीण जीवनमा प्राचीन समयदेखि विकसित हुँदै पुस्तान्तरण भई क्रियाशील भएका छन् । यस प्रक्रियाले गर्दा जिल्लाभर विस्तार हुँदै, हुर्किदै र झाँगिदै आएका

छन् । रुपन्देही जिल्लामा यहाँको सांस्कृतिक रङ्ग एकातिर देखिएका छन् भने अर्कोतिर बाहिरबाट भित्रिएको लोकसाहित्यिक संसार गाउँखाने कथा आफ्नै रीतिगत संस्कारमा जहाँ रहे पनि त्यसको प्रयोग गर्नु मानवको स्वभाव पनि हो । त्यही प्रतिबिम्ब रुपन्देहीमा पनि स्वभावैले पर्ने भएकाले यस जिल्लामा गाउँखाने कथाले आफ्नो स्वरूप विस्तार गर्दै गयो । कृषकहरू कृषिकार्य गर्दा युवा युवती किशोर किशोरीहरू विशेष गरी मनोरञ्जन गर्दा बौद्धिक चतुऱ्याई जाँच्दा बूढाबूढी तथा आइमाईहरू उत्सव वा पर्वका अवसरमा वा टपरी गाँस्दा अनेक प्रकियाका क्रममा गाउँखाने कथा भन्ने सुन्ने गर्दछन् । रुपन्देही जिल्लामा खास गरी सबै खाले गाउँखाने कथाको प्रयोग भएको पाइन्छ । यस शोधपत्रको उद्देश्य नै यहाँ प्रचलित गाउँखाने कथाको खोज अनुसन्धान गर्नु भएकोले यसै केन्द्रित भएर वर्गीकरण र विश्लेषण गरिएको छ ।

### ५.२. रुपन्देहीमा प्रचलित गाउँखाने कथाको वर्गीकरण

रुपन्देही जिल्ला विकासका अन्य पूर्वाधार सँगसँगै भाषिक साहित्यिक क्षेत्र पनि महत्वपूर्ण छ । यो यहाँको एक अनुपम भण्डारका रूपमा चर्चित छ । यसो हुनाको मुख्य कारण बहुभाषिक एवं बहुसाँस्कृतिक जनमानसहरूको जनधनत्व नै हो ।  मानिस जहाँ गए पनि आफ्नो सङ्कृति, कला, साहित्य आदि सँगै लिएर जाने अनि उक्त स्थानमा त्यसको प्रयोग कुनै न कुनै माध्यमले गरिने प्रवृतिकै कारण गाउँखाने कथा पनि लोकजीवनमा आ-आफ्ना क्षेत्रबाट स्थानान्तरण हुन्छन् । त्यसैले गर्दा यहाँ प्रचलित गाउँखाने कथाहरू पनि स्वभावैले एकै किसिमका छैनन् । भौगोलिक विविधता, सांस्कृतिक विविधता, रहनसहन तथा कृषिकार्यको विविधताले गर्दा फरकफरक खालका गाउँखाने कथाहरू यहाँ प्रचलनमा आएका छन् । यही आधारमा यहाँका गाउँखाने कथालाई निम्नालिखित आधारहरुमा वर्गीकरण गर्न सकिन्छ :

(क) विषयवस्तुका आधारमा

(ख) भाषिक संरचनाका आधारमा

(ग) रूपात्मक आधारमा

(घ) विविध आधारमा

#### ५.२.१. विषयवस्तुका आधारमा रुपन्देहीमा प्रचलित गाउँखाने कथा

रुपन्देही जिल्लामा प्रयोग हुँदै आएका गाउँखाने कथाहरू विभिन्नसम्बन्धित रहेका पाइन्छन् । कुनै पनि गाउँखाने कथा अन्त्यमा कुनै न कुनै विषयमै गएर अडिने वा टुङ्गिने भएकाले विषयवस्तुका आधारमा गरिने वर्गीकरण बढी वैज्ञानिक एवं सान्दर्भिक देखिन्छ । विषयवस्तुका आधारमा रुपन्देहीमा प्रचलित गाउँखाने कथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :-

### ५.२.१.१. **घरेलु जीवनसम्बन्धी**

रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथामा ग्रामीण क्षेत्रका घरायसी विषयवस्तुलाई प्रतीकात्मक शैलीमा प्रयोग गरिएको हुन्छ । गाउँघरमा विभिन्न कायै गर्दा प्रयोग गरिने डोको, डालो, नाम्लो, ढिकी, जाँतो, हलो, कोदालो, झ्याल, ढोका, आग्लो, जुत्ता, लौरो जस्ता घरेलु जीवनसम्बन्धी बस्तुहरु गाउँखाने कथामा समेटिएका पाइन्छन् । जस्तैः

(क) जन्म हुँदा सबै मलाई अति माया गर्छन्,
वर्ष पूरा हुना साथ रछ्यानमा फाल्छन् के हो ? - भित्तेपात्रो

(ख) चुइयाँ चुइयाँ पच चुइयाँ चुइयाँका पुच्छरले भुइँ छुइयाँ के हो ? - रोटेपिङ

(ग) छ ऊ संसार उज्यालो, छैन ऊ दिउँसै अँध्यारो के हो ? - सूर्य

(घं) जाडोभरि छैन काम, गर्मी वर्षा साथै जाम के हो ? - छाता

(ङ) किन्नेले लाउँदैन, लाउनेले देख्दैन के हो ? - कात्रो

(च) अँध्यारो कुनामा काली बूढी लुटुपुटु गर्छे के हो ? - पोछा लोटाएको

(छ) कान तान्दा मुख खुल्ने के हो ? - थैली

(ज) चार भाइ हेराहेर गर्छन् तर भेट कहिल्यै नहुने के हो ? - गाई र भैंसींका थुन

### ५.२.१.६. **शरीरका अङ्गसम्बन्धी**

मानिसले आफ्ना शरीरका विभिन्न अङ्गहरू नाक, कान, आँखा, रौँ, नङ, नाइटो, बुलाकी आदिलाई प्रतीकात्मक ढङ्गले प्रस्तुत गर्ने भएको हुनाले त्यस्ता खाले गाउँखाने कथालाई यस वर्गमा राखेर चर्चा गर्न सकिन्छ । रुपन्देहीमा प्रचलित शरीरका अङ्गसम्बन्धी गाउँखाने कथाका केही नमुना यहाँ देखाइन्छ । जस्तैः

(क) चिमचिमे दुई बहिनी डाँडावारि डाँडापारि भेट कहिल्यै नहुने के हो ? – आँखा

(ख) चार भाइ एकै पलङमा एक भाइ छुट्टै के हो ? – बूढी औँला

(ग) कालो ओडारमा रातो पुलिस के हो ? – जिब्रो

(घ) चिचीमाथिको पापा के हो ? – नङ

(ङ) अग्लो पहरामा एक मात्र खुट्किलो के हो ? – नाइटो

(च) पाँच भाइको यौटै थाल के हो ? - हत्केला

(छ) 'तँ' भन्दा छुट्टिने 'म; भन्दा जोडिने के हो ? – ओठ

(ज) गहिरो तलाउमा चाँदीको बार के हो ? – दाँत

५.२.१.७. **कृषिव्यवसायसम्बन्धी**

रुपन्देही जिल्लामा औद्योगिकीकरण केही मात्रामा भए पनि अधिकांश जनताको जीवनस्तर कृषिमा नै मूलतः आधारित रहेको देखिन्छ । कृषिकर्मका परम्परागत औजारहरू लगायत बीउबिजनसँग सम्बन्धित गाउँखाने कथाहरू यहाँ प्रचलित छन् । कृषि औजारका रूपमा हलो, जुवा, फाली, कोदालो, हँसिया, डोको, डालो, नाम्लो आदि खाद्यवस्तुको रूपमा मकै, फापर, लौका, खुर्सानी, आलु, उखु, केरा, मेवा, लिची, आँप, फर्सी आदिलाई विषयवस्तु बनाएर गाउँ खाने कथा भन्ने चलन यहाँ छ । जस्तै :

(क) गोलोगोलो घरको न झ्याल न ढोका के हो ? – फर्सी

(ख) गहतकोसे घोप्री गाई, वनमा चरी भोकै आई के हो ? – हँसिया

(ग) हिँड्दै छ आँखा तर्दै छ के हो ? – डोको बुनेको

(घ) पोलेको माछो खेतखेतै दुगुर्छ के हो ? – फाली

(ङ) जलैजल छ आमाको पेटभरि,
उनीमुनि बस्ने म हुँ गोलो पगरी के हो ? – बियाँ

(च) जन्मदादेखि भुत्लैभुत्ला, ठूलो हुँदा खरानीका कत्ला के हो ? – कुभिन्डो

(छ) झन् पर जान्छे झन् आँखा तर्छे के हो ? – डोको

(ज) फल न फूल डाँठमा मूल के हो ? – उखु

(झ) दिनभरि लुरीलुरी रातभरि कान्लो कुरी के हो ? – हलो

५.२.१.८ **प्रकृतिसम्बन्धी**

मानिस स्वयं प्रकृतिको एक अङ्ग हो । तिनाउ, रोहिणी, डन्डा लगायतका नदीहरू रहेका रुपन्देही जिल्लाको भूभाग समथर भएका कारण वन तथा वनस्पतिले सजिएको मनोरम प्राकृतिक स्थल पनि हो । मणिमुकुन्द उद्यान, हिलपार्क, लुम्बिनी क्षेत्र, सालझन्डी एवं पूर्वपश्चिम राजमार्गका दुवैतर्फका किनार क्षेत्र अनि लहलह झुलेका धानका बाला र खेतको हरियाली रुपन्देही बासीको मात्र नभएर सौखिन यात्रुको मनमस्तिकलाई पनि सजिलै जित्न सक्ने प्राकृतिक छटाका रुपमा रहेको छ । पहाड, हिमाल, तराई वा भौगोलिक विषयवस्तु राखी वन्यजन्तु चराचुङ्गी तथा वनस्पतिलाई समेत विभिन्न माध्यमले बिम्ब र प्रतीकका रूपबाट यहाँका गाउँखाने कथाको प्रयोग गरिएको पाइन्छ । जस्तै :

(क) जुँगेबाबाका दाँत लामा, जङ्गल घुम्छन् छेउकुना के हो ? – बाघ

(ख) जान्छ जान्छ फर्केर आउँदैन ? – नदी तथा खोलो

(ग) दिदीबहिनी देखादेख हुने भेट कहिलै न हुने के हो ? – सूर्य र चन्द्र

(घ) जल छ, तलाउ छ , पानी छ पिउनु नाइ के हो ? – हिउँ

(ङ) दिदी पोल्ने बहिनी सन्च के हो ? – घाम र जून

(च) पानीविना बल्छी खेल्छ के हो ? – बाँस

(छ) नौतले घरको झ्याल न ढोका के हो ? – बाँस

(ज) चाँदी फुल्ने सुन फल्ने के हो ? – ऐँसेलु

(झ) पाल्पामा जन्मिन् बुटवलमा ब्याई सागरमा पुग्छिन् के हो ? – तिनाउ नदी

(ञ) आउँछ जान्छ पर्खदैन, कसैसँग थर्कदैन के हो ? – समय

## ५.२.१.९ पशुपन्छी तथा जीवजन्तुसम्बन्धी

रुपन्देही जिल्ला पशुपन्छीको आश्रयस्थलको रूपमा पनि चर्चित रहेको देखिन्छ । यहाँ एकातिर मानवले आफ्नो जीविकोपार्जनका निम्ति व्यावसायिक किसिमले पनि पशुपक्षीहरू पाल्ने गरेका छन् भने अर्कातिर आफ्नो रक्षार्थ वा सौखिन प्रवृत्तिले पनि मानिसले पशुपक्षीहरूको सङ्ग्रह गर्ने गरेको देखिन्छ । जलचर, थलचर, उभयचर प्राणी तथा कीराफट्याङ्ग्राको उल्लेख रुपन्देहीका गाउँखाने कथामा पाउन सकिन्छ । यहाँ देखा पर्ने जुका,

उपियाँ, बाघ, कुकुर, स्याल, बिरालो, परेवा, माहुरी, गाई, भैंसी लगायतसँग सम्बन्धित गाउँखाने कथा पनि यही प्राप्त गर्न सकिन्छ ।

केही उदाहरण :

(क) वन बगैंचामा बस्ने राम्री चरी,
पानी पर्दा रमाएर नाच्छे कठैबरी के हो ? – मयूर

(ख) वृन्दा वनमा गाई चरेको के हो ? – जुका

(ग) सानोसानो चिन्ते गाउँभरि घुम्ते के हो ? –बिरालो

(घ) सुटुक्क जान्छु, कुटुक्क टोक्छु, आएँ भने आइहाले,
आइन भने किरिया गर्नु के हो ? – कमिलो

(ङ) लामो लहराको मीठो फल के हो ? – माछा

(च) शिरकोटको जमदार नङकोटमा आएर मर्छ के हो ? – जम्रा

(छ) सानीसानी नानी उफ्री हिँड्ने बानी के हो ? – उपियाँ

(ज) अगाडि शङ्ख, पछाडि शङ्ख के हो ? – कुकुर

(झ) अगि पनि पुच्छर, पछि पनि पुच्छर के हो ? –हात्ती

(ञ) बाँधे कराउने, फोए हराउने के हो ? – बिरालो

**५.२.१० शैक्षिक सामग्रीसम्बन्धी**

(क) तिनाउको पानी शङ्करनगरको खेत, पाँच भाइ बाउसे एउटा कोदालो के हो ?
– कलम र मसी

(ख) डेढ अक्षरको दुइटाभन्दा एउटा महिना हुन्छ,
बाँकी दुई समेत जोडे पढ्ने वस्तु बन्छ के हो ? – किताब

(ग) तलतिर थिच्यो भने माथि उठ्छु,
तलमाथि गरी गरी काम पूरा गर्छु के हो ? – डटपेन

**५.४.११ सञ्चारसम्बन्धी**

(क) जुन देश जन्मे पनि बोल्छु सयौं भाषा
प्रायः सबै दुनियाँले गर्छन् मेरै आशा के हो ? – रेडियो

(ख) सत्यवतीमा आगो लाग्यो बुटबल बजारमा खैलाबैला के हो ?– तमाखु खाएको

(ग) जे.एल बेयर्डले बनाए मलाई हेरेर सबै रमाए,

घरमा बसी संसार देखाउँछु, गीत, कथा समाचार सुनाउँछु के हो ? – टेलिभिजन

(घ) बहुरङ्गी अक्टोपसका अनेक रूप,

कहिले कान, कहिले हात, कहिले खल्तीमा खुब के हो ? – मोबाइल

### ५.२.१२ धूम्रपानसम्बन्धी

(क) जति तान्यो त्यति छोटो के हो ? – चुरोट र बिँडी खाएको

(ख) आकाशको पानी गर्भमा नानी के हो ? - रक्सी बनाएको

(ग) गनगने बूढीको थाप्लोमा उत्तानो टोपी के हो ? - हुक्का र चिलिम

### ५.२.१३ विज्ञान–प्रविधिसम्बन्धी

(क) थिच्यो कि कराउँछु, बोलेको पुऱ्याउँछु तर पैसा तिराउँछु के हो ? - टेलिफोन

(ख) दिनभरि लिन्छ, रातभरि दिन्छ के हो ? - सोलार लाइट

(ग) खान दिए नाइँ नाइँ थिचिदिए मुसुक्क के हो ? - बिजुली बत्ती

(घ) थिचेर चल्छु, लाइनले खान्छु, किताबले भन्दा बढी ज्ञान दिन्छु के हो ?

- कम्प्युटर

### ५.२.२. भाषिक संरचनाका आधारमा रुपन्देहीमा प्रचलित गाउँखाने कथा

रुपन्देहीमा प्रचलित गाउँखाने कथालाई भाषिक अर्थात् माध्यमका दृष्टिले पनि हेर्न सकिन्छ । भाषा अभिव्यक्तिको सशक्त माध्यम मानिन्छ । त्यसैले यस आधारमा यहाँ प्रचलित गाउँखाने कथालाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ ।

(१) एकवाक्यात्मक (क्रिया भएका र क्रिया नभएका)

(२) अनेक वाक्यात्मक

(३) गीत्यात्मक वा कवितात्मक

(४) कथात्मक

५.२.२.१. **एकवाक्यात्मक गाउँखाने कथा**

एकवाक्यात्मक गाउँखाने कथाहरू छोटाछोटा एक वाक्यमा टुङ्गिने खालका हुन्छन् । यस्ता किसिमका गाउँखाने कथा क्रियासहित र क्रियारहित गरी दुई किसिमका हुन्छन् । रुपन्देहीमा यस प्रकारका गाउँखाने कथाहरु िनम्नानुसार प्रचलित छन् :-

(क) क्रियासहितका गाउँखाने कथाः

यस्ता खाले गाउँखाने कथामा एउटै वाक्यभित्र एक वा एकभन्दा बढी क्रिया रहन सक्छन् । अर्थ बुझ्नको लागि यस्ता किसिमका गाउँखाने कथा बढी सहज हुन्छन् । जस्तैः

(क) जान्छ, जान्छ पानीसित डराउँछ, के हो ? - जुत्ता

(ख) हात्ती छिर्‍यो, पुच्छर अड्काये के हो ? –सियोग-धागो

(ग) जति ताछ्यो उति ठूलो हुने के हो ? – खाडल

(घ) अग्लो भीरमा भेड, थुप्रिएको के हो ? - मकै भुटेको

(ङ) बेलुकी पख खस्रो भाले नाच्छ के हो ? –भ्यागुतो

(च) मरेको गोरुले सास फेर्छ के हो ? – खलाती

(छ) ताउलो पाक्छ भात पाक्दैन के हो ? – बेलौती

**(ख) क्रियापदरहित गाउँखाने कथा**

यस्ता खाले गाउँखाने कथा छोटा, रसिला, सरल र सहज हुनाका साथै तिनमा वाक्य टुङ्ग्याउने क्रियाको समेत प्रयोग हुँदैन तर पनि अर्थ सजिलोसँग बुझ्न र अर्थ्याउन सकिन्छ । जस्तैः

(क) बेहुला न बेहुली घरभरि जन्ती के हो ? –कमिलाको ताँती

(ख) बूढाबूढी दुवैको साझा पटुका के हो ? –आग्लो

(ग) गाई गोठमा, दाम्लो वनमा के हो ? –फर्सी वा काँक्रो

(घ) स्वर्गमा पानी गर्भमा पानी के हो ? –रक्सी पारेको

(ङ) गुनगुने नानीको मीठो भान्सा के हो ? – मौरी र मह

(च) सेतो पीठोमा राती गेडी के हो ? – आगोका कोइला

(छ) पाँच भाइको एउटै थाल के हो ? — हत्केला

### ५.२.२.२. अनेक वाक्यात्मक गाउँखाने कथा

यस्ता खाले गाउँखाने कथामा सानासाना अनेक वाक्यहरूको संयोजन भएको हुन्छ, जसले गर्दा भनाइ घुमाउरो र बुद्धि खियाउनुपर्ने किसिमका हुन्छन् । जस्तै

(क) भन्दाखेरि छ मात्रै, गन्न लागे सात,
पढ्दा, लेख्दा काम लाग्ने के हो त्यसको जात ? — छ (अक्षर)

(ख) घरतिर आउँदा वनतिर मुख,
वनतिर जाँदा घरतिर मुख के हो ? — बन्चरो

(ग) लेकबाट भैँसी झऱ्यो लबरलबर कान,
एउटा छोरो पाएपछि खुकुरीले हान के हो ? — केरा

(घ) लेखिएको छ दुवैपट्टि किताब त्यो होइन,
डुल्छ फेरि जहाँतहाँ खुट्टा भने छैनन् के हो ? — सिक्का

(ङ) वरिपरि तितौरा बीचमा नुनढिकी,
झट्ट हेर्दा लाग्ने निदाएको ढिकी के हो ? — जून र तारा

(च) लेकबेसी, पहाड, तराई सबैतिर हुन्छ,
बिहान बेलुका हलुवा पाक्छ, दिउँसो पड्किदिन्छ के हो ? — मकै

### ५.२.२.३ कवितात्मक गाउँखाने कथा

रुपन्देहीको जनजीवनमा लोकगीत लोकप्रिय मनोरञ्जनको माध्यम बनेको देखिन्छ । यसैमा आधारित गाउँखाने कथाहरू पनि यहाँको जनजिब्रोले स्वरमा गुन्जाएको पाइन्छ, जुन लयात्मक र गीत्यात्मक हुन्छन् । जस्तै :

(क) प्रश्नः नुन र तेल सामान लिन बटौली जाम न
जति खर्च गऱ्यो नि त्यति बढ्ने के भनन ।

उत्तरः उकाली र ओराली गर्दै बटौली जान कि
जति नै खर्च गऱ्यो उति बढ्ने विद्या नै होला कि ।

(ख) चाल त्यसको छड्केमड्के बसाइ त्यसको जाँतो

दाँत उसको अनारदाना, माया उसको राँको के हो ? – सर्प

(ख) आयो भन्छन् देखिन्न, गयो भन्छन् भेटिन्न,

ध्वंसकारी त्यसको अक्षर इतिहास भेटिन्न के हो ? – भूकम्प

**५.२.२.४ कथात्मक गाउँखाने कथा**

कतिपय गाउँखाने कथाको रहस्य लामो व्याख्या र विश्लेषणबाट मात्र थाहा हुन्छ । रुपन्देहीमा पनि यस्ता खाले गाउँखाने कथा भन्ने र सुन्ने गरिन्छ । यस्ता गाउँखाने कथाका केही उदाहरण यस्ता छन् ।

(क) पुच्छरमा छ पैसैपैसा शिरमा शिरपेच हरदम

त्यहीँ नाच्थ्यो वनमा पहिले बादल देख्दा छमछम के हो ? – मयूर

(ख) दिनभरि खाली बस्छ, रातभरि बोक्छ ,

सुतीसुती जमिनमा चार खुट्टा टेक्छ के हो ? – पलङ्ग र खाट

(ग) दुई अक्षर मेरो नाम सानो हुँदा पकाइ खाम

ठूलो भएपछि धुरीमा जाम के हो ? – बाँस

(घ) दायाँ सत्यवती बायाँ मस्याम बीचमा चुच्चे डाँडा,

यतायति गर्दै झिमछिम पार्दै गर्छन् मेरै रमिता के हो ? – आँखा

**५.३ रूपात्मक आधारमा रुपन्देहीका गाउँखाने कथा**

रुपन्देहीमा प्रचलित गाउँखाने कथालाई रूपात्मक आधारमा निम्नानुसार वर्गीकरण गरी देखाउन सकिन्छ :-

**५.३.१ आकारगत रूपमा गाउँखाने कथा**

निश्चित आकारप्रकार भएका गाउँखाने कथा यसवर्गमा पदर्छन् । सामान्यतः पदावली, वाक्यांश वाक्यस्तरका गाउँखाने कथाहरू यस अन्तर्गत रहन्छन् । यस्ता खाले गाउँखाने

कथामा सानो, छोटो वाक्य वा ठूलो लामो वाक्यमा भनिने गाउँखाने कथालाई समेटिएको छ। जस्तैः

(क) नहसङ्गी अक्टोपसका अनेक रूप,
कहिले कान कहिले हात कहिले खल्तीमा खुब के हो ? – मोबाइल सेट

(ख) बाली न बिरुवा नौ मुरी तोरी के हो ? – तारा

(ग) माटोबाट बन्छ ढुङ्गाको काम दिन्छ के हो ? - इँटा

(घ) शरीरभरि आँखा छन् हेर्दा केही छैन
अरूलाई नबोकाई हिँड्न जान्दैन के हो ? – डोको

(ङ) नौ तले घरको न झ्याल न ढोका के हो ? – बाँस

५.३.२. **अनुप्रासयुक्त**

कतिपय गाउँखाने कथामा स्वतः मिलेर आएको हुन्छ । अनुप्रास मिलेका यस किसिमका गाउँखाने कथा श्रुतिमाधुर्य युक्त र मनमोहक पनि हुन्छन् । जस्तैः

(क) सानीसानी सुकुमारी घ्याम्पाजत्रो पेट,
कहाँ बसी मोटाइस् ? भीर, पहरा लेक के हो ? – किर्नु

(ख) सानो टाउको पातलो जीउ,
मोटो कहिल्यै भएन खाए पनि घिउ के हो ? – मदानी

(ग) बेंसीमा कुलो लेकमा खेत,
कतातिर टुप्पो कतातिर फेद के हो ? – इन्द्रेनी

५.३.३. **लयात्मक**

रुपन्देहीमा प्रचलित कतिपय गाउँखाने कथा लयात्मक भएकोले मनमोहक बनी युवायुवती तथा केटाकेटीका निम्ति बढी प्रिय बनेका देखिन्छन् । जस्तैः

(क) एकादेशकी रानी आइन, मीठो चाल मारी
ढकनीलाई ओह्वालेर कालो लाई सारी के हो ? – निद्रा

(ख) बुढेसकालमा छोरो पायो, बिरालाले खायो

थुक्क भट्याङगाँठे बूढा दुःख मात्रै पायो के हो ? – केरा

### ५.३.४. उपमानमूलक

रुपन्देहीको जनजीवनमा एउटा वस्तुलाई अर्को वस्तुसँग उपमा दिएर अप्रस्तुत विषयलाई प्रस्तुत गराउने खालका कथा प्रचलित रहेका देखिन्छन् । त्यस्ता खाले गाउँखाने कथालाई उपमानमूलक गाउँखाने कथा भनिन्छ । जस्तैः

(क) बाह्र लाटा, तीन बाठा, एकै घरमा जोड्न नाता के हो ? – घडी

(ख) पुड्के बाहुनको सुड्के चन्दन के हो ? – मास

### ५.३.५.प्रश्नात्मक

रुपन्देहीमा प्रचलित यस्ताखाले गाउँखाने कथाको अन्त्यमा सोकै प्रश्न सोधिएको जनाएका हुन्छन् । जस्तैः

(क) अड्गजी रुखका गड्गजी पात,<br>
को ल्याउँछ दुनाबकोता ? को खान्छ भात ? - के हो ? - पानी अमला

(ख) भन्दा खेरि छ मात्रै गन्न लागे सात,<br>
पद्दा लेख्दा काम लाग्ने के हो त्यसको जात ?<br>
- 'छ' अक्षर (क, ख, ग, घ, ङ, च, छ)

(ग) कुन पान खान मिल्दैन के हो ? - जापान

(घ) कुन चरा उड्न सक्दैन के हो ? - बन्चरो

(ङ) कुनै एउटा बनमा को हो ? के हो ? - दाउरा काटेको

### ५.४. विविध प्रकृतिका गाउँखाने कथा

उल्लिखित वर्गीकरणबाहेक रुपन्देहीमा प्रचालित विविध विषयसँग सम्बन्धित गाउँखाने कथालाई अनि कतिपय वर्गमा राखेर हेर्न सकिन्छ । अक्षर संरचनासम्बवन्धी, बाजागाजासम्बन्धी, हातहतियारसम्बन्धी, खेलकुदसम्बन्धी, धर्मकर्मसंम्बन्धी, शैक्षिक

सामग्रीसम्बन्धी, धूम्रपानसम्बन्धी विषवस्तुमा पनि प्रशस्त मात्रामा गाउँखाने कथाको प्रयोग यहाँ भएको पाइन्छ । जस्तैः

### ५.४.१. गाउँखाने कथाको अक्षरसंरचना

रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथा उच्चारणलाई आधार मानी तिनको संरचनालाई यहाँ देखाउन खोजिएको छ । यस दृष्टिबाट हेर्दा कुनै साना र कुनै ठूला संरचनामा बनेका पाइन्छन् । थोरैमा ५ अक्षर र बढीमा ३० भन्दा बढी अक्षर संरचना भएका गाउँखाने कथाका केही उदाहरण यस प्रकार छन् :-

(क) कालो वनमा रङ (के हो ? - गाजल)

२ + २ + १ = ५

(ख) चिचीमाथिको पापा (के हो ? - नङ)

५ + २ = ७

(ग) नाकमा टेकी कान समाउने (के हो ? - चस्मा)

२ + २ + १ + ३ = ८

(घ) फनफनी घुम्ने गर्मी याममा चिसो हावा बेच्दै दाममा (के हो ?- पंखा)

३ + २ + २ + २ + २ + २ + २ + २ = १७

(ङ) पारिबाट आयो भ्याप्ल्याङ-भ्याप्ल्याङ कान

४ + २ + २ + २ = १०

मुखबाट बियायो बन्चरोले हाने (के हो ?- केरा)

३ + ३ + ४ + १ = २१

(च) गाग्राका जसा आनुमानु कुकुरका जसा कान

३ + २ + ४ + ३ + २ + १ = २७

यो साइतर नराइया कुकुर पोली खाने (के हो ?- दारिम)

१ + ३ + ४ + २ + २ + १ = २७

(छ) जुँगा लुछी कपडा च्याती धनगेडीलाई कब्जामा लियो

२ + २ + २ + २ + ४ + ३ + २ = १७

त्यतिले नपुगी मोतीको दाना चुडाइ दियो (के हो - मकै नङ्गाएको)

३ + ३ + ३ + २ + ३ + २ = ३२

**५.४.२. वाद्यवादनसम्बन्धी**

(क) मरेको भैँसीगोरु गाउँ बेसी डुक्रन्छ के हो ? – बाजा

(ख) पुतली चरी गीत गाउँदै झरी के हो ? – सनई

**५.४.३ हात–हतियारसम्बन्धी**

(क) वनतिर जाँदा घरतिर मुख, घरतिर जाँदा वनतिर मुख के हो ? – बन्चरो

(ख) सानो मुखको ठूलो बोली के हो ? – बन्दुक

(ग) पारी कोटमा कुकुर भुक्यो, पुच्छर मेरो हातमा के हो ? – बन्दुक

**५.४.४ खेलकुदसम्बन्धी**

(क) हावाले भरिएको छालाको गानु,
आफूतिर आए लात्तीले हानूँ के हो ? – बल

(ख) तल मादल बजाउने माथि छमछम नाच्ने के हो ? – लटाई र चङ्गा

(ग) चौकुना मिलेको टारी गाउँमा सुख्खा कुवा चार
अठार चोरले एक चरीलाई गर्न खोज्छन् प्यार के हो
सुराक लगाई एक प्रहरी आयो
कुटीकुटी मज्जा चखायो एकएकगर्दै
सकेजति सबैलाई कुवामा खसायो के हो ? – क्यारमबोर्ड खेल खेलेको

(घ) चौसट्ठीवटा कोठामा बत्तीस बत्तीस दुईथरी रिङ्छन्
मौका पार्दै जुध्छन् छक्याउँदै के हो ? – चेस

(ङ) चुइयाँ चुइयाँ पच चुइयाँ चुइयाँका पुच्छरले भुइँमा छुइयाँ के हो ? – रोटेपिङ्ग

**५.४.५ धर्मकर्मसम्बन्धी**

(क) टाउकोमा ज्वाला पुच्छरमा आहारा के हो ? – दियो

(ख) गणेशजीको पछाडि कान के हो ? – पानस

(ग) जिब्रो तान्छ कराउने के हो ?

– घण्टा

### ५.५ सामाजिक पक्ष

गाउँखाने कथालाई विद्वान्हरूले लोकजीवनका बुद्धिविनोद भनेका छन् । ग्रामीण समाजमा बालबालिका, युवायुवती जम्मा भई दुई समूहमा विभाजित भएर एक समूहले प्रश्नात्मक पाराले अड्को हाल्ने र अर्को समूहले अड्को फुकाउँदै प्रश्नोत्तरात्मक सबाल-जबाफको खेल खेल्ने परम्परा रुपन्देही जिल्लामा पनि प्राचीन समयदेखि चल्दै आएको देखिन्छ । एक समूहले अर्को समूहलाई यसरी प्रश्न गर्दा समाजले अँगालेका मान्यता, संस्कृति, सभ्यता, रहनसहन, रीतिरिवाज आदि वरिपरिका विषयवस्तुको आधार ग्रहण गरी तिनै वस्तुहरू गाउँखाने कथामा प्रतीकात्मक रूपमा प्रतिबिम्बित भएका हुन्छन् । जुनसुकै विषयवस्तुलाई आधार मानिए पनि यस्ता खाले सबाल-जबाफ बुद्धिविनोदकै उपज मानिन्छन् । यहाँ प्रयोगमा आउने गाउँखाने कथाले रुपन्देहीको जनजीवनको जातजाति पेसा, धर्म, संस्कृतिसँग सम्बन्ध राख्ने मानिसका हाँसो, खुसी, दुःख, पीडा, कौतुहलता, बौद्धिकताजस्ता विविध पक्षको अभिव्यक्ति यिनमा स्पष्ट रूपले व्यक्त गरेको पाउन सकिन्छ ।

रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाहरू दैनिक प्रयोगमा आउने सामग्रीहरू समाजले भोग्नुपरेका अनुभूतिहरूलाई आत्मसात गरेर खेत रोप्दा, जङ्गल जाँदा, चर्को गर्मीका बखत शीतलमा आराम गर्दा, आगो ताप्दा, बिजुली बत्ती नभएको बेला रातमा समय व्यतीत गर्दा, वरपर हिँडाइ, कुलाइ गर्दा र अन्य विभिन्न अवस्थामा प्रयोगमा आएको पाइन्छ । शिक्षण संस्थाहरूमा त हाजिरी जवाफको प्रतियोगितामा त कुनै न कुनै रूपमा अङ्ग नै बनेर प्रयोगमा आएको पाइन्छ । यिनीहरूले बदलिँदो समाजका साथसाथै गाउँखाने कथाको स्वरूपलाई पनि नवीन ढङ्गले अङ्गीकार गरेको पाइन्छ ।

रुपन्देही जिल्ला आर्थिक, शैक्षिक, संस्कृतिक, धार्मिक, पर्यटकीय र पुरातात्विक र ऐतिहासिक क्षेत्रमा चर्चित छँदै छ साथै लोकसाहित्यमा पनि त्यतिकै प्रसिद्ध छ । लोकसाहित्यको अभिन्न अङ्गका रूपमा परिचित गाउँखाने कथाको प्रयोग रुपन्देहीबासीले

पुर्खौंदेखि गर्दै आएका छन् । यहाँ कतिपय समाजमा भावी वरसँग 'बुझैलिया' सोधेर समस्याको समाधान गर्न सक्ने क्षमताको परीक्षा लिइन्छ । अधिकांश मानिसहरू यस जिल्लामा कृषि व्यवसायसँग आबद्ध भएकाले पनि गाउँखाने कथा यससँग बढी सम्बन्धित रहेका देखिन्छन् । किसानहरूले प्रयोग गर्ने हलो, छाता, टोपी, हँसिया उत्पादित वस्तु उखु, फर्सी, बेलौती, डोकोजस्ता विषय कुनै न कुनै प्रयोग गरिन्छ । केही गाउँखाने कथाहरू यस प्रकार छन् :-

(क) झन् पर जान्छे झन् आँखा तर्छे के हो ? - डोको

(ख) ए आन्द्रे ! थाप्लोमा बस वनबुटो गरी भुइँमा बस के हो ? - नाम्लो

(ग) वनतिर जाँदा घरतिर मुख, घरतिर जाँदा वनतिर मुख के हो ? -बन्चरो

(घ) दिनभरि लाखा धुनी रातभरि कान्लामुनि के हो ? - हलो

(ङ) पोलेको माछा रूखरूखै चढ्ने के हो ? - हँसिया

(च) एउटा खाई सभा बस्नू, अर्को खाई बन पस्नू के हो ? - अदुवा र मूला

(छ) घुमाउने घरको एउटै खाँबो के हो ? - छाता

यी गाउँखाने कथामा डोको, नाम्लो, हलो, बन्चरो, हँसिया र छाताजस्ता शब्दहरू आएका छन् । यिनको प्रयोग यहाँको सामाजिक जीवनमा प्रतीकात्मक ढङ्गमा हुँदै आएको देखिन्छ । यहाँ नाम्लो जनाउन आन्द्राजस्तो लहरैलहरा भएको टाउकोमाथि राखिने वनस्पति विशेषबाट निर्मित वस्तु जुन भुंइँमा राखिन्छ भन्ने कुरालाई यसले जनाउँछ ।

यसैगरी रुपन्देही जिल्लाका ग्रामिण क्षेत्र भात्र नभएर सहरी क्षेत्रमा ग्रामीण जनमानसको नै जमात रहने हुँदा त्यस्ता स्थानमा गाउँखाने कथा कथन गर्दा मानव शरीरका विभिन्न अङ्ग प्रत्यङ्ग, नाक, कान, आँखा, मुख, दाँत तथा मानवेत्तर पशुपक्षी गाई, भैंसी, कुखुरा, चराहरूको आकार स्वभावको वस्तुनिष्ट चित्राकृति बिम्बित हुने गरी गाउँखाने कथा भन्ने र सुन्ने प्रचलन रहेको पाइन्छ । त्यस्ता गाउँखाने कथाका नमुना उदाहरण यस प्रकारका छन् :-

(क) वरिपरि डाँडो माझमा खोल्सो ? – मुख

(ख) वरतिर परतिर चुलबुले गुँड माझमा हाड के हो ? – दाँत

(ग) वृन्दावनमा कुलेसो काटेको के हो ? – सिउँदो

(घ) वरिपरि पहरो बीचमा डाँडो के हो ? – नाक

(ङ) माथि टार, टारमुनि डाँडो, डाँडोमुनि ओडार के हो ?– निधार, नाक र मुख

रुपन्देही नेपालको मध्य तराईको एउटा विकसित जिल्ला भए तापनि बुटवल बजारदेखि माथि पर्ने गुरुङ्ग डाँडो लगायतका केही स-साना पहाडहरू पनि यहाँबाट देख्न सकिन्छ । यहाँका गाउँखाने कथाको संरचनालाई हेर्दा शरीरलाई पहाडसँग तुलना गरी मुखको आकृति चित्रण गर्ने क्रममा यसको तल्लो र उपल्लो भाग चिनाउन खोल्सोलाई प्रस्तुत गरिएको पाइन्छ । यस्ता अनेकन प्रसङ्ग माथिका अन्य उदाहरणबाट पनि स्पष्ट देखिन्छ ।

रुपन्देही जिल्ला तराईको जिल्ला भएकै कारण यहाँ वैशाखदेखि भदौसम्म पाँच महिना प्रचण्ड गर्मी हुन्छ । यहाँको अधिकांश क्षेत्र ग्रामीण भएकाले यहाँका अधिकांश जनताले खेतीपाती गरेर जीविका चलाउँछन् । तसर्थ खेतीपातीको क्रममा थकाइ मेट्दा गर्मीलाई शीतल तुल्याउने चित्राकृतिलाई प्रतिबिम्बित गरी गाउँखाने कथा भन्ने र सुन्ने प्रचलन यहाँका ग्रामीण इलाकामा अझै पनि पाइन्छ । एकातिर त्यस्ता विषयवस्तुले सम्बन्धित क्षेत्रमा प्रयोग हुने वस्तुको चित्रण गर्छन् भने अर्कातिर गर्मी क्षेत्रमा शीतल पाउन केकस्ता वस्तु प्रयोग हुन सक्छन् भन्ने कुरा पनि सम्झाएका हुन्छन् । तिनका केही उदाहरणहरू यहाँ प्रस्तुत गरिन्छ ।

(क) मान्छे चढ्छ घोडा होइन, भारी बोक्छ गधा होइन,
खुट्टाले चलाउँछ रेक्सा होइन के हो ? – साइकल

(ख) माथितिर झप्प तलतिर टन्न के हो ? – मूला

(ग) विना रूखको फल फल्ने, टिपेर लिए आफै गल्ने के हो ? – असिना

(घ) बाहिर सोलाभित्र गोला त्यो खान पाए कस्तो होला के हो ?– रूखकटहर

(ङ) बाहिर जगल्टाभित्र हाड, हाडभित्र मासु, मासुभित्र आँसु के हो ? – नरिवल

यसरी नै गाई भैँसी चराउँदा, मेलापात गर्दा, लडिया चलाउँदा गाउँखाने कथा तिनै कामसँग गाँसेर सजिलो पाराले अभिव्यक्ति दिइएको पाइन्छ । गाउँघरमा घरायसी कामकाजका लागि प्रयोग हुने ढिकी, जाँतो, सिलौटो र लडियाजस्ता सामान सम्बन्धी गाउँखाने कथा मनग्गे ढङ्गले यस जिल्लामा प्रयोग हुँदै आएका छन् । जस्तैः

(क) मालबाहक दुई खुटे, घर पऱ्यो काठे दश खुट्टेले नचलाए बस्छ है नमस्ते के हो ?
– लडिया

(ख) रातो खाएर पहेंलो फ्याँक्ने के हो ? – तोरी पेलेको

(ग) एकसिँगे गोरु होक्काँ होक्काँ गर्छ के हो ? – जाँतो चलेको

(घ) आमामाथि छोरी नाच्ने के हो ? – लोहोरो सिलौटोमा पिनेको

यसरी रुपन्देहीमा प्रचलित गाउँखाने कथालाई हेर्दा अधिकांश जिल्लाबासीको सामाजिक चित्रण स्पष्ट रूपले तिनले गरेको पाइन्छ । यहाँका अधिकाधिक गाउँखाने कथाले सामाजिक, साँस्कृतिक, आर्थिक र शैक्षिकलगायत विभिन्न पक्षसित सम्बन्धित जीवनको छनक दिएका छन् । रुपन्देहीस्थित जनमानसका हर्ष, आँसु, वेदना, छटपटी, नैराश्यता, मनोरञ्जनात्मकता, बौद्धिकता आदिलाई तिनले समेटेका छन् । उनीहरूका सामाजिक जीवनभित्रका विभिन्न वर्ग र सम्प्रदायका भावना र अवस्थालाई पनि तिनले देखाउन सकेका छन् ।

### ५.६. आर्थिक पक्ष

मानवीय जीवनका क्रियाकलापसँग आर्थिक स्थिति स्वाभाविक रूपमा गाँसिएको हुन्छ । यहाँको समाजको औसत आर्थिक अवस्था कमजोर छ । ग्रामीण समाजमा कोदोलो, हलो, बन्चरा चलाउने, गिट्टी चाल्ने, बालुवा भर्ने, खेतीको काम गर्ने र मजदुरी गर्ने लगायतका कार्य गरेर जीवन गुजारा गर्ने कार्य यस जिल्लामा गरिन्छ ।  अझै पनि यहाँका बासिन्दाहरूको प्रमुख पेसा कृषि भएको हुँदा तत्सम्बन्धी कार्य नगरी जीवन गुर्जान कठिन छ । अर्कातिर विद्यमान गरिबी र बेरोजगारीका समस्याले पनि यहाँको जनजीवन  पिल्सिएको देखिन्छ । ती कुराहरू आर्थिक समस्यामा जोडिएर यहाँ प्रचलित गाउँखाने कथामा निम्नि र प्रतीक बन्दै अभिव्यक्त भएको पाइन्छ ।  जस्तै:

(क) आफूतिर बटारी हान्यो झटारो, धूलोमैलो सबै निथार्‍यो के हो ?

– नाङ्लो

(ख एकसिङ्गे गोरु होक्काँ होक्काँ गर्छन् के हो ? – जाँतोले पिनेको

(ग) उर्लुक्क चरी बुर्लुक्क पुच्छर छैन ङ्याच्चै के हो ? – ढिकी कुटेको

(घ) थालमा भात बिटमा दाल के हो ? – खेतमा धान मेडीमा मास

(ङ) चार भाइको एउटै खौलो के हो ? – दूध दोएको

(च) खटखट खट फाउ तीन मुख दश पाउ के हो ? – गोरु जोतेको

यस जिल्लामा विशेष गरी अशिक्षित नारी समुदाय मद्यपान तथा धूम्रपान गर्ने गर्छन् । सोको आर्थिक स्रोत जुटाउन स्थानीय रक्सी बनाई जीविकोपार्जन गर्छन् । यसअनुसार गाउँखाने कथाको पनि प्रयोग भएको देखिन्छ । जस्तै:

(क) आकाशमा पानी गर्भमा पानी के हो ? – रक्सी बनाएको

(ख) जति तान्यो उति छोटो के हो ? – चुरोट तानेको

(ग) मूलाका चाना, मोतीका दाना, यो घर नभए अर्काकहाँ जाना के हो ? – पैसा

(घ) आफू छ कागज, ठूलो छ तागत के हो ? – नोट

रुपन्देही जिल्लामा तराईको समथर जमिन भएका कारण प्रशस्त अन्न उब्जनी हुन्छ । तराईलाई अन्नभण्डार भनिने हुनाले पनि नेपालकै जिल्लामध्येको एक मानिने यहाँ धान, गहुँ, तोरी, मकैलगायत दलहन, तेलहन तरकारी र फलफूलको प्रशस्त उब्जनी हन्छ । यहाँका किसान उत्पादनको साइनो गाउँखाने कथासँग भन्ने र सुन्ने प्रचलन पनि त्यत्तिकै लोकप्रिय रहेको पाइन्छ । केही उदाहरण यस प्रकार देखाइन्छ :-

(क) एक भाइ जान्छ सय भाइ आउँछन् के हो ? – मकै

(ख) सुन साङ्ली रूप आङ्ली पीँधबाट पसी भाग्ली के हो ? – धान

(ग) माटामुनिका पेटे देवता, हातमा फुयो एउटा खान लाग्यो दुई तीनौटा के हो ?
– बदाम

(घ) सानी नानी पटुका बाँध्छिन् के हो ? – भटमास

(ङ) आँखा काटे मर्ने फेद काटे सर्ने के हो ? – उखु

(च) फलामे फल तामे नल के हो ? – फापर

(छ) बाहिर सुन भित्र चाँदी के हो ? – केरा

यसरी रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथामा प्रतिबिम्बित समाजलाई हेर्दा अधिकांश जनता कृषिमा आधारित हुन् । तल्लो तहको स्थिति दयनीय देखिनु धनी मानिस चयन र विलासमा बाँचिरहेको देखिन्छ विभिन्न पेसा, लिङ्ग, वर्ग, सम्प्रदाय आ-आफ्नो मौलिक सांस्कृतिक पहिचानमा रहेकोले सोही कुरामा केन्द्रित रही गाउँखाने कथा प्रयोग भई समाजको प्रतिबिम्बलाई चित्रित गरेका छन् ।

### ५.७. प्राकृतिक चित्रणः

गाउँखाने कथाले प्रकृतिको चित्रण गर्नु महत्त्वपूर्ण पक्ष हो । लोकजीवनको वासस्थान, त्यहाँको भौगोलिक बनोट, प्राकृतिक स्थिति, हावापानी, वातावरण आदिलाई तिनले छोएका हुन्छन् । यस्ता कुरामा केन्द्रित रहेर रुपन्देहीका गाउँखाने कथा प्रचलनमा रहेका छन् । यहाँको स्थानीय प्रकृतिको छनक प्रशस्त रूपमा भेटाउन सकिन्छ । तिनीहरूले रुपन्देहीको सेरोफेरोमा रहेका धर्ती र आकाश, हिमाल र पहाड, खोला र वन, घाम र जून आदिलाई परिचित गराउने कार्य गरिरहेका छन् । दृष्टान्तस्वरूप केही नमुना यस प्रकार छन् ।

(क) पाल्पाली सानी, कलकले बानी, समुद्र जाने, बटौलीमा ल्याउने के हो ?
– तिनाउ नदी

(ख) हाँस्दै पनि छ रुँदै पनि छ के हो ? – घामपानी

(ग) जता गयो आफू उतै गयो लाँपू के हो ? – छायाँ

(घ) स्वर्ग पुग्यो कि धर्ती छिप्यो के हो ? – रूख

(ङ) सेतो पीठोमा राती गेडी के हो ? – आगो

(च) हाँडीभरि तितौरा एक ढिको नुन के हो ? – तारा, चन्द्र

(छ) हात्ती रुझ्यो घोडा रुझ्यो, रुझे सबै जन?
भाँडा ल्याए भरिदैंन तर त्यसको छ, यान के हो ? – शीत

(ज) हात मेरो माथि छन्, खुट्टाबाट पानी खान्छु के हो ? – रूख

(झ) हेर्दा काली नाम भने राती के हो ? – रात

(ञ) हेर्दाखेरी रुवाजस्तो फुफु गर्ने,
पहाडका चुलीतिर पत्रैपत्र पर्ने के हो ? – हिउँ

(ट) हेर्दा छ समात्दा छैन के हो ? – छाया

(ठ) आकाशको फल पातलमा झऱ्यो,
झर्ने बित्तिकै बिलाई मऱ्यो के हो ? – असिना

(ड) तराईमा जग छ, पहाडमा गारो, हिमाल छ छानु मन्दिर प्यारो के हो ?
– नेपाल

यसखाले गाउँखाने कथाले स्पष्ट रूपमा प्रकृति र लोकजीवनको अभिन्न सम्बन्धलाई रुपन्देहीको समीपमा रहेर जीवनको हाँसोखुसीसँगै घाम र छायाँ जस्ता कुरासँग विम्ब र प्रतीक बनाएर देखाएको पाइन्छ । कुनै  गाउँखाने कथाले रुपन्देहीकै विषयवस्तु टिपेका पनि छन् । कतिपय गाउँखाने कथाले हिमाल, तराई र पहाडको अन्योन्याश्रित सम्बन्ध देखाई प्रकृतिको अनुपम सङ्गम नेपाललाई प्रकृतिको सुन्दर उपहार स्पष्ट रूपले देखाएका छन् ।

### ५.८ शैक्षिक अवस्था

मोफसलको एक महत्वपूर्ण सहर मानिने रुपन्देही जिल्लाको सिद्धार्थनगरबाट प्रकाशित हुने पत्रपत्रिकाहरूले स्थानीयस्तरका घटनाहरूलाई औंल्याउँदै आएका छन् । साथै शैक्षिक जगत्मा रुपन्देहीको जनजीवनले मूल आधारको रूपमा शिक्षालाई लिएको पाइन्छ किनभने शैक्षिक उर्जा विना जीवनले पूर्णता प्राप्त गर्न सजिलो हुने देखिँदैन । गणतन्त्रोन्मुख नेपालको पुर्नसंरचना गर्न शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको कुरा स्वतः सिद्ध छ । यही कुरालाई यस जिल्लाका बासिन्दाहरूले पनि सहज रूपमा स्विकार्दै आएको देखिन्छ । कुल ६६% साक्षरता रहेको यस जिल्लामा पुरुषको साक्षरता ७६% र महिलाको साक्षरता ५६% रहेको देखिन्छ । सहरी क्षेत्रमा विद्यालय, महाविद्यालय उल्लेख्य भए तापनि ग्रामीण क्षेत्रमा केही कमजोर अवस्थामा छ । यसै सेरोफेरोमा यहाँको जनजीवनले गाउँखाने कथाको प्रयोगलाई साहित्यिक एवं बौद्धिक दृष्टिकोणले अभिव्यक्त गरेको पाइन्छ चाहे संसारमा बालबालिकालाई स्कुल हातामा भुलाउँदा होस् या प्रतियोगिताका अवस्थामा विशेष गरी हाजिरीजवाफको फाँटमा यसको उल्लेख्य प्रयोग गरिएको पाइन्छ । समयसमयमा हुने साहित्यिक गोष्ठी, रुपन्देही साहित्य परिषद् र सिद्धार्थ साहित्य सङ्गमका नियमित कार्यक्रम अनि बुटवल साहित्य सङ्गमका तेस्रो शनिवारीय मासिक कार्यक्रम तथा दैनिक पत्रिकामा कलम चलाउने स्रष्टा दिल साहनी, ऋषिराम भुसाल, शिवप्रसाद पौड्याल, देवेन्द्रराज शाक्य, शिव भुसाल, हरेराम पाठक, ध्रुव पन्थी, अर्जुन ज्ञवाली, बाबुराम भट्टराई, नारायण बेलबासे, कपिल लामिछाने, दुर्गा पौडेल, गुरुदत्त ज्ञवाली, चतुर्भुज आत्रेय, लेखनाथ ज्ञवाली लगायतका व्यक्तिहरूका गाउँखाने कथाको वपक प्रयोग भइरहेको छ । यहाँ स्थित आबासीय वा निजी स्कुल, सामुदायिक विद्यालय तथा

महाविद्यालयहरू नेपालको प्रतिस्पर्धात्मक शैक्षिक स्थितिमा रुपन्देहीको शिर माथि उचाल्न सक्षम पनि भएका छन् ।

यसै परिप्रेक्ष्यमा यहाँको लोकसाहित्य र लोकसस्कृतिको प्रतिछाय बोकेको गाउँखाने कथाका क्षेत्रमा पनि यहाँको शैक्षिक वातावरण भई अघि बढेको हुँदा त्यसअन्तर्गत गाउँखाने कथा जनमानसमा भनिँदै र सुनिँदै आएको यथार्थ हामी समक्ष छिपेको छैन । त्यसै सन्दर्भमा आधारित केही गाउँखाने कथा यस प्रकार छन् :-

(क) अक्षर छन् पुस्तक होइन, लेख्छ कलम होइन, टुकटुक गर्छै घडी होइन के हो ?

– टाइपराइटर

(ख) एउटा कागजको चरो, खोल्छ हजार गर्छै कुरो,

किताब खाना जति खाए पनि मुखबाट फाल्ने,

खुबी राख्छ आफूभित्र  धेरैलाई पाल्ने के हो ?   – कलम

(ग) भित्तामा झुन्ड्याउँछन् वर्षभरि चटारो वैशाख लाग्दा नलाग्दै फेर्न हतारो के हो ?

– क्यालेन्डर

(घ) टाउकोले लेख्ने पुच्छरले मेट्ने के हो ?   – सिसाकलम

(ङ) सेतो–सेतो खोरियामा कालो–कालो बीऊ हातले छर्ने मुखले टिपने के हो ?

– पढ्नेलेख्ने काम

(च) अघिल्तर स्थान हुन्छ पछिल्तिर पात,

प्रत्येक दिन प्रातः कालमै घरघर डुल्ने जात के हो ?– पत्रपत्रिका

(छ) पढ्ने भाइ बैहिनी सबै अघिअघि सर्छन्,

नजिक पुडो आएपछि नपढ्नेचाहिँ लड्छन् के हो ?– परीक्षा

यसरी गाउँखाने कथाले शिक्षणसामग्रीलगायत शिक्षालयसँग सम्बन्धित विषय वस्तुलाई समेट्ने गरी प्रतीकात्मक ढाँचाले विभिन्न वस्तुमाथि बिम्ब पार्न कुनै न कुनै रूपबाट केन्द्रित रहेकै छन् जसलाई रुपन्देहीबासीले सहजै जान्ने र सुन्ने सुअवसर प्राप्त गरेका छन् ।

### ५.९. किशोर-किशोरीहरूको अवस्था

रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाले किशोर अवस्थामा प्रवेश गरेका युवायुवतीको मनोभावलाई सहजै जितेको छ । शारीरिक तथा मानसिक विकासको परिवर्तनमा हुर्किएका किशोर-किशोरीहरू पनि लोकसंस्कृतिको छातामुनि रहेर प्रचलित गाउँखाने कथाको रस लिइराखेका छन् । अधिकांश किशोर-किशोरीहरू शिक्षित भएकाले यस किसिमका क्रियाकलापबाट मनोरञ्जन र बौद्धिक अभ्यासको रङ्गमञ्चमा युवायुवती विशेष रूपमा लठिठएका छन् । कतिपय किशोर- किशोरी अनपढ भएर होटेलमा भाँडामाझेर होस् वा तिनाउको तीरमा गिटी, ढुङ्गा वा बालुवासम्बन्धी काम गरेर होस् मौका पाएको बखतमा आपसी दुःखको आभासलाई मानसिक आनन्द प्राप्ति या आराका निम्ति गाउँखाने कथा भन्ने चलन छ । यसरी किशोर-किशोरीहरू खुसी वा दुःखी जेजस्तो अवस्थामा भए पनि उनीहरूको सुखदुःखको साथी गाउँखाने कथाको प्रयोग उनीहरुबाट भएको पाइन्छ :-

(क) घर त झ्यालबाट छिऱ्यो, म कहाँबाट छिरूँ के हो ? – जालको माछा

(ख) दिदी पोल्ने, बहिनी सन्च के हो ? – घाम र जून

(ग) दिए बढ्छ नदिए घट्छ के हो ? – विद्या/ सीप

(घ) पखेटा छैन आकाशमा उड्छ,

बतास आए भाग्छ, घामलाई छेक्छ के हो ? – बादल

(ङ) फल लागे फूल लाग्दैन, फूल लागे फल लाग्दैन के हो ? – भाङको बोट

चढ्दो उमेरका यी किशोर-किशोरीहरू स्वभावैले चञ्चल हुने हुँदा यो उमेरमा विशेष गरी अश्लील खालका गाउँखाने कथा भन्न र सुन्न रुचि राख्छन् । दैनिक जीवनमा देखा परेका अनुभव गरेका भावना र स्वयंमा जागृत यौनेच्छासँग सम्बन्धित गाउँखाने कथा वाचन गर्न उनीहरु औधी रुचाउँछन् । यसरी कौतूहल जगाउने खालका लज्जामिश्रित गाउँखाने कथा सीमित स्थानमा सिमित व्यक्तिका बीचमा मात्र प्रस्तुत गरिन्छ । जस्तैः

(क) लाहुरे दाइको सम्पत्ति, एउटा केरा दुइटा बेलौती के हो ? – सिश्न र अण्डकोश

(ख) केटाकेटीको खाना, लोग्ने मान्छेको खेलौना, आइमाईको गहना के हो ?– स्तन

(ग) हात खुट्टा छैनन्, उभिएर बस्छ, आँखा छैनन् दुलाभित्र पस्छ के हो ?

- उत्तेजित लिङ्ग

(घ) जम्मा छ हात लाग्यो दुई, एक जा दुर नजा के हो ? – यौनक्रीडा

यी शब्द श्लील भए पनि उत्तर अश्लील भएका गाउँखाने कथा हुन् कुनै गाउँखाने कथामा किशोर-किशोरीहरूले उत्तर श्लील भाव अश्लील भएकाले प्रयोग पनि गरेको पाइन्छ । जस्तैः

(क) सुत् सुत् बूढी म हाल्छु  के हो ? – जुत्ता लगाएको

(ख) दुइटा साप्राका बीचमा लन्ठचाङ लन्ठचाङ के हो ?– ढिकी कुटेको

(ग) पहेँलो सारी फ्यात्त फाली, रातो दुलामा ल्वाम्म हाली, के हो ? – केरा खाएको

(घ) कालो हाल्ने सेतो फाल्ने, वरिपरि लाएको झुम्राले पुछ्ने, के हो ?

– कोदो पिनेको

(ङ) तल्लाघरे बूढीको माना जत्रो प्वाल<br>उपल्लाघरे बूढाले उफीउफी हाल के हो ? – ढिकी कुटेको

## ५.१०. परम्परागत र नवीन मान्यता

रुपन्देही जिल्ला बहुजातीय र बहुधार्मीक जनसमूह भएको जिल्ला हो । अन्य बाहिरी जिल्लाबाट बसाइसराइको क्रममा यहाँ आएका मानिसहरूको सङ्ख्या अधिक हुनाले पनि जातिमा अत्यधिक विविधता देखा परेको हो । यसले गर्दा संस्कृतिमा प्रत्यक्ष प्रभाव परेको छ । हिन्दूहरूको बाहुल्य भएता पनि मुस्लिम, बौद्ध र क्रिश्चियनहरूको पनि यस जिल्लामा उल्लेखनीय उपस्थिति रहेको देखिन्छ । युवापिँढी शैक्षिक क्षेत्रमा अघि बढे पनि बूढो पिँढीको चेतनाको स्तर निकै कमजोर छ । यहाँका अधिकांश बासिन्दा परम्परागत कृषिकार्यमा संलग्न भएका कारण युगीन चेतना सिर्जित हुन अझै पनि सकेको देखिँदैन ।

रुपन्देहीको समाज आधुनिकता र प्राचीनताको भुमरीमा अझै पनि रुमलिएकै देखिन्छ । समाजका धनी र गरिब तथा हुनेखाने र नहुने वर्गहरूका बीचमा उँचनीच ठूलो तथा सानो छ भन्ने विभेद यद्यपि कायम रहेको देखिन्छ । एकातिर धनी र सम्पन्न वर्गले गरिब तथा विपन्न वर्गमाथि शासन गरिरहेको छ भने आफूलाई उपल्लो वर्ग मान्ने कतिपय जातिले कथित तल्लो जाति अर्थात् दलित जातिप्रति अभद्र व्यवहार गरी दबावमा राखी छुवाछूतसमेत गर्ने चलन अहिले पनि ग्रामीण भेगमा विद्यमान छ । पुरानो पुस्ताको यस चलनबाट विशेष गरी बूढाबूढी

र आइमाई समुदाय बढी प्रभावित छन् भने युवापुस्ता समाजको आधुनिक शैलीमा रूपान्तरणतर्फ उन्मुख देखिएको पाइन्छ । त्यसकारण नयाँ संस्कार र पुरानो संस्कारमा व्यापक भिन्नता देख्न थालिएको छ ।

पुरानो संस्कार विशेष गरी वृद्ध नरनारीमा व्याप्त संस्कार हो । परम्पराको अन्धो अनुकरण गर्ने र यसैमा पुर्खाहरूले अँगालेको धर्म मानेर थाम्ने प्रवृत्ति ग्रामीण समाजमा छ्यासछ्यासती देख्न सकिन्छ । जो परम्परित रुढिवादी मान्यता चाहन्छ त्यसलाई नवीन मूल्य र मान्यताको कुनै सरोकार रहँदैन । उसले त्यसैमा विश्वास गरी जीवनरूपी रथ डोऱ्याएको हुन्छ । यसरी नै परम्पराग रुपमा प्रचलनमा रहेका सामग्री बारे पनि विभिन्न गाउँखाने कथाहरु प्रचलित छन् । यस्ता खाले केही गाउँखाने कथा निम्नअनुसार देखाउन सकिन्छ :-

(क) काठ खाने पानी खाने अन्नचाहिँ छुँदै नछुने के हो ? – चनौटो

(ख) काली बूढी ठाडठाडै मुत्छे के हो ? – कोल

(ग) घुमाउने थालको पेटभरी घाउ के हो ? – टपरी

(घ) तारेभीरमा पिङ झुन्डयाएको के हो ? – बुलाकी

यी गाउँखाने कथा भनेर पुरानो संस्कारगत परिचय दिइएको छ । नवीन मूल्य र मान्यताको चेतना दिने तथा बढी शिक्षित एवं जिज्ञासु स्वभावका कारण तथ्य र प्रमाणकै निक्यौल गर्न सक्ने खुबी नयाँ पुस्तामा रहन्छ । वस्तुमा समाजको आधुनिक रूपान्तरण पनि यही नयाँ पुस्ताको नवीन अवधारणबाट सिर्जित भएको हुन्छ । यस पिंढीलाई आधुनिक वस्तुको प्रयोग र प्रविधिसम्बन्धी बढी चासो रहेको पाइन्छ । आधुनिकता तर्फ उन्मुख युवावर्गमा नयाँ सँस्कारगत मान्यतानुरूप यस्तै खाले गाउँखाने कथाको प्रयोग बढी गरिएको पाइन्छ । जस्तैः

(क) तीन अक्षरको मेरो नाम विद्वान् हुन मलाई छान् के हो ? - किताब

(ख) डल्ली चरीको पेटमा कल्ली पुच्छरमा धातु जोडी अँध्यारोमा बल्ली के हो ?
- चिम

(ग) जति बाँड्यो त्यति बढ्ने के हो ? - विद्या

(घ) जति खायो उति ओकल्नलाई मुख जोती काम बनायो के हो ?
- लेखेको

(ङ) यता मुख उता कान उता मुख यता कान

देख्नुसुन्नु होस् या नहोस् दुवैतिर भनाभन के हो ? - टेलिफोन

प्राचीन सभ्यताको प्रभाव परेको जनमानसले पुराना खाले वस्तु, विषय रोज्ने र आधुनिक सभ्य समाजको प्रभाव परेको समूहमा नयाँ प्रभाव परेकोले यसो हुन जानु स्वाभाविक पनि हो ।

एक्काइसौं शताब्दीको युग विज्ञान र प्रविधिको युग हो । समाजको संरचना जति आधुनिकीकरण हुँदै जान्छ, प्रयोग र प्रविधिमा पनि स्वभाविक रूपले परिवर्तन हुँदै आएको पाइन्छ । स्पष्ट रूपमा गाउँखाने कथाको प्रयोग पनि आधुनिकीकरणबाट प्रभावित भएको देखिन्छ । आधुनिक सरसामग्रीहरूको प्रयोग सँगसँगै गाउँखाने कथा पनि निर्मित हुन गरेको पाइन्छ । आधुनिक युगमा प्रयोग हुने रेडियो, मोटसाइकल, चस्मा, गितार, हवाईजहाज आदि विषयवस्तुसँग सम्बन्धित भएका केही गाउँखाने कथाका नमुना निम्नानुसार देखाउन सकिन्छ ।

(क) जन्म हुँदा सबै मलाई अति माया गर्छन्,

वर्ष पूरा हुदाँ रछयानमा फाल्छन् के हो ? – भित्ते पात्रो

(ख) हल्ला धेरै हुने गर्छ सानो घरभित्र खोली हेर्दा कोही छैन एउटासम्म चित्र के हो ?

– रेडियो

(ग) खाना जति खाए पनि मुखैबाट फाल्ने खुब राख्छ आफूभित्र धेरैलाई पाल्ने के हो ?

– कलम

(घ) तिनाउको पानी, पाँचजना बाउसे एउटा कोदालो शङ्करनगरको खेत के हो ?

– कलम र मसी

(ङ) नदी नाला पर्वत अनि सिङ्गो पृथ्वीलाई

बोकी हिँड्छ, हल्कासित साना मान्छे आई के हो ? – ग्लोब

(च) कोठा हुन्छ चौसठ्ठी एक हुन्छ घर बत्तीस भाइ मिलीजुली गर्छन् वारपार के हो ?

– चेस बोर्ड

(छ) चौबीस घन्टा घुमेपछि एक दिनको काम,

लिँदैन है कत्ति पनि एक पैसा दाम के हो ? – पृथ्वी

(ज) हात्ती, घोडा, उँट होइन, खान्न दानापानी,
घिस्री हिँड्छ जमिनमा मानिसलाई तानी के हो ? – साइकल

(ञ) छनछन नाचे खल्तीभित्र सानी नानी हुने आफ्ना,
जब नाच्न उसले छाड्छे सबै बिराना के हो ? – पैसा

(ट) बढ्छ भन्छन् इज्जत घाँटीतिर हुँदा,
कुनचाहिँ चीज होला त्यस्तो दुइटा लुँदा के हो ? – टाई

**गाउँखाने कथामा पाठान्तर**

एउटै प्रकृतिका गाउँखाने कथालाई फरकफरक तरिकाले भनिने प्रक्रियालाई पाठान्तर । रुपन्देहीमा प्रचलित गाउँखाने कथामा यस्तो किसिमको प्रयोगको प्रभाव परेको पाइन्छ । यस्ता खाले गाउँखाने कथालाई पाठकले आफ्नो क्षेत्र वा प्रवृत्ति सुहाउँदो ढङ्गले आफ्नै किसिमको वाक्यामा र शब्द चयनको संरचना गरेको पाइन्छ । यस खालको प्रयोगमा स्थान विशेष र व्यक्ति विशेषको प्रभाव अधिक परेको पाइन्छ । केही उदाहरणहरू यस प्रकार छन् :

(क) कपडाको छाला, फलामको हाड खुम्च्याउँदा लठ्ठी, खुलाउँदा आड के हो ?
– छाता

(ख) कपडाको छाला, फलामको हाड, पुच्छर छ बाङ्गो के हो ?
– छाता

(ग) जाँदा जान्छ फर्केर आउँदैन के हो ?
– खोला

(घ) जाँदा जान्छ फर्केर आउँदैन के हो ?
– बन्दुकको गोली

(ङ) कराउँछ कुलकुल गरी के भनेको कुन्नी, जता लग्यो डोरिएर उतै जाने के हो ?
– कुलो

(च) कराउँने कुलकुल गरी कुन्नी के के भन्ने
उता लग्यो उतैतिर डोरिएर जाने के हो ? – कुलो

(छ) चाँदीजस्तो फूल फुल्छ सुनजस्तो फल

टिप्न जाँदा बगाउँछ रगतको भल के हो ? – ऐँसेंलु

(ज) चाँदीभैँ फुल्ने सुनभैँ फल्ने के हो ? – ऐँसेलु

(झ) जमिनभित्र घस्री हिँड्ने अनौठो छ जीव

त्यो जीवको माला बनाई लगाउँछन् शिव के हो ? – सर्प

(ट) नीलो दहमा ढकमक्क फूल के हो ? – चन्द्रमा

(ठ) नीलो पोखरीमा ढकमक्क फूल के हो ? – चन्द्रमा

(ड) नीलो पानीमा कमलको फूल के हो ? –चन्द्रमा

(ढ) नौतले घरको झ्याल न ढोका के हो ? – बाँस

(ण) नौतले दरबारको न झ्याल न ढोका के हो ? – बाँस

(त) भित्र चाँदी बाहिर सुन क्या हो ? – केरा

(थ) भित्र चाँदी बाहिर सुन, तलतिर कल्चौँडो माथितिर थुन के हो ?

– केरा

(द) सानो सानो रुखौली चढ्नमा दुःखौली के हो ? – सिस्नो

(ध) सानो सानो रूख चढ्नमा दुःख के हो ? – सिस्नो

(न) दिनभरि सुत्ने रातभरि उठ्ने के हो ? – दाम्लो

(प) रातभरि उठ्छ दिनभरि सुत्छ के हो ? – दाम्लो

(फ) सानो छँदा कपडा लगाउने, ठूलो भएपछि नाङगै बस्ने के हो ?

– भन्टा

(ब) सानो हुँदा कपडा ठूलो हुँदा नखरा के हो ? – भान्टा

(भ) अग्लो चुलीको पाखामा एक थुँगा फूल के हो ? – नाकको फुली

(म) भिरालो पाखामा ठूलो फूल फुलेको के हो ? – नाकको फुली

(य) अग्लो पहाडको भीरमा बस्छ, स्वास्नीमान्छेको इज्जत बढाइदिन्छ - के हो ?

– नाकको फुली

(र) आकाशकी रानी पातलमा खस्छिन् सूर्यलाई देख्दा भुतुक्कै हुन्छिन् - के हो ?

– शीत

(ल) आकाशकी रानी धरतीमा खसी सूर्यलाई देख्दा थुपुक्क बसी - के हो ?

- शीत

## ५.१२ **निष्कर्ष**

रुपन्देही जिल्लामा अनेक जातजाति भाषाभाषी धर्मावलम्बी मानवहरूको रहेकाले यहाँ प्रचलित गाउँखाने कथालाई विषयवस्तु, रूपात्मक आधार भाषिक रचना र अक्षर संरचना वाद्यवादन, हातहतियार, खेलकूद, धर्मकर्म, शैक्षिक सामग्री, सञ्चार, धूम्रपान, विज्ञान प्रविधिका रूपमा गरी बाँडिएको छ, जसमध्ये विषयवस्तुका आधारमा भनिएको वर्गीकरण बढी महत्त्वपूर्ण मानिन्छ । यसका अतिरिक्त यहाँको आर्थिक, कृषि, प्राकृतिक, किशोर किशोरी एवं नवीन गाउँखाने कथाले यहाँको सामाजिक जीवनको स्पष्ट झझल्को दिएको पाइन्छ ।

# छैटौँ परिच्छेद

# उपसंहार

प्रस्तुत शोधपत्र छ परिच्छेदमा विभाजित छ । प्रथम परिच्छेदमा शोधपरिचय रहेको छ । यसमा शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको औचित्य, शोधको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखालाई उपशीर्षकअन्तर्गत देखाइएको छ । यहाँ पूर्वकार्यको समीक्षामै निहित हुने गरी अध्ययन-परम्परालाई अद्यावधिक गरी देखाइएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा रुपन्देही जिल्ला परिचय शीर्षक राखिएको छ । यसमा रुपन्देहीको परिचय, भौगोलिक अवस्था, सिमाना, हावापानी, नामकरण, आर्थिक अवस्था, पशुपालन, उद्योग तथा यातायात, सुविधा, शैक्षिक, अवस्था पुरातात्विक गतिविधि र प्रकाशनजस्ता विषयवस्तुको यथाशक्य जानकारी दिने प्रयास भएको छ ।

यसै गरी तेस्रो परिच्छेदमा गाउँखाने कथाको सैद्धान्तिक परिचय शीर्षक दिइएको छ । यसअन्तर्गत लोकसाहित्यको विद्या वर्गीकरणको वैज्ञानिक मान्यतालाई स्पष्ट रूपमा अभिव्यक्त गरिएको छ । यसमा वास्तवमा लोकसाहित्य के हो भन्ने कुरालाई सहजपन दिने प्रयास भएको छ । यसअन्तर्गत पर्ने उपविधाहरूलाई देखाइएको छ । गाउँखाने कथाको परिचयका साथ परिभाषा देखाइएको छ, जसबाट लोकसाहित्य समास रूपको ‘लोक’ तथा ‘साहित्य’ शब्दको अर्थलाई स्पष्ट पार्ने कार्य गरिएको छ जसमा यसका लक्षणसमेतलाई औँल्याउने कार्य गरिएको छ । यसका विशेषताअन्तर्गत लोकज्ञानको प्रधानता, सामूहिक सिर्जनधर्मिता परम्पराको अनुसरण, मौखिक प्रकारता, संरचनागत जटिलता, निरन्तर गतिशीलता र लोकप्रियताजस्ता गुणलाई निर्दिष्ट गरिएको छ । सैद्धान्तिक परिचय खण्डअन्तर्गत लोकसाहित्यको विधागत र्गीकरण शीर्षक अन्तर्गत परिचयको साथमा विभिन्न आधार प्रस्तुत गरिएको छ जसअनुसार माध्यम, प्रस्तुति, श्रेणी, आकारप्रकार गरी उपविभाजन गरिएको छ ।

चौथो परिच्छेदमा गाउँखाने कथाको परिचय शीर्षक राखिएको छ । अनुसन्धानमूलक लेख अन्तर्गत पर्ने यस परिच्छेदमा गाउँखाने कथाको परिचयका साथै चिनारीलाई बुँदागत रूपमा पनि देखाइएको छ । यसैगरी गाउँखाने कथाको परम्परालाई पूर्वीय तथा पाश्चात्य दुवै

परम्पराका आधारमा स्पष्ट पार्ने कार्य गरिएको छ । यहाँ गाउँखाने कथाका विशेषताहरूलाई विशेष रूपमा केलाइएको पनि छ । यस परिच्छेदकै महत्त्वपूर्ण मानिने वर्गीकरणलाई पृथक रूपमा नै देखाइएको छ । विषयवस्तु, भाषिक संरचना, वाक्यात्यक र क्षेत्रगत गरी चार भागमा वर्गीकरणका आधार मानिएको छ जसअनुसार विषयवस्तुका वस्तु वा चिजबीज सम्बन्धी, प्राणीसम्बन्धी, शरीरसम्बन्धी, प्रकृतिसम्बन्धी, र व्यवसायसम्बन्धी भनी उपविभाजन गरिएको छ । भाषिक संरचनाका आधारमा वर्गीकरण गर्दा गद्य-पद्य, अनुप्रासमूलक तुकबन्दीसहित उपविभाजन गरिएको छ । यसै गरी वाक्यात्मक आधारमा वर्गीकरण गर्दा एकवाक्यात्मक र बहुवाक्यात्मक, सरल वाक्यात्मक, जटिल वाक्यात्मक, प्रश्नात्मक र अप्रश्नात्मक भनी छ भागमा बाँडी देखाइएको छ । अन्यमा क्षेत्रगत आधारमा अड्को, भ्र्यागा, घाउटा र भिmट्टालाई देखाइएको छ ।

पाँचौं परिच्छेदमा 'रुपन्देहीमा प्रचलित गाउँखाने कथाको वर्गीकरण र विश्लेषण' शीर्षकअन्तर्गत यो जिल्लामा प्रचलित गाउँखाने कथालाई वर्गीकरणगरी विश्लेषण गर्ने कार्य भएको छ । साथै अवधी भाषीहरूको प्रभाव जिल्ला भएको कारण केही मात्रामा थोरै नै भए पनि अवधी गाउँखाने कथा (बुझैलिया) को विश्लेषणका साथ यसका समकक्षी भाषा भोजपुरी, मैथिली, र थारू भाषाको छोटो परिचय दिने कार्य गरिएको छ । यहाँ प्रचलित गाउँखाने कथालाई सैद्धान्तिक वर्गीकरणसँग सबै मिल्न नसक्ने भएकोले सैद्धान्तिक विभाजनभन्दा केही पृथक् रूपमा बाँडिएको छ जसअन्तर्गत विषयवस्तु, रूपात्मक, संरचनात्मक विविध मानी वर्गीकरण गरिएको छ ।

यस पत्रको अन्तिम अर्थात् छैंटौं परिच्छेदमा सम्पूर्ण शोधपत्रको सारांश, प्रस्तुत गरिएको छ । यसका साथै यसमा भावी अनुसन्धानका लागि उपयुक्त शीर्षकसमेत चयन गरिएको छ ।

लोकवार्ताको एक पक्ष मानिने लोकसाहित्यले समाजका दुःखसुखका साक्षात् अनुभूतिलाई हृदयबाट कोमल मनोभावले अभिव्यक्ति गरेको हुन्छ । यस अन्तर्गतका विभिन्न विधाहरू लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान तथा मन्त्रजस्ता लोकसमाजसित परोक्ष सरोकार राख्ने विधाहरूको अन्योन्याश्रित सम्बन्ध गासिएको हुन्छ ।

लोकसाहित्यको बीजभूमि नै ग्रामीण तथा अपठित समाज हो । गाउँघरका निरक्षर सोझासीधा दुःखीगरिब जनताका स्वाभाविक रूपमा निस्कने भावानात्मक सुसेलीको रूपमा अभिव्यक्त गरिने एक किसिमको कथ्य भाषिक सीप लोकसाहित्यमा झल्किएको हुन्छ । शास्त्रीय जटिलता तथा शाब्दिक अन्योलताविहीन सहज तथा मनोरम अनुभूति लोकसाहित्यमा छचल्किएको हुन्छ । नेपाली भू-परिवेश तथा सामाजिक सम्बन्धसँग प्रत्यक्ष  वा परोक्ष सम्बन्ध राख्ने_लेकबेसी, डाँडाकाडा, उकालीओराली, दुःखसुख, हाँसोरोदन आदिसँग जीवन व्यतीत गरिरहेका जनमानसको नैसर्गिक हृदयउद्‌गारमा सिर्जित लोकसाहित्यले हाम्रो आदिमता तथा नवीनतासम्मका सबै लाई बोकेको छ र जीवन्त तुल्याएको पनि छ । यसै आधारमा पनि लोकसाहित्यलाई हाम्रो आदिम वेद भन्न कर लाग्छ । यो श्रुतिपरम्परामै  जीवित भई लोकको मन जित्न सफल भएको छ । त्यसैले त यसले समाजका सुखीदुःखी, शिक्षितअशिक्षित, केटाकेटी, युवायुवती, किशोरकिशोरी, आइमाई तथा बूढापाका सबैको आ-आफ्नो प्रतिभाअनुसार रोजाइका विषय बनेका छन् । त्यसैले पनि यसको गरिमा छचल्किएको छ ।

गाँउखाने कथा लोकससाहित्यको हो । मानव आदिमकला भाषाको माध्यमबाट अभिव्यक्त गरिने बिस्तारसँगै यस किसिकको रागात्मक अभिव्यक्ति, पनि पैदा भएको हो । पूर्वीय जगत्‌मा ऋग्वेद, यर्जुवेद, महाभारतजस्ता धार्मिक ग्रन्थहरूमा पनि पहिलेको प्रयोग गाउँखाने कथाकै रूपमा गरिएबाट पनि यसको महत्त्व अझ गाउँखाने कथा पहिले प्रहेलिका, प्रवल्लित, रिडल्स, रेक्ट्रल, बुझौवलजस्ता विभिन्न भाषामा भनिए पनि नेपाली ठाउँअनुसार अङको हाल्नु, अङको लथाप्नु, झ्याता जान्नु, कथा हाल्नु, जान्ने कथा भन्नु, गाउँ दिने कथा, भन्नु आदिसँग सम्बन्धित छ तापनि पूर्वी तथा पूर्वीत्तरमा अड्को, कर्णाली अञ्चलतिर साइतर, पश्चिम नेपालमा झ्याँगा, झिट्टा र घाउटा भनिन्छ । तर समग्र नेपाली जनजिब्रोले गाउँखाने कथाकै रूपमा स्विकारेको पाइन्छ । यसले लोकजीवनका हर्ष, दुःखसुख, बिस्मात्, पीडा, छटपटी, वेदना आदि लोकानुभूतिलाई प्रतीकात्मक शैलीबाट अभिव्यक्त गर्ने तथा बौद्धिक चातुर्यको कसी लगाउनेसमेत कार्य गर्ने तथा मनोरञ्जनात्मक खुराकको समेत छनक दिने हुनाले जनजीवनमा या अद्यावधि मर्यादित पनि छ ।

दिनभरिको व्यस्तताको थकित जीवनलाई अनि अभाव र छटपटीको लोकानुभूतिलाई चीत्कारलाई दबाएर र केही क्षण मात्र भए पनि मानसिक ओठमा मन्दमुस्कान ल्याई

मनोरञ्जन दिनु अनि प्रतीकात्मक रूपमा भावाभिव्यक्तिलाई गाँसेर बौद्धिक खुराक अर्पण गर्न सक्नु नै नेपाली गाउँखाने कथाको विशेषता हो । यही महत्त्वलाई मनन गरी रुपन्देही जिल्लालाई आधार मानेर गाउँखाने कथाको परिचय, अध्ययन र विश्लेषणको थालनीसम्म केही कतैबाट नभएको अवस्थामा यो अध्ययन गरिएको हो ।

**६.३ रुपन्देही जिल्लामा प्रचलित लोक साहित्यबारे भविष्यमा निम्नलिखित शीर्षकहरुमा अध्ययन गर्न सकिने छ :-**

१. रुपन्देही जिल्लामा प्रचलित लोककथाको अध्ययन

२. रुपन्देही जिल्लामा प्रचलित लोकगीतहरूको अध्ययन

३. रुपन्देही जिल्लामा प्रचलित अवधी र नेपाली गाउँखाने कथाको तुलनात्मक अध्ययन

४. रुपन्देही जिल्लामा प्रचलित उखानको अध्ययन

# सन्दर्भ–सामग्री

## नेपाली कृति


अन्तर्राष्ट्रिय मञ्च, ११:७, २०५८ ।

अर्जुन नेपाल, **गाउँखाने कथा,** काठमाडौ : धरान एन. वि.डी. प्रकाशन, २०५८ ।

ईश्वर बराल र अन्य (सम्पा.): **नेपाली साहित्यकोश,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

ईश्वरीप्रसाद भण्डारी, **गुल्मी जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन**, स्नातकोत्तर नेपाली शोधपत्र २०५७, (अप्रकाशित) त्रिभुवन विश्वविद्यालय ।

कपिल अनन्त, "गाउँखाने कथाको परिचय र विश्लेषण", **प्रज्ञा,** पूर्णाङ्क ९३, वर्ष ३१, २०५७।

कपिल लामिछानेः "गाउँखाने कथामा अश्लीललताको पुट", **जुही** ३२, ५-१०, २०४८ ।

…………, **रमाइला गाउँखाने कथा,** काडमाडौंः विवेक सिर्जनशील प्रकाशन, २०६१ ।

किरणलक्ष्मी श्रेष्ठः **गाउँखाने कथाको सँगालो**, धरानः शङ्कर, २०४३ ।

कुन्दनलाल उप्रेतीः **लोकसाहित्यको प्रतिमान,** अलिगढः भारत प्रकाशन मन्दिर, १९७१ ई. ।

कृष्णदेव उपाध्यायः **लोकसाहित्य की भूमिका** (सप्तम संस्करण), इलाहावादः साहित्य भवन प्रा.लि. १९९८ ई. ।

कृष्णप्रसाद घिमिरे, **नेपाली लोकगीतको आस्था** काठमाडौंः ने. रा. प्र. प. २०६३ ।

कृष्णप्रसाद पराजुलीः **नेपाली उखान र गाउँखाने कथा** (तेस्रो संस्करण) काठमाडौं : रत्नपुस्तक भण्डार, २०५४ ।

……………………**रमाइला नानी,** काठमाडौंः सौजन्य प्रकाशन, २०५२ ।

खेमराज नेपालः "नेपाली लोकसाहित्यको सेरोफेरो", **शोणितपुर नेपाली साहित्य परिषद् ,** मुखपत्रिका, वर्ष ५,१२ जुन १९९४ ई ।

गोकुल सिन्हाः "गाउँखाने कथा", **गोरखापत्र,** कार्तिक २८, २०२७।

चूडामणि बन्धु : **नेपाली लोकसाहित्य,** काठमाडौंः एकता प्रकाशन, २०५८ ।

------------ : "पहेली", **कुञ्जिनी,** वर्ष ५, अङ्क ३, २०५४ ।

जीवेन्द्रदेव गिरीः **लोकसाहित्यको अवलोकन**, काठमाडौंः एकता प्रकाशन, २०५७ ।

ठाकुरप्रसाद पराजुली, **नेपाली लोकसाहित्यको परिक्रमा**, काठमाडौंः वाणी प्रकाशन २०६१ ।

तीर्थराज सुवेदी (हंसपुरे सुवेदी) "नेपाली कूटरचनाको परिचय र विवेचना", लघु-अनुसन्धान प्रतिवेदनः काठमाडौं विश्वविद्यालय अनुदान आयोगको सचिवालय, २०५८,

(अप्रकाशित)

तेजप्रकाश श्रेष्ठः **अछामी लोकसाहित्य**, काठमाडौंः रत्नपुस्तक भण्डार २०४४ ।

दामोदर तिवारी, **बाग्लुङ जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन**, स्नातकोत्तर नेपाली शोधपत्र, २०५८,(अप्रकाशित) ।

देवदत्त भट्ट, **बैतडेली गाउँखाने कथाको अध्ययन**, स्नातकोत्तर नेपाली शोधपत्र, २०५७, (अप्रकाशित)

देवीप्रसाद वनबासीः **आँधीखोले लोकसंस्कृति**, स्याङ्जाः चित्रलेखा प्रकाशन, २०५५ ।

दैवज्ञराज न्यौपाने, **गाउँखाने कविता** (चौथो संस्करण) । काठमाडौंः साझा प्रकाशन ।

धर्मराज थापाः "गाउँखाने कथा", **डाँफेचरी**, फूल ३, रूख ४, शिशिर २०१४ ।

धर्मराज थापा र हंसपुरे सुवेदीः **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं त्रि.वि. पाठ्यक्रम विकासकेन्द्र, २०४१ ।

प्रदीप रिमालः **कर्णाली लोकसंस्कृतिः खण्ड ५**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान,

२०२८ ।

पूर्णप्रकाश नेपाल (यात्री): **भेरी लोकसाहित्य**, काठमाडौं नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान,

२०४१ ।

.......... नेपाली लोकसाहित्यको अध्ययन **गरिमा** २०५५,१६.१०, पृ ६५-७६ ।

बालकृष्ण पोखरेल र अन्य (सम्पा) **नेपाली बृहत् शब्दकोश**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४० ।

बासुबाबु खत्री, **गोरखा जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन** स्नातकोत्तर नेपाली शोधपत्र, २०६२,(अप्रकाशित) ।

मोतीलाल पराजुली, **लोकतत्व र लोकसाहित्य दृष्टिकोण**, २०५१ पृ. ६१-६२ ।

योगी नरहरिनाथः **हिमाली लोकसाहित्य**, काठमाडौंः २०२१ ।

भरतकुमार प्रसाईः **हाम्रा गाउँखाने कथा**, दोस्रो संस्करण, काठमाडौं भरतकुमार प्रसाई,२०५५ ।
मोहनप्रसाद तिमल्सिनाः "नेपाली लोकोक्तिको वर्गीकरण र विश्लेषण", लघु-अनुसन्धान प्रतिवेदन, काठमाडौं विश्वविद्यालय अनुदान आयोगको सचिवालय, २०५७, (अप्रकाशित)

मोहनराज शर्मा र खगेन्द्र लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काडमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

रत्नबहादुर तमोट, **गाउँखाने कथा**, काठमाडौंः बूढानिलकण्ठ स्कूल, २०३२ ।

रत्नाकर देवकोटा, **केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा**, काठमाडौंः साझा प्रकाशन, २०५८ ।

रविलाल अधिकारी, "लोकोक्तिका प्रकारहरू छोटो चर्चा," **पाठ्यक्रम विकास पत्रिका**, पूर्णाङ्क ३०, २०५१ ।

रामकुमार पाँडेः **गाउँखाने कथा**, काठमाडौंः अमृतमान खास्टी, २०२६ ।

वासुदेव त्रिपाठी, लोकसाहित्यको मूल्यलाई औंल्याउन खोज्दा, **हाम्रो संस्कृति** ३२, २०२५, पृ. २३-३१ ।

वासुदेव भाइसाव, **डोटेली लोकोक्तिकोश**, कञ्चनपुर

विजय चालिसे, **डोटेली लोकसंस्कृति र साहित्य** काठमाडौंः साझा प्रकाशन, २०३९ ।

शम्भुप्रसाद कोइराला **लोकसाहित्यः सिद्धान्त र विश्लेषण**, विराटनगरः धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५ ।

शिवकुमार राई, नेपाली लोकसाहित्यको एक अङ्ग अड्को, **जर्नल** नेपाल एकेडेमी ।

शिवप्रसाद पौड्यालः "लोकाक्ति एकः सन्दर्भ अनेक," **हाम्रो पुरुषार्थ,** वर्ष २९, अङ्क १, २०५८ ।

…………, **गाउँखाने कथा–कोश**, गुल्मीः सुशील पौड्याल र श्रद्धा पौड्याल, २०६१।

…………"नेपाली उखानको विषयात्मक अध्ययन" काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, अनुसन्धान प्रतिवेदन, २०५८ ।

…………"लुम्बिनी क्षेत्रमा प्रचलित नेपाली उखानको अध्ययन", त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५१, (अप्रकाशित) ।

श्रीराम शर्मा, **लोकसाहित्य सिद्धान्त और प्रयोग**, तृतीय संस्करण, आगराः विनोद पुस्तक

मन्दिर, १९९२ ई. ।

श्रीविक्रमादित्य मिश्र, **पहेली कोश**, पटनाः बिहार राष्ट्रभाषा परिषद्, २०३८ ।

सत्यमोहन जोशीः **हाम्रो लोकसंस्कृति,** काठमाडौंः रत्नपुस्तक भण्डार, २०१४ ।

सत्येन्द्रः **ब्रज लोकसाहित्य का अध्ययन**, आगराः साहित्य रत्न-भण्डार, १९४९ ई. ।

हंसपुरे सुवेदीः "कूटरचनाः संक्षिप्त चर्चा", **प्रज्ञा**, पूर्णाङ्क ८६, वर्ष २८, २०५४ ।

हंसपुरे सुवेदी, छन्द, लोकछन्द र पद्य, **प्रज्ञा,** २०५४, पृ. १०६-१०९ ।

हिमांशु थापा, **साहित्य परिचय**, काठमाडौंः साभ्का प्रकाशन २०३६ ।

**अङ्ग्रेजी कृति**

G.W.P. Money: **Gurkhali Mannual,** Second Edition, Bombay, Thackev co. ltd. 1919 A.D.

J.G. Frazer: The Golden Bough (Vol. 9)

# परिशिष्ट–१

## (क) वर्णानुक्रमानुसार रुपन्देहीमा प्रचलित गाउँखाने कथाको स्थापन

### अ

(१) अँजुलीभरि सुनका मुन्द्रा के हो ?

– बोहोतो

(२) अँध्यारो कुनामा काली बूढी थुपुक्क बसेकी - के हो ?
- हाँडी

(३) अँध्यारो र चिसो खोपीमा बस्ने झुत्री बूढी,
बिहान सबेरै दैलो, चुलोमा लुटुपुटु गर्छे मोरी - के हो ?
- पोतो

(४) अँध्यारोमा हराउँछु, उज्यालोमा आउँछु,
जता-जता मालिक जान्छन्, त्यतैतिर जान्छु- के हो ?
- छाया

(५) अकासिँदा जहाँतहाँ,पातलिँदा कहाँ-कहाँ - के हो ?
- चराचुरुङ्गी

(६) अक्षर छ किताब होइन, गोल छ इनार होइन,
संसारभरि डुल्न सक्छ खुट्टा छैन - के हो ?
- पैसा

(७) अक्षर छन् किताब होइन, लेख्छ कलम होइन,
टुकटुक गर्छ घडी होइन - के हो ?
- टाइपराइटर

(८) अचम्मको चरी, आगामा परी,
पुच्छरले पानी खाँदै ऐया-ऐया भनी - के हो ?
- दियो

(९) अनगिन्ती खम्बामाथि घुमाउने छत,
एकजना मात्र बस्ने- के हो ? त्यसको जात - के हो ?
- मुडा

(१०) अड्गजी रूखका गड्गजी पात,
को ल्याउँछ दुनाबोता ? को खान्छ भात ?- के हो ?
- पानी अमला

(११) अगाडि हिँड्दो, पछाडि बाटो थुन्दो - के हो ?

- सियो र धागो

(१२) अगाडि हेर्दा देखिन्छ, पछाडि हेर्दा छैन - के हो ?

- ऐना

(१३) अगिपछि टम्म खाने, चाडबाडमा भोकै बस्ने - के हो ?

- बोको

(१४) अग्लो पहरामा गुराँस फुलेको - के हो ?

- टीको

(१५) अग्लो पहरामा चहैचहै गर्ने - के हो ?

- लिगलिगे

(१६) अग्लो घरमा बार्दली छ चारकोठा छैन,
गजुर छ देवता छैनन्, मन्दिर पनि होइन - के हो ?

- धरहरा

(१७) अग्लो देखिन्छ धरहरा होइन, निहुरिन्छे बेहुली होइन - के हो ?

- बाँस

(१८) अग्लो रूखमा थोरै पात - के हो ?

- पन्यूँ

(१८) अग्लो भीरमा रगतको छिटो - के हो ?

- टीको

(१९) अग्लो पहाडको भिरालोमा बस्छु,
स्वास्नीमान्छेको इज्जत बढाइदिन्छु - के हो ?

- फुली

(२०) अघि-अघि महादेव पछि-पछि जन्ती - के हो ?

- मौरी

(२१) अघि-अघि रतुवा, पछि-पछि कलुवा - के हो ?

- डढेलो

(२२) अघि हिँड्यो, पछि बीउ छऱ्यो - के हो ?

- बाख्राले बड्कुल्याएको

(२३) अगाडि शङ्ख, पछाडि पङ्ख - के हो ?

- कुकुर

(२४) अघि म हरियो थिएँ पछि भएँ राती,
यै बैरीको परें काग जस्तो काली - के हो ?

- चुक

(२५) अन्नको बारुद छालाको गोली, भुँइतिर हान्दा नाकतिर पोली - के हो ?

- पाधेका

(२६) अचम्मको चरी, आगामा परी,
पुच्छरले पानी खाँदै ऐया-ऐया भनी - के हो ?

- दियो

(२७) अत्ती न पत्ती, पीँधमा बत्ती - के हो ?

- जूनकीरी

(२८) अन्न खाने सानीकीरी, झ्यालबाट फुत्त छिरी - के हो ?

- घुन

(२९) अन्न-पानी खाँदैन यो हावा खाए पुग्छ,
हावा खाए पछि यो सरर कुद्छ - के हो ?

- गाडी

(३०) अरू बेला देखिने सूर्य आए नदेखिने - के हो ?

- तारा

(३१) अरूले देख्ने घामले नदेख्ने - के हो ?

- अँध्यारो

(३२) अरूलाई ताप दिई न्यानो पानी पार्छु पानी खाएँ भने भुतुक्क मर्छु - के हो ?

- आगो

(३३) अलिकति लगाउँदा ऐया ऐया सबै लगाउँदा सन्च - के हो ?

- चुरा लगाएको

(३४) अलङ्की रानी पलङ्गमा सुत्छे सूर्यलाई देख्दा भुतुक्क हुन्छे - के हो ?

- शीत

(३५) अहिले छ अहिल्यै छैन - के हो ?

- जुनकीरी

## आ

(१) आँखा काटे मर्ने, घिच्रो काटे सर्ने - के हो ?

- उखु

(२) आँखा छ देख्दैन, कान छ सुन्दैन, मान्छे हो बोल्दैन - के हो ?

- मूर्ति/तस्वीर

(३) आँखा छैन भुईतिर हेर्छ, कान निमोठ्यो भने वान्ता गर्छ - के हो ?

- चापाकल

(४) आँखा छैन भुईतिर हेर्छ, कान निमोठ्यो भने वान्ता गर्छ - के हो ?

- कलधाराबाट पानी निकालेको

(५) आँखा झिमिक्क झिम्क्यायो कि पेटभित्रै निम्त्यायो - के हो ?

- क्यामेरा

(६) आँखा हुने तीखेदाइ उन्दै अघि बढ्छ,
टाउको तीखो हुने तीखेदाइ पहिलो खेपमै अड्किएर बस्छ - के हो ?

- सियो र धागो

(७) आँसुलापाँसुला रातभरि टाँसुला,

झिसमिसैमा फुत्त निस्की आफ्नै ठाउँमा बसुँला - के हो ?

- आग्लो

(८) आँखो माखो रमाउने, न हेर्छ न देख्छ - के हो ?

- खटिराको मुख

(९) आई गुजी, पाई गुजी, पानीदेखि डराई गुजी - के हो ?

- जुत्ता

(१०) आई बूढी मच्चिदै, गई बूढी थच्चिदै - के हो ?

- लिङ्गेपिङ खेलेको

(११) आउँछ-जान्छ पर्खदैन, कहिले पनि फर्कदैन, कसैसँग थर्कदैन - के हो ?

- समय

(१२) आँखा छ, पेट छ तर कान छैन - के हो ?

- सर्प

(१३) आउँछ देखिन्न, चिथरचाथर पाऱ्यो सन्चो हुन्छ अनि बिलाउँछ - के हो ?

- चिलाई र कन्याई

(१४) आउने-जानेलाई खान दिएस्, आफूलाई चाइने कुरा लिएस् - के हो ?

- ऐँसेलु

(१५) आउने-जानेलाई खान दिएस्, आफूलाई चाहिने लुगा लिएस् - के हो ?

- बयर

(१६) आएको थाहा पाए गयो भन्छन्, निस्केको देखे पसायो भन्छन् - के हो ?

- भुकम्प र केरा

(१८) आकासकी रानी पातालमा खसी सूर्यलाई देख्दा थुपुक्कै बसी के हो ?

- शीत

(१७) आकासको आगो पातालको पानी,

म्बाइँ खान लाग्दा गुडगुडाउने बानी, यतिले नपुगे कुइरिमण्डल पारी - के हो ?

- तमाखु खाएको

(१८) आकासको चरी धरतीमा झरी झर्नासाथै कठैबरी मरी - के हो ?

- असिना

(१८) आकासको दुलो पातालको पानी, पाँचजना बाउसे एउटी रोपार - के हो ?

- हुक्का

(१९) आकासको मैदान रूखको बास, धरतीको बिस्कुन चुच्चाले गास - के हो ?

- चरा

(२०) आकासमा आगो पातालमा पानी, म्बाइँ खान थाल्दा चिच्याउने बानी - के हो ?

- हुक्का

(२१) आकासमा आगो हुन्छ पातालमा पानी,

बीचैबाट फुत्किएर कराउने बानी - के हो ?

- तमाखु खाएको

(२२) आकासमा उड्ने ठूलो चरी काखमा बसाई घुमाउँछ उसले वरिपरि - के हो ?

- हवाइजहाज

(२३) आकासमा उड्छ चरा होइन, लामो पुच्छर पनि छ जनावर पनि होइन - के हो ?

- चङ्गा

(२४) आकासमा उड्दै डुल्ने, बस्ने रूखमाथि,
खान खाँदा धरतीमा हुन्छन् सङ्गीसाथी - के हो ?

- चरा

(२५) आकासमा उड्ने ठूलोठूलो चरी,
काखमा बसाई, घुमाउँछ उसले वरिपरि - के हो ?

- हवाइजहाज

(२६) आकासमा कुदि हिँड्छन् साह्रै काली नानी,
रिस उठ्यो भनेदेखि झार्न थाल्छिन् पानी - के हो ?

- बादल

(२७) आकासमा जन्मी धर्तीमा आई यताउति डुलेर मायाप्रीति लाई - के हो ?

- पानी परेको

(२८) आकासमा झुन्डिएर रहेको छ धार,
त्यो धारमा घुमीघुमी मीठो चिज पार - के हो ?

- मौरीको घार

(१८) आकासमा टाँगेको बाक्लो रोटी के हो ?

- चन्द्रमा

(१९) आकासबाट धरतीमा बल्छी खेल्ने - के हो ?

- इन्द्रेणी

(२०) आकासमा नै हिँड्छ, आकासमै छ घर,
बिहान हुन्छ एकातिर साँझ अन्तै सर - के हो ?

- सूर्य

(२१) आकासमा फल जस्तो जमिनमा जल,
जल-फल जे भए पनि समुद्र हो घर - के हो ?

- असिना

(२२) आकासमा फूल फले पनि जमिनमा फल,
नपत्याए मौसममा कोट्याएर हेर - के हो ?

- आलु

(२३) आकासमा बस्ने धरतीलाई चुस्ने - के हो ?

- काँक्रो

(२४) आकासमा घुम्ने गर्छ, आकासमै घर,
बिहान हुन्छ एकातिर साँझ अन्तै सर - के हो ?

- घाम

(२५) आकासमा हिँड्ने गर्छ आकासमै घर,
बिहान हुन्छ एकातिर साँझ अन्तै सर - के हो ?

- सूर्य

(२६) आकासमै जन्मी-हुर्की आकासमै बास,
देख्ने गर्छन् उसलाई वर्षादको आस - के हो ?

- बादल

(२७) आकासिँदा जहाँतहाँ पातलिँदा कहाँ-कहाँ - के हो ?

- चराचुरुङ्गी

(२८) आगो न पानी, रोटी पकाउने नानी - के हो ?

- मौरी

(२९) आगोमा उभिएर तीनभाइ निहुरेका,
घाँटीमा एउटै सिक्री सिउरेका - के हो ?

- ओदान

(३०) आगोमा राख्दा जली हाल्ने डढ्ने, पानीमा चाहिँ पाक्दै नपाक्ने - के हो ?

- रौँ

(३१) आङकुटी बाङकुटी काङकुटी काई, आँखा त पिलपिल मुन्टो त नाइँ - के हो ?

- गँगटो

(३२) आगोसागो केही छैल त्यसै धुवाको मुस्लो के हो ?

जवाफ कुहिरो

(३३) आजभन्दा भोलि लायो भोलिभन्दा पर्सि,
नकाटेमा केटाकेटी डराउँछन् तर्सी - के हो ?

- दाह्री

(३४) आज रात पऱ्यो भोलि घर बनाउँला - के हो ?

- माकुरो

(३५) आख्लै आख्ला धेरै हुने लामालामा पात, काटीकुटी कुड्का खाने के हो त्यसको जात ?

जवाफ उखु

(३६) आधा हाल्दा ऐया-ऐया पूरै हाल्दा सन्चो - के हो ?

- चुरा लगाएको

(३७) आटी न पाटी तीनसय साठी के हो ?

- किताब

(३८) आठ खुट्टा चार कान, दुई पुच्छर तानातान - के हो ?

- गाईको बाच्छाले दूध खाएको

(३९) आदेश उसको मान्नै पर्छ प्रशासक त्यो होइन,
घुमीघुमी उधुम गर्छ रूप देखिँदैन - के हो ?

- काल

(४०) आफु काली नाउँ भने राती - क्या हो ?

- रात

(४१) आफु कागत भए पनि तागत छ ठूलो,
त्यसको तागत पाए पछि सबै बन्छन् ठूलो - के हो ?

- नोट-रूपियाँ

(४२) आफू छ डल्लो बीचमा दुलो, दुलोमा सुई लगाई सुटुक्कै खुल्यो - के हो ?

- साँचो

(४३) आफू जतातिर गयो उतैतिर जाने - के हो ?

- छाया

(४४) आफू पनि माले छाया पनि माले - के हो ?

- डोको

(४५) आफू भने थाङ्ने, घोडा चढी माग्ने - के हो ?

- घुम

(४६) आफू भने सेती छ, कालो कोट लाउँछ रातो पानी खान्छ - के हो ?

- खुकुरी

(४७) आफू गयो कि पाइला मेट्दै जाने - के हो ?

- सियो धागो

(४८) आफूतिर बटारो अनि हान्यो झटारो,
धूलोमूलो जति सबै निकाल्यो - के हो ?

- नाङ्लाले अन्न निफनेको

(४९) आफू भने रानी, रानीले खाने गन्हाउने पानी - के हो ?

- बत्ती

(५०) आफू बूढो डाँको बडो - के हो ?

- बन्दुक

(५१) आफू राजा खान्छ खाजा, झिक्छ सोला छर्छ पीठो - के हो ?

- आगो

(५२) आफ्ना घरमा भात पकाइ, अरूका घरमा तिहुन चखाइ - के हो ?

- आग्लो

(५३) आफ्ना दुवै लुला हातले ठोक्छ आफ्नै गाला,
शिवजीलाई मन पर्ने गजबै छ चाला - के हो ?

- डमरु

(५४) आफ्नो भए पनि बढी प्रयोग अरूले गर्ने - के हो ?

- नाम

(५५) आमाले छोरीलाई ढोग गर्ने - क्या हो ?

- गाग्री र लोहोटा

(५६) आमाबाबु उठेका, छोराछोरी सुतेका - के हो ?

- लिस्नु/सिँढी

(५७) आमामाथि छोरी नाच्छे - के हो ?

- सिलौटो र लोहोरो

(५८) आमाको पेटमा छोरी चलिरहन्छे - के हो ?

- साँचो

(५९) आमा खुप्री-झुप्री छोरी भर्भर सुन्दरी - के हो ?
- गुलाबको बोट र फूल
(६०) आमालाई झुन्ड्याएर छोरी छाडी जाने - के हो ?
- साँचो
(६१) आमा जगटे बाबु फगटे छोरी मिठाई पापा - के हो ?
- कटुँस
(६२) आमा जगल्टे, छोरोपखेटे, नाति मट्याङ्ग्रे - के हो ?
- केराउको बोट
(६३) आमा झुत्री, छोरी चुच्ची - के हो ?
- चुच्चेकरेलो
(६४) आमा झुप्री, छोरी कुप्री, नातिनी सलसलाउँदी - के हो ?
- गहत
(६५) आमा छाद्छे, छोरी खान्छे - के हो ?
- पानी सारेको
(६७) आमा गइन् घाँसपात बाबु गए गाउँ,
ढोकामा बसे लट्टेजोगी आफू कता जाऊँ - के हो ?
- ढोकामा ताल्चा मारेको
(६८) आमाबाबुको साझा पटुका - के हो ?
- आग्लो ढोकाको
(६९) आमाभन्दा छोरी कुप्री - के हो ?
- निउरो
(७०) आमाभन्दा छोरी चर्की - के हो ?
- खुर्सानी
(७१) आमाभन्दा छोरी जान्ने -के हो ?
- खलको बच्चा
(७२) आमालाई झुन्डयाएर छोरी नाच्दैघुम्दै हिँडी - के हो ?
- साँचो
(७३) आयो फुस्सै, गयो फुस्सै - के हो ?
- पाधेको (अपान वायु)
(७४) आयो भन्छन् देखिँदैन,
गयो भन्छन् भेटिन्न - के हो ?
- भुइँचालो
(७५) आलू भन्छन् खान हुन्न, केही होइन हेप्न हुन्न - के हो ?
- सुन्य (०)

## इ

(१) इउँ त इउँ, इउँ टिप्नेलाई सय रूपियाँ दिउँ - क्या हो ?

- छायाँ

(२) इङ्खेबिङ्खे तीन सिङ्गे - क्या हो ?

- त्रिशुल

(३) इनारमा पानी भुलभुल्ती आउने - के हो ?

- आँसु

(४) इन्द्रिनी खोला छिन्द्रिनीपानी, बेताले बूढीको बौलाउने बानी - के हो ?

- पानीघट्ट

(५) इरिइरि लहरो सिरिसिरि पात, खोलभित्र पसी घुम्छ दिनरात - के हो ?

- चिठी

(६) इलम खासै छैन केही दिनभरी घुम्छ पानी पर्‍यो भने प्राण पखेरु उड्छ - के हो ?

- घडी

(७) इलिमिली, झिलिमिली, सात रङ्गको झिलिमिली - क्या हो ?

- इन्द्रेणी

(८) इल्सिङ-मिल्सिङ काली गाईको तीन सिङ् - क्या हो ?

- ओदान

## उ

(१) उँधो हिङरिङ, उँभो जिङरिङ - के हो ?

- गहुँ

(२) उँधोबाट हाँस आयो, एकमुठी घाँस ल्यायो - के हो ?

- मूला

(३) उँभो थली, उँधो नली, यो कथा नजान्ने मेरो हली - के हो ?

- कर्कलाको बोट

(४) उइँठो पुइँठो चामलको गुइँठो, म्बाइँ खान जाँदा चिच्याउँदै उठ्यो - के हो ?

- शङ्ख

(५) उकालो लाग्छ खुट्टा छैन, पानी खाए भुतुक्कै हुन्छ - के हो ?

- डढेलो

(६) उज्याली चरी आगोमा जली, पुच्छरले पानी खाँदै झलमल्ल बली - के हो ?

- टुकी/बत्ती

(७) उज्यालेमा बनी हिँड्छ नजिकको साथी,
अँध्यारोमा हराउँछ कुन्नी कहाँ भागी - के हो ?

- छायाँ

(८) उठ्ने बित्तिकै खोपामा हात - के हो ?

- ढोकाको ताला खोलेको

(९) उठे सगरसम्म, बसे गजधम्म - के हो ?

- कुइरो

(१०) उड्छ आकासमा चरा होइन, खेल्छ बतासमा पानी पर्नुहुँदैन - के हो ?

- चङ्गा

(११) उडन्ती, बुडन्ती र चुडन्ती - के हो ?

- चरो, माछा, र चङ्गा

(१२) उडीहिँड्छ आकासमा घरद्वार छैन,
उसको अघि परेपछि हराउँछ चैन - के हो ?

- बादल

(१३) उड्छ चरो होइन, पुच्छर छ जनावर होइन - के हो ?

- चङ्गा/हवाइजहाज

(१४) उफ्रि-उफ्रि हिँडे पनि बाँदर त्यो होइन,
रगतले बाँचे पनि जुको पनि भनिदैन - के हो ?

- उपियाँ

(१५) उभिण्डो ठेकीमा लतलते दही - के हो ?

- सिँगान

(१६) उभिन्छु म दुई खुट्टाले हिँड्नलाई हुन्न,
कुटकुट खाने गर्छु, मिल्नलाई हुन्न - के हो ?

- चुलेसी

(१७) उम्रन्छ पहिले फुल्दैन कहिले, छोपिदेऊ झारपातले अहिले - के हो ?

- उखु

(१८) उर्लुङ चरी बुर्लुङ्ङ, लामो पुच्छर तुर्लुङ - के हो ?

- ढेडुवा

(१९) उल्टो पढ, सुल्टो पढ अर्थ एकै हुन्छ,
पकाई खाँदा मीठो लाग्छ, तिहुन  त्यसको बन्छ - के हो ?

- रहर

(२०) उल्टोसुल्टो एउटै हुने नेपालको जिल्ला,
बीचको अक्षर निकालेमा खान पनि मिल्ला - के हो ?

- पाल्पा

(२१) उल्टोसुल्टो एउटै हुन्छ पाँच अक्षरको नाम,
चढ्दो बैंसको झल्को दिन्छ गर्दा अर्थ ज्ञान - के हो ?

- नवजीवन

(२२) उल्टोसुल्टो एउटै हुने जीवनको ज्योति,
प्यारो लाग्छ मलाई त हीराभन्दा मोती - के हो ?

- नयन

(२३) उसलाई हेर्‍यो भने उसले पनि हेर्छ ,
जसोतसो आफू गर्छु उसले त्यसैत्यसै गर्छ - के हो ?

- ऐनामा देखिने दृश्य

(२५) उसले खाएको खान नहुने उसैले दिएको खान हुने,
मार्न भने हुँदै नहुने धेरैथरि काम दिने - के हो ?

- गाई

(२६) उसिन्दा पाक्दैन, पोल्दा डढ्छ - के हो ?

- रौं

(२७) ऊ भए संसारै उज्यालो, ऊ छैन् दिउँसै अँध्यारो - के हो ?

- सूर्य

(२८) ऊ भए ऊ हुन्यो ऊ नभए ऊ कहिले हुन्थ्यो - के हो ?

- काँचुली

## ए

(१) ए आन्द्रे ! थाप्लामा बस्, वनबुटो गरी भुइँमा बस् - के हो ?

जवाफ- → नाम्लो

(२) एउटा कागजको चरो, खोल्छ दराज गर्छ कुरो - के हो ?

- किताब

(३) एउटा अग्लो पहाडको बीचमा छ प्वाल,
त्यो प्वालले जनाउँछ जीवनको हाल - के हो ?

- नाइटो

(४) एउटा ओदानमा चारवटा सर्प घुरेका - के हो ?

- गाई र भैंसीका स्तन

(५) एउटा आँगनमा कनिकै कनिका - के हो ?

- आकाशका तारा

(६) एउटा खम्बाले घर थेग्छ - के हो ?

- छाता

(७) एउटा खाई सभा बस्नू, अर्को खाई वन पस्नू - के हो ?

- अदुवा र मूला

(८) एउटा खाल्डोमा दुई लात हानेको - के हो ?

- सुरुवाल/पाइन्ट लगाएको

(९) एउटा खुट्टा सयौं हात, सयौं हातमा हजारौँ पात - के हो ?

- रूख

(१०) एउटा गोरुका बत्तीस जुर्रा - के हो ?

- करेलो

(११) एउटा गोरुको सोर सिङ्ग - के हो ?

- चर्खा

(१२) एउटा घरको एउटै कोठा, त्यसभित्र पस्ने कुनै छैन ढोको - के हो ?

- मादल

(१३) एउटा घ्याम्पोमा दुई रङ्गी जाँड - के हो ?

- अण्डा

(१४) एउटा चराको पाँच रङ्ग मुखमा हाल्दा एउटै रंग - के हो ?

- पान

(१५) एउटा चरीका दुवैतिर पुच्छर - के हो ?

- दुनु

(१६) एउटा चौरमा लौरो गाडेको - के हो ?

- घरहरा

(१७) एउटा जनावरको चार थाम एक सिङ - के हो ?

- गैँडा

(१८) एउटा ठुटामा दुइटा च्याउ, यति कथा नजान्नेले मुसा पोली खाऊ - क्या हो :?

- कान

(१९) एउटा डोलीमा सयवटी रानी - के हो ?

- सर्स्युका कोसा

(२०) एउटा तन्न, अर्को धन्न, कहिले लौ-लौ कहिले हुन्न - के हो ?

- तबला बजाएको

(२१) एउटा थालमा तीन मान्छे नाचिरहन्छन् - के हो ?

- घडी

(२२) एउटा दमाईले दुईतिर ढोल बजाउँछ - के हो ?

- गाई

(२३) एउटा देशको रहेको छ तीन अक्षरी नाम,
पहिलो अक्षर झिक्यो भने बन्छ खाने चिजको नाम - के हो ?

- जापान

(२४) एउटा नानी दुई अक्षरको दीप, जता चाहियो उतै ठीक - के हो ?

- कागका आँखा

(२५) एउटा प्वालमा मासुको ढिको - के हो ?

- जिभ्रो

(२६) एउटा चोर थियो कपालपुरमा, कानपुरमा ल्याई पक्रियो,
हातमा लिएर विचार गर्दा नङपुरमा ल्याई मासियो - के हो ?

- जुम्रा मारेको

(२७) एउटा पोखरीमा चार भाइ हाम फाल्छन् - के हो ?

- दूध दुहेको

(२८) एउटा फर्सीमा सातवटा प्वाल - के हो ?

- मानिसको टाउको

(२९) एउटा बूढाका सयौँ आँखा, देख्दाखेरि बिघ्नै चनाखा - के हो ?

- डोको

(३०) एउटा बूढाको लामो पटुकी - के हो ?

- सियो र धागो

(३१) एउटा भन्छ म लामो,अर्को भन्छ मै लामो - के हो ?

- बाटो र धागो

(३२) एउटा मान्छेको पेटमा नौवटा नानी - के हो ?

- बोडी

(३३) एउटा मान्छेको पेटमा नौवटा नानी - के हो ?

- बोडी

(३४) एउटा दरवारमा ३२ वटा पुलिसले घेरेको के हो ?

- जिब्रो

(३५) एउटा छ मुख त्यसको हुन्छ दुइटा पेट,
त्यो मुखलाई खोलेर आफ्नो तिर्खा मेट - के हो ?

- फिल्टर

(३६) एउटा मानिसका बाह्र आँखा, घुमीघुमी नाच्न बिघ्न चनाखा - के.हो ?

- तखताघडी

(३७) एउटा मुखमा बाह्र आँखा, दुइटा औला छन् चनाखा,
हल्लाउँछ पुच्छर हरदम बोल्न थाल्छ टिकोटिक - के हो ?

- घडी

(३८) एउटा रूख बाह्र हाँगा, बाह्र हाँगाका दुई पात - के हो ?

- वर्ष, महिना र दिनरात

(३९) एउटाले जा भन्छ, अर्कोले आइज भन्छ - के हो ?

- केरा र बाँसको पात

(४०) एउटी आमा एक पल्ट ब्याउने, त्यहाँदेखि उनले जिउनै नपाउने - के हो ?

- केराको बोट वा माकुरो

(४१) एउटा हाँगाका तीनवटा पात, धेरैजसो घुम्छ जोगीको साथ - के हो ?

- त्रिशुल

(४२) एउटी बहिनी सात पछ्यौरी ओढ्दी - के हो ?

- मकैको धोगा

(४३) एउटी अँधेरी घरकी रानी, हाँसिरहन्छिन् सबतिर घानी - के हो ?

- बत्ती

(४४) एउटी अँधेरी साथी मेरी, गर्छे पिछा केही नहेरी - के हो ?

- छायाँ

(४५) एउटी बूढी भुइँमा लडी , कुम्लो छाडेर रूख चढी - के हो ?

- सखरखण्ड

(४६) एउटै रूप आ-आफ्नो काम, एउटै शरीरमा बेग्लाबेग्लै नाम - के हो ?

- रौँ

(४७) एक कसौंडीमा दुई कुड्की भात - के हो ?

- कटुँस

(४८) एक कोल बाह्र पट्टी, हाँगा गन्दा तीन सय पैसठ्ठी - के हो ?

- वर्षदिन

(४९) एक कोठामा साठी चोर के हो ?

- सलाइको डिब्बा

(५०) एक खुट्टे दाइको जीउमा काँडैकाँडा - के हो ?

- ऐँसेलुको बोट

(५१) एक खुट्टे दाइ, ढोकामा नअटाई, हातले टेक्दा गर्छ हाई- हाई - के हो ?

- छाता

(५२) एक खुट्टे भकुन्डेको जीउभरि बोसो,
त्यै बोसो खाई शरीरलाई राम्रोसँग पोस - के हो ?

- फूलकोबी

(५३) एक खुट्टे धामी थरथर कामी, रगत चुस्ने ठाँउ खोजी हिँड्छ छामीछामी - के हो ?

- जुका

(५४) एक खुट्टे बोकाको तीन धार्नी बोसो - के हो ?

- काउली

(५५) एकखुट्टे मान्छेले बाह्र धार्नी फलाम बोकेको - के हो ?

- केराको बोट

(५६) एक चिम्टीका दुइटा रौँ -के हो ?

- सियो र धागो

(५७) एकजना जाँच्ने, चारजना लुक्ने,पाँचजना हेर्ने - के हो ?

- खैनी माडेको

(५८) एक जना मानिसको जीउभरि प्वालैप्वाल - के हो ?

- डोको

(५९) एक डाँडामा खसी काट्यो सय डाँडामा रगत - के हो ?

- घाम लागेको

(६०) एक भाइ धान हाल्ने, बत्तीस भाइ धान कुट्ने - के हो ?

- जिब्रो र दाँत

(६१) एक फेर आउँछ, मुखबाट ब्याउँछ - के हो ?

- केरा

(६२) एक मान्छेका जिउ भरी आँखा - के हो ?

- डोको

(६३) एक मुठी खरको घुमाउने छत - के हो ?

- छाता

(६४) एक तलाउभित्र आई, देखेंआफूले आफैलाई - के हो ?

- ऐना

(६५) एक दिन सबैले भोग्नैपर्ने, टार्दा नटर्ने मार्दा पनि नमर्ने - के हो ?

- काल

(६६) एक भाँडो अचार, सबैलाई बिचार - के हो ?

- मल

(६७) एक भाइका चार खुट्टा - के हो ?

- खाट

(६८) एक भाइका दुइटा मुन्द्रा - के हो ?

- खड्कौला र ताउलाका कडा

(६९) एक मुठी छ्वालीले सबै घर छाएको - के हो ?

- बत्ती

(७०) एक रूखका चार आँखा बीस पात - के हो ?

- हातगोडाका औंला

(७१) एकातिर काटे ढुङ्ग्रो, अर्कातिर काटे पुङमाङ - के हो ?

- बाँस

(७२) एकादेशमा अचम्म सुनियो नाङ्लाजत्रा पात,
त्यही दिन उठ्ने, त्यहीदिने सुत्ने के हो? त्यसको जात - के हो ?

- सूर्य

(७३) एकादेशमा थिए राजा, खुवाउँथे सबैलाई मीठो खाजा - के हो ?

- घट्ट

(७४) एकै क्षण स्थिरसँग बस्ने कहिल्यै होइन,
त्यसको पछि लाग्यो भने हुन्न कहिल्यै चैन - के हो ?

- मन

(७५) एकै र मुठी जिरीको साग घिउतेलले भ्फानन,
मरेको माछो खेतखेतै डुल्छ त्यो केहो भनन - के हो ?

- हलोको फाली

(७६) एकै र मुठी जिरीको साग घिउतेलले भ्फानन,
मरेको मरेको भैँसी गाउँबेंसी त्यो के हो जानन् ?

- हल्लुडो -नारा)

(७७) एकै र मुठी जिरीको साग घिउतेलले भ्फानन,
धरती मुनि सुनको फाली त्यो केहो जानन् ?

- हलेतो

(७८) एकै र मुठी जिरीको साग घिउतेलले भ्फानन,
धरतीमुनि चाँदीको फाली त्यो केहो जानन् ?

- अदुवा

(७९) एक्लै उठी जान खोज्दा आफू लड्ने डर,
काखी च्यापी हिँडेदेखि हुन्छ त्यसको भर - के हो ?

- बैशाखी

(८०) एकै र मुठी निउरोको साग खोजेर ल्याइदेऊ,
दिउँसो सुत्ने रातभरि उठ्ने यो अर्थ फुकाई देऊ - के हो ?

- दाम्लो

(८१) ए गाँडे ! है भुन्टे, तँलाई खान्छ, मलाई लान्छ - के हो ?

- मूला र भिंडा

(८२) ए भुन्टे के भनिस भकुन्डे ! म लहरामा तँ भ्काङमा - के हो ?

- इस्कुस र फर्सी

(८३) ए है पुड्के ! उठ् बेसी जाउँ,
बेसीबाट तेरो मुन्टो निमोठेर ल्याउँ - के हो ?

- धोक्रो

(८४) ऐया साखुरे, प्याँखा पाखुरे, भैंमा नराख बाबा ठाकुरे -के हो ?

- केरा

## ओ

(१) ओखल भनूँ चिउरा कुट्दैन, मूल फुट्छ कुवा होइन - के हो ?

- आँखा

(२) ओडारभरि सधैं लिरीबिरी - के हो ?

- लिगलिगे

(३) ओडारमाथि डाँडो डाँडोमाथि टार, टारमाथि रानीवनमा हिँड्न थाल्यो चोर - के हो ?

- जुम्रो

(४) ओल्लाघरकी बुहारीले पल्लोघरमा गुहारी - के हो ?

- आग्लो

(५) ओक्कल दोक्कल भुँडी खोकल के हो ?

- ठेको पखालेको

## औ

(१) औंठी लाउँछन् औंठी होइन, बाहिर हुन्छ घरमा छैन - के हो ?

- कुश

(२) औलको खेत, लेकको कुलो, पाँच जना बाबु रोपाई गर्छन् ठूलो - के हो ?

- कलमले कागजमा लेखेको

## क

(१) कथाकुथुङ्ग्री गनपति गाँड, यो कथा नजान्ने मान्छेलाई डाँड - के हो ?

- आग्लो

(२) कति राम्रो ठूलो फूल लाउने होइन खाने,
धन्यवादका पात्र बन्छौ नाम यसको जाने - के हो ?

- काउली

(३) कपडाको छाला फलामको हाड, खुम्च्याउँदा लट्ठी खुलाउँदा आड - के हो ?

- छाता

(४) कपाल काटी सुकाइन्छ, चुल्ठोपारी बाटिन्छ - के हो ?

- बाबियो

(५) कपास, केराउ, गुराँस र काँक्रो,
यी चारै जातको एउटै थाँको - के हो ?

- सिमलको रूख

(६) कम्मरमा पटुका कस  नानी,
जन्मदा ठूली मर्दा सानी  - के हो ?

- कुचो

(७) करकरे बूढीका थाप्लामा भुङ्ग्रो - के हो ?

- हुक्का र चिलिम

(८) कराउने कुलकुल गरी कुन्नी के-के भन्ने,
जता लग्यो उतैतिर डोरिएर जाने - के हो ?

- कुलो

(९) कराएको सुनिन्छ, देख्न सकिन्न, जताततै पस्छ रोक्न सकिन्न,
त्यो नभई फेरि बाँच्न सकिन्न - के हो ?

- नाडीको नसा

(१०) करेसामा उम्रिएको सानोसानो रूख, देखेपछि चढ्न खोज्दा धेरै पाएँ दुःख - के हो ?

- सिस्नु

(११) कलिलोमा धेरै खान्थ्यो बूढो दाजु मलाई,
अहिले भन्छ दाँत छैन खान्छु सातु बनाई - के हो ?

- मकै

(१२) कसैले चाल्ने कसैले फाल्ने, कोही लुट्ने कोही लुटिने  - के हो ?

- काँडा

(१३) कसौंडी पाक्यो भात काँचै - के हो ?

- अम्बा (बेलौती)

(१४) कसौंडीमा भात पाक्छ, बिटमा दाल पाक्छ - के हो ?

- खेतमा धान, आलीमा मास

(१५) कहिले लुकामारी खेल्दछन्, कहिले साथै देखिन्छन्
कहिले भने डिलमा बसी नियालेर छेकिन्छन् - के हो ?

- चन्द्रसूर्य

(१६) कहिले हुन्छ पूरा रूप कहिले आधाआधा,
कहिले भने हुँदै हुन्न गजबको छ चाला - के हो ?

- चन्द्रमा

(१७) कहिले हुन्छ साह्रै कालो, कहिले हुन्छ रातो,
रातो हुँदा नछुनु है उडाउला सातो - के हो ?

- आगाको कोइला

(१८) काँधमा भिरिन्छ खकन होइन,
सरसामान बोक्छ गधा होइन - के हो ?
- नोट

(१९) काग कहनी एक सूर्य दुई रङ पानी - के हो ?
- कुखुराको अण्डा

(२०) कागजको एउटा चरो, खोल्छ दराज गर्छ कुरो- के हो ?
- चिठी

(२१) कागतको रूपदार जीउ मेरो,
तस्वीर जस्तो सबैको प्यारो, एउटैसँग बस्न गाह्रो - के हो ?
- नोट (रूपियाँ)

(२२) काठकी बाछी ढुङ्गाकी गाई, जति दुह्यो उति आई - के हो ?
- चन्दन घोटेको

(२३) काठको खड्के चारजना अड्के - के हो ?
- काठेपिङ

(२४) काठको पर्खाल शिशाको द्वार, नबोली हेर्छन् लगातार - के हो ?
- तस्वीर/ऐना

(२५) कान तान्दा मुख खोलिने - के हो ?
- थैली

(२६) कान निमोठे ह्वालह्वालती वान्ता गर्ने - के हो ?
- कलधारा

(२७) कानमा समाई नाकमा टेक्ने - के हो ?
- चस्मा

(२८) कान्छी नानी साह्रै सानी, दिनरात खट्ने उनको बानी - के हो ?
- कमिला

(२९) काम एकै भए पनि अनेकथरी नाम,
फोहोरको दुनियाँमा नाच्ने त्यसको काम - के हो ?
- साबुन

(३०) कामीको छोरो बाहुनको नाति, बस्न गयो दैलामाथि - के हो ?
- ताल्चा

(३१) काला गेडा सेतो भुइँ मुखले टिप्छ हातले छर्छ - के हो ?
- पढेलेखेको

(३२) काला वनमा काला गाईको बथान - के हो ?
- कपालका जुम्रा

(३३) काला रहमा बाक्ला नसा - के हो ?
- आँखा

(३४) कालीकाली बाखीका पेटभरि यूँ,
यूँ टिप्न सक्नेलाई लाख रूपियाँ दिउँ - के हो ?

- आकासका तारा

(३५) काली गङ्गा गौरीघाट, बत्तीस हाँगा एउटै पात - के हो ?

- जिभ्रो

(३६) काली गाईको पेटभरि दूध - के हो ?

- मास

(३७) काली चरीको सेतो पुच्छर - के हो ?

- सियो र धागो

(३७) काली बूढी पेटमा लहरे बढाई - के हो ?

- हाँडीमा मकै भुटेको

(३८) काली बूढी चाउरी परी - के हो ?

- मरीच

(३९) काली बूढी कोठामा लुटुपुटु गर्छे - के हो ?

- गोबरले लोटाएको

(४०) काली बूढी ठाडठाडै मुत्छे - के हो ?

- कोल

(४२) काली भए पनि राम्री छन्, आँखा तिनका जीउभरि छन् - के हो ?

- आँखीभ्याल

(४३) काली बूढीको भान्सा मीठो - के हो ?

- ठेकी र दही

(४४) कालो ओडारमा रातो पुलिस - के हो ?

- जिभ्रो

(४५) कालो ओडारमा लहरै जन्ती - के हो ?

- कमिलाको तँती

(४६) कालो ओडारमा सेता जन्ती - के हो ?

- दाँत

(४७) कालो कुकुर वनमा सुत्ने हिर्काउँदा खेरी थुक्दै उठ्ने - के हो ?

- बन्दुक

(४८) कालो कुकुर वनमा सुत्ने हानिदियो भने कराउँदै उठ्ने - के हो ?

- बन्दुक

(४९) कालो कुनामा काली बूढी के हो ?

- हाँडी

(५०) कालो खोलामा हुन्छ रातो पानी खान्छे निहु खोज्नेलाई ठाडै जवाफ दिन्छे के हो ?

- खुकुरी

(५१) कालो चरो सुकिलो पुच्छर के हो ?

- सियो र धागो

(५२) कालो थालमा राता अक्षता के हो ?

- राती गेडी

(५३) कालो पिउरी, सेतो धागो - के हो ?

- थुन र दूध

(५४) कालो बनमा यौटी नानी, खान थाल्छे रातो पानी - के हो ?

- कपालका जुम्रा

(५५) कालो मैदानमा सिपाही परेड खेल्छन् - के हो ?

- मकै भुटेको

(५६) कालो मोसो दली बस्छे दुवै गालाभरि,
जति धेरै कुट्यो उति धेरै कराउँछे मोरी - के हो ?

- मादल

(५७) कालो सर्पले सेतो सर्प निलेको - के हो ?

- दाप र खुकुरी

(५८) कालो हाली सेतो झिक्ने, वरिपरि लाएको झुम्राले पुछ्ने - के हो ?

- कोदो पिसेको

(५९) कि मलाई तान कि तँलाई बोक्छु,
रिस उठ्यो भने लात्तीले ठोक्छु - के हो ?

- घोडा

(६०) कुच्चिएको कसौंडीको मीठो खानेकुरो - के हो ?

- ओखर

(६१) कुद्न सक्छ तर हिँड्न सक्दैन - के हो ?

- खोलो

(६२) कुन रानीले भाँडा माझ्छिन् - के हो ?

- खरानी

(६३) कसन दलको नेता हुँदैन के हो ?

- मादल

(६४) कुन पान खान मिल्दैन के हो ?

- जापान

(६५) कुन चराले उड्न सक्दैन के हो ?

- बन्चरो

(६६) कैली गाईको पेटभरी काला मट्चाङग्रा के हो ?

- रिठाको दाना

(६७) कुनै एउटा वनमा को हो? को हो ? - के हो ?

- दाउरा काटेको

(६८) कुवामाथि डाँडो, डाँडामाथि चौर,
चौरमाथि जङ्गल, जङ्गलमाथि चोर लुकेका - के हो ?

- मुख, नाक, जुम्रा र कपाल

(६९) किन्नेले लाउँदैन, लाउनेले देख्दैन - के हो ?

- कात्रो

(७०) कुमाल-गाँउमा आगो लाग्यो, माझी गाउँमा गुहार-गुहार - के हो ?

- तमाखु खाएको/हुक्का तानेको

(७१) केलाएर कुटी मलाई खाडलमा हाले,
केही दिन पछि निकालेर मलाई खान थाले - के हो ?

- गुन्द्रुक

(७२) के हो तिम्रो नाम कहाँ हो तिम्रो बास,
कताबाट आयौ एकै छिनमा पार्‍यौ सत्यानाश - के हो ?

- भुइँचालो (भूकम्प)

(७३) कोठाभरि पुलिसको डफ्फा - के हो ?

- सलाईका काँटी

(७४) कैले छाती हान्ने, कैले रोइमात्र रहने - के हो ?

- जाडो र गर्मी

## ख

(१) खट खट खटाउ तीन मुख दश पाउ के हो ?

- हलो जोतेको

(२) खप्तडे नानी मरी पोल्ने बेला बोली के हो ?

- मुरली

(३) खर्र वर खर्र पर खर्र हाल्यो चारो ?

- चर्खा

(४) खरानी घसेको थपक्क बसेको के हो ?

- चुलाको कसौंडी

(५) खर्च न वर्च नेपाल जानुपर्छ - के हो ?

- लिस्नो

(६) खसी बसिरहने दाम्लो हिंडिरहने - के हो ?

- फर्सीको बोट र फर्सीको फल

(७) खस्रो छालाभित्र नरम गुदी, गुदी भित्र हाड - के हो ?

- लिची

(८) खस्रो भ्यागुताको गुदी नै मीठो - के हो ?

- रूखकटहर

(९) खस्रो भ्यागुताको भुँडी नै मीठो - के हो ?

- रूखकटहर

(१०) खाँदा उठ्छ, भोकाउँदा सुत्छ - के हो ?

- तेले पेल्ने कोल

(११) खाँदा मह, थुक्दा कपास, खाने रस, उकेल्ने कपास - के हो ?

- उखु

(१२) खाँदैछ दिसा बस्दैछ - के हो ?:

- जाँतो पिसेको

(१३) खाऊँ खाऊँ रोटी खान सकिन्न,
दाऊँ दाऊँ बहर दाउन सकिन्न,
टेकूँ टेकूँ लौरी टेक्न सकिन्न - के हो ?

- सूर्य, बाघ र सर्प

(१४) खाएस्पिएस् तेरा घर, सुत्न आएस् मेरा घर - के हो ?

- आग्लो वा गजबार

(१५) खाने मख्ख नखाने ङिच्च के हो ?

- चुरोट खाएको

(१६) खन खन मितज्यू शंकरको खेत खेत खेरै गयो ती कमाउन जाऊ विदेश के हो ?

- धन, पैसा

(१७) खाने हग्ने खातै खात, दुई भान्से साथै साथ के हो ?

- जातो पिसेको

(१८) खाजा खाँदाखाँदै भुँडी नै फुट्यो - के हो ?

- बेलुन

(१९) खानलाई मीठो हुने फलाम जस्तो फल,
फूल सेतो भए पनि रातो हुन्छ फल के हो ?

- फापर

(२०) खान जाँदा दुब्लो खाएर फर्किदा मोटो के हो ?

- पुरी

(२१) खान त खाएँ तर चाखेको छैन के हो ?

- किरिया

(२२) खान्छ मुढो बन्छ धूलो के हो ?

- खरानी

(२३) खान दिए नाईनाई थिचिदिए मुसुक्क - के हो ?

- बिजुली बत्ती

(२४) खान नपाइन्जेल झोक्रिई बस्ने, खाएपछि घुमी-घुमी नाच्ने - के हो ?

- जिब्रो

(२५) खानु न पिनु सधैँ हिँडिरहनु के हो ?

- घडीको सुई

(२६) खान लाग्यो मीठो दुवै हात जुठो के हो ?

- पाकेको आलु/ पिँडालु

(२७) खान्छ मट्याङग्रा छर्छ धूलो, घुम्दछ फनफन चक्का ठूलो - के हो ?

- घट्ट

(२८) खाने बेलामा आइ सानी, थालअगाडि भुन्टी नानी के हो ?

- पानीको भाँडो

(२९) खानेलाई मीठो हुने नखानेलाई डुङ्ग गन्हाउने के हो ?

- चुरोट

(३०) खाने हग्ने खातै खात, दुई मान्छे एकैसाथ के हो ?

- जाँतोले पिनेको

(३१) खुट्टा छ हिँड्दैन, आँखा छ देख्दैन, कान छ सुन्दैन, मान्छे हो बोल्दैन के हो ?

- फोटो

(३२) खाली पोखरीमा फुत्त-फुत्त उफ्रने - के हो ?

- मकै भुटेको

(३३) खाली पोखरमा बुरुक-बुरुक उफ्रने - के हो ?

- मकै भुटेको

(३४) खाली हुँदा ठाडो हुन्छ, भरिएमा लड्छ,
त्यसपछि नउठाए जमिनमै सड्छ - के हो ?

- घानको बोट

(३५) खिरिलो रूखमा एउटै मात्र पात - के हो ?

- पनियो

(३६) खिरिलो साँढेको जीउभरि सिङैसिङ - के हो ?

- तीतेकरेला

(३७) खुट्टा काढी रूख चढी - के हो ?

- जुत्ता फुकालेर रूख चढेको

(३८) खुट्टा छैन टाढा जान्छ, पण्डित होइन साक्षर छ, मुख छैन कुरा गर्छ - के हो ?

- चिठी

(३९) खुट्टा छैन हिँड्छ, पुच्छर छैन सिङ छ - के हो ?

- चिप्लेकीरा

(४०) खुट्टा नहुँदा जमिनमा बस्नै सकिन, नाम मात्रका पखेटा
उड्न पनि सकिन, उड्न नसक्दा जलमा नै भयो मेरो राज - के हो ?

- माछा

(५०) खुट्टामनि रहेछ कालेदाइको बास,
सँगै हिँड्छ बोल्दैन तर पर्छ मेरै आस/छाप - के हो ?

- छाया

(५१) खुट्टी पसार, लट्ठी मसार, कालो हाल सेतो झिक - के हो ?

- मास पिसेको

(५२) खुट्टा हुन्छ आठवटा टाउको भने छैन,
कुममाथि आँखा हुन्छन् मुकर्ट्टा त्यो होइन - के हो ?

- गँगटो

(५३) खुट्टा हुन्छ दसवटा, छवटा छ कान,
दुई खुट्टाले धकेल्ने र आठ खुट्टाले तान - के हो ?

- गोरु जोतेको

(५४) खुट्टा हेरे खम्बा जत्रो नाङ्लोजस्तो कान,
मुखबाट बच्चा पाउने भन त्यसको नाम - के हो ?
- केरा

(५५) खुट्टा हेरे साह्रै लामा, कम्मर हेरे सानो,
बोकी हिँड्छ नाच्नलाई कम्मरमा गानो - के हो ?
- लामखुट्टे

(५६) खुट्टो चक्का एउटा छ, गाडी हेर कस्तो,
ड्राइभर हेरे मानिसनै किन्न भने सस्तो - के हो ?
- कम्पास

(५७) खुशी हुँदा मानिसलाई आफैंमाथि बोक्छ,
रिस उठे त्यही मानिसलाई लात्ती हानी ठोक्छ - के हो ?
- घोडा

(५८) खेतकी चरी ट्वार्रट्वार्र गर्छिन्, पानी नपाए ठहरै मर्छिन् - के हो ?
- भ्यागुतो

(५९) खेतको बार, बारीको आड, वर्षमा एकदिन आउँछ चाड - के हो ?
- नर्कट

(६०) खेतबारी खनिदिन्छ चाहिँदैन ज्याला,
देख्ना साथै लखेटन्छन् सधैँ कठैबरा - के हो ?
- मुसा

(६१) खोई-खोई बड्डा मु अगि जान्छु - क्या हो ?
- लौरो

(६२) खोक्रो पनि छैन, बोक्रो पनि छैन, दाँतले टोक्दा मुखमा सातु - के हो ?
- कसार

(६३) खोपाभरि राता कीरा - के हो ?
- अँगेनाको आगा

(६४) खोलाको पुच्छरमा वीरे बूढो नाचेको -के हो ?
- घट्ट

(६५) खोलामा बसेको पगरी कसेको - के हो ?
- निउरो

(६६) खोलो तरेकी रातीगाई, चुली पुगी भञ्ज्याङ आई - के हो ?
- पोते

## ग

(१) गई भई फुर्तिली फर्किने नजान्नने के हो ?
- पुतली

(२) गएपछि कहिले नफर्कने - के हो ?

- बाण हानेको

(३) गजुर छ मन्दिर होइन्, बाँदली छ भर होइन् के हो ?

- घरहरा

(४) गजुर छ मन्दिर होइन, करङ्ग छ मान्छे होइन,
पुच्छर छ कुकुर होइन पखेटा छ चरा होइन - के हो ?

- छाता

(५) गड्याङगुडुङ आकास गर्दा नाच्ने उसको काम,
पन्छी हो त्यो भन झट्टै- के हो ? त्यसको नाम- के हो ?

- मयूर

(६) गजधम्मे पाइला फल्र्याक-फल्र्याक कान,
दुवैतर्फ लामो पुच्छर जान त्यसको नाम - के हो ?

- हात्ती

(७) गणेशजीको पछाडि इनार - के हो ?

- पानस

(८) गनगने बूढाको पिठ्युँभरि नसा - के हो ?

- दमाहा

(९) गनगने बूढीको थाप्लोमा आगो - के हो ?

- हुक्का र चिलिम

(१०) गरीबले फाल्छन्, धनीले राख्छन् - के हो ?

- सिंगान

(११) गर्मीयाममा घुमी रहन्छ, जाडो याममा उँघिरहन्छ - के हो ?

- पङ्खा

(१२) गहतकोसे घोप्टी गाई, बनमा चरी भोकै आई - के हो ?

- हँसिया

(१३) गहिरी खेतमा बुलबुले पानी, बुलबुले पानीमा पम्फैरानी,
पम्फैरानीलाई बाघले तानी - के हो ?

- ताईबाट रोटी झिकेको

(१४) गहिरो तलाउमा चाँदीको बार - के हो ?

- दाँत

(१५) गहिरो पोखरीमा चाँदीको घाल - के हो ?

- चन्द्रमा

(१६) गहिरो पोखरी दुईवटा कान, चुलोमा तताई कान समातेर तान - के हो ?

- टुकी/बत्ती

(१७) गहिरो पोखरीमा सुनका माछा -के हो ?

- तारा

(१८) गाँडको चरी ह्वाइ-ह्वाइ गर्छ, पानी नपाए च्याट्ट मर्छ - के हो ?

- घट्ट

(१९) गाई गोठमा, हार बनमा- के हो ?

- फर्सी र भ्काल

(२०) गाउँमा मलाई बस्न दिन्नन् जङ्गलतिर पस्छु,
मौका परे सिकार टिप्छु राति हल्ला गर्छु - के हो ?

- स्याल

(२१) गाग्राको जस्तो आनुमानु, कुकुरको जस्तो कान,
यो शास्त्र नजान्ने कुकुर पोली खान - के हो ?

- दारिम

(२२) गाग्राको जस्तो तामाको मानु, कुकुरको जस्तो कान,
भित्र हेर्दा ताँती यो कथा - के हो ? जान

- दारिम

(२३) गाग्रीभरि पैसा गन्न भ्याइँदैन - के हो ?

- खुर्सानीका बिँगा

(२४) गाढा नीलो बगैँचामा फुल्छन् धेरै फूल,
तर कतै भेटिँदैन त्यो फूलको बोट - के हो ?

- आकासका तारा

(२६) गाढा नीलो बगैँचामा फूल्छन् धेरै फूल,
तर कतै भेटिँदैन त्यो फूलको मूल - के हो ?

- तारा

(२७) गानोमाथि नाल, नालमाथि ढाल, ढालमाथि पानीको ताल - के हो ?

- कर्कलाको बोट

(२८) गालाभरि कालैकालो जीउभरि नसैनसा,
छुनासाथ बजिदिन्छु भन मेरो दाता - के हो ?

- मादल

(२९) गीत गाउँदै रातभरि मस्तसँग नाच्छ,
एक चुम्बन लिन पाए खुशीसँग बाँच्छ - के हो ?

- लामखुट्टे

(३०) गुनिलो फल फल्ने रूखको कल्र्याङ-कुर्लुङ पात, न दुनु बन्ने,
न टपरी बन्ने- के हो ? त्यसको जात- के हो ?

- अमला

(३१) गुराँस, कपास,मास र काँक्रो, यी चारै चिजको एउटै थाँक्रो - के हो ?

- सिमलको रूख

(३२) गुलियो धेरै मन पराउने रूप हेरे कालो,
काम लाग्ने चञ्चलेको कम्मर अति सानो - के हो ?

- कालो कमिला

(३३) गैरीगाउँ गजारी खात, गाउँभरिको एउटै पात - के हो ?

- पात्रो

(३४) गोरु मरेको कहिले-कहिले, डुक्रन थाल्यो अहिलेअहिले - के हो ?

- ढ्याङ्ग्रो

(३५) गोरु मर्‍यो कहिले बोल्यो अहिले - के हो ?

- दमाहा

(३६) गोरु मर्‍यो धेरै पहिले, सास फेर्छ अहिले - के हो ?

- अनारको खलाँती

(३७) गोलीमाथि नाल, नालमाथि ढाल, ढालमाथि सानो ताल - के हो ?

- कर्कलाको पातको पानी

(३८) गोलो घरको न झ्याल न ढोका - के हो ?

- फर्सी

(३९) गोलो चकटीमा बस्न नहुने, बस्न खोजे ज्यानै नरहने - के हो ?

- इनार

## घ

(१) घट्टमा बस्छ घटेरो होइन, भुँभुँ गर्छ भँवरो होइन,
जनै लाउँछ बाहुन होइन - के हो ?

- घट्टको चरो

(२) घट्घटे बूढीको टाउकोमा आगो - के हो ?

- हुक्का र चिलिम

(३) घण्टौ हिँड्छ तर जहाँको तहीं - के हो ?

- जाँतो/घट्ट

(४) घरको वरिपरि लामा-लामा पात,
पकाइकन पोली खाने- के हो ? त्यसको जात - के हो ?

- तमाखु

(५) घर गयो झ्यालबाट, म जाऊँ कहाँबाट - के हो ?

- जालको माछो

(६) घर-घर डुल्ने नानी छेउबाट पस्छिन्,
एक फन्को घुमेपछि कम्मर कसी बस्छिन् - के हो ?

- पेटी बाँधेका

(७) घरतिर हेर्दा चिल्लो, वन तिर हेर्दा फस्रो के हो ?

- धारा

(८) घर बाहिर निस्के भुतुक्कै मर्ने - के हो ?

- माछा

(९) घर भने झुप्रो, मान्छेको थुप्रो - के हो ?

- मौरीको घार

(१०) घरभरि कपडा बीरे नाङ्गै - के हो ?

- थाम

(११) घरभरि पानी छ रङ्गचङ्गी रूप,
तिहुन पकाई खाए हुन्छ मीठो खूब - के हो ?

- माछा

(१२) घरभरि मकै वीरे छोरो भोकै - के हो ?

- थाम

(१३) घरभित्र खोलमा, खोलमा भित्र हार लगाएका दाउरा - के हो ?

- सलाईका काँटी

(१४) घरभित्र पस्दा नाङ्गै जाने, बाहिर निस्कदा लुगा लगाई आउने - के हो ?

- मकैको बोट

(१५) घरभित्र पानी छ त्यहीं घुम्दै रम्छु,
रङबिरङ रूप छ तिहुन पनि हुन्छु - के हो ?

- माछा

(१६) घरभित्र खोलमा, खोलमा भित्र हार लगाएका दाउरा - के हो ?

- सलाईका काँटी

(१७) घरभित्र पस्दा नाङ्गै जाने, बाहिर निस्कदा लुगा लगाई आउने - के हो ?

- मकैको बोट

(१८) घरभित्र पानी छ त्यहीं घुम्दै रम्छु,
रङबिरङ रूप छ तिहुन पनि हुन्छु - के हो ?

- माछा

(१९) घर मेरो छैन वनमा चार्हाछु ,
बच्चा काढ्न पर्दा फुल अन्त सार्छु ?

- कोइली

(२०) घाँटीमा झुन्ड्याई गालामा हाने, मीठो स्वरमा बोल्दछ साने - के हो ?

- मादल

(२१) घर मेरो कुनाकाप्चा, आफू बुन्छु जाली,
कहिलेकाहीं फेला पार्छे पल्लोगाउँकी काली - के हो ?

- माकुरा

(२२) घर सानो भए पनि धेरै जना बस्छन्,
जाडो-गर्मी जहिले पनि कालो फेटा कस्छन् - के हो ?

- सलाई

(२३) घर सानो भए पनि जहान छन् धेरै,
जथाभावी गर्‍यो भने धनजनको हानी धेरै - के हो ?

- सलाई

(२४) घाम-पानी, हुरी-आँधी जे आएपनि बसिरहने, त्यो नभई हुँदै नहनु - के हो ?

- घर

(२५) घुमाई-घुमाई पोखरी नङ छेड्ने घाउ,
यति कथा नजान्ने मुसा पोली खाऊ - क्या हो ?

- टपरी गाँसेको

(२६) घुमाउने घरको एउटै खाँबो - के हो ?

- छाता

(२७) घुमाउने थालको पेटभरि घाउ - के हो ?

- टपरी

(२८) घुमाउने थैलीका नौमा लाग्यो घाउ,
यो कथा नराउने कुत्ता पोली खाउ - के हो ? .

- टपरी

(२९) घुमाउरो गाई खाएर पनि नअघाई - के हो ?

- हँसिया

(३०) घुमाउरो गाई दैलामा नअटाई - के हो ?

- छाता

(३१) घुमाउरो थालको पेटभरी घार्उ - के हो ?

- टपरी

(३२) घुमीघुमी हिँड्ने सान्नानीको छैन रूपरङ्ग,
उसलाई पाउने कोही रून्छन्, कोही हुन्छन् दङ्ग - के हो ?

- चिठ्ठी

(३३) घोडा जस्तै छ घोडा होइन, भारी बोक्छ भरिया होइन - के हो ?

- गधा

(३४) घ्याम्पे पहाडको बीचमा खाडल - के हो ?

- नाइटो

(३५) घ्याम्पो जत्रो पेट उसको नाङ्ला जत्रा कान,
पुच्छर भने दुवैतर्फ- के हो ? नाम त्यसको जान - के हो ?

- हात्ती

(३६) घ्वाइँ-घ्वाइँ गर्छ चक्का ठूलो, मट्याङग्रा खाँदै झार्छ धूलो - के हो ?

- घट्ट

## च

(१) चक्र, त्रिशुल धारण गर्छ ब्रह्मा, विष्णु होइन,
स्वच्छन्दले भ्रमण गर्छ जोगी पनि होइन - के हो ?

- साँढे छोडेको गोरु

(२) चचहै ! चचहै ! हार भिरमा रमाउँछु

केके गर्छिन भेरी उनी सबै कुरा नियाल्छु - के हो ?

- वुलाकी

(३) चक्का ठूलो भुँडे जीऊ डुँडलो पानीले घुम्छ ऊ के हो ?

- घट्ट

(४) चट्के मेरो बानी, चट्के मेरो साथ,

सात दिनमा नआए किरिया गरिराख के हो ?

- लामखुट्टे

(५) चट्ट परी चुच्चे नानी, कानमा समाती लतार्ने बानी के हो ?

- इस्त्री

(६) चट्ट परेकी दुई जीउकी रानी,

कपडा माथि वारपार गर्ने बानी के हो ?

- इस्त्री

(७) चन्द्रमा चक्कि बाच्छै बुही, यो कथा नजान्ने स्यालखुट्टी के हो ?

- सिक्का

(८) चन्द्रमा जस्ती नानीलाई शिशाको जेलमा थुनेको के हो ?

- लालटिन

(९) चम्कन्छ तारा होइन, मोती जस्तो छ मोती होइन,

टिप्दाखेरि बिलाउँछ फुस्सा होइन के हो ?

- कर्कलोको पानी

(१०) चरिको पुच्छरलाई दुईतिरबाट धपाउने,

जसको घरमा टाउको टेक्छ त्यही लजाउने के हो ?

- ब्याडमिन्टनको कक

(११) चरी होइन चुच्चो छ, जन्तु होइन खुट्टो छ,

आफू बिराम गर्दैन, परि आए पछि सर्दैन के हो ?

- चुलेसी

(१२) चरी हौइन भनौ भने आकाशमा उड्छ,

तलतिर हात नाच्दा तल माथि गर्छ के हो ?

- चङ्गा

(१३) चर्छ काली जङ्गलमा देख्न भने गाह्रो

चर्न जव थाल्यो भने चिलाउँछ सारो के हो ?

- जुम्रा

(१४) चर्छ सधैँ जंगलमा देख्न भने गाह्रो,

त्यसले चर्न थालेपछि चिलाउँछ साह्रो - के हो ?

- उपियाँ

(१५) चलाउन जान्यो भने त्यसले दिन्छ काम,

चलाउन नजानेमा ज्यानै लिन्छ जान - के हो ?

- गाडी

(१६) चाँदीको जगमा सुनको कौडा, हातले बटारे भुइँमा झर्ला - के हो ?

- मकै छोडाएको

(१७) चाँदीको ठेकीमा स्याउलाको बिर्को - के हो ?

- मूला

(१८) चाँदीको ठेकी, सुनको खोल - के हो ?

- केरा

(१९) चाँदीको कटौरामा सुनको झोल - के हो ?

- अण्डा

(२०) चाँदीको थालमा सुनको कचौरा - के हो ?

- गुनकेसरीको फूल

(२१) चाँदीको बट्टा सुनको गट्टा - के हो ?

- अण्डा

(२२) चाँदी जस्तो फूल फूल्छ सुन जस्तो फल,
टिप्न जाँदा बगाउँछ रगतको मल - के हो ?

- ऐँसेलु टिपेको

(२३) चाँदी फुल्ने, सुन फल्ने - क्या हो ?

- ऐँसेलु

(२४) चाकले टेक्ने मुखले खाने के हो ?

- जुका

(२५) चार अक्षरको सहर, अघिल्ला दुईकाटे खेल्ने वस्तुको नाम,
पछिल्ला दुईकाटे लगाउने वस्तुको नाम के हो ?

- बुटवल

(२६) चार अक्षरको सहर, रुपन्देहीको नगर के हो ?

- बुटवल

(२७) चार अक्षरको नहर रुपन्देहीको सहर पश्चिमाञ्चलको वडार के हो ?

- भैरहवा

(२८) चार अक्षरको उद्यान पऱ्यो त्यो माथि तिना, भन अव छिट्टै त्यसको नाउ के हो ?

- फूलबारी

(२९) चारखुट्टा टेकी बस्छ जन्तु भनिदैन,
आँखा, कान, नाक, मुख केही देखिँदैन - के हो ?

- टेबुल

(३०) चारखुट्टे जीवको पुच्छर छैन, लमक-लमक हिँड्न सक्दैन - के हो ?

- भ्यागुतो

(३१) चार चुच्चे मुख बुच्चे - के हो ?

- रुमाल

(३२) चार चुच्चे मुख बुच्चे - के हो ?

- बाकस

(३३) चार चुच्चे मुख पुच्छे, पानी खान्छे र घाममा सुत्छे - के हो ?

- रुमाल

(३४) चार थाम दुई पुच्छर के हो ?

- हात्ती

(३५) चार चुच्चे मुख पुच्छे,पानीसित पौडी खेली घामसित सुत्छे - के हो) ?

- रुमाल

(३६) चारपाटे रूप छ बस्छ जमिनमाथि,
गरीबको घरमा पुग्दा बन्छ प्यारो साथी - के हो ?

- गुन्द्री

(३७) चार भाइ एकै लडमा एक भाइ छुट्टै - के हो ?

- बूढी औंला

(३८) चार भाइको हेराहेर भेट कहिल्यै नहुने - के हो ?

- थुन

(३९) चार भाइ लडे,सय भाइ बढे - के हो ?

- मकै

(४०) चार भाइले एकै ठाउँमा तारो हान्ने - के हो ?

- दूध दुहेको

(४१) चारमुख छ देवता होइन, बोल्छ मान्छे पनि होइन - के हो ?

- घण्टाघर

(४२) चार भाइले एकै ठाउँमा हाम फाल्छन् - के हो ?

- दूध दुहेको

(४३) चारै तिर माटो बीचमा सुनको बाटो के हो ?

- हल्वेदो

(४४) चिचीमाथिको पापा के हो ?

- नङ

(४५) चिम्सीको पुच्छरमा रौँ के हो ?

- सियो धागो

(४६) चिल्लो बोटको नरम फल - के हो ?

- केरा

(४७) चिसो तातोभन्दा पनि मीठो मीठो खान्छु,
जन्ती जति बसी हेर्छन् म स्वादलिदे नाच्छु - के हो ?

- जिभ्रो

(४८) चिस्यानमा बस्ने पगरी गुथ्ने, मान्छेले देखे खाउँ भनी थुत्ने - के हो ?

- च्याउ

(४९) चिम्सी दिदीको नाकमा घाउ - के हो ?

- सियोको नाथ्री

(५०) चुच्चे पहाडको टुप्पोमा एउटी बूढी पिङ खेलेको - के हो ?

- बुलाकी

(५१) चुच्चेलाई तीन औंलाको बीचमा बस्ने गर्छ,
पढीलेखी ज्ञानी बन्न उसलाई रोज्नुपर्छ - के हो ?

- कलम

(५२) चोर्छ चोर होइन, गुफामा बस्छ बाघ होइन,
पुलिसले लखेट्छ मान्छे होइन - के हो ?

- मुसो

(५३) चौकुना मिलेको टारी गाउँमा सुख्खा कुवा चार,
अठार चोरले एक रानीलाई गर्न खोज्छन् प्यार,
सुराक लगाई एक प्रहरी आयो कुटी-कुटी मजा चखायो,
एक एक गर्दै सकेजति सबैलाई मुखमा पसायो (- के हो)।

- क्यारमबोर्ड

(५४) चौविस-घण्टा घुमेपछि एकदिनको काम गर्छ,
उसले तर कत्ति लिदैंन है दाम - के हो ?

- पृथ्वी

(५५) चौसठ्ठीवटा कोठामा बत्तीस बत्तीस दुई थरी रिंग्छन्,
मौका पार्दै छकयाउँदै आपसमा जुध्छन् - के हो ?

- चेस

(५६) च्याउसी नानीको नाकमा घाउ - के हो ?

- सियो र धागो

(५७) च्याट्ट कम्मर कसेको, पेटमा ज्योति बसेको - के हो ?

- बलेको लालटिन

(५९) च्यान्टे मुन्टे कलुवाको वनमै छ बास,
जतिखेर खान पनि रगतकै आस - के हो ?

- जुम्रा

(६०) च्याउँसीको नाकमा दुईवटा रौं - के हो ?

- सियो र धागो

(६२) च्याप्प समाई भुइँमा पसारी,
सल्याङमल्याङ पार्दा धुलोमैलो थुपारी - के हो ?

- कुचो लगाएको

## छ

(१) छंगाछुरे भीरमा एउटी बूढी चै-चै गरी खेलेकी - के हो ?

- मुन्द्री

(२) छउन्जेल तातै, गएपछि रातै (अँध्यारै) - के हो ?

- घाम

(३) छ ऊ संसार उज्यालो, छैन ऊ दिउँसो अँध्यारो - के हो ?

- सूर्य

(४) छ कान, दुइ पुच्छर दश खुट्टा मुख चार,

बिना जिब्रो रस चुसी ल्यायो खाऊ, अनि गर बिचार,- क्या हो ?

- गोठालो, गाई-बाछी, गबुवा र दूध

(५) छ कान, दुई पुच्छर, दश खुट्टा, मुख चार,

जुन मुखको जिब्रो छैन उसले लिन्छ रसको स्वाद - के हो ?

- गाई, भैंसी दुहेको

(६) छकालैमा उठी छोरीकी ढोक दिनी - के हो ? .

- लोहोटा गाग्रो

(७) छ छ पैसा भन्छ तर छ पैसा होइन - के हो ?

- रेल

(८) छ जोगी, बा र बाहुन तीनओटा लाँका उँखु सिङ्गा सिङ्गै खाऊन् - के हो ?

- जोगी, बा र बाहुन

(९) छन पनि छ हुन पनि हो ,

खोल्दा पनि पाइदैन , चाइँदा पनि चाइँदैन - के हो ?

- भुइँचालो

(१०) छपन्न देशमा दस नाच्छन्, एक देशमा थिचे आकाश सर्छ,

सेतो भुईमा मास छर्छ - के हो ?

- टाइपराइटर

(११) छर्‍यो मुसुरो उभ्यो धतुरो, फुल्यो केराउ,पाक्यो केरा - के हो ?

- भान्टा

(१२) छाता जस्तो मेरो आकार जमिन मेरी आमा,

स्वादिष्ट बन्छु म मानिसको तयारी खाना - के हो ?

- च्याउ

(१३) छालाको बन्दुक हावाको गोली, भुईतिर हान्दा नाकतिर पोली - के हो ?

- पाधेको

(१४) छाला नेप्छ, दाँत पलाउने - के हो ?

- सिसाकलम

(१५) छालमा काँडा, त्यसभित्र मासु,

मासुभित्र जाली, जालीभित्र दुईपत्रे गुदी - के हो ?

- इस्कुस

(१६) छाताको आकारसियाको खिल, औंलाले थिच्दा भित्तामा मिल के हो ?

- थमपिन

(१७) छन गेडी सबै मेरी छैनन् गेडी सबै टेडी के हो ?

- पैसा

(१८) छिन्द्रिङ खुट्टी छयानामा, टुप्पी समाई तान के हो ?

- तराजु

(१९) छिपछिप पानीमा भुकभुक रोटी - के हो ?

- महको चाका

(२०) छिपछिपे पानीमा मूढो लडेको - क्या हो ?

- जिब्रो

(२१) छुँदा विष (पोल्ने), खाँदा अमृत (पोस्ने) - के हो ?

- सिस्नु

(२२) छुपुक्क छयाइ, हातखुट्टा छँदै छन पुच्छर मेरो नाई - के हो ?

- भ्यागुता

(२३) छोडछोड बूढा म अघि जान्छु - क्या हो ?

- लौरो

(२४) छोरी माथि आमा तल - के हो ?

- खल

(२५) छोरो गालामा हिर्काउने, आमा डाँडै थर्काउने - के हो ?

- घण्टी

(२६) छोरो हान्ने, आमा रुने - के हो ?

- घण्टी

(२७) छ्याक्क छिना फलामको विना, हराएमा लिना न दिना के हो ?

- सलाई

## ज

(१) जग भने तराई हो गारो पहाडको,
छानु कञ्चन हिमाल छ मेरो मन्दिरको - के हो ?

- नेपाल

(२) जगल्टे आमाको पगटे छोरा, त्यसलाई खोल्दा नानीका ताँती - के हो ?

- केराउको बोट

(३) जङ्गलमै जन्मे-हुर्के जङ्गलमै मरें,
मरेपछि काटी-ताछी पानीभित्र छाडे - के हो ?

- डुँगा

(४) तामाको ठेकीमा फलामको बिर्को - के हो ?

- भलायो

(५) जटे जोगी रूखमा उडी, तीन आँखा छोप्न ध्यानमा गडी - के हो ?

- नरिवल

(६) जता गए पनि पटुकै ओछ्याएको - के हो ?

- बाटो

(७) जति खर्च्यो धन, उति बढछ भन - के हो ?

- विद्या

(८) जति खाएपनि नअघाउने - के हो ?

- तेल पेल्ने कोल

(९) जति मासु खायो, उति  दुब्लाउने - के हो ?

- अचानो

(१०) जति ख्वायो उति ओकल्न लगायो, सबैको सामु मेरो मुख जाती
आफ्नो काम फत्ते बनायो - के हो ?

- कलमले लेखेको

(११) जति चिमोट्यो उति ठूलो - के हो ?

- स्वीटर बुनेको

(१२) जति खान्छ उति हान्छ के हो ?

- खोलो

(१३) जति टाल्यो उति चुहुने, टाल्दै नटाले चुहुँदै नचुहुने - के हो ?

- बादल

(१४) जति ठटायो उति रमाउने - के हो ?

- मादल

(१५) जति ठूलो हुन्छ उति लुगा फाल्छ - के हो ?

- बाँसको खवटा

(१६) जति तान्छ, उति जान्छ - के हो ?

- सास

(१७) जति दौडे पनि ठेलो नाघ्न नसकिने के हो ?

- घट्ट

(१८) जति गर बूढा तिम्रा गेडा त बाहिरको बाहिरै - के हो ?

- अण्डकोश

(१९) जति चिमोट्यो उति ठूलो - के हो ?

- हातले जाल वा स्वीटर बुनेको

(२०) जति हिँड्छौं हामी, उति हिँड्छ सँगै,
कहिले हुन्छ ठूलो कहिले हुन्छ सानो - के हो ?

- छाया

(२१) जत्रा भाँडाको उत्रै बिर्को - के हो ?

- जाँतो

(२२) जत्रो ठेकी उत्रै बिर्को - क्या हो ?

- धरती र आकास

(२३) जन्तीको माझमा बेहुलीको ढालेमाले - के हो ?

- जिब्रो

(२४) जन्ती आई आँगनमा रातभरि पर्खे,
बरवधू नपाएर रित्तैहात फर्के - के हो ?

- आकासका तारा

(२५) जन्मघर मेरो जल, कर्मघर मेरो थल,
सेवा गर्छु मानिसको प्रतिपलपल - के हो ?
- बिजुली

(२६) जमिनभित्र घस्री हिँड्ने अनौठो छ जीव,
त्यो जीवको माला बनाई लगाउँछन् शिव - के हो ?
- सर्प

(२७) जरायो खरायो पानीदेखि डरायो - के हो ?
- जुत्ता

(२८) जल छ तलाऊ छ, पानी छ पिउनु नाइँ- के हो ?
- हिउ

(२९) जलको जन्म थलको बास, त्यो नभए उपबास - के हो ?
- नुन

(३०) जाडोभरि छैन काम गर्मी-वर्षा हुँदैन चैन - के हो ?
- छाता

(३१) जाडोमा नाङ्गै बस्ने,गर्मीमा सिरक ओढ्ने - के हो ?
- हिमाल

(३२) जान मात्र जानेको छ फर्कनलाई होइन,
समातेर फर्काउँ भने त्यसको रूप देखिँदैन - के हो ?
- समय

(३३) जान सक्छ आउन सक्दैन - के हो ?
- खोलो

(३४) जान्छ-जान्छ पानीदेखि डराउँछ - के हो ?
- जुत्ता

(३५) जान्छ-जान्छ फर्कन जान्दैन - के हो ?
- खोलो बगेको

(३६) जिब्रो छ नाग होइन, नबोली बोलाउँछ लाटो पनि होइन,
दाँत छैनन् बूढो पनि होइन - के हो ?
- पुस्तक

(३७) जीउभरि काँडा हुने अचम्मको जीव,
खान खोजे सिजनमा तीतो हुन्छ खूब - के हो ?
- तीतेकरेला

(३८) जीउडाल मात्र हैन हातमुखै छैन,
राँक्किएर उँभो चढ्छ भेटे बाँच्न दिन्न - के हो ?
- डढेलो

(३९) जीउडाल केही छैन, छैन हात-खुट्टा,
तर पनि ऊ आउँदा-जाँदा उखेल्छ ठुटा - के हो ?
- पैरो गएको

(४०) जीउभरि केशैकेश भालु त्यो होइन,
हात-खुट्टा छन् मान्छे त्यो होइन, बच्चालाई दूध ख्वाउँछ
आइमाई होइन, ठूलाठूला रूखमा चढ्छ बिरालो पनि होइन -के हो ?
- बाँदर
(४१) जीउभरि नसैनसा गालामा छ छाला,
गालातिर मुसारेमा रमाउने ज्यादा - के हो ?
- मादल
(४२) जीरो हाल पीरो हाल तर मलाई नहाली मीठो हुँदैन - के हो ?
- नुन
(४३) जुँगा छ मुख छैन, लुगा लाउँछ मान्छे होइन - के हो ?
- मकैको घोगा
(४४) जुँगा तान्दा मुसुक्क हाँस्ने, अरु बेला गुटमरी गाँस्ने - के हो ?
- थैली
(४५) जुँगे मामाका दन्त लामा, जङ्गल घुम्छन छेउकुना - के हो ?
- बाघ
(४६) जुन देशमा जन्मे पनि बोल्छु सयौं भाषा,
प्रायः सबै दुनियाँले गर्छन् मेरै आशा - के हो ?
- रेडियो
(४७) जे एल बर्डले मलाई जन्मायो, संसारले मलाई अपनायो,
घरबसी दुनियाँ देखाउँछु समाचार र संगीत सुनाउँछु - के हो ?
- टेलिभिजन
(४८) जे देख्छ त्यही बन्छ - के हो ?
- ऐना
(४९) जोईपोइको एउटै आँखा - के हो ?
- ढोका
(५०) जोईपोइको एउटै कम्मरपेटी - के हो ?
- तगारो
(५१) ज्यादै ठूलो आँगनभरि रातमा सुन्के तोरी,
चमचम गर्ने करामत देखाई छोड्छे मोरी - के हो ?
- रातमा आकासमा देखिने तारा
(५२) ज्यामीरे चुक जानालाई दुःख - क्या हो ?
- औंसीको रात

## झ

(१) झट्ट हेर्दा ठेलिभिजन जस्तो जात ,
इमेल इन्टरनेट बहुपयोगी हुने पात के हो ?
- कम्प्युटर

(२) झट्ट हेर्दा चक्का ठूलो पातैपातको जस्तो खात,
डुँडको धारो हिर्काउँदा घुम्ने त्यसको जात - के हो ?
- पानीघट्ट

(३) झट्ट हेर्दा हाडे जैसी हिँड्छ घोडा चढी,
कहिले बस्छ टाउको टेकी कहिले बस्छ लडी - के हो ?
- डोको

(४) झन पर जान्छे झन आँखा तर्छे - के हो ?
- डोको

(५) झरिल्लो बकुल्लाको पेटैतल अँधेरो - के हो ?
- बत्तीमुनिको जमिन

(६) झार जस्तै उम्रन्छ बारीमा लगाई,
मङ्गल हुने काममा राख्छन् सजाई - के हो ?
- कुश

(७) झुटो भनुँ झलझली देखिन्छ, साँचो भनु पाउन सकिन्न - के हो ?
- सपना

(८) झुसिलकीराको मीठो फल - के हो ?
- लिची

(९) झोलामा अटाउने, ढोकामा नअटाउने - के हो ?
- छाता

(१०) भ्याईंकुटी भ्याईंकुटी भ्याईं,
जाँदा बस्छ लोग्नेमान्छे आँउदा सुत्ने आइमाई - के हो ?
- बिहेको डोली

(११) भ्याम्म रूखको बाह्रवटा हाँगा, ती हाँगाको ३६५ पात - के हो ?
- एक वर्ष

(१२) भ्याल-ढोका केही छैन एक कोठे घरको,
त्यो घरको आवाजले रनवन थर्क्यो - के हो ?
- मादल

(१३) झवाट्ट तान्दा निकै दुख्ने च्वाट्ट काट्दा दुख्तै नदुख्ने - के हो ?
- कपाल

## ट

(१) टाइ लगायो मारिवी ढकायो सकि नसकि स्कुल पठायो के हो ?
- बोर्डिङ पठायो

(२) टाउकामा ज्वाला, पुच्छरमा आहारा - के हो ?
- दियो वा टुकी

(३) टाउको चिरेको, पुच्छर बेरेको - के हो ?
- पेचकिला

(४) टाउको छ खुट्टा छैन, पुच्छर छ कान छैन, आँखा छ पखेटा छैन - के हो ?

- सर्प

(५) टाउको छ गिदी छैन - के हो ?

- काँटी

(६) टाउको छ, पुच्छर छ खुट्टा छैन, आँखा छ पेट छ कान छैन - के हो ?

- सर्प

(७) टाउको छोटो पुच्छर लामो, घोडसवारको हातको तानो - के हो ?

- कोर्रा

(८) टाउको तान्दा आन्द्रा निस्कने - के हो ?

- टुकी

(९) टाउको नहुनेको जीउ छुरा, आईपरेको काम गर्छ पूरा - के हो ?

- चुलेसी

(१०) टाउको निकालेर जीउ खाने - के हो ?

- ल्वाङ

(११) टाउकोमा छ ज्वाला, पुच्छरमा छ आहारा - के हो ?

- बत्ती/दियो/टुकी/पानस

(१२) टाउकोमाथि आगो राखी पिंधतिर पानी,
गड्याङगुडुङ कराउँछ - के हो ? भन नानी

- हुक्कामा तमाखु खाएको

(१३) टाकुरामाथि बाक्लो घारी, त्यसलाई फाँड्छन् औसर पारी - के हो ?

- कपाल काटेको

(१४) टाङमुनि बग्छ पानीको भेल, पिठ्युँमा बोक्छ लामो रेल - के हो ?

- पुल

(१५) टाउको समाउँदै दाह्री लर्tane, घरको सबैतिर त्यसलाई घुमाउने - के हो ?

- कुचो

(१६) टाढाबाट हेर्दा चाँदी टल्कने, घाम लागे आफै पग्लने - के हो ?

- हिउँ

(१७) टारी त टारी उँचो टारी, थोरै माटो फूल रोप्ने बारी - के हो ?

- गमला

(१८) टेकुँ टेकुँ लौरी टेक्न नसकिने - क्या हो ?

- सर्प

(१९) ट्याप्प-टुपुक्क क्वाप्प-कुपुक्क - क्या हो ?

- ऐँसेलु

## ठ

(१) ठक्क ठकुरी बाङ्गो बस्तुरी - के हो ?

- गहतका कोसा

(२) ठाडी बूढी छलछली मुत्छे के हो ?

- कोल

(३) ठूलो गराको कपास टिप्न नसकिने - के हो ?

- तारा

(४) ठूलो चौरमा कनिका छरेको - के हो ?

- तारा

(५) ठूलो चौंरमा एउटा रोटी - के हो ?

- चन्द्रमा

(६) ठूलो चौरमा पटुका सुकाएको - के हो ?

- खोलो

(७) ठूलो ओडारमा तल माथि जन्ती के हो ?

- दाँत

(८) ठूलाठूला बोत्तलमा छन् रङ्गीन पानी,
बिर्से नि नखानु जान्छ जीन्दगानी के हो ?

- रक्सी

(९) ठूलो चौरमा सेतो चकटी - के हो ?

- चन्द्रमा

(१०) ठुलो जङ्गलको बीचमा एउटा मात्र अग्लो रूख - के हो ?

- टुपी

(११) ठूलो थालमा बिस्कुन सुकाएको - के हो ?

- तारा

(१२) ठूलो पहाडमा एउटा ओडार - के हो ?

- मुख

(१३) ठूलो पहाडमा एउटा मात्र खुट्किलो - के हो ?

- नाइटो

(१४) ठूलो बनको माभ्रमा एउटा मात्र अग्लो रूख - के हो ?

- टुप्पी

(१५) ठूलो बनमा कोरीबाटी गरेर बसेको - के हो ?

- निउरो

(१६) ठूलो भएर जन्मन्छ, सानो भएर मर्छ - के हो ?

- कुचो

(१७) ठूलो भीरमा एउटी बूढी हुईं-हुईं गर्दै खेलेकी - के हो ?

- बुलाकी

(१८) ठूलो भीरमा तारा जडेको - के हो ?

- निधारको टीको

(१९) ठूलो भीरमा पानीको कुवा - के हो ?

- आँखा

(२०) ठूलो रूखमा एउटा मात्र पात - के हो ?

- पन्यू

(२१) ठेकी हातमा बिर्को रूखमा - के हो ?

- ऐँसेलु

(२२) ठ्याप्प पाइला ध्याप्प कान, साना आँखा ठूलो ज्यान - के हो ?

- हात्ती

## ड

(१) डरलाग्दा आँखा छन् चितुवा होइन राघेपाटे छ बाघ होइन,
लामो पुच्छर छ बाँदर होइन - के हो ?

- बिरालो

(२) डल्ली चरीको पेटमा कल्ली,
पुच्छरमा धातु जडी अँधेरीमा बल्ली - के हो ?

- बिजुलीको चिम

(३) डल्ली चरीको पेटमा कल्ली पुच्छरमा धातु जडी,
शक्तिपाए हाँस्तै रम्छे कोठा झिलमिल पारी - के हो ?

- बिजुलीको चिम

(४) डल्ली भैँसीको पेटभरि कीरा - के हो ?

- फर्सी/कबेली

(५) डल्ली भैँसीको मीठो लादी - के हो ?

- रूख कटहर

(६) डाँडामाथि गएर घ्वाँक्क-घ्वाँक्क गर्ने - के हो ?

- बन्चरो

(७) डाँडामाथि भीरमा एकथुँगे फूल - के हो ?

- फुली

(८) डाँडावारि डाँडापारि दुई भाइ छन् भेट कहिल्यै हुँदैन - के हो ?

- आँखा

(९) डाक्टर आयो मोटर लिई बिरामी जाँच्नलाई,
सुई दियो पैसा नलिई आफू बाँच्नलाई - के हो ?

- तमाखु खाएको

(१०) डुल्छ वनपाखा त्यसका हुन्छन् सयवटा आँखा - के हो ?

- डोको

(११) डोको-नाम्लो केही छैन, भारी बोकी हिँड्छ,
सुँड यसको छुनासाथ भारीभित्र लुक्छ - के हो ?

- शङ्खेकीरा

(१२) डोब आयो, किलो रहयो - के हो ?

- ऐंसेलु

(१३) डोरीको गाँठो  डोरीको कान, थाप्लामा राखेर गर्छन् मेरो मान - के हो ?

- नाम्लो

## ढ

(१) ढाडभरि नसैनसा, गालाभरि मोसैमोसो - के हो ?

- मादल

(२) ढाडिएको पेट छ सधैं लडिराख्छु,
आराम दिन पेटलाई माथि शिर थाप्छु - के हो ?

- तकिया

(३) ढुकुर कुर्ल्यो पारिवनमा मुजुर नाचयो वारि - क्या हो ?

- बन्दुक पड्काएको

(४) ढुङ्गाको डुँगा ढुङ्गाकै यात्री हिँड्दैन डुङ्गा यात्री हुन्छ सारथी - के हो ?

- सिलौटो र लोहोरो

(५) ढुङ्गा न माटो लेक/स्वर्ग जाने बाटो - के हो ?

- भऱ्याङ

(६) ढोका भने एउटै कोठा भने पाँच,
चाहिन्छ जाडोयाममा समयमै साँच - के हो ?

- पन्जा

(७) ढ्याप्प पाइला, ल्याप्प कान, दुईतिर पुच्छर धेरै खाम - के हो ?

- हात्ती

## त

(१) तँ ठडिई म अडयाउँछु - के हो ?

- तक्मा

(२) तँ देखिए म हराउने, म देखिए तँ हराउने - के हो ?

- अँध्यारो र सूर्य

(३) 'तँ' भन्दा नछोड्ने 'म' भन्दा छोइने- के हो ?

- ओंठ

(४) तँलाई चुस्छन् तैंलाई थुक्छन् - के हो ?

- उँखु

(५) तनक्क तनक्क तनक्क तान, दुईवटा पुच्छर छवता कान - के हो ?

- हलगोरु जोतेको

(६) तरकारी खाने हरियो पात, पानी अड्याउने यसको जात - के हो ?

- कर्कलाको बोट

(७) तरकारी खानलाई गर्छन् सबै मलाई प्यारो,
पानी बिना बाँच्न भने मलाई पर्छ साह्रै गाह्रो - के हो ?

- माछा

(८) तराईमा जग छ पहाडको छ गारो,हिमाल छ छानु छ मन्दिर प्यारो - के हो ?

- नेपाल

(९) तरुल भन्छन खान हुन्न, ईट जस्तो छ गारो लाउन हुन्न के हो ?

- नेपालको नक्सा

(१०) तल खुड्किलो माथि पात के हो ?

- उखु

(११) तल चक्का माथि ध्वाई यो कथा नजान्ने लोर्खकेको ज्वाई के हो ?

- घट्ट

(१२) तल भुरङ माथि ताल , ताल माथि उक्सँदो माल के हो ?

- पुरी पकेको

(१३) तल गाँट माथि गाँठ गाँठवरिपरि हरियो पात के हो ?

- गाँठगोपी

(१४) तल थाल माथि झाल, त्यसमाथि हीरालाल - के हो ?

- खुर्सानी

(१५) तल थाल माथि नली - के हो ?

- तराजु

(१६) तल पनि दाह्री माथि पनि दाह्री, त्यो हो गाउँको विचारी - के हो ?

- कुखुराको भाले

(१७) तल फुकेको माथि बुकेको, बीचमा सुकेको मान्छे बोकेको - के हो ?

- बस्ने मुढा

(१८) तल नली, माथि पनि नली बीचमा फली - के  हो ?

- मकै

(१९) तल बन माथि पनि बन, बीचमा छन् दुई डुङ्गा,
ती डुँगाले च्याउन नपाए बन्छ संसार बेटुङ्गा - के हो ?

- आँखा

(२०) तलमाथि करङ्ग बीचमा छाला, वर्षाको याममा यसैले ओत देला - के हो ?

- घुम

(२१) तल मादल बजाउने, माथि छमछम नाच्ने - के हो ?

- लट्टाइ र चङगा

(२२) तल हेरे चारखुट्टा माथि समथर,
त्यसैमाथि लेख्नेपढ्ने गर्छौं सधैंभर - के हो ?

- टेबुल

(२३) तल हेर्दा थाल हुन्छ तालमाथि ताल,
तालमाथि पौडी खेल्ने स्वादिलो त्यो माल - के हो ?

- सेलपुरी पकाएको

(२४) तलाउ वरिपरि ठाडा कीलाको बार - के हो ?

- परेला

(२५) ताउलो पाक्छ, भात पाक्दैन - के हो ? .

- बेलौती

(२६) ताछ्दै लगे मोटाउँदै जान्छु, काट्दै लगे लामो हुन्छु - के हो ?

- खाडल

(२७) तान्दा तान्न सकिन्न बाँध्दा बान्न सकिन्न तर छुन सकिन्छ - के हो ?

- नदी

(२८) तान्दा दुख्ने काट्दा नदुख्ने - के हो ?

- रौँ

(२९) ताप दिइन्जेल रातो, छाडेपछि कालो - के हो ?

- आगाको कोइला

(३०) तामाको गाग्रीमा सुनका असर्फी - के हो ?

- पाकेको खुर्सानी

(३१) तामाको गिलासमाथि लामा लामा स्याउला - के हो ?

- सागसहितको गाजर

(३२) तामाको घैंटाबाट स्वादिलो फल निस्कने - के हो ?

- अनारको फल

(३३) तामाको जग माटाको गारो पानीको छाना,
दिनभर पर्खिदा तीनचार माना - के हो ?

- रक्सी पारेको

(३४) तामाको ठेकीमा काठको बिर्को - के हो ?

- खुर्सानी

(३५) तामाको दैलो चाँदीको सँघार,
भित्रकी नानी खुरूक्क (घुरुक्क) उघार - के हो ?

- मुख, दाँत र जिभ्रो

(३६) तामे फल, फलामे नल - के हो ?

- फापर

(३७) तारेभीरमा एउटा मात्र खुट्किलो - के हो ?

- नाइटो

(३८) तारेभीरमा पिङ झुण्डिएको - के हो ?

- बुलाकी

(३९) तारेभीरमा अनौठो पानी, कहिलेकाहीं बगेर जानी - के हो ?

- पसिना

(४०) तीन अक्षरको मेरो नाम, नयाँ अर्थ दिने मेरो काम,
उल्टो-सुल्टो एक समान - के हो ?

- नवीन

(४१) तीन अक्षरको मेरो नाम, विद्वान् हुन मलाई छान - के हो ?

- कलम-किताब

(४२) तीन अक्षर मिल्दा बन्छ छिमेकी देशको नाम,
बीचको अक्षर झिकीदिँदा बन्छ खाने कुरा माम - के हो ?
- भारत

(४३) तीनजाना मान्छेको एउटै पगरी - के हो ?
- ओदान

(४४) तीन टाउका छवटा कान, दसवटा खुट्टा एउटै मुढो तान - के हो ?
- गोरु जोतेको

(४५) तीन ताउको दस खुट्टा, काम छ चर्को बाँझो कुट्टा - के हो ?
- गोरु जोतेको

(४६) तीन भाइ दाईं गर्ने, दुई भाइ चुपलागी हेर्ने - के हो ?
- कलमले लेखेको

(४७) तुनको थैलीमा सुनका पैसा - के हो ?
- खुर्सानी

(४८) तेरी आमाको पिठ्युमा गाँड - के हो ?
- आग्लो अड्याउने प्वाल

(४९) त्यसैको हो त्यो, त्यसैको छ त्यो - के हो ?
- सर्पको काँचुली

(५०) त्यस्तो देश कहाँ छ जहाँ प्राणी हुन्नन्,
ताल समुद्र भए पनि माछा चाहिं हुन्नन् - के हो ?
- नक्सा

(५१) त्यो कुरा आफ्नो हो तर आफूले भन्दा अरूले धेरै चलन गर्छन् - के हो ?
- नाम

(५२) त्यो घरकी एक्ली बूढी, कुम्लो छोडी रूख चढी - के हो ?
- तरुल

(५३) त्यो मलाई हेर्छ, म त्यसलाई हेर्छु,
म गए बाटो दिन्छ तर आफू आउँदैन - के हो ?
- ढोका

## थ

(१) थचक्क बसेको खरानी घसेको- के हो ?
- चुलाको कसौंडी

(२) थर छैन केवल नाम, एक ठाउँ अडी ओताउने काम - के हो ?
- छानो

(३) थलथले सिममा बूढो गोरु नाचेको - के हो ?
- घट्ट

(४) थादामा नाच्दो खेल्दो, पीठारा (पछाडि)
घाम ताप्दो - क्या हो ? .

- रोटी पकाएको

(५) थालभरि तितौरा खाइनसक्नु - के हो ?

- तारा

(६) थालभरि फुरौला छरेको - के हो ?

- तारा र चन्द्रसूर्य

(७) थालभरि भात बिटभरि तिहुन - के हो ?

- धान र मास

(८) थालभरि सुपारी, गन्न नजान्ने व्यापारी - के हो ?

- आकाशका तारा

(९) थालमा नाच्दोखेल्दो, त्यसपछि घाम ताप्दो - के हो ?

- रोटी पकाएको

(१०) थालमा भात छ बिटमा दाल, हिंउँदमा पाक्छ उठाउन थाल - के हो ?

- धान र मास

(११) थालीमाथि बटुकी, बटुकीमा झोल-झोल तह लाउन आफ्नो ओंठ खोल - के हो ?

- कपप्लेट

(१२) थाहा छैन रूपरङ्ग कहाँ बस्छ बास,
त्यसले भेट्यो भनेदेखि पार्छ सत्यानास - के हो ?

- बिजुली

(१३) थुतुनु छ सर्पजस्तो आगोमाथि बस्छ,
मुखबाट तुर्क्याउँदै मुखैभित्र पस्छ - के हो ?

- चियादानी

(१४) थोरै हात लगाउँदा मीतज्यू-मीतज्यू - के हो ?

- सिस्नु

## द

(१) दगुर्छ बेसरी  फर्कन जान्दैन - के हो ?

- खोला

(२) दलदल लछारी -पछारी तीन पाथी पानी झारी,
त्यतिले नपुगेर बटारबुटुर पारी लगेर सतारी-के हो ?

- लुगा धोएर सुकाएको

(३) दल्दा-दल्दा खिई सकी सेती-सेती मोरी,
आफू मोरी अरूलाई बनाउँछे गोरी -के हो ?

- साबुन

(४) दह्रो टाउको लामो जीउ, गिदी छैन खान्न घिउ -के हो ?

- मदानी

(५) दस औंला हाँसिरहन्छन् , दुइटा सियो नाचिरहन्छन् - के हो ?

- स्वीटर बुनेको

(६) दाँत बाहिर भित्र ओंठ -के हो ?

- मुसल

(७) दाँती हेर्दा हीरा जस्तो, जुँगा हेरे बाघ,

कपडाको चाङभित्र बस्ने त्यसको जात -के हो ?

- मकै

(८) दाइ आयो, भाइ छोडी गयो -के हो ?

- पैतालाको छाप

(९) दाउँदाउँ बहर दाइ नसक्नु -के हो ?

- बाघ

(१०) दाजुभाइ बेला-बेला मुख जोडी सुत्छन् - के हो ?

- परेली

(११) दाजुभाइ सँगै हुन्छन्, मिल्न खोजे नासिन्छन् -के हो ?

- बिजुलीको करेन्ट

(१२) दाजु लाटो, भाइ बाठो - के हो ?

- धरहरा र घण्टाघर

(१३) दायाँ रूपा, बायाँ बेगनास, बीचमा चुच्चे डाँडा,

यताउति गर्दै झिमझिम पार्दै गर्छन् धेरै रमिता -के हो ?

- आँखा र नाक

(१४) दिउँसो उल्टो, राती सुल्टो -के हो ?

- चमेरो

(१५) दिए बढ्छ, नदिए घट्छ -के हो ?

- सीप/ज्ञान/विद्या

(१६) दिदी पोल्ने बहिनी सन्च -के हो ?

- घाम र जून

(१७) दिदी-बहिनीको देखादेख हुने, भेट कहिल्यै नहुने - के हो ?

- घाम र जून

(१८) दिनभर आँखा थुन्छ जोगी, रातभरि डुल्दै हिँड्छ भोगी - के हो ?

- लाटोकोसेरो

(१९) दिनभरि खाली बस्छ, रातभरि बोक्छ,

सुती-सुती जमिनमा चारखुट्टा टेक्छ - के हो ?

- खाट/पलङ

(२०) दिनभरि ताकाताक, रातभरि खापाखाप - के हो ?

- दैलो

(२१) दिनभरि दाजुभाइ मिलेर बस्छन्, रातभरि दाजुभाइ छुट्टिएर बस्छन् - के हो ?

- दौराको तुना

(२२) दिनभरि रहमा डुब्छ बिहानीपख पहाड चढ्छ - के हो ?

- पोतो

(२३) दिनभरि लाखाधुनी, रातभरि कान्लामुनि - के हो ?

- हलो

(२४) दिनभरि लुगा लगाउने, रातभरि नाङ्गै बिताउने - के हो ?

- लुगा सुकाउने टाँगो

(२५) दिनभरि सिंदो (सुत्दो) रातभरि उभिंदो - के हो ? .

- चुकुल

(२६) दिनभरि सुत्ने, रातभरि उठ्ने - के हो ?

- दाम्लो

(२७) दिनभरि हिँड्यो जहाँको तहीं - के हो ?

- जाँतो/कोल

(२८) दुइटा फेद, दुइटा हाँगाको एउटा रूख - के हो ?

- मानिस

(२९) दुइटा बूढा झ्याली बजाई नाची रहन्छन् - के हो ?

- चिम्टा

(३०) दुइटा मान्छेको एउटै पटुका - के हो ?

- आग्लो

(३१) दुइटा राँगा जुध्न थाल्दा एउटा डाँडाले छेक्छ - के हो ?

- नाकको डाँडी

(३२) दुइटी दिदीको एउटै मुन्द्री - के हो ?

- चिम्टा

(३३) दुई अक्षरको नाम छ खाँदैन घिउ,
सुल्टो परे भान्सातिर उल्टो परे गरीबको जीउ - के हो ?

- लोटा/टालो

(३४) दुई पखेटा दुई सिङ, हलुको जीउ फुटफुट उड्छिन् - के हो ?

- पुतली

(३५) दुईपट्टि गाछी (रूख) माझमा फल - के हो ?

- भुइँकटहर

(३६) दुई पांग्रा छ तर साइकल होइन, मेसिन छ तर मोटर होइन - के हो ?

- मोटरसाइकल

(३७) दुई भाइका तेर्सा करङ - के हो ?

- भऱ्याङ्

(३८) दुई भाइ हेर्ने, दुई भाइ नाच्ने - के हो ?

- गाईको कान नाच्ने सिंग हेर्ने

(३९) दुई लिगमा रेल हिँड्दा लिगनै जोडिन्छ - के हो ?

- चेन

(४०) दुई सिङ चिप्लो गोरु, हाडै छैन कसो गरूँ - के हो ?

- चिप्लेकीरा

(४१) दुई हात चार पाउ, काखमा लिन्छु यता आऊ - के हो ?

- कुर्सी

(४२) दुई हात दस पाउ, घारघुर पारी तताई खाऊ - के हो ?

- गाईभैँसीको दूध

(४३) दुई हातले समाती मेट्दै धोको, खुवाउँदा पनि पेट हुन्छ भोको - के हो ?

- शङ्ख

(४३) दूध न दही घिउ आई, यो कथा नजान्ने मुसाको ज्वाइँ - के हो ?

- सिंगान

(४४) दूधे बालकको पिट्दा पनि आमा रून्छिन् - के हो ?

- घण्टको रालो

(४५) देखे भने लखेट्छन् लुकिछिपी हिँड्छ,
गाउँघरमा कुखुरा-पाठा देख्यो भने खान्छ - के हो ?

- स्याल

(४६) देखे भने लखेट्छन् लुकिछिपी हिँड्छु,
गाउँघरका कुखुरा, पाठा देखें भने टिप्छु - के हो ?

- स्याल

## ध

(१) धनी-गरीब सबैको प्यारो छैन कसैको हेला,
एउटैबाट सयौं बन्छन् रोप्छन् बेलाबेला - के हो ?

- मकै

(२) धरहराको टुप्पामा सानो पोखरी,
पोखरीको मास्तिर झलमल जूनकीरी - के हो ?

- पानसमा बालको बत्ती

(३) धर्तीमुनिको कुथुरे गोरु -के हो ?

- मुसो

(४) धर्तीमुनिको जगल्टे धर्ती - के हो ?

- झुत्रे भ्याकुर

(५) धर्तीमुनि जाउँला छाता ओढुँला - के हो ?

- पिंडालु

(६) धरतीमुनि फल्दछ त्यो धरतीमाथि पात,
तरकारी अचारमा हालिन्छ भन के होला ? त्यसको जात ?- के हो ?

- बेसार

(७) धानको भए पराल हुन्थ्यो, तरकारीलाई मारे,
पानी त्यसको सुकाउन ढुङ्ग्राभित्र पारे - के हो ?

- गुन्द्रुक

(८) धार्नी न बिसौली, दुई हातले उचाली - क्या हो ? .

- टोपी

(९) धुरीमाथि कुलेसो काढेको - के हो ?

- सिउँदो/केराको पात

(१०) धुरी मार्ने पहिले, दाँती लाउन अहिले - के हो ?

- घुम

(११) धेरै दुलहीको एउटै डोली - के हो ?

- कोसे अन्न

(१२) धेरै पहिले गरिदिन्थे हुलाकीको काम,
शान्तिचरी भने पनि अघि सर्छन् खान - के हो ?

- परेवा

(१३) ध्याम्प खुट्टा ल्याप्प कान, दुईतिर पुच्छर लौ भन नाम - के हो ?

- हात्ती

## न

(१) नक्कले भराको शिरमा शिरफूल - के हो ?

- कुखुरो

(२) नखाऊँ भने दिनभरिको सिकार,
खाऊँ भने कान्छाबाबुको अनुहार - के हो ?

- बाँदर

(३) न खान्छ न पिउँछ तर दिनभरि घरको रक्षा गर्छ - के हो ?

- ताल्चा

(४) नङ्ग्री नानीलाई काखीमा च्यापी,
करङ छाम्दा मीठो स्वरमा हाँसी - के हो ?

- गितार

(५) न चोर्‍यो उसले न कसैलाई मार्‍यो,
तर उसको टाउको सबैले काट्यो - के हो ?

- नङ

(६) नदेखिने शक्तिवान्, छुन पुगे लिन्छ ज्यान - के हो ?

- बिजुलीको करेन्ट

(७) न पीर न भान्से बज्यै, छैन मेरो पाप,
छुट्याइदिन्छु ढुङ्गोमाटो टिपी अन्तै राख - के हो ?

- नाङ्लो

(८) न फल फल्ने न फूल फुल्ने त्यो हो आँख्ले डाँठ,
तिर्खा लागे रस चुस त्यही आँख्लालाई भाँच - के हो ?

- उँखु

(९) न फल्छ न फुल्छ तर टोकरीभरि बिक्छ - के हो ?

- नून

(१०) न महादेव न बिष्णु तर त्रिशूलचक छन्,
भीमसेन पनि होइनन् ती भित्तो ठेल्छन् - के हो ?
- साँढे
(११) नली जत्रो डाँठ, नाङ्ला जत्रा पात, सागरमा छैन,
धर्तीमा हैन- के हो ? त्यसको जात - के हो ?
- पानीकमल
(१२) न हिँड्छ, न बोल्छ, न खान्छ न पिउँछ - के हो ?
- फोटो/तस्वीर/मुर्ति
(१३) नाउँ के हो कहाँ छ बास, कताबाट आई पार्छ सत्यानाश - के हो ?
- भुईंचालो
(१४) नाउँ छ डल्ले, कराउँछ बलले - के हो ?
- शङ्ख फुकेको
(१५) नाक-कानलाई बोझ, आँखालाई मोज - क्या हो ?
- चस्मा
(१६) नाक चुच्चे पुच्छर बुच्चे, खान्छ अन्न पानी बन्द - के हो ?
- धुन
(१७) नाकमा चढेर कानमा समात्ने - के हो ?
- चस्मा लगाएको
(१८) नाकमा नत्थी पिठ्युँमा घाउ, यो कथाको अर्थ लाऊ - के हो ?
- तराजु
(१९) नाची-नाची एउटी आई, फूलहरूको प्वाला खाई - के हो ?
- पुतली
(२०) नानीका धोतीमा जुम्रा - के हो ?
- जालमा माछा मारेको
(२१) नानी-नानी छोट्टी, उल्ली-उल्ली धान कुट्टी - के हो ?
- उपियाँ
(२२) नाम जस्तो कहिल्यै पनि छैन त्यसको काम,
तर पनि मानिसले ज्यादै गर्छन् मान - के हो ?
- मनिप्लान्ट
(२३) नाम नभएको मान्छेनै हुन्न तर त्यो मान्छेको नामै छैन - के हो ?
- नवजात शिशु
(२४) नाम मेरो तीन अक्षरको काम शब्द भर्ने,
पहिलो अक्षर झिके नाप्ने बस्तु,
तेस्रो झिके चरा नाम पर्ने - के हो ?
- कागज
(२५) नाम रूप सानै छ ठूलो हुन्छ काम,
मर्नैलाग्दा बचाउँछ मानिसको ज्यान - के हो ?

- औषधि

(२६) नाम्लो-डोको केही छैन भारी त्यसले बोक्छ,
छोयो भने त्यसलाई भित्रभित्रै लुक्छ - के हो ?

- शङ्खेकीरा

(२७) नियाल्दा ढुङ्गा जस्तो उचाल्दा ढुङ्गो,
रन्केपछि लाउँछ कामको टुङ्गो - के हो ?

- इस्त्री

(२८) निरन्तर डुल्दै हिँड्छे देखिन्न त्यो नानी,
कोहीसित ठोक्किएमा सुसाउने बानी- के हो ?

- वायु

(२९) नीलो दहमा ढकमक फूल - के हो ?

- चन्द्रमा

(३०) नीलो दहमा सेता फूल - के हो ?

- तारा

(३१) नुवाई-धुवाई, जीउमा चन्दनलाई - के हो ?

- पकाउने भाँडामा खरानी लगाएको

(३२) नेपाले भैँसीको दुईतिर पुच्छर - के हो ?

- हात्ती

(३३) नौतला घरको नौतले झ्याल - क्या हो ? .

- बाँस

(३४) नौतले देवलको नौवटा झ्याल - के हो ?

- धरहरा

(३५) नौ भाइको एउटा मात्रै बोको - के हो ?

- सुन्तला

(३६) नौवटी बहिनीको एउटा मात्रै फरिया - के हो ?

- बाँस

## प

(१) पकाई-पोली खानलाई गर्छन् सबै प्यारो,
पानी बिना बाँच्न भने मलाई साह्रै गाह्रो - के हो ?

- माछा

(२) पकाउने काम परे सुसाउने गर्छ,
लोती समाई ननिओठे ठहरै मर्छ - के हो ?

- दमचुली

(३) पखेटा छैन आकासमा उड्छ, बतास आए भाग्छ, घामलाई छेक्छ - के हो ?

- बादल

(४) पखेटा भएको उड्ने घर, पर्छन् मानिस त्यसकै भर - के हो ?

- हवाइजहाज

(५) पच्चीस चोकमा दुई घर छन्,
चार सिकारी दाउ हेर्छन् अरू जाल बुन्छन् - के हो ?
- बाघचाल खेलेको

(६) पछाडिको दुई अक्षरले उड्ने जीवको नाम,
बुझाउँछ तर उसको काट्ने हुन्छ काम - के हो ?
- बन्चरो

(७) पछाडि छ आँखा अघि सर्छ, हिँड्दाहिँड्दै सृष्टि गर्छ,
पशु पनि होइन, मान्छे पनि होइन - के हो ?
- सियो

(८) पत्रमनि मलाई राखी लेख्तै जाँदा माथि,
तल पनि उही-उही बनाइदिन्छु साथी - के हो ?
- कार्बन कागत

(९) पत्रैपत्रको डल्ले च्याउ, मन लागेमा पकाई खाऊ - के हो ?
- बन्दाकोपी

(१०) पन्ध्र दिन बढे पनि पन्ध्रदिन घट्छ,
आउँदाखेरि झलमल्ल जाँदाखेरि निस्पट्ट - के हो ?
- चन्दमा

(११) पर-पर सर्दै गर्छ, फुल पार्दै अघि बढ्छ - के हो ?
- लुगा सिएको

(१२) पर्खालको पछाडि मृगको साँप्रो - के हो ?
- रातो धागो/डोरी लगाई बाटेको चुल्ठो

(१३) पर्वतको माझमा छन् एकजोडी गुफा,
ती गुफालाई हामी गर्छौं सधैं सफा - के हो ?
- नाके

(१४) पल्टन-पल्टन दुई पल्टन आए जति सब चट - के हो ?
- दाँत र मुख

(१५) पवित्र घरको धुरीमा सोली घोप्टिएको - के हो ?
- मन्दिरको गजुर

(१६) पशुपछिमा गड्याङगुडुङ आर्यघाटमा उदायो,
सानी नानी स्याईं-स्याईं चन्द्रागिरिमा धुवाँयो - के हो ?
- तमाखु खाएको

(१७) पहराको घाँस झ्याम्म हुन्छ, त्यसलाई बाटे दाम्लो बन्छ - के हो ?
- बाबियो

(१८) पहराको बीचमा हात्तीको पाइलो - के हो ?
- नाइटो

(१९) पहराको लहरामा उज्यालो छर्ने फल,

त्यो फल खान कसैको पुग्दैन बल- के हो ?

- चिम

(२०) पहरे बाबा, लहरे माई, फूलमती दिदी भकुण्डे भाइ - के हो ?

- फर्सी

(२१) पहाडमाथि छेउकुना, ठाउँठाउँमा रगतको दुना - के हो ?

- लालीगुराँस

(२२) पहिले जन्म्यौं आफै त्यसपछि जन्मे जेठादाई,

बाबा जन्मेको हामीले देख्यौं पछिबाट जन्मे कान्छाभाइ - के हो ?

- दूध, दही, मही र घिउ

(२३) पहिले मलाई भिजाउँछन्, त्यसपछि कुट्छन्,

कुटेपछि मस्तसँग आफ्नो भोक मेटाउँछन् - के हो ?

- चिउरा

(२४) पहिले माया गर्छन् पछि कुट्छन्, ओछ्याएर फेरि मोज लुट्छन् - के हो ?

- कपास

(२५) पहिलो बेतमा नै आमा मर्ने - के हो ?

- केराको बोट

(२६) पहिलो बेतमै माउ मर्ने - के हो ?

- केराको बोट

(२७) पाँच जना हेर्ने, एक जना नाच्ने, चार जना लुक्ने - के हो ?

- सुर्ती माडेको

(२८) पाँच भाइको एउटै गुफा, गुफाभित्र एउटै कोठा - के हो ?

- जुत्ता

(२९) पाँच भाइको एउटा मात्रै पाटो - के हो ?

- पैतला

(३०) पाँच भाइले दिन्छन्, दुई भाइले हेर्छन्, एक भाइले खान्छ - के हो ?

- हात, आँखा र मुख

(३१) पाँच मानिसको एउटै पेट - के हो ?

- हात

(३२) पाइलो पर्दैन, दगुर्न छोड्दैन, वारिपारि गर्न नभई हुदैन - के हो ?

- डुङ्गा

(३३) पाखुरा छन् पञ्जा छैनन्, जीउ छ टाउको छैन,

यो नलगा हाकिमको रहन्न शान - के हो ?

- दौरा

(३४) पाङ्ग्रा बिनाको मोटर लुगामाथि दौडिन्छ - के हो ?

- इस्त्री लगाएको

(३५) पाटी त पाटी धर्मशाला पाटी, खोलेर हेर्दा तीनसय साठी - के हो ?

- मौरीको घार

(३६) पात एकै नाई, हाँगाको लेखै नाई - क्या हो ? .

- सिउँडी

(३७) पात छन् बोट छैन शीतल चाहिं दिन्छु,

छहारी छैन घरभित्र मात्र बस्छु - के हो ?

- पङ्खा

(३८) पात भने हरियो छ रातो हुन्छ झोल,

राख्ने गर्छन् पोको पारी मुख बनाई खोल - के हो ?

- पान खाएको

(३९) पातालमा खुट्टा छन्, टाउकामा सुँड छ,

सुँड चलाइदिए ह्वालह्वाली छाद्छ - के हो ?

- ट्युबेल/कलधारा

(४०) पातैमा फल छ, पातैमा बल छ रूख त्यसको हुँदैन,

जति खाऊ, जति देऊ त्यसको फल कहिल्यै सकिन्न - के हो ?

- किताब

(४१) पानी खेल्छ जलेवा होइन, चारो टिप्छ परेवा पनि होइन - के हो ?

- धान रोपेको

(४२) पानी छ दह होइन, रूखमा बस्छ चरो होइन - के हो ?

- नरिबल

(४३) पानी बिनाको पोखरीमा भ्यागुतो उफ्रिरहन्छ - के हो ?

- मकै भुटेको

(४४) पानी बिना बल्छी खेल्छ - के हो ?

- बाँस

(४५) पानीभित्र जन्म भयो पानीभित्रै बस्छु,

पानी बाहिर रहें भने आफैंलाई नास्छु - के हो ?

- माछा

(४६) पारि भित्तामा कुकुर भुक्ने, यहाँ मेरो मुटु दुख्ने - के हो ?

- बन्दुक पड्काएको

(४७) पारि भित्तामा कुकुर भुक्यो, पुच्छर मेरो हात - के हो ?

- बन्दुक

(४८) पालैपालो आउँछ तर पाले होइन - के हो ?

- दिन र रात

(४९) पाहुना आको बेला अत्तानो परेर सुत्छन्  - के हो ?

- रक्सीको बोतल

(५०) पिँढी कुरे चेप्टे दाइले खान्छन् छिटोछिटो,

पेट छैन अटाउने उकेल्दछन् पीठो - के हो ?

- जाँतो

(५१) पिँध चुस्ने टुप्पामा बालने मुखले च्याप्दै हावामा फाल्ने - के हो ?

- चुरोट खाएको

(५२) पिँधबाट हाल्दा कम्मर छिन्ने - के हो ?

- भोटेताल्चा

(५३) पिँध सुकेको घाँटी लुकेको, पेट फुकेको - के हो ?

- करूवा

(५४) पिँध सुकेको छाती फुकेको,टाउको न खुट्टाको जनै लाउने बाहुन,
पेटमा पानी राखी भित्र-बाहिर भान्सामा जाने गर्छ दिनहुँ - के हो ?

- बाल्टिन

(५५) पिलपिल गर्ने सान्नानीको पेटभरि पानी - के हो ?

- टुकी

(५६) पुच्छर छ जन्तु होइन,रेलझैं हिँड्छ रेलपनि होइन - के हो ?

- चिप्लेकिरा

(५७) पुच्छरमा छ पैसैपैसा, शिरमा छ शिरपेच हरदम,
त्यही नाच्थ्यो वनमा पहिले बादल देख्दा छमछम - के हो ?

- मुजुरको प्वाँख

(५८) पुड्के बाहुनको सुर्के चन्दन - के हो ?

- मास

(५९) पुड्के बाहुन भान्सामा जान्छ, पीँधबाट चन्दन तान्छ - के हो ?

- कसौंडी

(६०) पुड्के भँडारी नसाको भारी - के हो ?

- दमाहा

(६१) पुड्के भण्डारी, नसाको भारी - के हो ? .

- दमाहा

(६२) पुतली चरी गीत गाउँदै झरी - के हो ?

- जनाई

(६३) पूरै पढे एउटा जिल्ला बन्छ, बीचको अक्षर झिके खानेकुरा बन्छ - के हो ?

- पाल्पा

(६४) पूर्वमा दाजु पश्चिममा भाइ, बस्छन् दुवै भेट्न नपाई - के हो ?

- घाम र जून

(६५) पेट मेरो गडबड रोगी नभने,
शिरमा विगुत देखी जोगी नभने - के हो ?

- हुक्का र चिलिम

(६६) पोकोभित्र पोटिलो दाना,उघारेर हेरे स्वादिलो खाना - के हो ?

- अनार

(६७) पोखरी सुक्यो, बकुल्लो मऱ्यो - के हो ?

- टुकी

(६८) पोलेको माछो खेतबारीमा दगुर्छ - के हो ?

- हलाको सियो

(६९) प्रेमीहरू दिलोज्यानले मलाई नै खोज्छन्,
मेरो माया पाउँदा भस्म भई मर्छन् - के हो ?
- बत्ती र पुतली

(७०) प्याट्ट पुठाइ (चाक) थाईं (नजिक) चार खुट्टा बाइ (त्यही) थाई,
मुण्डो (टाउको) छनोई (छँदै) थाई, पुच्छड नाई थाईं - कि हो ? .
- भ्यागुतो

(७१) प्वाङ्ङ कुटायो स्वाट्ट पियो, हातमा लियो दुइटा दियो - के हो ?
- काँचो नरिवल

## फ

(१) फतफते बूढीको तालुमा भुङ्ग्रो - के हो ?
- हुक्का र चिलिम

(२) फनफन घुम्छे गर्मीयाममा, चिसो हावा बेच्छे दाममा - के हो ?
- पङ्खा

(३) फल झऱ्यो भुईंतिर , रूख छैन वरिपरि - के हो ?
- असिना

(४) फल न फूल डाँठमात्र मोटो - के हो ?
- उखु

(४) फल लागे फूल लाग्दैन, फूल लागे फल लाग्दैन - के हो ?
- भाङको बोट

(६) फलामको पाता, सुनको छाता - के हो ?
- डाँडामाथिको घाम

(७) फलाम वर्ण पाक्ने, सुनवर्ण फुल्ने - के हो ?
- चुत्रो

(८) फलामे फल, तामे नल - के हो ?
- फापर

(९) फूलै-फूलै होस् नहोस् पात झुल्छ, त्यही पात पूजाआजामा खुब चल्छ - के हो ?
- वरपीपल/बेलपत्र

(१०) फल्दा पनि फल्दैन फूल्दा पनि फुल्दैन तर टोकरीभरि बिक्छ - के हो ?
- नुन

(११) फल्दो न फुल्दो भ्यापभ्याप्ती - के हो ?
- उन्यू

(१२) फाटेको राम्रो एउटा, फुटेको राम्रो अर्को - के हो ?
- बादल र कपास

(१३) फाल्ने भए फालिहाल, नत्र झुन्डिई मर्छु - के हो ?

- सिंगान

(१४) फिस्टे चराको मासु थोरै, बोसो धेरै - के हो ?

- रिट्ठो

(१५) फुटाल्दा धूलो, चिनी-चिनी ठूलो - के हो ?

- पर्खाल

(१६) फुल्दा चाँदी, पाक्दा सुन - के हो ?

- सुन्तला

(१७) फुल्दा पनि फुल्दैन, सन्तान त्यसका धेरै छन् - के हो ?

- उन्यू

(१८) फुल्दो न फल्दो हरियो पात,
चन्दन दली मसला हाली मुखले च्याप्तै गाँस - के हो ?

- पान

(१९) फूलबारीकी महरानी उड्नेतिनको बानी,
फूलबारीका महराजा चुम्ने गर्छन्, सबै साझा मानी - के हो ?

- पुतली र भँमरा

(२०) फेंद काटे मर्ने, टुप्पो काटे सर्ने - के हो ?

- उखु

(२१) फेदीबाट पानी ल्याई रानीखेत भिजाए,
पाँच भाइ हली-मिली लिँडे गोरु कुदाए - के हो ?

- कलमले लेखेको

(२२) फ्याक्क-फ्याकुली, फ्याकुलीका पेटभित्र पैसैपैसा - के हो ?

- फर्सी

(२३) फ्याक्क-फ्याकुली, त्यै फ्याकुलीभरि पैसैपैसा - के हो ?

- फर्सीका बिंगा

(२४) फ्याट्ट-फट्कुली (उफ्रनै) तेरी इज्या ठगुली - कि हो ? .

- उपियाँ

## ब

(१) बचको साथि माउको काल बाहिर निस्केपछि लगेर फाल के हो ?

- अम्रो

(२) बजाउनु हुन्छ बाजा होइन,
लगाउनु हुन्छ औंठी होइन,
गोलो हुन्छ तर रिंग होइन - के हो ?

- चुरा

(३) बडेमानको मुख उसको मुख छन् चारवटा,
तीन रङको खान खान्छ चिज छन् उनन्तीसवटा - के हो ?

- क्यारमबोर्ड

(४) बत्तीस घरम दुई थरका छन्, चार सिकारी दाउ हेर्छन,
बाँकी अठ्ठाई जाल बुन्छन् के हो ?

- बाघ चाल

(५) बत्तीस जना वारपार, माभ्रमा एउटा सरदार - के हो ?

- दाँत र जिब्रो

(६) बल्ल फेला परेको शिकार अब छोडे संसार अन्धकार,
नछोडी नलिदिउँ भने आफै बन्छ कालको शिकार - के हो ?

- सर्पले छुचुन्द्रो समाएको

(७) बसाई हेरे कुकुरको बाघ जस्तो हाल,
चोटा-कोठा डुलिहिँड्ने गजबको नै चाल - के हो ?

- बिरालो

(८) बस्छ, हिँड्छ, खेल्छ तर बोल्न सक्दैन - के हो ?

- बल /भकुन्डो

(९) बस्छु, हिँड्छु, खेल्छु तर बोल्न सक्दिन,
दिनभरि उसलाई छाड्न सक्दिन - के हो ?

- छाया

(१०) बस्दा थुचुक्क उठ्दा जुरूक्क - के हो ?

- ढिकी कुटेको

(१२) बहिनी भन्छे आइज आइज, दिदी भन्छे नाइँनाइँ के हो

- केरा/ पीपलको पात

(१३) बाँचुन्जेल सागरमा, मरेपछि मन्दिरमा - के हो ?

- शङ्ख

(१४) बाँधको पानी गहिराको खेत पाँच जना बाउसे एउटी रोपारले लेख्छन् - के हो ?

- लेखेको

(१५) बाँध्दा मुठीभरि छ, खोल्दा ढोकाबाट छिर्दैन - के हो ?

- छाता

(१६) बाङ्गा खोलामा चेप्टा माटा - के हो ?

- गहत

(१७) बाटुली नानी भ्रललल बल्छिन्, कहिले लुक्छिन् कहिले खुल्छिन् - के हो ?

- चन्द्रमा

(१८) बाटुलो बाटो चिम्ट्याइलो माटो, हातमा लुटुपुटु मुखमा गाँठो - के हो ?

- कसार

(१९) बाटै पिच्छे नाइटो बनाएको के हो ?

- बिसौनी

(२०) बाबाले दिएको पटेका बाँध्दाबाँध्दा कैल्यै नसिद्धिने के हो ?

- बाटो

(२१) बाबु गर्भमै छ छोरो छाता ओडचाउँछ के हो ?

- कर्कलो

(२२) बाबु नदेखिँदै छोरो छानामाथि - के हो ?

- धुवाँ

(२३) बारी कमेरो बीउ कालो, हातले नटिपी खान थाल्यो - के हो ?

- सेतो कागतमा कालो मसीले अक्षर लेखी पढेको

(२४) बारी कान्लामा जन्मी, घर छानामाथि सुती, घामपानीलाई छेक्दै बसी - के हो ?

- खर

(२५) बारै-बारको नक्कली दरबार राखिन्छ भित्र एउटा उत्कार,
राखिन्छ खुला त्यसको द्वार, सरदारभित्र पसे घुम लगातार - के हो ?

- बाघ मार्ने खोर

(२६) बाह्र छोरा तेह्र नाति, एउटै छाता सबैमाथि - के हो ?

- कर्कलो

(२७) बाह्र लाटा, तीन बाठा, एकै घरमा जोड्छन् नाता - के हो ?

- घडी

(२८) बाह्र वर्ष अघि यसको रूख ढले पनि,
त्यो रूखको अझैसम्म पात हरियो छ नि - के हो ?

- मयूरको प्वाँख

(२९) बाह्र हाँगे, बाह्र जाँगे, बाह्रं सुगाको घोल,
बाह्र सुगा मरिकन बाह्रै आरी झोल - के हो ?

- निबुवा

(३०) बालकमा हरियो बूढी हुँदा पहेंलो के हो ?

- धान

(३१) बाली न बिरूवा नौ मुरी तोरी - के हो ?

- तारा

(३२) बालो हाली पिठिममा, कुटकुट लाठी के हो ?

- ढिकी

(३३) बास बस्छ घना वनमा खान्छ रातो पानी,
मानिसले देखे भने जान्छ जिन्दगानी के हो ?

- जुम्रा

(३४) बाहिर काली कोइली, भित्र तामा चोइली - के हो ?

- मसुरो

(३५) बाहिर खस्रो भित्र ताँती, ताँतीभित्र दाँती-दाँती - के हो ?

- मकैको घोगा

(३६) बाहिर खोस्या-खोस्या भित्र लोहोरो - के हो ?

- मकैको घोगो

(३७) बाहिर जगल्टा भित्र हाड, हाडभित्र मासु, मासुभित्र आँसु - के हो ?

- नरिवल

(३८) बाहिर जाँदा अघाउने, भित्र आउँदा भोकाउने - के हो ?

- जुत्ता

(३९) बाहिर दाँत भित्र ओँठ - के हो ?

- मुसल

(४०) बाहिर बाजा, भित्र नाच - के हो ?

- घडी

(४१) बाहिर बोक्रो, भित्र खोक्रो - के हो ?

- भकुन्डो

(४२) बाहिर बोक्रो भित्र खोक्रो गालामा छ लाली,
त्यो गालामा थप्पड दिंदा बज्छ मीठो ताली - के हो ?

- मादल बजाएको

(४३) बाहिर भने छ्याकै छ्याक्का देख्नमा बिफर,
भित्रचाहिँ काटि हेर्दा खाऊँ खाऊँ रहर के हो ?

- भुइँकटहर

(४४) बाहिर भने हाडैहाड भित्र चाहिं मासु - के हो ?

- कछुवा

(४५) बाहिर रुमाले, भित्र सिन्की उमाले - के हो ?

- गुण्डा

(४६) बाहिर सुन भित्र फलाम, फलाम फोर्दा आउँछ चाँदी - के हो ?

- रिट्ठो

(४७) बाहिर सोला भित्र गोला, त्यो खान पाए कस्तो होला ? - के हो ?

- रूखकटहर

(४८) बाहिर सुन भित्र चाँदी के हो ?

- केरा

(४९) बाहिर सुन भित्र चाँदी, त्यस भित्र रसिलो गुदी के हो ?

- ज्यामिर

(५०) बाहुन बली जानु जनै रैजानु - के हो ? .

- बाटो

(५१) बिनावृक्षको फल फल्ने, टिपेर लिए आफै गल्ने - के हो ?

- असिना

(५२) बिन्द्रावनमा अचम्म देखियो नाङलाजत्रो पात,
सय दिनमा फल्ने एक दिनमा पाक्ने के हो ?

- पिँडालु

(५३) बिन्द्रावनमा कनिका छरेके के हो ?

- तारा

(५४) बिन्द्रावनमा काभ्रो नभएको पिङ के हो ?

- भुइँ छुने कपाल

(५५) बिन्द्रावनमा काल्दाजै काल्दाजै के हो ?

- रूख काटेको

(५६) बिन्द्रावनमा कुलेसो काटेको के हो ?

- सिउँदो

(५७) बिन्द्रावनमा गाई चरेको के हो ?

- जुम्रो

(५८) बिन्द्रावनमा चहै चहै पिङ खेलेको के हो ?

- बुलाकी

(५९) बीउ न बिरुवा नौ मुरी तोरी - के हो ?

- काइँयो

(६०) बीस तले घरमा बस्न नहुने - के हो ?

- बाँस

(६१) बीसमा बीसेको टाउको काटे न दुख्यो न रगत आयो - के हो ?

- नङ काटेको

(६२) बुई चढेको सुई, कतै तीन कतै दुई - के हो ?

- घडी

(६३) बुढेसकालमा ब्यायो धेरै छोरा पायो,
छोरा गए हुर्कदै उसको सातो गयो - के हो ?

- केरा

(६४) बूढाबूढी कता गए, कालथरी गाडेको तीन दिन भए - के हो ?

- गुन्द्रुक हालेको

(६५) बूढा-बूढीको साझे पटुका - के हो ?

- तगारो वा अग्लो

(६६) बेलुकीपख खस्रो भाले बास्ने - के हो ?

- भ्यागुतो

(६७) बेसीमा कुलो लेकको खेत कतातिर टुप्पो कतातिर फेंद - के हो ?

- इन्द्रेणी

(६८) बेहुला न बेहुली घरभरि जन्ती - के हो ?

- कमिलाको ताँती

(६९) बेहुला न बेहुली घरभरि बिहे - के हो ?

- भ्यागुतो कराएको

(७०) बैठक कोठा ढुक्क रूँग्छे, मानिस बसे लिपिक्क हुन्छे - के हो ?

- सोफा

(७१) बोको बसिरहने, दाम्लो चर्न जाने - के हो ?

- फर्सी

(७२) बोल्छ मान्छे पनि होइन, गीत गाउँछ कोइली पनि होइन,

बाजा बजाउँछ दमाई पनि होइन - के हो ?

- रेडियो

## भ

(१) भए दिन्नथें छैन दिन्छु (खाएर जा) - के हो ?

- लिंडेपुच्छर

(२) भकारीभरि जुन लागेको - के हो ?

- दहीको ठेकी

(३) भन्दा छ गन्दा सात - के हो ?

- व्यञ्जन वर्णनको अक्षर छ

(४) भन्नलाई भन्छ छ छ पैसा,तर पैसा होइन - के हो ?

- रेल

(५) भाँडो फुट्यो, जात छुट्टयो - के हो ?

- फुल/अण्डा

(६) भाइ बोल्छ, दाइ बोल्दैन - के हो ?

- घण्टाघर र धरहरा

(७) भाँच्चिएको खुट्टा जुरुक्क उठाइ हेर्नका लागि कानमा अडचाई के हो ?

- चस्मा

(८) भाङग्रोजत्रो मुख पीँधमा टोपी, जीउभरि आँखा टैनन् खुट्टी के हो ?

- डोको

(९) भित्र इनार बाहिर धारो, यो कथा जान्न साह्रै गाहो - के हो ?

- करुवा

(१०) भित्र खसी बाहिर दाम्लो - के हो ?

- तरूल

(११) भित्र खोक्रो पनि छैन, बाहिर बोक्रो पनि छैन - के हो ?

- ढुङ्गा

(१२) भित्र घण्टी दौड, गर्छ समयको ठिक्क गौड - के हो ?

- घडी

(१३) भित्र चाँदी, बाहिर सुन, तलतिर कल्चौंडो मास्तिर थुन - के हो ?

- केरा

(१४) भित्रतिर टन्न राम्रो बाना, फोरी खाँदा रसिला दाना - के हो ?

- अनार

(१५) भित्र पखेटा बाहिर मासु, रून्छ बगाई दूधका आँसु - के हो ?

- काभ्रोवृक्ष

(१६) भित्र पानी छ पोखरी होइन,
तीन आँखा छन् महादेव होइन,
माथि भ्फुन्डिन्छ चमेरो होइन - के हो ?

- नरिवल

(१७) भित्र-हावा बाहिर छाला, बुट-जुत्ता कस्नेको लात खाला - के हो ?

- भकुन्डो

(१८) भित्र हेरे इनार छ, बाहिर हेरे धारो,

त्यसको नाम जान्नलाई छैन त्यति गाह्रो - के हो ?

- करुवा

(१९) भित्रै छऱ्यो भित्रै उम्म्यो, आशिष पाई कानमा सिउऱ्यो - के हो ?

- जमरा

(२०) भुँडे-गोरुको एउटा मात्र सिङ,

सार्कीलाई मात्र होइन, बाहुन-क्षेत्रीलाई पनि तिहुन- के हो ?

- कबेली/फर्सी

(२१) भुँडे-गोरुको एउटै सिङ - के हो ?

- जाँतो

(२२) भुँ-भु गर्छ भँवरो होइन,काँधमा जनै छ बाहुन होइन - के हो ?

- चर्खा

(२३) भुईको डोली थिचेर खोली, भित्र हेर्दा दुई तीन गोली - के हो ?

- बदाम

(२४) भुति सकेर पनि पोलेर खाने - के हो ?

- तमाखु

(२५) भैँसी बसिरहन्छ, दाम्लो चर्न जान्छ - के हो ?

- फर्सी र लहरा

(२६) भोकाउँदा गर्छ आँ, अघाउँदा हिँड्छ कहाँ-कहाँ- के हो ?

- जुत्ता

## म

(१) मकरे गोरुको लादी मीठो - के हो ?

- रूखकटहर

(२) मरेको गोरु गाउँ-सहर गर्छ - के हो ?

- जुत्ता

(३) मरेको गोरु गाउँ-बेसी गर्छ - क्या हो ?

- नारा

(४) मरेको गोरु डुँक्दै हिँड्छ - क्या हो ?

- दमाहा/मादल

(५) मरेका गोरु रूख चढ्छ - के हो ?

- हल्लुँडो

(६) मरेको गोरु सास फेर्छ - के हो ?

- खलाँती

(७) मरेको पनि होइन, बाँचेको पनि होइन - के हो ?

- फुल

(८) मलाई काटे दुख्छ, तँलाई काटे दुख्तैन - के हो ?

- मासु र नङ

(९) मसिनु बोटको टुप्पामा माछाको जस्तो जस्तो कत्ला,
कलिलो छँदै पकाई खाए गुनिलो चीज होला - के हो ?

- च्याउ

(१०) महिनामा आउँछ दिनमा पनि आउछ, वर्षमा चाहिँ आउँदैन - के हो ?

- न (अक्षर)

(११) म हुँ एकखुट्टे केही नखाई जान्छु,
बूढा लुला लँगडालाई सक्दो आड दिन्छु - के हो ?

- लौरो

(१२) माउको काल बच्चाको साथी, निस्के पछि झालमाथि - के हो ?

- अम्रो

(१३) माग्नेको पुच्छर छैन, देख्नेको खुट्टा छैन, कहाँ पुग्यो हेर्नेको आँखा छैन - के हो ?

- भ्यागुतो, सर्प र गँड्यौंला

(१४) माझ मझेरी उत्तानो पारी, दुई घुँडा मारी ल्यासल्यास पारी - के हो ?

- मसला पिंधेको

(१५) माटातली (माटाभित्र) पुड्के बल्ल (गोरु) - के हो ? .

- मुसो

(१६) माटामुनिका पेटे देउता, हातमा लियो यौटा, खान लाग्यो दुई-तीननौटा - के हो ?

- बदाम

(१७) माटामुनी महको गाग्री - के हो ?

- खनिउँ

(१८) माटाले दिन्छ ढुङ्गाको काम, बताऊ तिमी त्यसको नाम - के हो ?

- ईंटा

(१९) माटोमुनि बस्छु गाँठो हिउँजस्तो रूप,
जति सन्तान भए पनि काम दिन्छ खूप - के हो ?

- लसुनको पोटी

(२०) माथि टार टारमुनि पहाड, पहाडमुनि ओडार - के हो ?

- निधार, नाक र मुख

(२१) माथि टुलुटुलु, तल स्याँकस्याँक - के हो ?

- आँखा र नाक

(२२) माथितिर कान तलतिर तान, तानमा ठक्कर दिँदा मीठो हुन्छ गान - के हो ?

- सारङ्गी

(२३) माथि घर-घर, तल मेरो घर, त्यो घर भत्केर मलाई केको डर - के हो ?

- कर्कलो

(२४) माथि धुलीमाटो खेली तल फुल पार्ने - के हो ?

- चर्खा

(२५) माथिबाट सिंगारे झऱ्यो, हस्तेले पछाऱ्यो, हस्तेले पछाऱ्यो -के हो ?

- सिंगान पुछेको

(२६) मानिसको व्यवहारमा ठूलो काम दिन्छ,
तल-माथि पऱ्यो भने ज्यानैपनि लिन्छ -के हो ?

- स्टोभ

(२७) मानिस बोकी लहरालाई समाउँदै कुद्ने,
टहरो होइन, छहरो होइन- के हो ? सबले बुझ्ने- के हो ?

- ट्रलिबस

(२८) माया गरे चुपचाप एकै ठाउँ बस्छ,
रिसाएर लात्ती हाने खुरखुरू हिँड्छ - के हो ?

- साइकल

(२९) माल किन्नुपर्दा सँगै जान्छु, आफू आउन्न माल पठाउँछु - के हो ?

- रूपियाँ-पैसा

(३१) मासुको खम्बामा चक्का र डोरी,
चक्काको अनुहारमा समयका फुरफुरी - के हो ?

- नारीघडी

(३२) मास्तिर जाँदा हात हल्लाउँदै गयो, तलतिर आउँदा एक्लै आयो - के हो ?

- डोरी बाटेको

(३३) मास्तिर झप्प, तलतिर तन्न - के हो ?

- मूला

(३४) मीठा-मीठा खाना हुन्छन् उसको घेराभित्र,
त्यो खानालाई खान जाने अकालैमा मर्छ - के हो ?

- मुसेरी

(३५) मीठो छ टोक्नु हुन्न, बाँडु भने काट्न हुन्न - के हो ?

- बास्ना

(३६) मुख नभएको खल्तीमा पैसै-पैसा - के हो ?

- खुर्सानी

(३७) मुखबाट जन्माउने, मुखैबाट हुर्काउने - के हो ?

- भुईंकटहर

(३८) मुखबाट सुर्क्याउने, नाइटोबाट तुर्क्याउने - के हो ?

- चियादानी

(३९) मुखभरि, पेट रित्तै - के हो ?

- शङ्ख

(४०) मुखमा सुपारी ओठमा पान,
दुई मान्छेका बाइसवटा कान - के हो ?

- रावण र मन्दोदरी

(४१) मुख लामो पुच्छर छोटो, म्बाईं खाँदा रून्छ त्यो - के हो ?

- सनई

(४२) मुखले निल्ने मुखैले ओकेल्ने, काम गर्छ त्यसले दुनियाँ भुल्ने - के हो ?

- कलम

(४३) मुङ्ग्रो हल्लिदा ढुङ्गो चल्ने - के हो ?

- लङ्गुरघडी

(४४) मुन्टो पकाई खाए हुन्छ, छोयो कि त पोलिदिन्छ - के हो ?

- सिस्नो

(४५) मुलाका चाना, मोतीका बाना, यो घर नभए अरूकहाँ जाना - के हो ?

- रूपियाँ

(४६) मेरा बाबुले रातो गोरु ल्याए, हुँदा-हुँदा माझमा रिठ्टे भुमरी - के हो ?

- हाँडी

(४७) मेरी घरकी रानी मैया न खाने न पिउने,
संसारका गफ हाँक्ने अनि गाउने र बजाउने - के हो ?

- रेडियो

(४८) मेरो देश यही घरभित्र - के हो ?

- नक्सा

(४९) मेरो भैंस पाल्दे, दूधजति फालदे,
दहीजति तँ खा, घिउजति मलाई दे - के हो ?

- चिउरी

(५०) मैदानभरि कनिका छरेको - के हो ?

- आकासका तारा

(५१)मै सुन्दर, मै राम्रो, मै आउँदा ठुस्सिने - के हो ?

- हिउँ

(५२) मोहरेको ट्याम्को एकै ठाउँमा जम्मा - के हो ?

- पटुका

## य

(१) यताउता खोल्साखाल्सी, माझमा छ डाँडो,
त्यसलाई भन्न सकिन्छ सुगन्ध लिने भाँडो - के हो ?

- नाक

(२) यता जति यो फुल्दै बढ्छ,उता त्यति त्यो घट्छ - के हो ?

- उमेर र आयु

(३) यताबाट आऊ, उताबाट आऊ, दाँतले दार केही नखाऊ - के हो ?

- आरा

(४) यताबाट ल्यायो उताबाट ल्यायो उसैको मुखमा पसायो
म हलचल छ न चहलपहल छ रन्किदै सबैलाई धुलो बनायो - के हो ?

- अँगेनाको खरानी

(५) यता मुख उता कान, उता मुख यता कान,
काम नपाए जस्तो दुवैतिरबाट भनाभन - के हो ?

- टेलिफोनमा कुरा गरेको

(६) यसैले सुखी यसै दुःखी, यो भने हिँड्छ आफू खुसी - के हो ?

- धन/पैसा

(७) यहाँ छन् बनियाँ बजार छैन, त्यो खोजे पाइँदैन पाए चाहिँदैन - के हो ?

- कुइरो

(८) यहाँ छन् वरपिपल काशी गए जरा - के हो ?

- बाटो

(९) यहीनै हो मेरो ढिकी, यही मेरो कोल यसैले नै बनाउँछ चम्किलो मुहार - के हो ?

- दाँत

(१०) यो मेरो टेक्ने, यो मेरो छेक्ने,
परिआएको बेलामा यसैले पुर्पुरो सेक्ने - के हो ?

- लौरो

## र

(१) रङ्ग-रूप केही हुन्न हुन्छ शक्ति ठूलो,
त्यो शक्तिको कुनै छैन औषधी र मूलो - के हो ?

- काल

(२) रङ्गिलो पानी खान्छ, चम्किलो आँगनमा नाच्छ - के हो ?

- कलम

(३) रन्किन पाए जे पनि खान्छ, पानी खाए भुतुक्क हुन्छ - के हो ?

- आगो

(४) राखेको छु खोपिल्टामा फलामको सियो,
बखतैमा चलाउनेले गर्छ खाईजियो - के हो ?

- हलो

(५) राजाकी छोरीको दयावन्ती नाउँ, शिर चढाई माइत जाऊँ - के हो ?

- कलस

(६) राजाको गाई उफ्रने, सिङ समाएपछि डुक्रने - के हो ?

- जाँतो

(७) रातभरि उठ्ने, दिनभरि सुत्ने - के हो ?

- दाम्लो

(८) रातभरि देखिन्छ, दिउँसो देखिन्न, टिपूँ-टिपूँ भन्यो टिप्न सकिन्न - के हो ?

- तारा

(९) रातभरि पानीमा बस्छ, दिनभरि घाम ताप्छ - के हो ?

- गुईंठा

(१०) रातदिन हिँड्को हिँड्है - के हो ?

- खोलो/नदी

(११) रातभरि खापाखाप, दिनभरि ताकाताक - के हो ?

- ढोका

(१२) राति राति कराउने बानी, घरमा उसको पानी-पानी - के हो ?

- भ्यागुतो

(१३) राति हाल्छु, बिहान निकाल्छु - के हो ?

- ताला

(१४) राती गाई पानी खाएर आई, सेती गाई पानी खान गई - के हो ?

- सेलरोटी पकाएको

(१५) राती गाई पानी खान्थी, पानी खाँदा मरिजान्थी - के हो ?

- आगो

(१६) रातीगेडी टिप्न जाँदा कुप्री गाईले हानी - के हो ?

- बयर टिपेको

(१७) राती नानीको कालो टिकी - के हो ?

- रातीगेडी

(१८) रातो गुदी हरियो छाला, घाममा खाँदा शीतल होला - के हो ?

- खरबुजो

(१९) रातो गोरु दाउदा कालो हुन्छ - के हो ?

- हाँडी

(२०) रातो घोडामाथि सेतो घोडा - के हो ?

- रातो घरमा सेतोले पोतेको

(२१) रातो छ धूलो, काम दिन्छ ठूलो - के हो ?

- सिंदुर वा अबीर

(२२) रातो डोली सेतो चादर, त्यसमाथि बस्ने धनपति कुँवर - के हो ?

- फापर

(२३) रातो थैलीभरि पैसैपैसा - के हो ?

- खुर्सानी

(२४) रातो नलको कालो फल - क्या हो ?

- कोदो

(२५) रातो धूलो, काम गर्छ ठूलो - के हो ?

- सिन्दुर

(२६) रातो रुमाल ओडेर पिङ खेल्ने नानी,
त्यसै खाइदियो भने रूवाइदिने बानी - के हो ?

- पाकेको खुर्सानी

(२७) रातो सिउर छ कुखुरो होइन, गलामा कण्ठी छ मुजुर होइन,
लामो पुच्छर छ बाँदर होइन, चार खुट्टा छन् जनावर होइन - के हो ?

- छेपारो

(२८) रामु तल श्यामुमाथि, श्यामु तल रामुमाथि,
यो खेल खेल्न नजान्नेलाई भने हुन्छ लाटालाटी - के हो ?

- ढिकी-च्याउ

(२९) राम्री प्यारी उनी धेरै पवित्र मानिन्छिन्,
घाँटीमा बस्न मन्दिरमा जान मात्रै चाहिन्छिन् - के हो ?

- फूलको माला

(३०) राम्री प्यारी सानी नानी पानी खाने बानी,
नपाउँदा पानी खान कुन्नी कता जानी - के हो ?

- बिजुली बत्ती

(३१) रिउँरिउँ चरीका दूधका आँसु - के हो ?

- कोइरालो

(३२) रून्दै, हाँस्दै र गम्कदै जाने - के हो ?

- बाढी

(३३) रूख काटेको वारै भयो पात भने जस्ताको तस्तै - के हो ?

- मयूरको प्वाँख

(३४) रूख भने रूखै हो, पातको भने लेखै नाई हाँगो भने छैन - के हो ?

- केराको बोट

(३५) रूखभरि तल्र्याङतुलुङ झुन्डिएको हुन्छ,
फल हो कि भनुँ भने बच्चा जन्म दिन्छ - के हो ?

- चमेरो

(३६) रूखमा बस्छ चरो होइन, जटा पनि छ जोगी पनि होइन - के हो ?

- नरिवल

(३७) रूखमा हुर्कने खस्रो भ्यागुताको मुटु-कलेजो मीठो - के हो ?

- सलिफा

(३८) रूप मेरो गोलोगोलो (धर्तीजस्तो) सबैको छु प्यारो,
कुद्न भने सजिलो छ लात खान गारो - के हो ?

- भकुन्डो

(३९) रूप मेरो देखिँदैन डुल्ने मेरो काम,
म नभए त प्राण जान्छ भनन मेरो नाम - के हो ?

- हावा

(४०) रूप मेरो बट्टा जस्तो सधैँ गर्छु अक्कल,
अक्कलबाट सक्कलको बनाउँछु नक्कल - के हो ?

- क्यामेरा

(४१) रूप सानैभए पनि गर्छन् ठूलो काम,
मूर्ख पनि विद्वान् हुन्छन् जप्दा यिनको नाम के हो ?

- किताब

(४२) रूप हेरूँ बेग्लै लाग्छ काम हेरूँ उस्तै,
मानिससँग दाँज्दा भने जोईपोइ जस्तै - के हो ?
- डाडुपन्यू
(४३) रैयाँ त रैयाँ पटरैयाँ, एक मुठी खरले घर छैयाँ - के हो ?
- दियो
(४४) रोगी बटुवा, दुःखी र दरिद्री चार यिनै हुन् पृथ्वीका सार - के हो ?
- चन्द्रमा, सूर्य, आगो र पानी

## ल

(१) लगाउँछु कूचो, चम्काउँछु चुच्चो - के हो ?
- बुरुस
(२) लगाउँदा इज्जत खाँदा बेइज्जत - के हो ?
- जुत्ता
(३) लचकलचक तान, दसवटा खुट्टा चारवटा कान - के हो ?
- गोरु जोतेको
(४) लठ्याएर सुत्छे सँगै, उठ्ता छैन भाग्छे कतै - के हो ?
- निद्रा
(५) लम्कने-बाखाको झम्कने कान, लौलौ बूढा बल गरी तान - के हो ?
- मूला उखेलेको
(६) लहरे आमा पहरे बाबु, फुलन्ते दिदी भकुण्डे भाइ - के हो ?
- फर्सी
(७) लहरे नली झल्ल बली - के हो ?
- बिजुली
(८) लहरे नानी झलझल्ती बल्दी - के हो ?
- बिजुलीबत्ती
(९) लाखौं छोरा काम न काजका, एक छोराले सवा काम गर्ने - के हो ?
- तारा र चन्द्रमा
(१०) लामो डाँडामा दुइवटा सुरुङ - के हो ?
- नाकका प्वाल
(११) लामो पनि धेरै छैन, छैन धेरै मोटो,
कालीलाई म्बाइँ खाँदा हुँदै जान्छ छोटो - के हो ?
- पाटी र खरी
(१२) लामो बाटो छोटो गाउँ, तेरो थाप्लोमा आगो लाऊँ - के हो ?
- तमाखु खाएको/हुक्का र चिलिम
(१३) लामो लहराको मीठो फल के हो ?
- माछा
(१४) लामो लहरमा फल्ने मीठो फल, खाँदा मुखैभरि हुन्छ जलैजल - के हो ?

- अङ्गुर

(१५) लामो-लामो पुच्छर छ नाच्छु आकासभरि,
पुच्छर राखी हातमा नाच्छु वरिपरि - के हो ?

- चङ्गा

(१६) लावालस्कर लिई गयो सबैलाई खुवायो,
आफूले भने केही खाँदैन घर फर्की आयो - के हो ?

- गोठालो

(१७) लाहाको बाकसभित्र मिस्रीका डल्ला - के हो ?

- कटहर

(१८) लिखितिखी लिखितिखी, सियोभन्दा झन् तिखी - के हो ?

- सिस्नो

(१९) लिखे तीखे, लिखे तीखे, तँभन्दा म तीखे - के हो ?

- सिस्नु

(२०) लिन आएको म, किन आएको तँ ? छोड्दे बाटो मलाई, लिन जान्छु तँलाई - के हो ?

- पानी लिन जाँदा परेको पानी

(२१) लिरीबिरी लहरको चिरीबिरी पात, चिरीबरी पातको के होला जात ? - के हो ?

- बेत

(२२) लुगासहित जन्मे पनि बढदै जाँदा नाङ्गो,
जति बढ्यो उति उसको रूप हुन्छ बाङ्गो - के हो ?

- बाँस

(२३) लुला खुट्टा स्याउस्याउ पात, लम्कन्छ बूढो पचास हात - के हो ?

- बाँस

(२४) लेकको पोखरी स्याप्प सुक्ला, त्यहाँको बकुल्लो ठहरै बित्ला - के हो ?

- तेल निथ्रेको बत्ती

(२५) लेकबाट भैँसी झर्‍यो लबरलबर कान,
एउटा छोरो पाए पछि खुकरीले हान - के हो ?

- केरा

(२६) लेकबेंसी, पहाड-तराई सबैतिर हुन्छ,
बिहान-बेलुकी हलुवा पाक्छ दिउँसो पड्किदिन्छ - के हो ?

- मकै

(२७) लेकमाथि को हो ? को हो ? फेदीमा झिमझिम - के हो ?

- आँखा र परेला

(२८) लेखिएको छ दुवैपट्टि किताब त्यो होइन,
डुल्छ फेरि जहाँतहाँ खुट्टा भने छैन - के हो ?

- सिक्का

(२९) लोग्नेले स्वास्नीको सबै कुरा देख्छ, एउटै कुरा देख्तैन - के हो ?

- विधवा भएको

(३०) ल्याउनेले लाउन पाउदैन, लाउनेले देख्नै पाउदैन - के हो ?

- कात्रो

(३१) लहरे किला एउटा बार, लेकको झाडीबाट भेंडाबाखा झार के हो ?

- काइयो

(३२) लामालामा झुत्तामा ठेकीभरी दही के हो ?

- भक्किम्लो

(३३) लामो लहरामा उज्यालो छर्ने फल, त्यो फल खान कसैको पुग्दैन बल के हो ?

- चिम

(३४) लाल झडी मैदान गडी के हो ?

- गाजर

(३५) लामालामा खुट्टा मेरा उडी टोक्ने बानी,
रोग सारी मानिसलाई पुऱ्याउछु हानी के हो ?

- लामखुट्टे

## व

(१) वन-जंगलमा डुली-हिँड्छे राम्री चरी,
मेघ गर्जदा रमाएर नाच्छे वरिपरि - के हो ?

- मुजुर

(२) वन डढ्यो, राँटो रह्यो - के हो ?

- बाटो

(३) वनमा गयो कि साइँला दाइ, साइँला दाइ - के हो ?

- बन्चरो

(४) वनमा जन्मे वनमै मेरो बास,
बाह्र वर्ष जलमा डुबें अब के हो आस ? - के हो ?

- डुँगा

(५) वनमै जन्मियो वनमै हुर्कियो,
घरमा ल्याएर पोषिलो खुवाउँदा कहिल्यै मोटाएन - के हो ?

- ठेकी र मदानी

(६) वरतिर परितिर चार चुच्चे, कान समाउँदा हिँड्छ बुच्चे - के हो ?

- रुमाल

(७) वरतिरपरतिर चुलबुले गुँड माझमा हाड - के हो ?

- दाँत

(८) वरिपरि जिङरिङङ, माझमा ठिङरिङङ - के हो ?

- केतुके

(९) वरिपरि डाँडो माझमा खोल्सो - के हो ?

- मुख

(१०) वरिपरि डिल, माझमा टार, काम सकिनासाथ नुहाउन हतार - के हो ?

- थाल

(१२) वरिपरि तितौरा बीचमा नुन,

ढिकी झट्ट हेर्दा लाग्छ निधारको टिकी - के हो ?

- चन्द्रमा

(१३) वरिपरि दाल, माझमा भात - के हो ?

- मास र धानको बोट

(१४) वरिपरि दुइटा स्याल बीचमा खाल्डो,

गाउँघरमा उमालेर बस्छु खोलेफाँडो - के हो ?

- कराही

(१५) वरिपरि पर्खाल तीनतिर गौंडा,

त्यहाँ भित्र बस्ने बोक्सीको छौंडा - के हो ?

- अँगेनु

(१६) वरिपरि पर्खाल, माझमा यात्रु - के हो ?

- जेल र कैदी

(१७) वरिपरि पर्खाल माझमा रायो,

रायो टिप्न जाँदा बाघले खायो - के हो ?

- अँगेनाको आगो

(१८) वरिपरि पहरो माझमा डाँडो - केहो ?

- नाक

(१९) वरिपरि मटेङ्ग्रा बीचमा घ्वाइँ,

यो कथा नजान्ने सर्किनीको ज्वाईं - के हो ?

- चन्द्र र तारा

(२०) वरिपरि शाखा बीचमा सियो,

दुईतिर आरा टुप्पामा सियो - के हो ?

- केतुके

(२१) वरिपरि शिकारी, बीचमा विचारी - के हो ?

- दाँत र जिब्रो

(२२) वरिपरि सेतो माझमा कालो - के हो ?

- आँखा

(२३) वल्लोघरको नरे पल्ला घरमा सरे - क्या हो ?

- आग्लो लगाएको

(२४) वारि कुकुर भुक्यो पारि बाघ गर्ज्यो - के हो ?

- बन्दुक पड्काएको

(२५) वारि दिदी पारि बहिनी भेट गरौं भन्दा कहिल्यै नहुने - के हो ?

- आँखा

(२६) वारिदेखि पारिसम्म लस्करैदाँत, शिरमाथि नाच्ने त्यसको जात - के हो ?

- काइँयो

(२७) वारिदेखि पारिसम्म सुतिरहेको वीर,
त्यही वीरको पाखुरा समाई खुरूखुरू हिँड् - के हो ?
- झोलुङ्गेपुल

(२८) वारि फुस्स, पारि ढ्वाङ्ङ - के हो ?
- बन्दुक पड्काएको

(२९) वारि भऱ्याङ पारि भऱ्याङ, तेरा बाबुको लुते करङ - के हो ?
- झोलुङ्गेपुल

(३०) वारिभित्ता कुकुर भुक्छ,पारिभित्ता पुच्छर लुक्छ - के हो ?
- शिकार खेलेको

(३१) वारि सिम पारि सिम, खोलाको तीरमा डिमडिम - के हो ?
- लुगा धोएको

## श

(१) शक्ति आफै केही छैन तर मच्चिदिन्छ,
कतै होस् गुम्यो भने त्यसले ज्यानै लिन्छ - के हो ?
- पिङ खेलेको

(२) शत्रुबाट बच्ने कीराको ढाल, पूजापाठ गर्दा कराउँछ माल - के हो ?
- शङ्ख

(३) शरीर पनि सानै, झन सानो मुख,
आवाज निस्क्यो भने अरूलाई दुःख - के हो ?
- बन्दुक

(४) शरीरभरि आँखा छन् हेर्दा केही छैन,
अरूलाई नबोकाई हिँड्न जान्दैन - के हो ?
- डोको

(५) शिरकोटको जम्दार, नङ्कोटमा आई मऱ्यो - के हो ?
- जुम्रा

(६) शिर पनि छैन, पाउ पनि छैन, दुई हात नभई मिलाउन सकिँदैन - के हो ?
- टोपी लगाएको

(७) शिरमा ज्वाला, पुच्छरमा आहारा - के हो ?
- बत्ती

(८) शीतलु रानी पातमा खस्छिन्, सूर्यलाई देख्दा धर्तीमा लुक्छिन् - के हो ?
- शीत

(९) शुभ काममा अघि बढ्छ, मरेको गोरू डुक्रँदै हिँड्छ - के हो ?
- दमाहा

(१०) श्रीपेच छ राजा होइन, पखेटा छन् पङ्खा होइन,
नङ्ग्रा छन् भालु होइन - के हो ?

- कुखुराको भाले

## स

(१) संगै हिँड्छ साथी बनी तर खुट्टो छैन,
जति वर्ष हिँडे् पनि बूढो हुने होइन - के हो ?
- लट्ठी
(२) सगरमाथाको टाउकोमा चारकोसे झाडी - के हो ?
- कपाल
(३) सङ्क्रान्तिको नाम एउटा राशि अर्को नाम,
बीचको अक्षर झिकिदिए जाऊ परमधाम - के हो ?
- मकर
(४) सधैँभरि झुन्डिएर हेर्छु, महिना दिनमा अनुहार फेर्छु - के हो ?
- भित्तेपात्रो
(५) सधैँभरि मासु खाने, जति खायो दुब्लाउँदै जाने - के हो ?
- अचानु
(६) सधैँ मानिसभन्दा एक पाइलो अघि हिँड्छ - के हो ?
- लौरो
(७) सबेरी उठी शिरमा आरी घोप्ट्याउने - के हो ?
- टोपी लगाएको
(८) सबैकी लक्ष्मी साँढेकी जोई, यो कथा नजान्ने लाटीको पोइ - के हो ?
- गाई
(९) सबैलाई चाहिने, मरुभूमिमा नपाइने - के हो ?
- पानी
(१०) सबैलाई तातै, गए पछि रातै - के हो ?
- घाम
(११) समुद्र छ समुद्र होइन, पहाड छ पहाड होइन, सहर छ सहर होइन - के हो ?
- नक्सा
(१२) सय भाइको एउटै चिहान - के हो ?
- खरानी
(१३) सयौं छन् दाँत, गजब छ जात, स्याईस्याइँ गर्दै खान्छ काठ - के हो ?
- करौँती
(१४) सरक्क सिदो चाँदमा बिदो पुछ्छद्बाट पानी पिदो - क्या हो ? .
- बत्ती बलेको/दियो
(१५) सर्र फुकुटी झिकेपछि सुकुटी - के हो ?
- जाल
(१६) सल्ला जो सल्लै छौं बाह्र हाँगा फल्दै छौं पात कवासो जो

फूल गुरौसा जो - क्या हो ?

- सिमल

(१७) साँढेका जीउभरि काँडैकाँडा - के हो ?

- तीतेकरेला

(१८) सानामा धोती लाउने, ठूलो हुँदै गए फुकाउँदै जाने - के हो ?

- बाँसको तामा

(२०) सानी नानीको घिउ खाने बानी - के हो ?

- दियो वा टुकी

(२२) सानी नानीको दाँतैदाँत - के हो ?

- काइँयो

(२३) सानी नानीको पेटमा चिरेको - के हो ?

- गहुँ

(२४) सानी नानी पटुका बाँध्छिन् - के हो ?

- भटमास

(२५) सानी नानी बुडुकबुडुक गर्छिन्, भातको सिताले आफ्नो पेट भर्छिन् - के हो ?

- चुलो लोटाउने गोबर

(२६) सानी-सानी तिखीनानी गाँठो पारी धोती,
मानिसको हात समातेर अघि बढ्न थाली - के हो ?

- सियोले लुगा सिएको

(२७) सानी नानीका हातैभरि चुरा - के हो ?

- कुचो

(२८) सानी-सानी नानीका पेटभरि लिखा - के हो ?

- खन्यु

(२९) सानी-सानी नानीका सयवटा आँखा - के हो ?

- डोको

(३०) सानी-सानी नानी, बत्ती बालने बानी - के हो ?

- जूनकीरी

(३१) सानी-सानी सुकुमाई घ्याम्पा जत्रो पेट,
कहाँ बसी मोटाइस् भीरपहरा लेक - के हो ?

- किर्नु

(३२) सानो खाल्टोमा देवी नाचेको - के हो ?

- जिब्रो

(३३) सानो घरको करेसामा लिस्नु - के हो ?

- घट्टको डुँड

(३४) सानो चट्ट टाउको छ लामघारे जीउ,
मोटो कहिल्यै हुँदैन खान्छ सधैँ घिउ - के हो ?

- मदानी

(३५) सानो छउन्जेल तरकारी, ठूलो भएपछि घरबारी - के हो ?

- बाँस

(३६) सानो देशमा तीनजना जनता - के हो ?

- घडीका सुईं

(३७) सानो छँदा चार खुट्टे, बैंस हुँदा दुई खुट्टे बूढो हुँदाफेरि तीन खुट्टे - के हो ?

- मान्छे

(३८) सानो छँदा मासु त्यसको खान्छन् ठूलो भएपछि रगत नै पिउँछन् - के हो ?

- तोरी

(३९) सानो बोटमा रातो बन्छु सुन जोख्ता साथै हुन्छ - के हो ?

- रातीगेडी

(४०) सानोमा धोती लाउने ठूलोमा फुकाउदै जाने - के हो ?

- बाँस

(४१) सानोमा हरिया जवानीमा रातो, जसले खान्छ उड्छ सातो - के हो ?

- खोर्सानी

(४२) सानो मुखको ठूलो बोली -के हो ?

- बन्दुक

(४३) सानो रूख छ चढ्न सकिन्न, पोल्छ त्यसले आगो भनिन्न - के हो ?

- सिस्नु

(४४) सानो रूखमा सर्पैसर्प झुन्डिएको - के हो ?

- चिचिन्डो

(४५) सानो लामो ढुङ्ग्रीमा भरिएको रस,
थुतुनाले जोत्न जाने फैलाउँछ यश - के हो ?

- कलम

(४६) सानो विश्वभित्र बाह्रवटा देश,
बाह्रवटा देशभित्र तीन जनाको रेस - के हो ?

- घडी

(४७) सानो-सानो चिन्ते, गाउँघर घुम्ने - के हो ?

- बिरालो

(४८) सानोसानो जीव हो मेहनती प्राणी,
जति दुःख गरे पनि खोज्छ अन्न-पानी - के हो ?

- कमिला

(४९) सानो-सानो छ जुठ्यानमा (फोहोरमा) बस्छ,
मानिसलाई न राम्ररी डस्छ - के हो ?

- झिँगा

(५०) सानो-सानो दरी, कनिकाले भरी - के हो ?

- तिलको कोसा

(५१) सानो-सानो दह, सिन्का परे नसह - क्या हो ?

- आँखा

(५२) सानो-सानो नानीले घाँसको मुठा बोकेको - के हो ?

- मूला

(५३) सानोसानो पहरामा सिपाहीको लहर - के हो ?

- दाँत

(५४) सानो-सानो ब्यागभरि दामैदाम - के हो ?

- खुर्सानी

(५५) सानो-सानो रूखका गड्याङगुडुङ पात,
कसले गाँस्ला दुना-टपरी, कसले खाला त्यसमा भात - के हो ?

- अमलाको पात

(५६) सानो-सानो रूख, चढ्नको दुःख - के हो ?

- सिस्नो

(५७) सानो-सानो सेउलीमा झुन्डिएकी बेउली,
बेउलीको पेटभरि असर्फीका थैली - के हो ?

- खोर्सानी

(५८) सामुन्नेको पहरामा पानीको पँधेरो - के हो ?

- आँखाको आँसु

(५९) सिउनी त सिउनी खुट्टा सिउनी, सियोको टुप्पै भाँची नहुनी - के हो ?

- टपरी गाँसेको

(६०) सिङ देखाउदै आफ्नो बाटो पोत्तै हिँड्ने - के हो ?

- शङ्खेकीरा

(६१) सिङ्मा समाई घुमाए, घ्याम्पेबूढीलाई नचाए - के हो ?

- जाँतो

(६२) सिङ्गो एउटा रूखमाथि तीनवटा पात,
सधैँभरि बस्ने गर्छ शिवजीको साथ - के हो ?

- त्रिशुल

(६३) सिरुपाते खुकुरीको दुईतिर धार - के हो ?

- क्यात्तुके

(६४) सुइँक्क गऱ्यो हातमा, हुत्त गऱ्यो पातमा - के हो ?

- सिंगान

(६५) सुकिलो भीरमा कालाबाख्रा चरेका - के हो ?

- अक्षर

(६६) सुत् सुत् बूढी म हाल्छु - के हो ?

- जुत्ता लाएको

(६७) सुगन्धित डल्ले भाइ हावा पाए उड्छ,
जमिनमा फ्याँक्यो भने सलल गुड्छ - के हो ?

- कपुर

(६८) सुटुक्क जान्छ कुटुक्क टोक्छु,
आएँ भने आइहाले आइन भने किरिया गर्नु - के हो ?
- कमिला
(६९) सुनको बतुकी चाँदीको खील, टपटप टिपी सुटुकक निल - के हो ?
- ऐंसेलु
(७०) सुनगेडी झिक्यो, मुढो पोल्यो - के हो ?
- मकै छोडाई खोयो बालेको
(७१) सुन गेडीझिक्यो मुढोलाई पोल्यो - के हो ?
- मकै छोडाएर खोया बालेको
(७२) सुनगेडीभित्र सानी नानी नाच्छे, छहराको पान खाइकन बाच्छे - के हो ?
- आँखाको नानी
(७३) सुन फूल्ने, तामा फल्ने -- क्या हो ?
- चुत्रो
(७४) सुनलाई कुट्ता निस्क्यो चाँदी, चाँदी पकाई मुखभित्र खाँदी - के हो ?
- भात
(७५) सुन साङ्ली रूप आङ्लो, पिंधैबाट पानी माङ्ली - के हो ?
- धान
(७६) सुनौली नानी औंलामा बस्छिन्, बसेपछि नछाडी माया गाँस्छिन् - के हो ?
- औंठी
(७७) सुरिला रूखको छिर्के पात, जन्ती आए खातैखात - के हो ?
- सल्लो
(७८) सुरिलो रूखको टुप्पामा पात - के हो ?
- पनियो
(७९) सुरिलो रूखको टुप्पामा पोखरी - के हो ?
- पानस
(८०) सुरिलो रूखमा एउटा मात्र पात - के हो ?
- पन्यु
(८१) सुरिलो रूखको लामकाने कान,
त्यसमा खात लाग्ने स्वादिलो जात - के हो ?
- केरा
(८२) सुरिलो रूखमा घोप्टो पात - के हो ?
- डाडु
(८३) सुरिला रूखमा धुरिला पात, आए जन्ती खातैखात - के हो ?
- केरा
(८४) सुरिलो रूखमा बारुले गुण जता घाम उतै धुक्क - के हो ?
- सूर्यमुखी फूल
(८५) सुरिलो रूखमा मीठो फल - के हो ?

- केराको बोट

(८६) सुरिलो रूखमा सिन्का जत्रा पात, एकसुरले सुसाउने जात - के हो ?

- सल्लो

(८७) सुरुक्क सुर्के, टुप्पोमा फुर्के - के हो ?

- कोदो

(८८) सुरुक्क सुर्के, भीरबाट गुड्के - के हो ?

- फापर

(८९) सुरुवाल पोलियो इजार बच्यो - के हो ?

- डढेलाको राँको

(९०) सेती गाइ पानी खान गई, पानी खाएर आउँदा रातै भई - के हो ?

- सेलरोटी पकाएको

(९१) सेती बूढीको गालामा चिरैचिरा - के हो ?

- लसुन

(९२) सेतो खम्बामाथि पहेंलो छ फूल फूल टिप्न खोज्दा हुन्छ ठूलो भूल - के हो ?

- बत्ती

(९३) सेतो गानु, क्वाप्प खानु - के हो ?

- शङ्ख बजाएको

(९४) सेतो छ तीखे, कालो खोल ओढ्छ, साँच्चै परे गर्दन तोड्छ - के हो ?

- खुकुरी

(९५) सेतो ठेकीमा हरियो बिर्को - के हो ?

- मूलाको बोट

(९६) सेतो ढुङ्ग्रो उक्काउँदा रातो रगत आउने - के हो ?

- दाँत निकालेको

(९७) सेतो पीठोमाथि रातीगेडी - क्या हो ?

- आगो

(९८) सेतो बारीमा कालो तोरी, हातले छर्ने मुखले टिप्ने - के हो ?

- पढेलेखेको

(९९) सेतो भीरमा काला भेंडाबाखा - के हो ?

- अक्षर

(१००) स्याउँ-स्याउँ चल्ला, बाह्र गाउँ हल्ला - के हो ?

- मौरी

(१०१) स्याउँ-स्याउँ चल्ला बाह्र बीस दाम्ला,
यो कथा नजान्नेलाई हजार बीस लाम्ला - के हो ?

- माकुरो

(१०२) स्वर्गकी परी रङ्गी-चङ्गी भएर आई - के हो ?

- इन्द्रेणी

(१०३) स्वर्ग पुग्यो कि धत्ती छिऱ्यो - क्या हो ?

- रूख

(१०४) स्वर्गमा पानी, गर्भमा नानी - के हो ?

- रक्सी बनाएको

(१०५) स्वादका निम्ति चाहिने, बीउ खोज्दा नपाइने - के हो ?

- नुन

## ह

(१) हकुवा गोरू, भित्तो फोरूँ - के हो ?

- मुसो

(२) हरियो गाड्छन् सुन फलाउँछन्, सनु फ्याँकेर चाँदी तुल्याउँछन् - के हो ?

- चामल

(३) हरियो चरीका दुईतिर पुच्छर - के हो ?

- दुनु

(४) हरियो चरीको थरीथरी चुच्चो, स्वाद तीतो मुख पर्छ मीठो - के हो ?

- तीतेकरेला

(६) हरियो चरी, नौलाख मोती जडी, तास-दोसल्ला ओढी मैदानमा खडी - के हो ?

- मकेको बोट, फल दाना

(७) हरियो झाल, हेर्दामा लाल,
हो मेरी आमै, हो मेरा बाबै खानाको झाल - क्या हो ?

- खुर्सानी

(८) हरियो रूखमा फिरफिरे पात, आए जन्ती खातैखातै - के हो ?

- केरा

(९) हल्लने हाँगाको फक्रयो फूल - के हो ?

- अफिम

(१०) हाँगा एकै नाइ पात लेखै नाइ - के हो ?

- केरा

(११) हाँडीभरि तितौरा, एक ढिको नुन - के हो ?

- तारा

(१२) हाँस्दै पनि छ रूँदै पनि छ - के हो ?

- घामपानी

(१३) हाडछाला छैन बस्छु टुप्पोमाथि, माया गरे बढ्छ काट्नै पर्छ साथी - के हो ?

- नङ

(१४) हाडमासु छँदै छैन छाला मात्र सर्छ,
हातखुट्टा केही छैनन् तान्ने काम गर्छ - के हो ?

- हल्लुडो

(१५) हात खुट्टा केही छैन बस्छ झोलाभित्र,
माया गर्न जाने त्यसलाई सबै हुन्छन् मित्र - के हो ?

- पुस्तक

(१६) हातगोडा केही छैनन् परपर पुग्छु, घरघर घुम्दै समाचार फुक्छु - के हो ?

- चिठी

(१७) हात छ खुट्टा छैन, जीउ छ आँखा छैन, गर्दन छ टाउको छैन - के हो ?

- कमिज

(१८) हात छ दुरुस्तै पन्जा छैन, कसकास नगरी चैन हुँदैन - के हो ?

- दौरा

(१९) हात छैन कान समाउछ, आँखा होइन दृष्टि लगाउँछ - के हो ?

- चस्मा

(२०) हात न खुट्टा, उखेल्छु बुटा - के हो ?

- पहिरो

(२१) हात न खुट्टा, घस्रेर चल्छ, अगाडि भेटे सलक्क निल्छ - के हो ?

- अजिङ्गर

(२२) हात न खुट्टा, पिठ्युँ चढी हिँड्छ यताउता - के हो ?

- डोको

(२३) हात न खुट्टा, बित्ता नाप्न सिपालु - के हो ?

- जुको

(२४) हात न खुट्टा, रन्किदै उकालो चढ्छ - के हो ?

- डढेलो लागेको

(२५) हातमा लियो प्वाङ्ङ फुटायो, स्वाट्ट पियो दुईटा दियो के हो ?

- काँचो नरिवल

(२६) हातमेरा माथि छन् खुट्टाबाट पानी खान्छु - के हो ?

- रूख

(२७) हातले छर्ने, मुखले टिप्ने - के हो ?

- लेखेपढेको

(२८) हात्ती छिऱ्यो पुच्छर अड्क्यो - क्या हो ?

- सियो र धागोले लुगासिएको

(२९) हात्ती होइन सुँड छ, चरा होइन उड्छ - के हो ?

- झिँगा

(३०) हात्ती होइन सुँड छ, मोटर होइन गुड्छ - के हो ?

- धुन

(३२) हानेर हान्न नसकिने, तानेर तान्न नसकिने - के हो ?

- पानी

(३३) हाम्रो घर छ ढुङ्ग्रीमा, ढुङ्ग्रीभरि रूपियाँ - के हो ?

- खोर्सानी

(३४) हाल्दा लुलो, झिक्दा दरिलो - के हो ?

- सेलरोटी पकाएको

(३५) हावा आउँदा हल्लाउँछ कान, मुखबाट बच्चा पाउँछ लाम - के हो ?
- केरा

(३६) हावा खाँदा टन्न हुने, मुख बाँधी छाड्दा माथि उड्ने - के हो ?
- बेलुन

(३७) हावाले भरिएको छालाको गानु, आफूतिर आए लात्तीले हानु - के हो ?
- बल

(३८) हिँड काली माइत जाउँ - के हो ?
- चौँठी

(३९) हिँडछ सधैँ खुरुखुरु खुट्टा जसको छैन,
जति हिँडे पनि उसको पाइला देखिँदैन - के हो ?
- डुङ्गा

(४०) हिँड्दा बाटो बनाउँछ, छोइदिए डल्लो पर्छ - के हो ?
- चिप्लेकीरा

(४१) हिँड्दा हिँड्दै एउटा बाटो नाप्छ, अर्को लुगा सुकाउँछ - के हो ?
- जुका र चिप्लेकीरा

(४२) हिँड्दै छ आँखा तर्दै छ - के हो ?
- डोको बोकेको

(४२) हिँड्दै छ कुम्लो फुकाउँदै छ - के हो ?
- फर्सी

(४३) हिँड्दै छ पाइला मेट्दै छ - क्या हो ?
- डुँगा

(४४) हिँड्दै छ मट्याङग्रा पार्दै छ के हो ?
- बाखाले बड्कौँल्याएको

(४५) हिँड् पुड्के चुला जाऊँ - के हो ?
- लोहोटा

(४६) हिँड् पुडके चुलामा जाऊँ - के हो ?
- कसौंडी

(४७) हिँड् पुड्के बँसी जाऊ, तेरो मुन्टो निमोठेर ल्याऊ - के हो ?
- धोक्रो

(४८) हिमालमाथिको कालो वन - के हो ?
- कपाल

(४९) हिस्रिक्क बूढी खिस्रिक्क दाँत - केहो ?
- थैली

(५०) हुन त त्यही हो, ऊ भए खाइजान्थ्यो ऊ त होइन - के हो ?
- सर्पको काँचुली

(५१) हेर मलाई, देख तँलाई - के हो ?
- ऐना

(५२) हेरूँ हेर्न नसकिने, छोऊँ छुन नसकिने - के हो ?

- सूर्य

(५३) हेर्दा काली, नाम भने राती - के हो ?

- रात

(५४) हेर्दा छ, समात्दा छैन - के हो ?

- छाया

(५५) हेर्दा रूख हो गानु होइन, लामा पात छन् हाँगा होइन - के हो ?

- केराको बोट

(५६) हेर्दा लट्ठी चुस्ता कस्तो थुक्दा कपास - के हो ?

- उखु

(५७) हो त्यहीं थिई, हो त्यहीं थिई - के हो ?

- कन्याउनु

## परिशिष्ट ख

## सामग्री सङ्कलनमा प्रयोग गरिएको चिठीको नमुना

श्रीमान् अध्यक्ष/ सभापति/सचिव/प्र.अ./नेपाली विषय
शिक्षक.......कार्यालय/विद्यालय/क्याम्पस, रुपन्देही

विषय : सहयोग गरिदिनेबारे ।

महोदय,

रुपन्देही जिल्ला विकासको गतिमा अग्रसर भैरहेको यथार्थ सर्वविदितै छ तथापि लोकवार्ताअन्तर्गत अङ्गविषयक लोकसाहित्यको “गाउँखाने कथा”को यस जिल्लामा आधारित भएर कहीँ कतैबाट अध्ययन-अनुसन्धान, खोज तथा मूल्याङ्कन भएको पाइँदैन यसै अभावलाई परिपूर्ति गर्ने जमर्को स्वरूप “रुपन्देही जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन” विषयक शीर्षकमा आधारित भई शोधपत्र तयार गर्नै थालेको छु । अतः यहाँले सामाजिक सेरोफेरोमा प्रचलित गाउँखाने कथाहरू उपलब्ध गराइदिनु भएमा यहाँसँग कृतार्थ हुनेछु । यस कार्यमा यहाँको नामसमेत राख्न सकिने भएकोले आफ्नो नाम, थर र ठेगाना खुलाई पत्रमार्फत् निम्न ढाँचाका गाउँखाने कथाहरू पठाई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

गाउँखाने कथाका नमुना यस प्रकार छन् ।
(१) कालो कुनामा काली बुढी बसेकी के हो ?
- हाँडी
(२) तीन भाइको साझा पगरी के हो ?
- ओदान
(३) धर्तीमुनिको कथुरे गोरु के हो ?
- मुसो

-शोधार्थी
विष्णु पन्थी
शङ्कनगर-३, रुपन्देही

परिशिष्ट ग

## शोध–सामग्री सहयोगीहरू

| क्र.सं. | नाम थर | शिक्षा | ठेगाना |
|---|---|---|---|
| (१) | श्री ईश्वरी भण्डारी | एम.ए | शङ्करनगर-३, रुपन्देही |
| (२) | श्री रोमनाथ घिमिरे | एम.एड | देवकोटा उ.मा.वि. सुनवल |
| (३) | श्री माधव पन्थी | एम.ए | बुटबल ब. क्याम्पस |
| (४) | श्री कलाधर अर्याल | एम.ए. | सुख्खानगर, बुटबल- १० |
| (५) | श्री कपिल लामिछाने | एम.ए. | सिद्धार्थनगर-७, भैरहवा |
| (६) | श्री ध्रुव पन्थी | बि. एस्सी | बुटबल-१३, देवीनगर |
| (७) | श्री तारा पौडेल | बि. ए. | करहिया- ३, रुपन्देही |
| (८) | श्री गोविन्द चौधरी | आई ए. | कान्छीबजार-१, रुपन्देही |
| (९) | श्री रमेश वि. सी. | बि.ए. | बुटवल-१२, मिलनचोक |
| (१०) | श्री कान्ती ज्ञवाली | बि.ए | हसनापुर-४, रुपन्देही |
| (११) | श्री दिल साहनी | एम.ए. | सुख्खानगर, बुटबल- १० |
| (१२) | डा. घनश्याम न्यौपाने | पिएच्. डी | भैरहवा ब. क्याम्पस, भैरहवा |
| (१३) | श्री गुनाखर भण्डारी | एम.ए. | आनन्दवन-५, रुपन्देही |
| (१४) | श्री बाबुराम भण्डारी | एम.ए. | आनन्दवन-३, रुपन्देही |
| (१५) | श्री मोहन पन्थी | बि. ए. | करहिया- ५, रुपन्देही |
| (१६) | श्री हरिप्रसाद खनाल | बि.ए. | कान्ति मा.वि. बुटवल |
| (१७) | श्री गोपीरमण उपाध्याय | बि.ए. | मोतीपुर मा.वि. बुटबल |
| (१८) | श्री माधव घिमिरे | एम.एल. | फर्साटिकर उ.मा.वि. मणिग्राम |
| (१९) | श्री दण्डपाणी पन्थी | एम.ए. | अक्सफोर्ड कलेज, बुटवल |
| (२०) | श्री डिल्लीनारायण पाण्डे | एम.एड | न्यु लाइट कलेज, शङ्करनगर |
| (२१) | श्री काशीनाथ अर्याल | बि.ए. . | सुख्खानगर, बुटबल- १० |
| (२२) | श्री हरिप्रसाद पथिक | बि.ए. | नहरपुर मा.वि. बुटबल |
| (२३) | श्री धनबहादुर थापा | एम.ए | भैरहवा ब. क्याम्पस, भैरहवा |
| (२४) | श्री कृष्णप्रसाद पन्थी | एम.ए. | शारदा उ. मा.वि. शङ्करनगर |